# भीषण प्रतिद्वन्द्व

-- ख्रीष्ट र उहाँका दूतगण
अनि
शैतान र उसका दूतहरूबीच।

*(Bhishan Pratitdwandwa)*

Translated from
THE GREAT CONTROVERSY
Between Christ and His Angels
and
Satan and His Angels.

# एलिन गूल्ड ह्वाइट

## (१८२७-१९१५)

प्रभु येशूमा आफ्नो जीवन समर्पण गरेर प्रभुकी शिष्या एलिन सत्र वर्षको उमेरसम्म कट्टरपन्थी (मेथडिस्ट) ईसाई थिइन्। सेभेन्थ डे एडभेन्टिस्ट मण्डली गठनमा उनको विशेष भूमिका थियो। तिनताक सबैभन्दा धेरै पुस्तक लेख्नमा सधैं अगाड़ि रहने अमेरिकी लेखिकाले हातैले एक लाखभन्दा अधिक प्रतिलिपि बनाएकी थिइन्, जसमा दुई करोड़ पचास लाख शब्दहरू थिए। पोषण एवम् स्वास्थ्य-सम्बन्धी क्षेत्रमा पनि तिनको सेवाकार्य अविस्मरणीय भएकोले गर्दा उनलाई अझैसम्म प्रेमपूर्वक 'सिस्टर ह्वाइट' भनी सम्बोधन गरिन्छ। उनको यस्तो कार्य-कुशलता अनि विस्तृत ज्ञान देखी अझै पनि धेरै विद्वान्हरू दङ्ग पर्छन्।

श्रीमती ह्वाइटले धेरै आध्यात्मिक ग्रन्थहरू तयार गरिन्, ती मध्ये Steps to Christ र The Desire of Ages चाहिँ उनका सबभन्दा लोकप्रिय कृति भए, तापनि उनले आफ्ना सबै कृतिहरूमध्ये यही पुस्तक The Great Controversy लाई नै सबैभन्दा बढ़ी महत्त्व दिइन्।

## To the Readers of *The Great Controversy* in Nepali

Pastor Praveen Tamsang has informed me that *The Great Controversy* between Christ and Satan by Ellen G White has been translated into Nepali and is in the printing press now.

This is, indeed, a wonderful, powerful, and spiritually uplifting book. I pray that those who read it in the Nepali language will get the blessing that those who read it in English receive.

I first read this book 40 years ago, and I continue to come back to it from time to time and read it again. ....... It also points out very clearly the movement that would arise in the last days to lead the peoples of the world, to trust Jesus Christ as their Savior, and give their hearts to Him in obedience to His holy law.

We pray that this may be the experience of many who read this volume in Nepali.

God bless.

***Dr. Ron Watts,*** President

Southern Asia Division of
**Seventh-day Adventists**,
P.O. Box 2, HCF, Hosur 635 110
India

**प्राक्कथन**

# खीष्टका जनहरूलाई प्रेरित पावलको उपदेश

## *"अगमवाणी बोल्नालाई उत्कट इच्छा गर"*

१ कोरिन्थी १२औं अध्यायमा आत्मिक वरदानहरूका वर्णन गर्दै पावलले अन्यान्य भाषा बोल्ने वरदानको पनि उल्लेख गरेका छन्, जुन वरदान आज धेरैजनाले 'हामीले पाएका छौं' भनी दावा गर्छन्। तर यहाँ उल्लेख गरिएका अरु वरदानहरू, जस्तै -ज्ञान, बुद्धि, निको पार्ने वरदान, आश्चर्यकर्म, अन्यान्य भाषाको अर्थ लाउने, भविष्यवाणी गर्ने, इत्यादि वरदानहरू चाहिँ कता गए?

उनले कतिवटा यति महत्त्वपूर्ण प्रश्न पनि गरेका छन्, जसमाथि प्रायः ध्यान नदिइएको पाइन्छ, जस्तै -

के सबै प्रेरितहरू हुन् र? के सबै भविष्यवक्ताहरू हुन् र? के सबैले आश्चर्यकर्म गर्छन् र? के सबैसित निको पार्ने दान हुन्छन् र? के सबैले अन्यान्य भाषा बोल्छन् र?

पावलले 'म तिमीहरूलाई अझै उत्तम मार्ग बताउँछु' भनीवरी १ कोरिन्थी १३औं अध्यायमा यसो भनी सफासफ बताइदिए - "यदि हामीमा प्रेम छैन भने वरदानहरू पाएर हामीलाई केही लाभ छैन (हुँदैन)।"

१ कोरिन्थी - १४:१ मा एक कदम अघि बढ्दै उनी भन्छन् - "प्रेमको पछि लाग, र आत्मिक वरदानहरूका चाहना गर, तर खास गरी अगमवाणी बोल्नालाई।" "यसकारण हे भाइ हो, अगमवाणी बोल्नालाई उत्कट इच्छा गर, औ विभिन्न (अन्यान्य) भाषामा बोल्नालाई

नरोक।"

"अन्तमा हे भाइ हो, आत्मालाई ननिभाओ। अगमवाणीलाई तुच्छ नठान। सबै कुराको जाँच गर, जुन असल छ त्यसैमा लागिरहो।" 1 थिस्सलोनिकी - ५:१६-२१

सन् १८५८ मै यी परमेश्वर-भक्त अबला नारीले पवित्र आत्माद्वारा यो पुस्तक लेख्ने अभिप्रेरणा पाएकी भए तापनि १३५ वर्ष पश्चात् अर्थात् १९९६ मा मात्रै विस्तृत रूपमा यो वितरणको लागि प्रकाशित भयो।

आज किन हाम्रो संसारमा, यहाँसम्म कि धार्मिक विश्वास राख्नेहरूमा पनि लड़ाइँ, चोरी, हत्या, व्यभिचार आदि समस्याहरू भइरहन्छन् भनी मानिसहरू प्रश्न गर्छन्। यो संसारको उत्पत्तिदेखि नै हुँदै आइरहेको ख्रीष्ट र शैतानबीचको घोर प्रतिद्वन्द्व बारे बुझ्यौं भने उपरोक्त प्रश्नहरूका उत्तर यहीं पाउँछौं।

पाठकवृन्द, परमेश्वरको वचन बाइबलको आधारमा यस पुस्तकमा उल्लिखित सबै कुरालाई १ थेस्सनोनिकी-५:१६-२१ अनुसार जाँचिहेर्नुहोस्, तब परमेश्वरले तपाईंहरूलाई उत्तम उत्तम वरदानहरू दिऊन्!

# विषय-सूची (Contents)


| *अध्याय* | *बारे* | *पृष्ठ संख्या* |
|---|---|---|
| १ | शैतानको पतन | |
| २ | मानिसको पतन | |
| ३ | उद्धारको योजना | |
| ४ | ख्रीष्टको पहिलो आगमन | |
| ५ | ख्रीष्टको सेवाकार्य | |
| ६ | (ख्रीष्टको) रूप परिवर्तन | |
| ७ | ख्रीष्ट पक्रा पर्नुभएको | |
| ८ | ख्रीष्टमाथि लगाइएको मुद्दा | |
| ९ | ख्रीष्ट क्रूसमा टाँगिनुभएको | |
| १० | ख्रीष्टको बौरिउठाई | |
| ११ | ख्रीष्टको स्वर्गारोहण | |
| १२ | ख्रीष्टका चेलाहरू | |
| १३ | स्तिफनस्को मृत्यु | |
| १४ | साऊलको जीवन-परिवर्तन | |
| १५ | पाउललाई मार्ने यहूदीहरूको मतो | |
| १६ | पाउलको यरूशलेम भ्रमण | |
| १७ | ठूलो धर्म-त्याग | |
| १८ | अधर्मको रहस्य | |
| १९ | मृत्यु, मृत्यु नै हो | |
| २० | धर्म-सुधार अभियान | |
| २१ | मण्डलीमा संसार सम्मिलित | |
| २२ | विलियम मिलर | |

२३ पहिलो दूतबाट सन्देश
२४ दोस्रो दूतबाट सन्देश
२५ आगमन (एड्भेन्ट) अभियानको दृष्टान्त
२६ अर्को दृष्टान्त
२७ पवित्र निवास
२८ तेस्रो दूतको सन्देश
२९ बलियो मञ्च
३० आत्मावाद
३१ **लोभ** (लालच)
३२ हलचल
३३ बेबिलोनका पापहरू
३४ बुलन्द आवाज
३५ तेस्रो दूतको सन्देश बन्द भएको
३६ याकूबको संकष्टकाल
३७ सन्तहरूको उद्धार
३८ सन्तहरूका लागि इनाम
३९ पृथ्वी उजाड़ पारिएको
४० दोस्रो पुनरुत्थान
४१ दोस्रो मृत्यु

## अध्याय - १

# शैतानको पतन

सर्वप्रथम आत्माले मलाई त्यस बेलाको दर्शन दिनुभयो, जुन समयमा शैतान पनि प्रभु येशूदेखि मनिको दोस्रो दर्जामा सम्मानित एकजना दूत अर्थात् प्रधान दूत नै थियो। अहिलेसम्मन् रहिरहेका ज्योतिर्मय स्वर्गदूतहरू जस्तै नै ज्योतिर्मय एवम् सर्वाङ्ग सुन्दर थियो ऊ। उसमा असाधारण बुद्धिमत्ता औ गौरवपूर्ण व्यक्तित्व झल्कन्थ्यो।

त्यसपछि मैले के देखें भने - जब परमेश्वरले आफ्ना पुत्रलाई भन्नुभयो, 'हामी मनुष्यलाई हाम्रै स्वरूपमा बनाऔं'-- तब शैतानले येशूसित ईर्ष्या गर्नथाल्यो। किनकि मनुष्य सृष्टि गर्ने काममा परमेश्वरले उसित पनि परामर्श लिनुभएको ऊ चाहन्थ्यो। त्यसपछि उसको हृदय ईर्ष्या, द्वेष र घृणाले भरिँदै गयो। उसले आफ्नो सिंहासन उच्च पारेर परमेश्वरै समान हुने सङ्कल्प गर्नथाल्यो। त्यतिन्जेल परमेश्वरको राज्यको अधीनतामै सम्पूर्ण स्वर्ग शान्तिसय, सुव्यवस्थित र सर्वसिध्द थियो। तर जब शैतानले परमेश्वरको व्यवस्था र इच्छाविरूद्ध विद्रोह गरेर एउटा ठूलो अपराधको सिर्जना गऱ्यो, तब स्वर्गभरि ठूलो हलचल मच्चियो। सब स्वर्गदूतहरू उत्तेजित भई उठे, र एकजना प्रधान दूतको नैतृत्वमा पङ्क्ति बाँध्नथाले। शैतानले आफूलाई उच्च तुल्याईकन येशूको अधिकार अन्तर्गत नरहने विचार मात्रै होइन, तर बिस्तार-बिस्तार परमेश्वरकै शासनाधिकार पनि हात पार्ने उद्देश्यले षड़यन्त्र रचिरहेको थियो। स्वर्गदूतहरूमध्ये पनि कतिले शैतानको पक्षमा लागेर उसलाई सहयोग दिए, तापनि अरूहरूले चाहिँ आफ्ना पुत्रलाई अख्तियार दिनुहुने परमेश्वरको सम्मान र उहाँको बुध्दिसङ्गत उद्देश्यको पक्षमा ती विपक्षी दलसित घोर विवाद

गरे। स्वर्गदूत-स्वर्गदूतबीचै फाटो भएर निकै वाद-विवाद भयो। त्यसपछि परमेश्वरको शासनपध्दतिलाई पनि ओल्टयाङपल्टयाङ पार्न खोज्ने शैतान र उसका सहयोगीहरूले कसरी परमेश्वरले येशू ख्रीष्टलाई उच्च पारीकन उहाँलाई अधिकार र प्रभुता सुम्पनहुँदो रहेछ हेरौं, भनी उहाँको गतिविधि बुझ्नलाई उहाँको चेवाचर्चा गरे; तर उहाँको अपार अनि अगम बुद्धि कसले पत्ता लाएर सक्ने र?

तिनीहरूले परमेश्वरका पुत्रको अधिकारविरूद्ध घोर प्रतिवाद जनाए। यतिसम्म कि उनीहरूको झगड़ा मिलाउन सबै स्वर्गदूतहरूलाई परमेश्वरका अगाड़ि बोलावट भयो। अन्तमा विरोधी शैतान र उसका सहयोगीहरूलाई पनि स्वर्गदेखि निष्कासित गरिदिने निर्णय भयो। तत्पश्चात् स्वर्गमै स्वर्गदूतहरू बीच घमासान युध्द भयो, तर आखिरमा परमेश्वरका पुत्रका पक्षमा लड्ने सच्चा दूतहरूकै जीत भयो। त्यसपछि शैतान र उसका अनुयायीहरूलाई त्यहाँदेखि लखेटिदिए। अनि जब तिनीहरू स्वर्गदेखि निकालिए र ढोका पनि बन्द भयो तब मात्रै शैतानले झसङ्ग भएर पछुताउँदै भन्नथाल्यो, 'ला, मैले ता सम्पूर्ण स्वर्गीय वैभव र महिमालाई सधैंभरिको लागि नै गुमाइपठाएछु! फेरि स्वर्गमा प्रवेश गर्न पाए ता भरिशक्य पहिलेकै पद फेरि प्राप्त गर्ने कोशिश गर्नेथिएँ, नभए पनि अरू जुनसुकै पदमा राखे पनि म सन्तोषै मान्ने थिएँ।' तर के उसलाई पुनः स्वर्गमा फर्काई ल्याएर सम्पूर्ण स्वर्गै नष्ट-भ्रष्ट पार्नु थियो र? असम्भव! किनकि पाप उबाटै प्रादुर्भूत भएको थियो, र विद्रोह उब्जाउने बीउ उ भित्र अन्तर्निहित छँदै थियो। शैतान र उसका अनुयायी दूतहरूले परमेश्वरको निगाह पुनर्प्राप्त गर्नलाई पछितो गर्दै रोई-कराई विन्ती गरे, तर तिनीहरूको विन्ती सुनाइ हुन सकेन, कारण तिनीहरूका द्वेष, ईर्ष्या र विद्रोह यति अघोर भइसकेका थिए, जसको परिणाम ता अन्तिम न्यायपछि दण्डसिवाय अर्को वैकल्पिक उपाय नै थिएन।

अब फेरि-फेरि परमेश्वरको निगाह प्राप्त गर्नु सम्भव नहुने रहेछ भनी जब शैतानलाई पूर्णतः विदित भयो, तब उसले फेरि द्वेषपूर्ण र घृणात्मक कामहरू गर्नथाल्यो। परमेश्वरको राज्यविरूद्ध षड्यन्त्र रच्दै शैतानले आफ्ना अनुयायीहरूसित परामर्श राख्यो।

अनि जब परमेश्वरले आदम र हव्वालाई सुन्दर अदनको बगैँचामा राख्नुभयो, तब शैतानले उनीहरूलाई पनि नष्ट-भ्रष्ट पार्ने उद्देश्यले आफ्ना सहचरहरूसित यस्तो सल्लाह गर्‍यो - "यदि यी दुई दम्पतिले परमेश्वरको आज्ञा पालन गरिरहे भने ता यिनीहरूको सुख, शान्ति र आनन्द खोस्ने कसैको पनि क्षमता हुँदैन। यो हामीलाई थाह छ। यिनीहरूलाई परमेश्वरको आज्ञा उल्लङ्‌घन गराउन सक्यौं भने मात्र यिनीहरू परमेश्वरको निगाहदेखि वञ्चित होला। तब मात्र हामीले यिनीहरूलाई हाम्रा मुट्ठीमा ल्याउन सकौँला। यसर्थ यिनीहरूलाई परमेश्वरको आज्ञा भङ्ग गराउन कुनै न कुनै युक्ति ता गर्नैपर्‍यो।" त्यसपश्चात् शैतानले छद्म रूप धारण गरेर मनुष्यलाई परीक्षाको घेरामा हाली सत्यवादी परमेश्वरको वचनविरूद्ध शङ्का उत्पन्न गराइदिने प्रथम निर्णय लियो। त्यस प्रकारले ती मनुष्य-जोड़ाको मनमा परमेश्वरको अगम्य विचार एवम् योजनाका विषयमा प्रश्न र कुतूहल जगाईकन उहाँको चेवा गर्न र असल-खराबको ज्ञानको वृक्षको बारेमा पनि 'किन परमेश्वरले यसमा चाहिँ रोक लगाउनुभएको होला?' भन्ने विवादास्पद विचार उब्जाएर आफैँ झैँ दोषी तुल्याउने षड्यन्त्र रच्यो।

## अध्याय - २

# मानिसको पतन

मैले पवित्र दूतहरूलाई बेला बेलामा त्यो बगैँचामा आउँदै आदम र हव्वालाई उनीहरूले के के गर्नुपर्ने, सो सम्झाउँदै र शैतानले विद्रोह गरेर उसको पतन भएको कुरा पनि उनीहरूलाई बुझाउँदै गरेका देखें। स्वर्गदूतहरूले उनीहरूलाई शैतानको विषयमा खबरदारी गर्दै एक-अर्का देखि छुट्दै नछुट्नू भन्ने चेतावनी पनि दिए, कारण त्यो पतित भएको शत्रुले उनीहरूलाई आफ्नो सम्पर्कमा ल्याउने सम्भावना थियो। परमेश्वरको आज्ञा ठीक-ठीक पालन गर्नामा मात्रै उनीहरूको सुरक्षा हुनाले ती दूतहरूले उनीहरूलाई 'परमेश्वरले जे-जस्तो आदेश दिनुहुन्छ, त्यहीअनुसार गर्नू' भन्ने आदेश दिए। किनकि यदि उनीहरू परमेश्वरका आज्ञाकारी रहिरहे भने उनीहरूमाथि त्यो पतित भई गएको शत्रुको केही जोर चल्ने थिएन।

शैतानले आफ्नो काम हव्वाबाट शुरु गऱ्यो - परमेश्वरको आज्ञा भङ्ग गराएर। प्रथमतः तिनले आफ्ना पतिदेखि यताउता बरालिएर; दोस्रो, त्यो निषेध गरिएको वृक्ष वरिपरि अल्याङटल्याङ गरिबसेर; र तेस्रो, त्यो परीक्षा गर्नेको आवाजपट्टि ध्यान दिएर पथभ्रष्ट हुन गइन्। त्यतिमात्र नभएर तिनले 'जुन दिन तैँले त्यस - (रूखको फल)-बाट खालास्, त्यसै दिन तँ मर्नेछस्' भनी परमेश्वरले भन्नुभएको वचनमा शङ्का गरे र 'त्यसै भन्नुभएको होला!' भन्दै खेलाँची सम्झिन्। तिनले त्यो आज्ञा भङ्ग पनि गर्न आँट गरिन्। नभन्दै तिनले आफ्नो हात बढ़ाएर त्यो फल टिपीवरी खाई पनि हालिन्। त्यो हेर्दै रहरलाग्दो, खाँदा पनि मीठो, हाम्रा लागि यति असल कुरो पनि परमेश्वरले किन हामीलाई दिन अस्वीकार गर्नुभएको होला भनी मनमनै परमेश्वरदेखि रिसाइन्। त्यसपछि तिनले त्यो

फल आदमलाई दिएर तिनलाई पनि परीक्षामा पारिन्। तिनले त्यो सर्पले भनेका कुराहरू आदमलाई सुनाउँदै सर्प बोलेकोमा आश्चर्य प्रकट गरिन्।

त्यतिखेर मैले आदमको चेहरामा उदासीनता छाएको देखें। तिनी भयभीत र विस्मित देखिनथाले। तिनको मनमा द्वन्द्वयुद्ध मच्चिरहेको कुरा तिनको चेहराले देखाइरहेको थियो। यो पक्कै त्यही शत्रुको काम थियो, जसको विषयमा उनीहरूलाई चेतावनी पनि दिइएको कुरा आदमले सम्झिहाले। अब तिनकी पत्नीको अवश्यै मृत्यु हुने भयो। तर आफ्नी पत्नी हव्वाप्रति तिनको यति प्रगाढ़ प्रेम थियो, कि अति हतोत्साहित भएर आफ्नी पत्नीदेखि बिछोड़िनु भन्दा बरू तिनले आफ्नै पत्नीसितै मृत्युमा सहभागी हुने अठोट गरे, र तिनले पनि त्यो फल टपक्क टिपेर हतार-हतार खाए।तब शैतान खूब रमायो। उसले स्वर्गमा विद्रोह मच्चाएको बेला उसलाई मन पराउनेहरूले त्यस विद्रोहमा उसलाई साथ दिएका थिए। उसको ता पतन भयो भयो; तर सँगसँगै उसले अरुको पनि पतन गराइछाड्यो। अब उसले स्त्रीलाई बहकाएर परमेश्वरमाथि अविश्वास जनाउन मात्रै नलाएर उहाँको अपार बुद्धिको चेवाचर्चा गर्न र उहाँका कौशलपूर्ण योजनाहरूको भन्डाफोर गर्न खोज्न समेत सुऱ्याउने काम गऱ्यो। स्त्री एक्लै ता पतित हुने होइन, यो शैतानलाई थाह थियो। त्यसैले आदम पनि आफ्नी पत्नीको मायाले विवश भएर पत्नीसँगै पतित भए।

मनुष्यको पतन भएको समाचार स्वर्गभरि फिँजियो। वीणाहरू बज्न छोड़ेर स्वर्गै चकमन्न भयो। स्वर्गदूतहरूले शोकविह्वल भएर आफ्ना मुकुटहरू पनि फ्याँकिपठाए। सम्पूर्ण स्वर्गभरि स्थिति तनाउपूर्ण भयो। अब त्यो अपराधमा फँसिएको दम्पतिलाई चाहिँ के गर्नुपर्ने हो, त्यही विषय लिएर विचार-विमर्श हुन थाल्यो। असल-खराबको

ज्ञानको फल खाएर ता उनीहरू दोषी भए-भए, त्यसमाथि हात लम्काएर जीवनको रूखको फलबाट पनि खाइपठाए भने ता उनीहरू अजम्मरी पापी भई बाँचिरहलान् भन्ने पनि स्वर्गदूतहरूलाई डर भयो। तर परमेश्वरले भन्नुभयो, "यी उल्लङ्घनकारीहरूलाई बगैँचादेखि लखेटिदिनुपर्छ।" त्यसपछि लगत्तै जीवनको वृक्षतर्फ जाने मार्गमा पहरा दिनालाई त्यहाँ पनि स्वर्गदूतहरू खटाइए। त्यसरी आदम र हव्वालाई परमेश्वरको आज्ञा उल्लङ्घन गराएर उहाँलाई उनीहरूदेखि नाराज पार्ने अनि त्यसपछि पाप अमर रहोस् भन्ने उद्देश्यले जीवनको रूखबाट पनि खान लगाएर उनीहरूलाई सधैँ-सधैँभरि पापमै बाँचिरहन लगाउने शैतानले बड़ो चातुर्यपूर्वक युक्ति रचेको थियो। तर परमेश्वरले आफ्ना पवित्र दूतहरू पठाईकन उनीहरूलाई बगैँचादेखि बाहिर निकाल्न लगाउनुभयो र अर्को पल्टन दूतहरूलाई जीवनको रूखतर्फ जाने मार्गमा पहरा दिन नियुक्त गर्नुभयो। प्रत्येक शक्तिशाली दूतको दाहिने हातमा टलक-टलक टल्किने तरवारजस्तै हतियार देखिन्थ्यो।

## अध्याय - ३

# उद्धारको प्रबन्ध

मानिसको पतन भएको र परमेश्वरले सृष्टि गर्नुभएको संसारमा दु:ख, बिमारी र मृत्यु अवश्यम्भावी हुने भएको अनि अपराधीहरूका निम्ति कुनै बाँच्ने उपाय नभएको देख्ता सम्पूर्ण स्वर्ग नै शोकविह्वल भयो। समस्त आदमवंशी मृत्युको शिकार हुनै पर्ने भयो।

त्यसै बीचमा मैले सर्वाङ्ग सुन्दर येशूलाई देखें, जसको चेहरामा सन्ताप र सहानुभूति मिश्रित भाव थियो। हेर्दा-हेर्दै उहाँ पिताका वरिपरिका जाज्वल्यमान् ज्योति नजिक पुग्नुभयो। मसँग भएका दूतले भने, "उहाँको आफ्ना पितासित घनिष्ट रूपमा बातचीत भइरहेछ।" पितासित येशूको बातचीत भइरहेको बेला, अब त्यसको प्रतिक्रिया के कस्तो हुने हो भनी स्वर्गदूतहरू कुतूहलपूर्वक प्रतीक्षामा रहेका देखिन्थे। तीनचोटि उहाँलाई पिताका वरिपरिको तेजस्वी ज्योतिले छोपेपछि तेस्रो पल्टमा उहाँ बाहिर आउनुभयो। त्यसबेला नै उहाँका व्यक्तित्वको परिचय पाउनसकियो। उहाँको चेहरा शान्त देखियो, जसमा कुनै प्रकारको व्याकुलता वा अशान्तिको नामनिशान थिएन, तर उहाँको चेहरामा यस्तो प्रकारको दया र प्रेमको ज्योति झल्किरहेथ्यो, जसको वर्णन गर्ने मसित शब्दै छैन। त्यसपछि उहाँले स्वर्गदूतहरूलाई पतित मनुष्यका निम्ति उद्धारको प्रबन्ध मिलाइएको कुराको जानकारी दिनुभयो। उहाँले आफ्ना पितासँग अर्जी (विन्ती) गरीकन मानिसलाई छुटकारा दिलाउनार्थ आफ्नै प्राण दान गर्ने र उहाँद्वारै मानिसले क्षमा प्राप्त गर्नसकोस् भनेर आफैँ मृत्यु-दण्ड भोगिदिने कुरा पनि बताउनुभयो। उहाँले यो उद्देश्यले त्यसो गर्न चाहनुभयो, कि उहाँको रगत र परमेश्वरको व्यवस्था-पालनद्वारा मानिसले फेरि परमेश्वरको निगाह प्राप्त गरेर त्यस सुन्दर बगैँचामा फेरि आईकन जीवनको रूखको फल खान पाओस्।

## *भीषण प्रतिद्वन्द्व*

शुरू-शुरूमा त स्वर्गदूतहरू खुशी भएनन्, कारण प्रभुले कुनै कुरा नलुकाई उद्धारको प्रबन्धबारे खुलेआम सुनाइदिनुभयो। तर प्रभु येशूले उनीहरूलाई भन्नुभयो, "म पिताको क्रोध र पापी मानिसबीच मध्यस्थ भइदिनेछु, र मानिसकै अधर्म आफूमाथि बोकेर तिरस्कार सहिदिनेछु, तर पनि थोरैले मात्र मलाई परमेश्वरका पुत्र भनी ग्रहण गर्नेछन्। म मेरा सब स्वर्गका महिमालाई त्यागी, आफूलाई होँच्याईकन पृथ्वीमा मानिसकै रूप र देह धारण गर्नेछु, र मानिसलाई आइपर्ने सबै किसिमका परीक्षाहरू आफैँले अनुभव गरेर हेर्नेछु, ताकि म पनि परीक्षामा पर्नेहरूलाई कसरी सहायता पुऱ्याउनुपर्ने, जान्न सकूँ। अनि अन्तमा शिक्षा-दीक्षा दिने गुरूको भूमिका सिध्याएपश्चात् म मानिसहरूका हातमा सुम्पिइने छु, अनि शैतान र त्यसका दूतहरूले दुष्ट मानिसहरूलाई जे-जस्ता क्रूर व्यवहार गर्न र सास्ती दिनालाई सुऱ्याउँछन्, ती सब सहन गर्नेछु, अनि आकाश र धरतीबीच क्रूसमा झुन्डिएर एउटा दण्डनीय पापी जस्तो भएर सबभन्दा निर्मम मृत्युदण्ड भोग्नेछु, यहाँसम्म कि मेरो त्यस्तो किसिमको पीड़ामय अवस्था स्वर्गदूतहरूले पनि हेर्न नसकेर आफ्ना अनुहार छोप्नेछन्। केवल शारीरिक पीड़ा मात्रै नभएर मैले यस्तो मानसिक पीड़ा पनि भोग्नुपर्नेछ, जसको तुलना कुनै पनि शारीरिक वेदनासित हुन सम्भाव्य छैन। सारा संसारका पापहरूको भार ममाथि लादिनेछ। म मर्नेछु, तर तेस्रो दिनमा म फेरि बौरी उठ्नेछु; अनि यो हठी र दोषी मनुष्यका निम्ति पितासित अर्जी-बिन्ती गर्नालाई म स्वर्गारोहण गर्नेछु।"

तब स्वर्गदूतहरूले उहाँका सामु निहुरेर दण्डवत् गरे। उनीहरूले आफ्ना जीवन बलिदानस्वरूप अर्पण गर्ने प्रस्ताव राखे। तर येशूले भन्नुभयो, "म आफ्नै मृत्युद्वारा धेरैलाई बचाउनेछु। स्वर्गदूतको प्राण-बलिदानले मानिसको पापको ॠण तिर्नसक्तैन। मनुष्यको

छुटकाराको दामस्वरूप केवल मेरै प्राण-बलिदान पिताले ग्रहण गर्नुहुनेछ। तर तिमीहरूले चाहिँ यी कामहरू गरिदिनुपर्छ :

(क) म एक पतित स्वभावको मानिसमा परिणत हुँदा तिमीहरूमा जतिको पनि ममा बल हुनेछैन, तसर्थ तिमीहरूले मलाई साथ र बल दिनुपर्छ।

(ख) तिमीहरू मैले सहेका अपमान र असह्य शासनाका गवाही हुनुपर्छ।

(ग) मैले सहेका कष्टहरू र मानिसहरूले मलाई तिरस्कार गरेका देखेर मप्रतिको तिमीहरूको प्रेमले गर्दा आवेशमा आएर ती मलाई मार्नेहरूका हातदेखि मलाई छुटकारा दिई बचाउन खोज्नेछौ, तर तिमीहरूले त्यहाँ जे-जस्तै देखे पनि रोकटोक गर्ने काम गर्नु हुँदैन।

(घ) र मेरो बौरिउठाइ हुँदा पनि तिमीहरूले मलाई साथ दिनुपर्छ, र उक्त उद्धारको प्रबन्ध सफलीभूत भएको अनि पिताले त्यो ग्रहण गर्नुभएको कुराको साक्षी बन्नुपर्छ।"

अनि पवित्रतासाथ दुःख प्रकट गर्दै येशूले स्वर्गदूतहरूलाई यसो भन्दै सान्त्वना तथा धैर्य दिनुभयो, "अब उप्रान्त जतिलाई म उद्धार गर्छु, उनीहरू मेरा साथमा रहनेछन् र मसितै वास गर्नेछन्। मेरै मृत्युद्वारा छुटकाराको मोल तिरेर धेरैलाई उध्दार गर्नेछु, र म त्यसलाई नाश गर्नेछु, जससित मृत्युको शक्ति छ।अनि पिताले मलाई राज्य दिनुहुनेछ, जुन राज्यको महत्ता सम्पूर्ण स्वर्ग अन्तर्गत सदा-सर्वदा मेरै हुनेछ। अनि शैतान र अरु सबै पापीहरू नाश हुनेछन् - फेरि फेरि स्वर्गमा अर्थात् परिशोधित नयाँ पृथ्वीमा गड़बड़ी ल्याउन नपाओस् भनेर।" त्यसपश्चात् येशूले स्वर्गदूतका पल्टनलाई पिताले स्वीकृति दिनुभएको त्यस प्रस्तावित योजनाप्रति समर्थन जनाउने आदेश दिनुभयो, र पतित भइसकेको मानिस

जातिले फेरि उहाँको मृत्युद्वारा उच्च पारिएर परमेश्वरको निगाह पुनर्प्राप्त गरी स्वर्ग हासिल गर्न पाउने कुरामा हर्ष मनाउन लाउनुभयो। तब स्वर्ग यस्तो हर्ष र आनन्दले भरियो, जसको बयान गरेर साध्यै छैन। स्वर्गका दूतगणले स्तुति गाउनथाले, र वीणाहरू बजाउँदै यति मधुर र उच्च स्वरमा स्तुति गाए, त्यतिको उच्च स्वरमा अघि कहिल्यै गाएका थिएनन्। कारण यो थियो, कि परमेश्वरको महान् करूणा र बलिदानात्मक प्रेमले गर्दा उहाँले आफ्ना अतिप्रिय पुत्रलाई पनि विद्रोही मानव जातिका निम्ति दिइहाल्नुभयो। येशूको त्यस्तो आत्मत्याग र बलिदानका लागि उहाँमाथि प्रशंसा र श्रद्धारूपी फूल बर्स्यो, कारण उहाँले आफ्ना पिताको काख छोड़ी दुःख र कष्टको जीवन रोजेर अरूका निम्ति प्राण दिन एक अधम मृत्युलाई नै स्वीकार गर्नुभयो।

दूतले भने, "के पिताले बिनासंघर्ष आफ्ना अति प्रिय पुत्र दिनुभयो भनी तिमीहरू सम्झन्छौ? तत्कालै दिनुभएन; किनकि स्वर्गका परमेश्वरसित पनि यो दोषी मनुष्यलाई नाशै हुन दिनु कि उनीहरूका लागि आफ्ना प्रिय पुत्रलाई बलि हुन दिनु भन्ने दुई विचारहरूबीच द्वन्द्व मच्चिएको थियो।" स्वर्गदूतहरू पनि मानिसको उद्धार गराउन यति उत्सुक थिए, कि उनीहरूमध्ये कसले चाहिँ आफ्ना स्वर्गीय वैभव त्यागेर नाश भइरहेको मानिसका निम्ति आफ्नो प्राण दिनसक्छ भनी उनीहरूमाझ विचार-विमर्श भइरहेथ्यो। तर मसँग हुने दूतले भने, "त्यसले ता केही पनि हुँदैन। मानिसबाट यति ठूलो अपराध भएको छ, कि स्वर्गदूतको प्राण-बलिदानले त्यसको ऋण तिर्न सक्तैन। उहाँका पुत्रको मृत्यु र अर्ज-बिन्तीले बाहेक अरु केहीले पनि मनुष्यलाई दुःख र पीरको आशाहीन अवस्थादेखि बचाउन सक्तैन।"

स्वर्गदूतहरूलाई माथि-तल उक्लँदै र ओर्ल्हँदै परमेश्वरका

पुत्रलाई उहाँले कष्ट भोगिरहनुभएको बेलामा सामर्थ्य दिएर उहाँलाई सहायता गर्ने काममा नियुक्त गरियो। त्यसबाहेक अनुग्रहका अधीनमा भएकाहरूलाई शैतानिक कुतत्त्वहरू र शैतानले छरेको अन्धकारबाट रक्षार्थ पहरा दिने काम पनि स्वर्गदूतहरूलाई सुम्पिएको थियो। फेरि मैले के देखें भने - त्यो पतित भई नाश भइरहेको मनुष्यको उद्धार गर्न परमेश्वरलाई आफ्नो व्यवस्था अदलबदल गर्नु पनि असम्भव थियो। त्यसैकारण उहाँले आफ्ना प्रिय पुत्रलाई मानिस जातिको पापका निम्ति प्राण बलिदान गर्न दिनुभयो।

फेरि पनि शैतान साथै उसका दूतहरूले मानिसको पतन गराइएको कारणले परमेश्वरका पुत्रलाई पनि उहाँका उच्च स्वर्गीय स्थानदेखि तल झार्न सकेकोमा रमाहट गरे। उसले आफ्ना दूतहरूलाई भन्यो, "जब येशूले पतित मनुष्यको स्वाभाविक देह धारण गर्ला, तब म उसलाई पनि दमन गरेर त्यो उद्धारको योजना पूरा गर्न दिनेछैनँ।"

त्यसपछि मैले शैतानलाई हँसी-खुशी मुद्रामा र उच्च तुल्याइएका दूतको रूपमा देखें। मैले जस्तो देखें, आजसम्म पनि त्यस्तै छ। भनूँ, अझै पनि ऊ राजा नै भएर बसेको छ। अद्यापि उसको रूप-रङ र जीउ डाल अलौकिक सौन्दर्यपूर्ण छ, कारण ऊ पतित भए पनि एक समयको स्वर्गदूत नै हो। तर उसको चेहराको भावले चाहिँ ऊ चिन्ता, दुःख, द्वेष, घृणा, उपद्रव र सबै प्रकारका खराबीले भरिएको बुझाउँछ। एक समयमा उसको उही अलौकिक सौन्दर्यपूर्ण एवम् उज्ज्वल मुखमण्डल झल्केको त्यो दर्शन मेरो आँखैमा झलझली छ। पछि उसले आफ्नो मान-प्रतिष्ठा गुमाएर यति नीच अवस्थामा पुगेको, सब सद्गुण हटेर चरित्रभ्रष्ट भई उसमा दुर्गुणकै मात्र वृद्धि भएको मैले देखें। उसका आँखाहरूको हेराइ नै धूर्तता र छलपूर्ण थियो, र उसको बुद्धि अति तीक्ष्ण।

मैले हेर्दा उसले आफ्नो देब्रे हत्केलामा च्यूँड़ो अड्याएर ऊ सोचमा डुबेजस्तो देखिन्थ्यो। उसको चेहरामा देखिँदै गरेको त्यो रूखो मुस्कानले म ता लगलग काँप्न थालें, कारण त्यस हँसाइमा पनि दुष्टता र शैतानिक छल देखा पर्दैथ्यो। त्यो खालको मुस्कान चाहिँ उसको चेहरामा त्यति बेला मात्रै देखिन्छ, जब उसले कुनै शिकार फेला पार्न आँटेको हुन्छ, र जब उसले त्यो शिकार जालमा फँसाइसक्छ, तब त्यो मुस्कान डरलाग्दो गर्जनमा परिणत हुन्छ।

## अध्याय - ४

# ख्रीष्टको पहिलो आगमन

त्यसपछि म त्यस बेलाको दर्शनमा आइपुगेछु, जति बेला ख्रीष्टले मानवावतार लिएर मानिसकै रूपमा आफूलाई होँच्याइकन शैतानबाटका परीक्षाहरू भोग्नु परेको थियो।

उहाँको जन्म यस संसारको कुनै शानदार महलमा नभएर गाईको गोठमा भयो, र उहाँ डुँड़मा सुताइनु भयो, तर पनि उहाँको जन्म यति भव्य रूपमा सम्मानित भयो, त्यत्तिको स्तरमा कुनै पनि मानिस पुग्न सक्तैन। स्वर्गदूतहरूले गोठालाहरूलाई येशू जन्मेको समाचार दिए। त्यसबेला उनीहरूले गवाही दिनासाथ-साथै परमेश्वरबाट ज्योति र महिमा झल्केको थियो। स्वर्गीय सेनाले आफ्ना वीणाहरू बजाईकन परमेश्वरको महिमा गाए। उनीहरूले विजयको नारा लाउँदै मुक्तिको काम पूरा गर्न अनि आफ्नो मृत्युद्वारा मानिसका निम्ति शान्ति, आनन्द र अनन्त जीवन ल्याउनलाई परमेश्वरका पुत्र आउनुभएको शुभ सन्देश पतित संसारलाई सुनाए। परमेश्वरले उहाँका पुत्रको शुभागमनलाई सम्मानित गर्नुभयो, अनि स्वर्गदूतहरूले पनि उहाँलाई दण्डवत् गरे। जहाँ उहाँको बप्तिस्मा भइरहेको थियो, त्यही स्थलका माथि माथिबाट परमेश्वरका दूतहरूले उहाँलाई नै एकटक लाएर हेरिरहेका थिए, अनि पवित्र आत्मा पनि ढुकुरको रूपमा ओर्ल्हेर उहाँमाथि बस्नुभयो। मानिसहरू पनि छक्कै पर्दै उहाँलाई नै एकटक लाएर हेरिरहेकै बेलामा माथि स्वर्गबाट यसो भन्ने आवाज आयो, "तिमी मेरा प्रिय पुत्र हौ, तिमीसित म औधि प्रसन्न छु।"

जो यर्दन नदीमा यूहन्नाबाट बप्तिस्मा लिन भनी जानुभएको थियो उहाँनै उद्धारकर्ता हुनुहुन्थ्यो भनेर यूहन्नालाई थाह थिएन; तर उहाँलाई चिन्नका निम्ति तिनलाई परमेश्वरले एउटा लाक्षणिक

चिन्ह दिने प्रतिज्ञा गर्नुभएको थियो। त्यही चिन्हस्वरूप ढुकुरको रूपमा पवित्र आत्मा ओर्लेर येशूमाथि बस्नुभयो र चारैपट्टि परमेश्वरको महिमा झल्क्यो। यूहन्नाले येशूपट्टि नै आफ्नो औँलाले देखाउँदै कराएर भने, "हेर, संसारको पाप हरण गर्ने परमेश्वरको पाठो (थुमा)!" अनि आफ्ना चेलाहरूलाई पनि यूहन्नाले 'आउनेवाला मसीह अर्थात् संसारका मुक्तिदाता चाहिँ येशू नै हुनुहुँदोरहेछ' भनी समाचार पठाए।

तिनले गर्नुपर्ने काम अब प्रायः समाप्त भइसकेकोले गर्दा तिनले आफ्ना चेलाहरूलाई पनि येशूलाई नै महान् गुरु मानेर उहाँका पछि लाग्नू भनी शिक्षा दिए। यूहन्नाको जीवन सुखदायक थिएन। तिनले कष्टदायक एवम् आत्मत्यागको जीवन व्यतीत गर्नुपर्‍यो। तिनले ख्रीष्टको प्रथम आगमनको घोषणा गरेपश्चात् उहाँका आश्चर्यकर्महरू देख्न र सामर्थ्यका काम हेर्न पाएनन्। जब येशू गुरु भइसक्नुहुन्छ, तब यूहन्नाचाहिँ अवश्यै मर्नुपर्छ भनेर तिनी स्वयम्‌लाई थाह थियो। तिनको स्वर उजाड़स्थानमा बाहेक अन्य ठाउँ प्रायः सुनिँदैनथ्यो। एकलासको जीवन तिनी बिताउँथे। तिनी आफ्ना पिताका घर-परिवारसित संग्लग्न रहेनन्, बरू आफ्नो सेवाकार्यका कामहरू पूरा गर्नालाई ती त्यागिदिए। भीड़का भीड़ मानिसहरू आफ्ना शहर र गाउँ छोड़ी ती अचम्भका अनि असाधारण भविष्यवक्ताका वचनहरू सुन्नालाई उजाड़स्थानतिर दौड़न्थे। तिनले रूखको जरामा बञ्चरो उजाईकन निर्भयसाथ दोष देखाइदिन्थे, र परमेश्वरका थुमाको बाटो तयार गर्थे।

यूहन्नाका सामर्थ्यशाली वचनहरू र प्रभावशाली गवाहीले हेरोदलाई निकै प्रभाव पारेको थियो। गम्भीर जिज्ञासा लिएर तिनले यूहन्नालाई 'तपाईंको शिष्य बन्नालाई मैले के के गर्नुपर्छ?' भनी सोध्थे। तर हेरोदले आफ्नो भाइ जीवित छँदाछँदै बुहारी बिहे गर्न

आँटेको कुरा यूहन्नालाई थाह थियो। अनि तिनले हेरोदलाई 'तपाईंले अनुचित काम गर्दैहुनुहुन्छ' भनेर पनि सम्झाए। तर हेरोदले त्यही कुरो त्याग्न सकेनन्। तिनले आफ्नो भाइकी पत्नी ल्याएरै छोड़े। त्यही स्त्रीको कुचक्रमा परेर तिनले यूहन्नालाई झ्यालखानमा हाल्न पनि विवश भएका थिए, तरै पनि हेरोदले चाहिँ उनलाई छोड़िदिनै चाहन्थे। झ्यालखानमा हुँदा यूहन्नाले आफ्ना चेलाहरूद्वारै येशूका सामर्थ्यका कामहरूका विषयमा सुन्थे, तर उहाँकै मुखारविन्दबाट चाहिँ उनले अनुग्रहका वचनहरू सुन्ने मौका पाएनन्। उनका चेलाहरूले वचनहरू सुनीकन आएर ती यूहन्नालाई, सुनाइदिन्थे, जसबाट उनले ढाड़स पाउँथे। तर त्यो पनि धेर दिनसम्म हुन पाएन, किनभने त्यही स्त्रीको षड्यन्त्र परेर यूहन्नाको शिर काटिनपऱ्यो। अन्तमा मैले के देखें भने - ती थोरैभन्दा थोरै चेलाहरू, जसले येशूका पछि लागेर उहाँका आश्चर्यकर्महरू देख्ने र उहाँका मुखारविन्दबाट निस्केका शान्तिदायक वचनहरू सुन्ने सौभाग्य पाए, उनीहरू नै बप्तिस्मादाता यूहन्नाभन्दा पनि महान् भए। अर्थात् उनीहरूले उच्चतर प्रशंसा अनि आदर पाए, र बढ़ी सुखमय जीवन बिताउन पाए।

त्यसताक यूहन्ना ख्रीष्टको पहिलो आगमनको उद्‌घोषणा गर्न एलियाहका आत्मा र सामर्थ्यमा आए भनी आत्माले मलाई बताउनुभयो। साथै अन्तका दिनहरूपट्टि लगेर मलाई यो पनि देखाउनुभयो,कि यूहन्नाले उनीहरूको पनि प्रतिनिधित्व गर्नुपरेको थियो, जोहरू परमेश्वरको क्रोधको दिन र ख्रीष्टको दोस्रो आगमनको घोषणा गर्न एलियाहकै आत्मा र सामर्थ्यमा निस्किआउनेछन्।

ख्रीष्ट येशूले यर्दनमा बप्तिस्मा लिइसक्नुभएपछि आत्माले उहाँलाई शैतानबाट परीक्षा भोग्न उजाड़स्थानमा लैजानुभयो। चालीस-चालीस दिनसम्म केही पनि नखाई चारैतिर उजाड़ र नीरव वातावरणबीच केवल जङ्गली जनावर र शैतानका माझमा एक्लै शैतानका परीक्षाहरूमा

पर्नु मानिसका निम्ति ता कल्पना गर्दै नसक्ने कुरा थियो। तर पवित्र आत्मालेनै उहाँलाई ती सब सामना गर्न सक्षम तुल्याउनुभयो। मैले उहाँलाई त्यसरी केही नखाई परीक्षा र दुःख भोग्दा-भोग्दा क्षीण र रक्तहीन भइसक्नुभएको देखें। तर पनि उहाँको जुन दौड़ निर्धारित भइसकेको थियो, र जुन कामका निम्ति उहाँ आउनुभएको थियो, सो उहाँले पूरा गरेरै छोड्नुपरेको थियो। ती परमेश्वरका पुत्रले आफूलाई होँच्याईकन आफू मनुष्यै बन्नुभएको कारणवश दुःख-कष्ट भोग्नुभयो। त्यही फायदा उठाईकन शैतानले उहाँमाथि प्रबल भई विजय हासिल गर्न पाउँछु कि भन्ने आशाले उहाँलाई अनेक किसिमका परीक्षाहरूको घेरोमा पाऱ्यो। उहाँलाई परीक्षा गर्दै शैतानले भन्यो, "यदि तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने यो ढुङ्गालाई 'रोटी भइजा' भनी आज्ञा गर्नुहोस्।" त्यसरी ईश्वरीय शक्ति देखाएर उहाँ साँच्चै मसीह हुनुहुन्छ कि हुनुहुन्न प्रमाणित गरेर देखाउनू भनी शैतानले उहाँलाई चुनौती दियो। तब उहाँले नम्रतापूर्वकै जवाफ दिनुभयो, "मानिस रोटीले मात्रै होइन, तर परमेश्वरका मुखारविन्दबाट निस्केको प्रत्येक वचनले बाँच्दछ।"

उहाँ परमेश्वरका पुत्र हुनुहुन्छ भन्ने कुराको सन्दर्भमा शैतानले उहाँसित बहस गर्न खोजिरहेको थियो। 'के परमेश्वरको पुत्रको पनि कहीँ यस्तो खालको दुर्वल र दुःखमय अवस्था हुन्छ र?' भन्ने प्रश्न गर्दै शैतानले आफूलाई येशूभन्दा शक्तिशाली छु भन्ने धाक पिटिरहेको थियो। तर जे होस्, 'तिमी मेरा प्रिय पुत्र हौ, जसमा म औधि प्रसन्न छु' भनी आकाशबाट ध्वनित त्यो दिव्य वाणी नै त्यस्तो कष्टपूर्ण अवस्थामा पनि उहाँका निम्ति पर्याप्त थियो। मैले देखें - उहाँका सेवाकार्याविधिभरि उहाँलाई आफ्नो ईश्वरीय शक्ति देखाएर संसारका मुक्तिदाताको रूपमा शैतानलाई आफ्नो परिचय दिइरहनु केही आवश्यकता थिएन। उहाँलाई उच्च स्थान र अधिकार दिइएको

ता शैतानले प्रत्यक्षै रूपमा देखेकै थियो। त्यसैले येशूको अधिकारमनि आउन अस्वीकार गरेकोले त्यसलाई स्वर्गदेखि निष्कासित गरिएको हो।

अर्कोपल्ट, आफ्नो शक्ति देखाउन शैतानले येशूलाई यरूशलेममा लगीकन मन्दिरको टुप्पामा राखेर फेरि यसो भन्दै परीक्षा गऱ्यो, "यदि तपाईं परमेश्वरकै पुत्र हुनुहुन्छ भने यहाँबाट हामफाल्नुहोस्।" त्यसले उहाँलाई यति अग्लो जग्गाबाट हामफाल्न लगाइरहेको थियो, जहाँदेखि तलतिर हेर्दा रिँगटा लाग्ने थियो। त्यसले उहाँलाई यसो भन्दै प्रोत्साहन पनि दिन खोज्यो, "किनकि यस्तो लेखिएको छ, 'कथङ्कदाचित् तपाईंको खुट्टा ढुङ्गामा बजारिहाल्छ कि भनेर तपाईंलाई हात-हात उचालिराख्नालाई उहाँले तपाईंकै निम्ति आफ्ना दूतहरूलाई खटाउनुहुनेछ'।" प्रत्युत्तरमा येशूले भन्नुभयो, "यसो पनि ता भनिएको छ, 'आफ्ना परमप्रभु परमेश्वरलाई परीक्षा नगर्नू'।" त्यसरी येशूलाई उहाँका पिताको करूणाको अनुचित फायदा उठाउनु लगाएर उहाँको सेवाकार्य पूरा हुनअघिनै उहाँको ज्यानधरि खतरामा पार्ने शैतानको दाउ थियो। अनि त्यसले त्यो उद्धारको योजनालाई विफल तुल्याउँछु नै भन्ने सोचेको थियो; तर त्यस योजनाको जग त्यसले नष्ट गर्न नसक्ने गरी गहिरो बसालिएको मैले देखें।

अनि सबै ख्रीष्टका विश्वासी जनहरूले परीक्षामा पर्दा कसरी धैर्यसाथ सहन गर्नुपर्छ अनि अधिकार पाएको छु भन्दैमा त्यसलाई जथाभावी उपयोग अर्थात् दुरुपयोग गर्नु नहुने रहेछ भनी ख्रीष्टले स्वयम् नमुना भई देखाइदिनुभएको मैले देखें। उनीहरूमध्ये कसैले पनि परमेश्वरलाई पुकारीकन उहाँको सामर्थ्य प्रदर्शन गर्न लगाएर आफ्ना शत्रुहरूमाथि विजय हासिल गर्छु भनी कदापि सोच्नु हुँदैन, जबसम्म त्यसबाट परमेश्वरको आदर र महिमा हुने विशेष लक्ष्य

देखिन्न। यदि येशूले त्यस मन्दिरको गजुरबाट हामफाल्नुभएको भए त्यसबाट परमेश्वरको महिमा हुने थिएन, किनकि त्यो शैतान र परमेश्वरका दूतहरूले बाहेक अरू कसैले पनि देख्ने थिएन। त्यो ता केवल परमेश्वरलाई परीक्षा गरेर उहाँका घोर शत्रुको सामु उहाँको सामर्थ्यको रहस्योद्घाटन गर्न खोजेजस्तो मात्रै हुने थियो, अनि त्यस शत्रुको सामु आफ्नो बड़प्पन देखाएको जस्तो हुनेथियो। वास्तवमा उहाँ आफ्नो बड़प्पन देखाउनलाई होइन, तर शैतानमाथि विजयी हुनालाई आउनुभएको हो।

अनि फेरि एकैछिनमा शैतानले उहाँलाई एउटा अग्लो पर्वतमाथि लगेर संसारका सबै राज्यहरू देखायो। त्यसपछि शैतानले उहाँलाई भन्यो, "यी सबै अधिकार र यिनीहरूको गौरव म तपाईंलाई दिनेछु; किनकि यो मलाई नै सुम्पिएको छ, र जसलाई म चाहन्छु उसैलाई यो म दिनेछु। यसकारण तपाईंले मलाई दण्डवत् गर्‍यौ भने यी सब तपाईंकै हुनेछन्।" अनि येशूले उसलाई जवाफ दिईकन भन्नुभयो, "ए शैतान, हटी जा! किनकि यस्तो लेखिएको छ, 'तैँले आफ्ना परमप्रभु परमेश्वरलाई दण्डवत् गर्नू र केवल उहाँकै सेवा गर्नू'।"

यहाँ शैतानले ख्रीष्टलाई संसारभरिका राज्यहरू देखाइदियो, जुनचाहिँ उहाँका सामु अत्यन्तै झिलिमिलि देखापरिरहेको थियो। येशूले उसलाई दण्डवत् गरिदिनुभए त्यसले ती सब उहाँलाई दिने भएको थियो, किनकि यदि त्यो उद्धारको योजना सफलीभूत भए त्यसको ती सब अधिकार अवश्यै सीमित मात्र नरहेर अन्तमा खोसिएर जाने कुरा पनि शैतानलाई थाह थियो। यदि ख्रीष्टले मानिसलाई उद्धार गर्ना आफ्नो प्राण बलि गरिहाल्नुभयो भने केही समयपछि उसको अधिकारको अन्त हुने, र ऊ आफै पनि नाश हुने कुरा उसलाई विदितै थियो। त्यसैकारण ती परमेश्वरका पुत्रले थाल्नुभएको त्यो महान् उद्धार-कार्यमा भरशक्य भाँजो हालेर पूरा

हुन नदिने नै उसले अघिबाटै युक्ति रचिसकेको थियो। यदि मानिसको उद्धारको त्यो योजनालाई विफल पारेर उही सफल भइदिएको भए त्यस शैतानले दावा गरेको राज्य उसकै रहने थियो र ऊ स्वर्गका परमेश्वरको विरोधी राजा भईकन राज्य गरिरहने थियो।

येशूले स्वर्ग अनि त्यहाँका अधिकार र महिमालाई छोड़िराख्नुहुँदा शैतान खूब रमायो। परमेश्वरको पुत्र बल्ल मेरो मुठ्ठीमा आयो भन्ने उसले सोच्यो। अदनको बगैँचामा हव्वा र आदमलाई सजिलैसँग बहकाएर गिराएझैं ती परमेश्वरका पुत्रलाई पनि आफ्नो शैतानिक छल र शक्तिद्वारा पुर्लुक्कै पारेर आफ्नो ज्यान र राज्य बचाउन सकुँला भन्ने उसले सोच्यो। तर यदि उसले येशूलाई परीक्षा गरेर पिताको इच्छाबाट पथभ्रष्ट पार्न सफल हुनसकेको भए उसको लक्ष्य सम्भवतः पूरा पनि हुने थियो। तर येशूले शैतानलाई भन्नुभयो, "मदेखि हटी जा। म पितालाई मात्रै दण्डवत् गर्छु।"

येशूले आफ्ना लोकहरूलाई आफ्नै प्राण दिईकन शैतानको राज्यदेखि छुटकारा दिने अनि केही समयपछि सम्पूर्ण स्वर्ग र पृथ्वीकाहरूले उहाँकै अधीनता स्वीकार गर्ने समय निर्धारित भइसकेको थियो। त्यसैले शैतानले संसारका सबै राज्य उसकै हो भन्ने दावा गर्दै 'यदि तपाईंले मलाई एकपल्ट दण्डवत् मात्रै गरिदिनुभए यी संसारका राज्य हासिल गर्न तपाईंले कुनै प्रकारको कष्ट वा मृत्यु भोगिरहन पर्नेछैन; यी सब तपाईंकै हुनेछन्' भन्दै उहाँलाई ललाइफकाइमा पार्न खोज्यो। तर उहाँ अडिग रहनुभयो। उहाँले अवैध रूपमा होइन, विधिवत् रूपमै पृथ्वीका राज्यहरूका हकवाला बनेर अनन्त धनस्वरूप ती हासिल गर्न आफ्ना पिताले ठहराएबमोजिम बरू कष्टमय जीवन र दर्दनाक मृत्यु नै रोज्नुभयो। आखिरमा फेरि-फेरि येशूलाई र स्वर्गीय सन्तहरूलाई दुःख दिन नपाओस् भनेर शैतान पनि दोस्रो मृत्युद्वारा नाश गरिन उहाँकै हातमा सुम्पिइने छ।

## अध्याय - ५

# ख्रीष्टको सेवाकार्यको आरम्भ

शैतानले ख्रीष्टलाई परीक्षा गरिसकेपछि केही समयको लागि उहाँलाई छोड़ेर गयो। त्यसपछि त्यो उजाड़स्थानमै स्वर्गदूतहरूले उहाँका निम्ति भोजन जुटाइदिए अनि उहाँलाई शक्ति दिए र उहाँमाथि पिताको आशिष् पनि रह्यो। शैतानले उहाँलाई जति नै अग्नि-परीक्षा लिएर पनि ऊ सफल हुन ता सकेन, तापनि उहाँको सेवाकार्याविधिमा विभिन्न प्रकारले चाल खेलुँला भन्ने दाउ हेरिरहेकै थियो। उहाँलाई ग्रहण गर्न नचाहनेहरूलाई सुऱ्याएर उहाँप्रति द्वेषपूर्ण भावना जगाएर उहाँलाई नाश गराई विजयी हुँला भन्ने पनि उसले सोचेको थियो। त्यस सोचका कारण शैतानले आफ्ना दूतहरूसित परामर्श लिन एउटा विशेष सभा राख्यो। त्यति गर्दा पनि तिनीहरूको केही सीप नलाग्दा तिनीहरू हतोत्साहित र क्रोधित पनि भए। त्यसपछि फेरि तिनीहरूले अझ धूर्त्याइँसाथ सकेसम्म आफ्ना शक्ति प्रयोग गरेर उहाँका आफ्नै सजातीय मानिसहरूका मनमा उहाँ संसारका मुक्तिदाता हुनुहुन्छ भन्ने कुराप्रति अविश्वास जगाएर उहाँलाई उहाँका सेवाकार्यमा निरूत्साहित तुल्याउनुपर्छ भन्ने निश्चय गरे।

यहूदीहरू आफ्ना धार्मिक विधि एवम् बलिदान वा भेटी आदिका विषयमा जत्ति नै निष्ठावान् किन नहोऊन्, तर यदि उनीहरूले भविष्यवाणीहरूप्रति गंभीर अन्तर्दृष्टि नलाएका भए, अनि ती भविष्यवाणीहरू पूरा गर्न आउने कुनै सामर्थी सांसारिक राजा नै हुनुपर्छ भन्ने विश्वासमै अड़ान लिइरहेका भए कहिलेसम्मन् 'मसीह आउनुहुन्छ, मसीह आउनुहुन्छ' भन्दै प्रतीक्षामै रहने थिए, कुनै टुङ्गो

थिएन।

त्यसपछि मैले शैतान र उसका दूतहरूलाई ख्रीष्टको सेवाकार्यमा व्यवधानहरू खड़ा गर्न मानिसहरूका मनमा उहाँप्रति अविश्वास एवम् घृणा र तिरस्कारपूर्ण भावना जगाई उनीहरूलाई उल्काउने काममा व्यस्त भएका देखें। जब-जब येशूले उनीहरूका पापहरू देखाउँदै सत्य-सत्य कुरा भन्नुहुन्थ्यो, तब उनीहरू रीसले चूर हुन्थे। त्यस मौकामा शैतान र उसका दूतहरूले उहाँको हत्या गर्न उनीहरूलाई सुऱ्याउँथे। एकपल्ट उनीहरूले उहाँलाई ढुङ्गाले हान्न खोजे, तर स्वर्गदूतहरूले त्यस क्रोधित भीड़देखि उहाँलाई बचाएर एउटा सुरक्षित ठाउँमा अलग्गै लगेर राखे। फेरि अर्कोपल्ट, जब उहाँका पवित्र मुखारविन्दबाट प्रस्फुटित भएको सीधा औ सत्य वचन उनीहरूको मर्ममा पर्न गयो, तब क्रोधित भीड़ले उहाँलाई भीरबाट खसाइदिने हेतुले पहाड़को टाकुरामा लैजान आँटेको थियो। तर त्यति नै बेला उनीहरूमाझ सल्लाह नमिलेर आपसमै वाद-विवाद हुनथाल्यो, त्यसै बीच दूतहरूले उहाँलाई उनीहरूको दृष्टिदेखि छलिदिनुभयो, र उहाँ उनीहरूकै बीचबाट छिरेर जानुभयो।

त्यस महान् उद्धारको योजनालाई बिफल गराउने शैतानको प्रयास जारी नै रह्यो। उसले आफ्नो भएभरको शक्ति प्रयोग गरेर सबै मानिसहरूका हृदय कठोर पार्ने र ख्रीष्टप्रति घृणा र तिरस्कारपूर्ण भावना उब्जाउने प्रयास गऱ्यो। उसले विचार गऱ्यो, म सब मानिसहरूलाई भड्काउने छु, र येशूलाई परमेश्वरका पुत्र भनी ग्रहण गर्नेहरूको संख्या यति कम होस्, ताकि त्यति थोरै मानिसको निम्ति कष्ट सहेर त्यति ठूलो बलिदान गर्नु येशूका निम्ति हरेस खाने कारण होस्। तर केवल दुइजना नै किन नहोस्, जसले आफ्ना आत्मा-बचावका निम्ति येशूलाई ग्रहण गर्लान्, उनीहरूकै निम्ति

भए पनि आफ्नो काम उहाँले पूरा गरेरै छोड्ने- मैले देखें।

शैतानको शक्तिलाई तोड्दै येशूले आफ्नो काम शुरु गर्नुभयो। भूतात्माले सताएकाहरूलाई निको पार्नुभयो। रोगीहरूलाई स्वास्थ्य दान गर्नुभयो। लङ्गड़ाहरूलाई निको पारेर बड़ो आनन्दसाथ परमेश्वरको महिमा गाउँदै र उफ्रँदै कुद्ने बनाउनुभयो। अन्धाहरूलाई देख्ने बनाउनुभयो। धेरै वर्षदेखि शैतानका क्रूर शक्तिद्वारा जकड्याइएका अशक्त रोगीहरूलाई आफ्नो शक्तिद्वारा निको पारिदिनुभयो। निर्धा, भयातुर र निरुत्साहित भएकाहरूलाई आफ्ना अनुग्रहमय वचनद्वारा सान्त्वना दिनुभयो। मुर्दाहरूलाई आफ्नो शक्तिद्वारा जीवन दिनुभयो, जसका निम्ति उनीहरूले परमेश्वरको महिमा गरे। अनि शैतानले जकड्याइराखेका ती कमजोर औ निर्धाहरूलाई येशूले शैतानको बन्धनदेखि छुटाएर तन्दुरुस्त र आनन्दित तुल्याइदिनुभयो।

ख्रीष्टको पार्थिव शारीरिक जीवन पनि उत्तिकै उपकार, सहानुभूति र प्रेमपूर्ण थियो। आफूकहाँ शरण लिन आउनेहरूको पुकार सुन्न र उनीहरूको दुःख-कष्ट हरण गर्न उहाँ सधैं नै उद्यत हुनुहुन्थ्यो। भीड़का भीड़ मानिसहरूले उहाँको ईश्वरीय शक्तिलाई देखेका थिए, तापनि जब काम सिद्धियो, तब उनीहरूमध्ये धेरैले उहाँजस्ता नम्र तर सामर्थी गुरुलाई चाँड़ै भुले र शर्म मान्न थाले। उनीहरू आफ्ना अविश्वासी शासकहरूसित डराए, र ख्रीष्टसित दुःख भोग्न चाहेनन्। उहाँ आफै पीर-मर्काभोगी मानिस बन्नुभएकोले दुःखसित उहाँ चिरपरिचित हुनुहुन्थ्यो। तर थोरैले मात्र उहाँको अति संयमी एवम् आत्मत्यागी जीवनद्वारा प्रभावित भएर उहाँका अनुयायी हुन तयार भए। अरु सबैले संसारले दिने सुख र मानमर्यादा नै रोजे। जे भए पनि धेरैजना उहाँ अर्थात् परमेश्वरका पुत्रका पछि लागे र उहाँका मुखारविन्दबाट उहाँका उपदेशहरू सुने र अनुग्रहमय

वचनरूपी भोजनले परितृप्त भए। उहाँका वचनहरू अर्थपूर्ण साथै यति सरल र सुबोध अर्थात् कमजोर भन्दा कमजोरहरूले पनि बुझ्नसक्ने खालका हुन्थे।

अर्कातिर शैतान र उसका दूतहरू पनि आफ्ना विद्रोहात्मक कामहरूमा व्यस्तै थिए। तिनीहरूले यहूदीहरूको समझशक्तिलाई अन्धा तुल्याइसकेका थिए। उहाँको ज्यान लिनालाई शैतानले त्यहाँका मानिसहरूका नेताहरू र शासकहरूलाई सुऱ्यायो, र तिनीहरूले येशूलाई पक्रेर ल्याउनू भनी सैनिक अधिकारीहरू पठाए। तर जब उनीहरू उहाँकहाँ आइपुगे, तब दु:खित र पीड़ित मानिसहरूप्रति उहाँको अनुपम सहानुभूति र दया-माया देखेर उनीहरू अवाक् भए। उनीहरूले उहाँलाई ती दु:खित र पीड़ितहरूसित प्रेम र दयासाथ प्रेरणा र प्रोत्साहनदायक वचन दिइरहनुभएको देखे। त्यतिमात्र होइन, उहाँलाई अधिकारका साथमा बोल्दै, शैतानको शक्तिलाई हपार्दै अनि शैतानले आफ्नो कब्जामा परेकाहरूलाई पनि मुक्त गराउँदैगर्नुभएको उनीहरूले आफ्ना आँखाले देखे। अनि उनीहरूले आफ्नै कानले उहाँका मुखारविन्दबाट अपार ज्ञानका वचनहरू सुनेर मुग्ध भए। त्यसो हुँदा उनीहरूले उहाँलाई पक्रनै सकेनन्, र उनीहरू त्यसै फर्के। ती सैनिक अधिकारीहरू रित्तै फर्केका देखेर पूजाहारीहरू र बूढ़ा प्रधानहरूले उनीहरूलाई सोधे, "तिमीहरू किन येशूलाई नलिई आयौ?" तब उनीहरूले आफूले देखेका उहाँका आश्चर्यकर्महरू, र आफूले सुनेका उहाँका अपूर्व ज्ञान, बुद्धि र प्रेमका पवित्र वचनहरूबारे तिनीहरूलाई सुनाइदिए, र अन्तमा यसो पनि भने, "त्यस मानिसले जस्तो ता कुनै मानिसले पनि कहिल्यै बोलेको थिएन।" तर मुख्य पूजाहारीहरूले उनीहरूलाई भने, "लौ, तिमीहरू पनि भ्रममा परेछौ!" त्यसो भनिदिँदा उनीहरूमध्ये कतिजना उहाँलाई पक्रेर ल्याउन नसकेकोमा लज्जित पनि भए। त्यसमाथि

पनि मुख्य पूजाहारीहरूले फेरि खिसी गर्दै भने, "के हामी तिमीहरूका शासकहरू अथवा फरिसी, शास्त्री र पूजाहारीहरूमध्ये खोइ कसैले त्यस (येशू)माथि विश्वास गरेको छौं?" तर मैले ता देखें - शासनकर्ता र बूढ़ा प्रधानहरूमध्ये धेरैले येशूमाथि विश्वास गरे; तर शैतानले उनीहरूलाई प्रकट रूपमा स्वीकार गर्नदेखि रोकिदिएको थियो। उनीहरूले परमेश्वरकोभन्दा बेसी मानिसहरूको डर माने। तथापि शैतानका त्यस्ता द्वेष र छलकपटपूर्ण चालले त्यो उद्धारको योजनालाई कति पनि बिथोल्न सकेन। त्यसो हुँदाहुँदै उहाँको त्यो अन्तिम लक्ष्य पनि पूरा गर्नुपर्ने समय आइपुग्यो, जसका निम्ति उहाँ संसारमा आउनुभएको थियो। तब शैतान र उसका दूतहरूले आपसमा सल्लाह गरे, र उहाँका आफ्नै जातिका मानिसहरूलाई उहाँको खून गरियोस् भनी आवाज उठाउन अनि उहाँमाथि क्रूर र तिरस्कारपूर्ण व्यवहार गर्न सुऱ्याए, किनकि त्यस्तो खालको दुर्व्यवहार र अत्याचार ता येशूले कतै सहनु नसकेर आफ्नो त्यो दीनता र नम्रता पनि कायम राख्न नसक्लान् कि भन्ने शैतानले सोचेको थियो।

जब शैतान उता आफ्ना योजनाहरू तयार गर्नमा व्यस्त थियो, तब यता येशूले आफ्ना चेलाहरूलाई आफू कसरी कष्ट र पीड़ाहरूबाट भईकन जानुपर्छ, अनि क्रूसमा टाँगिएर मर्नुपर्छ र फेरि तेस्रो दिनमा बौरी उठ्नुपर्छ, सो खुलस्तै रूपमा जानकारी दिँदै हुनुहुन्थ्यो। तर उनीहरूको समझशक्ति चाहिँ यति मन्द देखियो, कि उहाँले बताउनुभएको कुरा उनीहरूले बुझ्नै सकेनन्।

## अध्याय - ६

# येशूको रूप परिवर्तन

येशूको रूप परिवर्तन हुँदा ती चेलाहरूको विश्वास अझ दृढ़ भएर गएको मैले देखें। परमेश्वरले येशूका अनुयायीहरूलाई येशू नै प्रतिज्ञा गरिएका मसीह हुनुहुन्छ भनेर दृढ़ प्रमाण दिन यस कारणले चाहनुभयो, कि उनीहरूले जस्तै दुःख र निराशापूर्ण अवस्थामा पनि उहाँमाथि भरोसा राख्न नछोड्नू्। उहाँको रूप परिवर्तन भइरहेको बेलामा परमेश्वरले मोशा र एलियाहलाई उहाँमाथि हुनआउने कष्ट, पीड़ा र मृत्युबारे उहाँसित कुरा गर्न पठाउनुभयो। उहाँसित बातचित गर्न परमेश्वरले स्वर्गदूतहरूलाई होइन, तर उनीहरूलाई पठाउनुभयो जसले पृथ्वीमा हुँदा दुःख-कष्ट, पीर-मर्का आदिका अनुभव गरेका थिए। अनि उहाँका थोरै मात्र अनुयायीहरूले उहाँका साथमा गएर ईश्वरीय महिमाले झलमल्ल बल्दै गरेको उहाँको मुहार हेर्न अनि उज्जर र चम्किलो उहाँको पोशाक देख्न र 'यिनी मेरा प्रिय पुत्र हुन्, यिनको कुरा सुन' भनी भययोग्य आवाजमा परमेश्वरको वाणी भएको सुन्न पाए।

एलियाह परमेश्वरका साथ-साथ हिँड़ेका थिए। उनको काम सजिलो र आनन्दप्रद थिएन। उनीद्वारै परमेश्वरले मानिसहरूको पाप देखाइदिनुहुन्थ्यो, किनकि उनी परमेश्वरका भविष्यवक्ता (अगमवक्ता) थिए। त्यसो हुँदा उनी आफ्नो ज्यान बचाउन एक ठाउँदेखि अर्को ठाउँ भागिहिँड्नु पर्थ्यो। शिकारीहरूले जङ्गली जनावरहरूको खेदो गरेझैं उनलाई पनि मार्न विरोधीहरू खोजिहिँड्थे। अन्तमा परमेश्वरले उनलाई महिमित देहमा परिवर्तित गरीकन उठाई लानुभयो। महिमा र जयजयकारका साथमा उनलाई

स्वर्गदूतहरूले स्वर्गतिर उठाई लगे।

मोशा पनि परमेश्वरबाट एक विशिष्ट रूपमा आदर पाएकै व्यक्ति थिए। आफूभन्दा अघिका सबैभन्दा उनी महान् थिए। कुनै मानिसले आफ्नो साथीसँग बातचीत गरे झैं उनले परमेश्वरसित बातचीत गर्ने विशेषाधिकार पाएका थिए। त्यतिमात्र नभएर पिता (परमेश्वर)-का वरिपरिका तेजस्वी ज्योति र अनुपम महिमालाई देख्ने अनुमति पनि उनलाई मिलेको थियो। मोशाद्वारै परमेश्वरले इस्राएलीहरूलाई मिस्रदेशीहरूको दासत्वदेखि छुटाउनुभयो। उनी (मोशा) इस्राएलीहरूका निम्ति मध्यस्थ भईकन इस्राएलीहरू र परमेश्वरको क्रोधबीच पनि खड़ा हुनुपर्थ्यो। जब इस्राएलीहरूले अविश्वास, गनगन र अपराध गर्दा उनीहरूविरुद्ध परमेश्वरको क्रोधरूपी अग्नि सल्कन्थ्यो, तब इस्राएलीहरूप्रति मोशाको प्रेम त्यहाँ प्रमाणित हुन्थ्यो। परमेश्वरले मोशालाई यसो भनी प्रतिज्ञा पनि गर्नुभएको थियो, "तिमीले यिनीहरूलाई छोड़िदेऊ, यिनीहरू नाशै होऊन्; र तिमीबाटै म एउटा सामर्थी जाति खड़ा गर्नेछु।" तर मोशाले खूबै अर्जी-बिन्ती गरेर इस्राएलप्रतिको आफ्नो प्रगाढ़ प्रेम दर्शाइदिए। उनलाई पीर र व्यथाले सताइरहेको बेलामा उनले परमेश्वरसित यसरी पनि प्रार्थना गरे, "हे परमेश्वर, तपाईं आफ्नो भयानक क्रोधदेखि फर्कनुहोस् र इस्राएललाई क्षमा गर्नुहोस्, नत्र भने बरू मेरो नाम तपाईंको पुस्तकदेखि हटाइदिनुहोस्।"

इस्राएलीहरूले पानी नपाउँदा परमेश्वर र मोशाका विरुद्धमा गनगनाउँदै मोशालाई भने, "तिमीले हामी र हाम्रा छोराछोरीहरूलाई यहाँ मार्न ल्याएका हौ।" तिनीहरूका त्यस्ता गनगनाहट परमेश्वरले सुन्नुभयो र मोशालाई भन्नुभयो, "तिमीले चट्टानलाई (लहुरोले) ठटाऊ, र त्यसबाट इस्राएलीहरूले पानी पाऊन्।" तब मोशाले

रिसले चटानलाई ठटाए, जसबाट परमेश्वरको चाहिँ महिमा भएन। इस्राएलीहरूको सधैँभरिको हठीपना र गनगनाहटले उनलाई साह्रै नै पिरलोमा पारेको थियो, अनि परमेश्वरले उनीहरूसित कति सहनशीलता धारण गर्नुभएको थियो, र उनीहरूको गनगनाहट पनि उनको (मोशाको) विरुद्धमा होइन, तर परमेश्वरको विरुद्धमा थियो भन्ने कुरा पनि उनले क्षणभरमा भुलिगए। उनले 'मेरो कति साह्रो अपमान भयो अनि मैले उनीहरूप्रति गरेको प्रगाढ़ प्रेमको सट्टामा उनीहरूले अलिकति पनि कृतज्ञता प्रकट गरेनन्' भन्दै आफ्नै विषयमा मात्रै सोचे।

मोशाले त्यस चट्टानलाई हिर्काउँदाहुँदि ती इस्राएलीहरूका सामु परमेश्वरलाई जुन आदर र महिमा दिनुपर्ने थियो, तब उनीहरूले पनि परमेश्वरलाई महिमा दिन सिक्ने थिए, तर उनीबाट त्यो हुनसकेन। तब परमेश्वर उनीसित नाराज भईकन भन्नुभयो, "तिमी त्यो प्रतिज्ञाको देशमा पस्न पाउने छैनौ।" वास्तवमा इस्राएलीहरूलाई संकीर्ण र कठिन ठाउँहुँदा ल्याएर उनीहरूलाई अत्यन्तै आवश्यक परेका खण्डमा उनीहरूले भुल्नै नसक्ने गरी आफ्नो सामर्थ्य प्रकट गरी उनीहरूलाई परमेश्वरको महिमा गर्ने बनाउने नै परमेश्वरको योजना थियो।

फेरि, जब मोशा ढुङ्गाका दुई पाटीहरू लिएर सीनै पर्वतदेखि ओर्ल्हेर आए, तब त्यहाँ इस्राएलीहरूले सुनको बाछाको मूर्ति पुजिरहेका देखेर उनी अग्निशर्मा भए, र उनले ती ढुङ्गाका पाटीहरू पछारेर फुटाए। मैले देख्दाहुँदि त्यसमा उनको कुनै पाप थिएन, किनकि उनको त्यो क्रोध वा जलन परमेश्वर र उहाँकै महिमाका निम्ति थियो। तर जब उनी आफ्नै वैयक्तिक क्रोधावेगमा आएर परमेश्वरलाई दिनुपर्ने महिमा आफैमा मात्र सीमित राखे, त्यसमा चाहिँ उनले पाप गरेको साबित भयो, र त्यही पापले गर्दा उनलाई

परमेश्वरले प्रतिज्ञाको देशमा जान दिनुभएन।

शैतानले ता स्वर्गदूतहरूका सामने मोशालाई कुन कुरामा दोष लगाइदिऊँ भनी निहुँ ता खोजिरहेकै थियो। जब गरीबाको घटनामा मोशासित परमेश्वर नाराज हुनुभयो, तब शैतानले आफ्नो सफलतामा खूबै रमाउँदै आफ्ना दूतहरूसित भन्यो, "जब संसारका मुक्तिदाता (येशू) आउलान्, तब उनीमाथि पनि हामी यसरीनै विजय हासिल गर्न सक्नेछौं।" मोशाले त्यसरी अविश्वास गर्दाहुँदि उनी शैतानको शक्ति अर्थात् मृत्युको राज्यको अधीनमा पनि आउनुपऱ्यो। यदि उनी स्थिर रहीकन परमेश्वरको महिमा परमेश्वरलाई नै दिएका भए परमेश्वरले उनलाई त्यस प्रतिज्ञाको देशमा ल्याईकन मृत्युमा पर्न नदिई ज्यूँदै स्वर्गमा उठाई लैजानु हुने थियो।

त्यसपछि मैले यस्तो देखें - मोशा मृत्युबाटै भएर गए, तापनि उनी सड्नै नपाईकन प्रधान दूत माइकल ओर्ल्हेर फेरि उनलाई जीवित पारे। शैतानले मोशाको मृत शरीरलाई सकेसम्म आफ्नो वशमै राख्ने कोशिश गर्दै परमेश्वरले उसको शिकार खोसी लगिदिनुभएकोमा उहाँलाई अन्यायी भनी घोर विरोध गर्दागर्दै पनि मोशा पुनर्जीवित भएर स्वर्ग पुऱ्याइए। शैतानकै शक्ति र परीक्षाले गर्दै ती परमेश्वरका जन गिरेका भए तापनि माइकल दूतले शैतानलाई हपारेनन्। ख्रीष्ट स्वयम्ले पनि नम्रतापूर्वकै पितापट्टि सङ्केत गर्दै भन्नुभयो, "परमप्रभुलेनै तँलाई हपारून्!"

येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "यहाँ उभिएकाहरूमध्ये कोही कोही छन्, जसले परमेश्वरको राज्यलाई शक्तिमा आएको नदेखुञ्जेल मृत्युको स्वाद पाउनेछैन।" येशूको रूप परिवर्तनको घटनासितै यो प्रतिज्ञा पूरा भयो। येशूको चेहराको रूप-रङ बदलेर सूर्य झैं चम्किरहेको थियो। अनि उहाँको वस्त्र उज्जर र चम्किलो थियो। त्यहाँ मोशाले उपस्थित भएर ख्रीष्ट दोस्रोपल्ट प्रकट हुनुहुँदा

मरेकाबाट बौरी उठ्नेहरूलाई सङ्केत गर्दैथिए भने मृत्यु नै नदेखी स्वर्गमा उठाई लगिएका एलियाहले चाहिँ खीष्टको दोस्रो आगमनमा अमर र अविनाशी रूप धारण गरी मृत्यु नै नदेखी स्वर्गमा उठाई लगिनेहरूलाई सङ्केत गरिरहेका थिए। चेलाहरूले बड़ो भय र आश्चर्य मान्दै खीष्टको अति महिमान्वित रूपलाई हेरे अनि हेर्दाहेर्दै बादलले उनीहरूलाई ढाकिदियो र उनीहरूले सुन्दै लगलग भयकम्प छुट्ने आवाजमा 'यिनी मेरा प्रिय पुत्र हुन्; यिनकै कुरा सुन' भन्ने ईश्वर-वाणी सुने।

## अध्याय - ७

# येशू पक्राइनुभएको

त्यसपछि आत्माले मलाई त्यसबेलाको घटनापट्टि लैजानुभयो, जुनबेला प्रभु येशू आफ्ना चेलाहरूसित निस्तार-चाड़को भोज खान बस्नुभयो। यहूदा इस्करियोतीलाई शैतानले बहकाइसकेको हुँदा, उसले आफूलाई ख्रीष्टको सच्चा चेला सम्झन्थ्यो, तर उसको हृदयचाहिँ शरीर र संसारकै कुरामा अनुरक्त थियो। उसले ख्रीष्टको सेवाकार्यावधिभरि उहाँकै साथ-साथ हिँडेर उहाँका आश्चर्यकर्महरू देखीकन उहाँ नै मसीह हुनुहुन्छ भन्ने अकाट्य प्रमाणलाई स्वीकार गरेको पनि थियो, तर उसमा थियो रुपियाँ-पैसाको लोभ। मरियमले (येशूकी आमाचाहिँ होइन) येशूको शिरमा बहुमूल्य सुगन्धित लेप खन्याउँदा यहूदा रिसले गनगनाएको थियो। मरियमले किन त्यसो गरेकी थिइन्? किनभने येशूले तिनका धेरै पापहरू क्षमा गर्नुभएको कारण र तिनको प्यारो भाइ लाजरसलाई मरेकोबाट बौराई उठाउनुभएको कारणले आफ्ना प्रभुप्रति तिनको श्रद्धा थियो। त्यो सुगन्धित लेप जत्ति महँगो र बहुमूल्य थियो, त्यति नै त्यो उहाँलाई अर्पण गरेर उहाँप्रति मरियमले कृतज्ञता प्रकट गर्न आफूलाई सफल ठानेकी थिइन्। यहूदाले भन्यो, "यति महँगो सुगन्धित लेप ता बेचेर गरीबहरूलाई दान गर्न सकिने थियो।" वास्तवमा उसले गरीबहरूप्रतिको केवल बोक्रे सहानुभूतिको मखुण्डो ओढ़ेर लालचीपनलाई ढाक्ने प्रयास गरेको थियो, किनकि कतिचोटि ता उसलाई 'गरीबहरूलाई दिनू' भनी सुम्पिएका कुराहरू उसले आफ्नै काममा लगाएको थियो। येशूको विषयमा पनि उसलाई केही पर्वाह थिएन। उसको स्वार्थसिद्धको निम्ति एउटै बहाना थियो--गरीबहरू।

यहूदाको हृदयमा पस्नलाई शैतानको बाटो तयार भइसकेको थियो। अर्कापट्टि, यहूदीहरूले येशूलाई मनै नपराउँदा-नपराउँदै पनि उहाँका अपार ज्ञानका वचनहरू सुन्न र उहाँका आश्चर्यकर्महरू हेर्न भीड़का भीड़ मानिसहरू ओइरन्थे। यी सब देखेर मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानपट्टिका मानिसहरूका मनमा पनि कुतूहल मच्चिन थाल्यो।, किनकि मानिसहरू औधि प्रोत्साहित भएर बड़ो उत्सुकतापूर्वक येशूलाई पछ्याई-पछ्याई उहाँका उदेकका शिक्षा र उपदेशहरू सुन्थे। यहाँसम्म कि, यहूदीहरूका धेरैजना शासकहरूले पनि येशूमाथि विश्वास गर्नथाले, तर उनीहरूका सभाघरहरूदेखि आफू बहिस्कृत हुने डरले उनीहरूले खुलेआम स्वीकारचाहिँ गरेनन्। मानिसहरूलाई येशूदेखि छुटाएर आफ्नापट्टि खिँच्नलाई के कस्तो किसिमको कदम उठाउनुपर्ने भन्ने विषय लिएर पूजाहारीहरू र बूढ़ा प्रधानहरूबीच विचार-विमर्श हुनथाल्यो। अब जम्मै मानिसहरूले येशूमाथि नै विश्वास गर्लान् भन्ने उनीहरूलाई डर थियो। उनीहरूले आफ्ना पदाधिकार बचाउनाका लागि येशूलाई मार्न सिवाय अर्को कुनै विकल्प देखेनन्। तर उहाँलाई मारेर पनि उहाँका सामर्थ्यका कामका गवाहीहरू ता ज्यूँदै थिए। उनीहरूले यो पनि सोचे - यदि उनीहरूले येशूलाई मारे भने पनि उहाँका अलौकिक सामर्थ्यका कामको गवाही दिने लाजरस हुनेछ, जसलाई उहाँले मरेकोबाट बौराई उठाईकन जीवित तुल्याउनुभएको थियो। हूलका हूल मानिसहरू मरेकाबाट बौरी उठेको लाजरसलाई हेर्न आइरहेका थिए। त्यसो हुँदा 'न रहे बाँस, न बजे बाँसुरी' भने झैं उनीहरूले लाजरसलाई पनि मारिदिने अठोट गरे। त्यसपछि मानिसहरूलाई फर्काईकन उनीहरूलाई फेरि आफ्ना अधीनमा ल्याएर आफ्नै रीति-विधिअनुसार पुदिना, सूँप र जीराको दशौं अंश चढ़ाउन लगाउने उनीहरूले विचार गरे। तसर्थ उनीहरूले येशूलाई एकलै हुनुहुँदा पक्रौं भन्ने

आपसमा सल्लाह गरें; किनकि सब मानिसहरू एकाग्रचित्तले उहाँपट्टि ध्यान दिइरहेको बेलामा ती मानिसहरूको भीड़मा उहाँलाई पक्रन खोज्दा आफैहरूमाथि मानिसहरूले ढुङ्गा बर्साउने डर थियो।

येशूलाई पक्रन उनीहरू कति उत्सुक रहेछन्, सो बुझेर मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूबाट केही चाँदीका सिक्काहरू लिई यहूदाले उहाँलाई छलपूर्वक उनीहरूका हातमा पक्राइदिने कबोल गऱ्यो। त्यसरी रुपियाँ-पैसाप्रतिको उसको अभिलाषाले गर्दा आफ्ना प्रभुलाई उहाँका कट्टर दुश्मनहरूका हातमा पक्राइदिन पनि ऊ पछि हटेन। शैतानले यहूदाको हृदयमा काम गरिरहेको थियो, अनि जहाँ अन्तिम रात्रि-भोज भइरहेथ्यो, त्यहाँको त्यो शान्त र गम्भीर वातावरणभित्र उसले चाहिँ येशूलाई कुन तरिकाले पक्राऊँ- त्यही उपाय सोचिरहेको थियो। त्यसपछि येशूले शोक-विह्वल भईकन चेलाहरूलाई भन्नुभयो, "आजको रातमा तिमीहरू सबैले मदेखि ठोकर खानेछौ।" तब पत्रुसले ठोकुवा  दिएर भने, "चाहे सबैजनाले तपाईंदेखि ठोकर खाऊन्, तर मचाहिँ ठोकर खानेछैनँ।" अनि फेरि येशूले पत्रुसलाई भन्नुभयो, "शैतानले तिमीलाई गहुँ निफने झैं निफन्नलाई हात पार्न खोजेको थियो; तर मैले तिम्रो विश्वास नडगमगाओस् भनेर तिम्रा निम्ति प्रार्थना गरें; अनि तिमी फेरि (पश्चाताप गरेर) फिरेपछि आफ्ना भाइहरूलाई स्थिर गराऊ।"

त्यसपछि मैले येशूलाई उहाँका चेलाहरूसित बगैँचामा देखें। बड़ो शोकविह्वल भावमुद्रामा उहाँले चेलाहरूलाई भन्दै हुनुहुन्थ्यो, "जागा रहो र प्रार्थना गर, ताकि तिमीहरू परीक्षामा नपर।" किनकि उनीहरूको आशालाई निराशाको कालो बादलले ढाक्नेछ, उनीहरूको विश्वासको जाँच हुनेछ, अनि त्यस्तो अवस्थामा उनीहरूलाई चाहिने आत्माबल उनीहरूले हरदम जागा रही आत्मिक बोझ र प्रेरणासहितको प्रार्थना गरेरै प्राप्त गर्न सक्छन् भनेर येशूलाई थाह

थियो। त्यसपछि उहाँले ठूलो स्वरले कराउँदै यसरी प्रार्थना गर्नुभयो, “हे पिता, यदि तपाईंको इच्छा भए, यो कटौरा मदेखि हटाइयोस्; तापनि मेरो इच्छा होइन, तपाईंकै इच्छाबमोजिम होस्।” यो प्रार्थना उहाँ, परमेश्वरका पुत्रले आत्मामा व्यथित र पीड़ित भएरै गर्नुभएको थियो। उहाँको अनुहारबाट पसीना रगतका ठूला ठूला थोप्लाजस्तै निस्केर भूइँमा खसिरहेका थिए। परमेश्वरका पुत्रलाई उहाँको कष्ट र वेदनामा सहने शक्ति दिनालाई एकजना मात्र दूतलाई नियुक्त गरिएको हुनाले अरु दूतहरूले चाहिँ उदास भएर आफ्ना मुकुटहरू पनि एकातिर पन्छाएर बड़ो गम्भीर भावले चुपचापसित येशूलाई माथि-माथिबाट हेरिरहेका थिए। स्वर्गको स्थिति तनाउपूर्ण थियो। ती स्वर्गदूतहरूले परमेश्वरका पुत्रका वरिपरि रहने इच्छा प्रकट गरे, तर उनीहरूले उहाँको दर्दनाक अवस्था देखेर उहाँलाई त्यसबाट छुटाउलान् भनेर अगुवा दूतहरूले अनुमति दिएनन्; किनकि ठहराइसकिएको त्यो (उद्धारको) योजना पूरा गर्न उहाँलाई त्यो अवस्थाबाट भएर जानैपर्ने भएको थियो।

प्रार्थना गरिसकेर येशू चेलाहरूकहाँ आउँदा उनीहरू सुतिरहेका थिए। त्यस्तो भयावह स्थितिमा आफ्नै चेलाहरूबाट पनि उहाँले प्रार्थनाको सहयोग धरि पाउनुभएन। केही क्षणअघि मात्र त्यति जोशिला पत्रुस पनि निद्राले लठ्ठ भइगए। येशूले पत्रुसलाई तिनले अघि भनेको वचन अर्थात् ‘अरुले ठोकर खाए तापनि मचाहिँ खानेछैनँ’ भनेको त्यो वचन स्मरण गराउँदै भन्नुभयो, ”खोइ, तिमी मसित एकै घण्टा पनि जागा रहन सक्यौ र?” अनि उहाँले त्यसैगरी तीनपल्टसम्म व्यथित र पीड़ित भईकन प्रार्थना गर्नुभयो। त्यतिबेलै यहूदाले एक हूल मानिसहरू लिएर आइपुग्यो, र सधैँ झैँ येशूलाई अभिवादन टक्र्याउन आयो। अनि भीड़ले उहाँलाई चारैतिरबाट घेर्‍यो। तब उहाँले तिनीहरूलाई ‘तिमीहरूले जसलाई खोज्दैछौ, म

उही हुँ' मात्रै के भन्नुभएको थियो, तिनीहरू पछाड़ितिर उछिट्टिएर भुइँमा पछारिए। हुन पनि तिनीहरूले उहाँको सामर्थ्यलाई देख्न सकून् अनि यदि उहाँले चाहनुभएको भए तिनीहरूका हातदेखि सजिलै बच्न सक्नुहुने थियो भनी साक्षी होस् भनेर नै उहाँले त्यो प्रश्न गर्नुभएको थियो। अनि त्यसरी डण्डाहरू र तरवारहरू बोकेको त्यो भीड़ एकैचोटि पछारिँदा ता चेलाहरूका मनमा आशा पनि जागृत हुनथाल्यो। फेरि तिनीहरूले उठीकन उहाँलाई घेर्दाहुँदि पत्रुसले तरवार थुतेर एउटाको एकपट्टिको कानै च्वाट्टै छिनाइदिए। तर येशूले तिनलाई भन्नुभयो, "तिम्रो तरवार थन्क्याऊ। तिमी के सम्झन्छौ? के मैले मेरा पितासित अहिले मागें भने उहाँले अहिल्यै बाह्र पल्टनभन्दा धेरै स्वर्गदूतहरू मेरा निम्ति पठाइदिनुहुन्न र?" उहाँले यी कुरा भन्नुहुँदा स्वर्गदूतहरूका चेहरा पनि जोशिला देखिनथाले, अनि त्यतिखेरै उनीहरू गएर क्रुद्ध र उत्तेजित भीड़लाई तितरबितर पारेर प्रभुलाई बचाऔं भनी तम्से। तर फेरि उहाँले भन्नुभयो, "यसो ता हुनैपर्छ, नत्र कसरीचाहिँ पवित्रशास्त्रका कुराहरू पूरा हुनसक्छन् र?" तब फेरि उनीहरू उदास भए। अनि चेलाहरू फेरि हतोत्साहित र निरूत्साहित भए, जब येशूले आफूलाई तिनीहरूका हातमा सुम्पनुभयो।

त्यसपछि ती चेलाहरू पनि आफ्ना ज्यान जोगाउन कोही एकातिर कोही अर्कातिर सुइँकुच्चा ठोके, र येशू एक्लै हुनुभयो। तब अहो, शैतान कति रमायो! अनि परमेश्वरका दूतहरूचाहिँ कति दुःखित र शोकित हुनुपर्‍यो! तब प्रधान दूत लगायत धेरै पल्टन दूतहरू त्यस घटनास्थलमा उहाँ, परमेश्वरका पुत्रमाथि गरिने दुर्व्यवहार, अपमान, अत्याचार र उहाँले अनुभव गर्नुपर्ने हरेक कष्ट र पीड़ाको लेखा (रेकर्ड) राख्न भनी पठाइए, किनकि जुन मानिसहरूले त्यस्ता व्यवहार गरे, ती सब एकदिन तिनीहरू आफैले झलझली देख्न

पर्नेछ।

## अध्याय - ८

# ख्रीष्टमाथि लगाइएको मुद्दा

आफ्ना आदेशक प्रभु येशूले ता अनमोल रत्नजड़ित मुकुटलाई छोड़ेर काँड़ाको मुकुट पहिरी असह्य कष्ट भोग्नुपरेको देखेर स्वर्गदूतहरूले पनि उदास भई आफ्ना टलकदार मुकुटहरू फुकालेर स्वर्गै छोड़े। जब येशू न्यायालयमा पुऱ्याइनुभयो, तब शैतान र उसका सब दूतहरू पनि त्यहाँका मानिसहरूका मनको सहानुभूति एवम् मानवताको भावनालाई भङ्ग गर्नमा व्यस्त रहे। तिनीहरूकै कुप्रभावले गर्दा त्यहाँको वातावरण दूषित र धमिलो भएर आयो। तिनीहरूबाटै प्रेरणा पाएर मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूले येशूलाई यति नराम्रो गाली, निन्दा र अपमान गरे, त्यस्तो सहनु ता मानिसको क्षमतादेखि बाहिरको कुरा थियो। त्यस्ता निन्दा, अपमान र कष्टले पीड़ित भएर उहाँ, परमेश्वरका पुत्रले कतै शिकायत वा गनगन गरिपठाउनुहुन्छ कि, अथवा आफ्नो सामर्थ्य देखाएर भीड़लाई माड़मुड़ पारीवरी तिनीहरूदेखि फुत्केर त्यस उद्धारको योजना सब विफल हुनसक्ला कि भनी शैतानले आशा राखेको थियो।

येशूलाई पक्रिसकेपछि अब उहाँलाई के के गर्ने हुन्, सो हेर्नालाई पत्रुस पनि आफ्ना प्रभुलाई जता लगे त्यतै पछ्याउँदै गए। अनि जब मानिसहरूले तिनलाई 'तिमी पनि येशूका चेलाहरूमध्ये एकजना हौ' भन्दा तिनले 'म होइनँ' भनी इन्कार गरे, किनकि तिनलाई आफ्नो ज्यानको डर थियो। फेरि अर्कोपल्ट तिनलाई 'तिमी निश्चय नै येशूका चेलाहरूमध्ये एकजना हुनुपर्छ' भनी केर्दा तिनले भने, "म त्यो मान्छेलाई चिन्दै चिन्दिनँ।" फेरि त्यहाँ भएकाहरूले

तिनलाई भने, “तिमी पक्कै पनि येशूका चेलाहरूमध्ये एकजना हौ, किनकि तिम्रो बोलीबाटै तिमीलाई पक्रन सकिन्छ।” तब तिनले तेस्रोपल्ट पनि इन्कार गर्दै तिनी खीष्टका चेलाहरूमध्येका होइनन् भनेर तिनीहरूलाई विश्वास गराउन खोज्दै धिक्कारे, र कसम पनि खाए, तब भाले पनि बास्यो। अलि परबाट येशूले पत्रुसलाई शोकविह्वल भावमुद्रामै एकटक लगाएर हेरिरहनुभएको थियो। तब झट्टै उहाँलाई देखेर तिनले अघि बड़ो उत्साहित भएर माथिल्लो कमरामा ‘चाहे सबै मानिसहरूले तपाईंदेखि ठोकर खाऊन्, तर मचाहिँ कहिल्यै ठोकर खानेछैनँ’ भनी आफूले बोलेको वचन अनि येशूले तिनलाई ‘तिमीले तीनपल्ट मलाई इन्कार नगरेसम्म भाले बास्नेछैन’ भनी दिनुभएको जवाबको तिनलाई सम्झना भयो। त्यसरी पत्रुसले आफ्ना प्रभुलाई धिक्कार्दै र शपथ खाँदै इन्कार गरे, तर येशूले आफूलाई त्यसरी हेरिरहनुभएको देखेर त्यतिखेरै तिनले डाँको छोड़ी रोएर पश्चाताप गरे अनि तिनी विश्वासमा फर्केपश्चात् आफ्ना भाइहरूलाई पनि विश्वासमा स्थिर गराउन तयार भए।

उता त्यस विरोधी भीड़ले हल्लाखल्ला मच्चाउँदै येशूको रक्तपात गर्ने माग गरिरहेका थिए। तिनीहरूले उहाँलाई कोर्रा लगाए, अनि उहाँलाई राजकीय बैजनी वस्त्र ओढ़ाइवरी उहाँको पवित्र शिरमा काँड़ाको मुकुट बेरिदिए। त्यसपछि उहाँको हातमा एउटा निगालोको लट्ठी थम्याइदिईवरी उहाँका सामु दण्डवत् गरेको अभिनय गर्दै र यसो भन्दै उहाँलाई गिज्याए, “हे यहूदीहरूका राजा सलाम!” त्यसपछि तिनीहरूले उहाँको हातदेखि निगालो खोसेर त्यसैले उहाँको शिरमा हिर्काए, जसले गर्दा ती काँड़ाहरू उहाँको निधार र कनपटमा भासिएर उहाँको अनुहारभरि रगतको धारा बग्यो।त्यस मार्मिक दृश्यले स्वर्गदूतहरूलाई खपिनसक्नु भयो। उनीहरूले येशूलाई तिनीहरूका क्रूर हातदेखि छुटाउने उत्कट इच्छा प्रकट गरे, तर

अगुवा स्वर्गदूतहरूले उनीहरूलाई यसो भन्दै रोके, “यो ता मानिसको लागि तिर्नुपर्ने ठूलो छुटकाराको दाम हो। यसको सबै मोल तिरिसकेपछि यसैद्वारा त्यसको पनि मृत्यु हुनेछ, जससित अहिले मृत्युको शक्ति छ।”

येशूमाथि भइरहेको त्यो अपमान र अत्याचार ता स्वर्गदूतहरूले हेरिरहेका छन् भनेर येशू स्वयम्‌लाई पनि थाह थियो। मैले यति शक्तिशाली स्वर्गदूतहरू देखें, र ती देखेर मलाई ता यस्तो लाग्यो - उनीहरूमध्ये सबभन्दा दुर्बलले पनि त्यस भीड़माथि प्रबल भएर अनि तिनीहरूलाई शक्तिहीन तुल्याएर येशूलाई तिनीहरूका हातदेखि छुटाउन सक्नेथिए। उहाँले आफ्ना पिताबाट त्यसै होस् भन्ने चाहेर माग्नुभएको भए त्यतिखेरै स्वर्गदूतहरूले उहाँलाई मुक्त गराउनसक्ने थिए। तर त्यस उद्धारको योजनालाई पूरा गर्नकै निम्ति उहाँले ती दुष्टहरूबाट ती सब यातना सहनु आवश्यक थियो।

आफूमाथि त्यस्ता अत्याचार र दुर्व्यवहार हुँदा पनि येशू नम्र र दीन भएर त्यस क्रोधित भीड़का सामुन्ने चूपचापसित उभिरहनुभयो। तिनीहरूले उहाँको अनुहारमा थुके। तर तिनीहरूले उहाँको जुन अनुहारमा थुके, त्यही अनुहारदेखि एक दिन तिनीहरू भयभीत भएर ओढ़ारहुँदो लुक्न खोज्नेछन्, र त्यही मुहार सूर्यभन्दा प्रकाशमान् भएर परमेश्वरको शहरलाई ज्योति दिनेछ। तथापि उहाँले एकपल्ट पनि अपराधीहरूलाई क्रोधित नजरले हेर्नुभएन। बिस्तारै उहाँले आफ्नो हातले अनुहारमा लागेको थूक पुछेर फ्याँक्नुभयो। त्यसपछि - तिनीहरूले एउटा थोत्रो लुगाले उहाँको आँखा छोप्ने गरी बाँधिदिएर उहाँलाई लबटा लगाइवरी हकार्दै सोधे, “लौ, कसले चाहिँ तँलाई हिर्कायो, भविष्यवाणी (अगमवाणी) गरेर भन्।” त्यो देखेर फेरि पनि स्वर्गदूतहरूबीच खलबली मच्चियो। उनीहरूले उहाँलाई मुक्त गराउन खोजे, तर उनीहरूका प्रधान दूतले उनीहरूलाई रोके।

चेलाहरूलाई पनि आफ्ना प्रभु जहाँ हुनुहुन्थ्यो, त्यहाँ गएर उहाँलाई कसरी यातना दिँदैछन्, सो हेर्ने आँट आयो। ती चेलाहरूले पनि उहाँले आफ्नो दैविक शक्ति प्रयोग गरेर शत्रुहरूका हातदेखि छुटीकन आफूप्रति देखाएको त्यो क्रूर व्यवहारको बदला लिई तिनीहरूलाई दण्ड दिनुहुन्छ होला भन्ने सम्झेका थिए। त्यहाँ घटित भएका विभिन्न घटनाहरूले उनीहरू पनि घरि आशा घरि निराशाको द्विविधामा अल्झिरहेका थिए। घरिघरि ता उनीहरूको मनमा शङ्का उत्पन्न भएर 'कतै हामी भ्रममा ता परेका छैनौं?' भन्ने प्रश्न पनि उठिरहेथ्यो। तर जब उनीहरूले येशूको रूप परिवर्त्तन भएको डाँड़ामा सुनेको त्यो वाणी र उनीहरूकै आँखाले देखेको त्यो अलौकिक महिमालाई सम्झे, तब उहाँ नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी उनीहरूका मनमा निश्चयता हुन थालेर उनीहरू स्थिर भइहाले। त्यति मात्र होइन, उनीहरूले देखेका उदेकलाग्दा घटनाहरू र येशूले नै गर्नुभएका आश्चर्यकर्महरू अर्थात् रोगीहरूलाई तत्कालै निको पार्नुभएको, अन्धाहरूका आँखा अनि बहिराका कान खोलिदिनुभएको, दुष्ट आत्माहरूलाई हपार्दै निकाल्नुभएको, मुर्दाहरूलाई बौराई जीवित पार्नुभएको, आँधी-बतासलाई पनि हपार्दा त्यसले उहाँको आज्ञा पालन गरेको, इत्यादि घटनाहरूलाई पनि उनीहरूले सम्झे। येशू मर्नुहुन्छ भनेर ता उनीहरूले पटक्कै सोचेका थिएनन्। उनीहरूले सम्झेका थिए - जसरी उहाँले मन्दिरभित्र पसेर परमेश्वरको भवनलाई व्यापारको अड्डा तुल्याउनेहरूलाई लखेट्दा कुनै सशस्त्र सैन्यदलले खेदे झैं उनीहरू उहाँदेखि भागेका थिए, त्यसरी नै उहाँले त्यहाँ पनि उठीकन आफ्नो शक्ति देखाउँदै र अख्तियार साथ हुङ्कार्दै त्यस रक्तपिपासु भीड़लाई छितरबितर पारिदिनुहुन्छ होला भनेर। येशूले आफ्नो अपार शक्ति प्रकट गरेरै सबैलाई उहाँ नै इस्राएलका राजा हुनुहुन्छ भनी प्रमाणित गर्नुहुन्छ भन्ने ती चेलाहरूले सोचेका थिए।

यहूदा इस्करयोतीले पनि येशूलाई प्रेम नगरेको ता थिएन, तर उहाँलाई भन्दा बढ्ता प्रेम उसले रूपियाँ-पैसालाई नै गर्थ्यो। जब उहाँले भोगिरहनुभएको कष्ट र पीड़ा उसकै आँखाले देख्यो तब आफूले धोकाबाजी गरेर उहाँलाई पक्राएकोमा ऊ आफैलाई सहिनसक्नुको पछितो र शरम लागेर आयो। हुन ता उसले पनि सोचेको थिएन, येशूले त्यस विरोधी भीड़को हातमा स्वयम्लाई सुम्पनुहुन्छ होला भनेर। अर्थात् उसले पनि येशूले आफ्नो दैविक शक्ति प्रयोग गरेर तिनीहरूका हातदेखि आफूलाई मुक्त गराउनुहुन्छ भन्ने सोचेको थियो। जब उसले त्यस न्यायालयमा क्रोधित भीड़लाई येशूको हत्या गर्न उत्तेजित भइरहेको देख्यो तब उसले 'मैले ता ठूलो अपराध गरेछु' भन्ने बुझ्यो, जब कि अरूहरूले चाहिँ एकोहोरै लागेर येशूलाई दोष लगाइरहेका थिए। तब ऊ हतार-हतार भीड़बाट छिर्दै पूजाहारीहरूकहाँ गएर आफूले लिएको चाँदीका सिक्काहरू फिर्ता दिँदै भन्नथाल्यो, "मैले ता निर्दोष व्यक्तिसित धोकाबाजी गरी रक्तपात गराएर पाप गरेछु। कृपया उहाँलाई छोड़िदिनुहोस्, कारण उहाँ बिलकुल निर्दोष हुनुहुन्छ।" यो सुनेर ती पूजाहारीहरू पनि एकक्षण ता अकमक्कै परे। तिनीहरूले यहूदालाई - जो येशूकै एकजना चेला थियो - पैसा दिएर येशूलाई पक्राएको कुरा मानिसहरूले थाह नपाऊन् भनी सोचेका थिए। येशूलाई तिनीहरूले चोरलाई झैं पीछा गरेर उहाँलाई सुटुक्कै लगीवरी मार्न खोजेको कुरा ता तिनीहरूले लुकाउन खोजेका थिए। तर त्यसरी मानसिक ताप र अनिद्राले दुब्लाएको चेहरा लिई यहूदाले आफ्नो दोष मानिलिँदा भीड़को सामु यो कुरा जाहेर भयो, कि ती पूजाहारीहरूकै मनमा येशूप्रति भएको घृणात्मक भावना र द्वेषले गर्दा नै तिनीहरूले उहाँलाई मार्न खोजेका थिए। अनि  यहूदाले मानिसहरूले सुन्नेगरी येशूको निर्दोषिता साबित गर्न खोज्दा पूजाहारीहरूले जवाफ दिए, "त्यो सब हामी

जान्दैनौं; तिमी आफै जान।" येशूलाई ता तिनीहरूले आफ्ना कब्जामा ल्याउन पाइहालेका थिए, र उहाँलाई के के गर्नुपर्ने, तिनीहरूले सब निश्चय गरिसकेका थिए। अन्तमा केही सीप नलाग्दा सन्ताप र आत्म-ग्लानिले पीड़ित भएर आफूले रिसवतस्वरूप लिएको रूपियाँ तिनीहरूकै खुट्टानेर फ्याँकिराख्यो, जसले उसलाई त्यो दिएका थिए, अनि गएर झुन्डी आत्महत्या गऱ्यो।

त्यस भीड़मा येशूका विरोधीहरू मात्र नभएर उहाँमाथि सहानुभूति प्रकट गर्नेहरू पनि धेरै थिए। उहाँमाथि धेरै-धेरै प्रश्नहरूको व्यङ्ग्यात्मक प्रहार हुँदा पनि उहाँ चुपचाप रहनुहुँदा सबैजना आश्चर्यचकित भए। अझ, तिनीहरूले जति नै उहाँलाई अपमान र गिल्ला गर्दा पनि उहाँको चेहरामा कुनै प्रकारको अप्रसन्नता वा दुःखको भावमुद्रा देखिएन। त्यति अपमानित हुँदा पनि उहाँ आदरयोग्य, शान्त, सिद्ध र महिमित नै देखिँदै हुनुहुन्थ्यो। उहाँलाई देखेर त्यहाँ रमिता हेर्न आउनेहरू पनि छक्कै परे। अनि ती मानिसहरूले उहाँको पवित्र, अटल एवम् गौरवपूर्ण व्यक्तित्वलाई उहाँका विरूद्धमा न्यायासनमा बस्नेहरूसित तुलना गरी हेरे, र आपसमा यसो भनी कुरा गर्नथाले, "यिनी ता सबै शासकहरूभन्दा पनि अझ महान् राजा हुन लायकका देखिन्छन्।" किनकि उहाँको असामान्य धैर्य र सहनशीलता देखेर ता धेरैजना डरले काँपे पनि। यहाँसम्मन् कि, उहाँको गौरवमय एवम् ईश्वरीय व्यक्तित्व देखेर हेरोद र पिलातस पनि घबराए।

शुरु-शुरुमा पिलातसले उहाँलाई देख्दै उहाँचाहिँ सामान्य मानिस हुनुहुन्न, तर कुनै विशिष्ट व्यक्तित्व हुनुपर्छ भनी ठीकै अनुमान लाएका थिए। उहाँ बिलकुल निर्दोष हुनुहुन्छ भनेर पनि तिनले विश्वास गरेका थिए। अनि ती सबै घटना देख्ने स्वर्गदूतहरूले पनि येशूलाई पिलातसले निर्दोष साबित गरेको अनि उहाँप्रति

सहानुभूति प्रकट गरेको र टिठाएको ध्यानपूर्वक हेरिरहेका थिए। तसर्थ येशूलाई क्रूसमा टँगाउने त्यो भयानक मामिलामा पिलातस नमुछिऊन् भनेर एकजना दूतलाई पिलातसकी पत्नीकहाँ सपनामा दर्शन दिई यो समाचार दिन पठाइए, "तिम्रा पति पिलातसले जसको मामिलामा हात हाल्दैछन्, उहाँचाहिँ परमेश्वरका पुत्र हुनुहुन्छ, जो विनाकसुर शासना भोग्दै हुनुहुन्छ।" तब तुरन्तै तिनले पनि पिलातसकहाँ यसो भनी खबर पठाइन्, "मैले उनै येशूको कारण सपनामा धेरै दुःख पाएँ, तसर्थ ती पवित्र व्यक्तिको मामिलामा तपाईंले चाहिँ हात नहाल्नुहोला।" त्यसपछि यो खबर पुऱ्याउनेले हस्याङ र फस्याङ गर्दै भीड़लाई जबर्जस्ती चिर्दै पसेर सो समाचारको पत्र पिलातसको हातमा दियो। जब तिनले त्यो पढ़े, तब तिनी डरले लगलग काँप्नथाले। त्यहाँदेखि नै तिनले त्यस मामिलादेखि हात धुने विचार गरे, र अरुले उहाँको रक्तपात गर्ने नै भए तापनि आफूले चाहिँ त्यसमा कुनै हात नदिने, बरु भरशक्य उहाँलाई मुक्त गर्ने प्रयासमा रहने विचार गर्नथाले।

त्यसताक हेरोद यरुशलेममा छन् भन्ने सुनेर पिलातस खुशी भए, र हेरोदले नै उहाँलाई त्यस अप्रिय मामिलाबाट पूर्णतः रिहाइ दिनेछन्, र आफूचाहिँ येशूलाई दोषी ठहराउने मामिलामा मुछिनपर्ने छैन भन्ने  तिनले विचार गरे। अनि तिनले उहाँलाई र उहाँलाई दोष लगाउनेहरूलाई हेरोदकहाँ पठाइदिए। उता हेरोदको हृदय कठोर भइसकेको थियो। तिनले यूहन्ना-(बप्तिस्मादाता)-लाई गरेको हत्याद्वारा तिनको विवेकमा लागेको कलङ्क नै मेटाउन सकेका थिएनन्। तिनले येशूको विषयमा र उहाँले गर्नुभएका आश्चर्यकर्महरूबारे सुनेर कतै यूहन्ना पो मरेकाबाट बौरीउठेर आएका हुन् कि भन्ठानेर डरले लगलग काँपे, किनकि तिनको विवेक नै दोषी थियो। तर पिलातसले येशूलाई हेरोदको हातमा सुम्पँदा हेरोदले यो पनि सम्झे

-- बल्ल पिलातसले मेरो पराक्रम, अधिकार र न्याय गर्ने योग्यतालाई चिनेछन्। त्यसैले उनीहरूबीच पहिले वैरभाव भए तापनि त्यस घटनापछि उनीहरू आपसमा मिले। अनि हेरोदले येशूलाई देखेर अब उहाँले केही आश्चर्यकर्म देखाईकन तिनलाई सन्तुष्ट तुल्याउनुहुन्छ होला भन्ने सोचेर तिनी खुशी भए। वास्तवमा आफ्ना आश्चर्यकर्म तिनलाई खुशी वा सन्तुष्ट पार्न अथवा तिनको इच्छा पूरा गर्नाका लागि होइन, तर अरुको उद्धार (मुक्ति)का लागि गर्नुपरेको थियो।

हेरोदले पनि येशूलाई धेरै-धेरै प्रश्नहरू गरे, तर उहाँ चूपचाप रहनुभयो। उहाँका विरोधीहरूले उहाँलाई दोष लगाइरहेका थिए, तापनि तिनीहरूलाई उहाँले वास्तै गर्नुभएन। हेरोदको राजशक्ति र तिनको लड़ाका पल्टन देखेर पनि येशू किञ्चित् पनि नडराउनुभएको देख्ता हेरोद रिसले चूर भए, र तिनले उहाँलाई गिल्ला र गाली गर्न थाले। त्यस्तो अपमान र दुर्व्यवहार गर्दा पनि उहाँमा महिमायुक्त एवम् ईश्वरीय व्यक्तित्व झल्केको देखेर तिनी पनि चकित भए, र उहाँलाई दोषी ठहऱ्याउन डराए। त्यसो हुँदा तिनले उहाँलाई फेरि पिलातसकहाँ फर्काइपठाए।

यता शैतान र उसका दूतहरूले पिलातसलाई परीक्षा गरेर तिनलाई भड़खालोमा हाल्ने नै कोशिश गरिरहेका थिए। तिनीहरूले पिलातसलाई सुटुक्क मनमा आईकन भने, "तिमीले येशूलाई दोषी ठहराउने काममा अंश ग्रहण नगरे पनि, खाँचो छैन; अरूहरूले गरिहाल्छन, तर याद राख; यत्रो भीड़ले येशूको रक्तपात गर्नैपर्छ भनी आन्दोलन मच्चाइरहेको छ। यदि तिमीले येशूलाई क्रूसमा टाँग्न लगाएनौ भने चाहिँ तिमीले आफ्नो अधिकार र मान-प्रतिष्ठा गुमाउनुपर्नेछ, र मानिसहरूले तिमीलाई त्यो ठगमाथि विश्वास गर्ने भनेर तिम्रो निन्दा गर्नेछन्।"

तब पिलातस पनि आफ्नो अधिकार र मान-प्रतिष्ठाबाट

च्युत होइने डरले येशूलाई मार्ने कुरामा सहमति दिन वाध्यतामा परे। अनि तिनले उहाँको रगतको दोष उहाँलाई अभियोग लगाउनेहरूमाथि परोस् भनी हात धोए, अनि त्यस भीड़ले पनि 'ठीक छ, उसको रगत हामीमाथि र हाम्रा सन्तानमाथि परोस्, पर्वाह छैन' भनेर स्वीकृति जनाए तापनि तिनले धर पाएनन्, अर्थात् तिनलाई पनि उहाँको रगतको दोष लाग्यो; किनकि तिनले आफ्नो स्वार्थको निम्ति यानि सांसारिक मान-प्रतिष्ठाको मायाले निर्दोष येशूलाई मार्न तिनीहरूका हातमा सुम्पिदिए।

**अध्याय - ६**

# येशू क्रूसमा टाँगिनुभएको

पिलातसले परमेश्वरका पुत्रलाई मानिसहरूका हातमा सुम्पिदिइसकेपछि तिनीहरूले उहाँलाई क्रूसमा टाँग्न लगे। कोर्रा र मुक्काहरूका प्रहारले शिथिल भइसकेको थियो उहाँको शरीर। त्यसैमाथि उहाँलाई तिनीहरूले त्यो क्रूस बोकाए, जसमाथि उहाँलाई तिनीहरूले काँटी ठोकेर झुन्ड्याई मार्न लगिरहेका थिए। त्यो क्रूस बोक्दा-बोक्दै उहाँ बेहोस हुनुभयो। तिनीहरूले उहाँलाई तीनपल्टसम्म त्यो गह्रौं क्रूस बोकाए, तर तीनैपल्ट उहाँ बेहोस हुनुभयो। तब तिनीहरूले एकजना मानिसलाई पक्रे, जसले गुप्त रूपले उहाँमाथि विश्वास गरेको थियो, तर खुल्लमखुल्ला चाहिँ ग्रहण गरेको थिएन। अनि उसैलाई तिनीहरूले त्यो क्रूस बोकाएर त्यस घातक स्थलसम्म पुऱ्याउन लगाए। तिनीहरूले उहाँलाई जहाँ जहाँ लगे, त्यहीँ- त्यहीँ पल्टनका पल्टन स्वर्गदूतहरू क्रमबध्द रूपमा पङ्क्ति बाँधेर माथि-माथि उड़ी उहाँलाई पछ्याइरहेका थिए। कतिजना चेलाहरू पनि शोकविव्हल भई धुरू धूरू रूँदै र उहँलाई पछ्याउँदै कलभरीतिरै

लागे।

केही दिनअघि मात्र उहाँ विजयी राजाजस्ता भईकन गधामाथि चढ़ेर यरूशलेममा पस्नुभएको अनि उनीहरूले 'परमधाममा होसन्ना!' भनी विजय-नारा लाउँदै बाटामा आफ्ना वस्त्रहरू र खजुरका डालाहरू ओछ्याएको त्यो मनोरम घटना उनीहरूले सम्झे। त्यसबेला साँच्चै उहाँले इस्राएलको राज्यमाथि शासन गर्न थाल्नुहुने रहेछ भन्ने उनीहरूले सम्झे। त्यसबेला उनीहरू हर्षले उल्लसित हुँदै येशूलाई पछ्याइरहेका थिए भने यस बखत उनीहरू नै भयभीत अनि निरूत्साहित भएर सुस्तरी - सुस्तरी पाइला चाल्दै उहाँका पछि-पछि हिँडिरहेका थिए, जो अपमानित भएर अनि नीच तुल्याइएर क्रूसमा मरिदिन जाँदैहुनुहुन्थ्यो।

त्यहाँ मरियमले पनि - जसको कोखबाट उहाँ जन्म ग्रहण गर्नुभयो - आफ्नो प्यारो छोराको त्यस्तो बेहाल देखेर आफ्नो मुटु चिरा-चिरा परेको महसुस गरिरहेकी थिइन्। तर त्यस्तै निराशामा पनि तिनले उहाँका चेलाहरूले झैं उहाँले आफ्नो आश्चर्यकर्म गर्ने शक्ति प्रयोग गरेर ती ज्यानमाराहरूका हातदेखि स्वयम्‌लाई मुक्त गराउनुहुन्छ होला भनेर आशा पनि गरेकी थिइन्। उहाँले त्यसरी आफूलाई क्रूसमा टाँग्न दिनुहुन्छ भन्ने ता तिनले सोच्न पनि सकेकी थिइनन्।

हेर्दाहेर्दै तिनीहरूले सब कुरा तयार पारे, अनि येशूलाई त्यस क्रूसमाथि तेर्स्याए। मार्तोल र काँटीहरू पनि तयार पारिए। चेलाहरूका मुटुको धड्कन अझ तीव्र हुनथाल्यो। झन् आफूले जन्माएको छोरालाई क्रूसमाथि तेर्स्याएर हात र खुट्टामा काँटी ठोकेको त्यो मार्मिक दृश्य हेर्न ता परै जाओस, काँटी ठोकिएको शब्द पनि सुन्दा कुन आमाको नारी हृदयले सहन सक्ला? त्यसैले उहाँका कोमल हात र खुट्टाहरूमा काँटी ठोकिएको आवाज पनि तिनका कानमा नपरोस् भनेर येशूका

चेलाहरूले तिनलाई घटनास्थलदेखि केही टाड़ामा लगे। पीड़ाले गर्दा येशू छट्पटाउनुभयो। ओठमा कलेटी पऱ्यो अनि निधारबाट पसिनाको धारा छुट्यो, तर पनि उहाँ गनगनाउनुभएन। उहाँले त्यो असहय पीड़ा भोगिरहनुभएको देखेर केही क्षण शैतान रमाए तापनि

अर्कोपट्टि उसलाई आफ्नो राज्य हराउने र आफ्नो पनि अन्त अवश्यम्भावी ठहरिएको कुराले भयभीत र चिन्तित तुल्याइरहेको थियो।

येशूलाई क्रूसमा काँटी ठोकेर अड्याइसकेपछि तिनीहरूले त्यो क्रूस जुरूक्क उठाए, र त्यसको निम्ति खनिएको खाडलभित्र यति जोरसित गाड़े, कि त्यो झट्कोले गर्दा काँटी ठोकिएका प्वालहरूबाट मासु तन्केर च्यातिनसाथ साथै उहाँको पीड़ा पनि चरम सीमामा पुगेको उहाँले अनुभव गर्नुभयो। तिनीहरूको उद्देश्य नै थियो उहाँलाई सकेसम्म कष्ट र दुःख दिएर मार्ने। अनि तिनीहरूले उहाँका साथमा दुइजना चोरहरूलाई पनि - एकजनालाई दाहिनेपट्टि र अर्कोलाई देब्रेपट्टि क्रूसमा झुन्डयाइदिए। तर त्यहाँ आकाश र पातालको भिन्नता के थियो भने, ती चोरहरूले आफूलाई क्रूसमा टँगाउनेहरूका हातदेखि फुत्कन सकेसम्म संघर्ष गरे भने येशूले नम्रतापूर्वक स्वयम्लाई समर्पण गर्नुभयो। अनि फेरि ती चोरहरूले आफूलाई क्रूसमा टँगाउनेहरूलाई सरापे, तर येशूले ती आफ्ना वैरीहरूका निम्ति यसो भनी प्रार्थना गरिदिनुभयो, 'हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गरिरहेछन्, सो यिनीहरूलाई थाह छैन।' उहाँले शारीरिक पीड़ा मात्रै सहन गर्नुभएन, तर सारा संसारको पापको भार पनि आफैले वहन गर्नुभयो।

येशू क्रूसमा टँगाइनुभएपछि त्यहाँबाट भएर हिंड्नेहरूले पनि आफ्ना टाउका हल्लाई-हल्लाई यसो भनी उहाँलाई निन्दा गरे, ''ए मन्दिर भत्काउने र तीन दिनमा बनाउने, आफैलाई बचा त! यदि तँ परमेश्वरकै पुत्र होस् भने क्रूसबाट ओर्ली आइज।'' शैतानले पनि त्यस उजाड़स्थानमा उहाँ अर्थात् ख्रीष्टलाई त्यसरी नै भनेको थियो, 'यदि तिमी परमेश्वरका पुत्र हौ भने ......।' मुख्य पूजाहारीहरू, बूढ़ा प्रधानहरू र शास्त्रीहरूले उहाँलाई खिसी गर्दै भने, 'यसले

अरूलाई ता बचायो, तर आफूलाई चाहिँ बचाउन सक्तैन। यदि यो इस्राएलको राजा हो भने अहिले क्रूसबाट ओर्ली आओस्, र हामी विश्वास गरौँला' त्यसरी यहूदीहरूका शासकहरूले 'यदि यो परमेश्वरको पुत्र हो भने आफैलाई बचाओस्' भनी उहाँलाई खिसी गरेको देखी त्यहीँ घटनास्थल माथिबाट हेरिरहेका स्वर्गदूतहरू दुखित भए, र गएर येशूलाई तिनीहरूका हातदेखि मुक्त गराउन खोजे, तर उनीहरूलाई अनुमति दिइएन।

आफू क्रूसमा झुण्डिरहनुहुँदाको त्यो भयानक पीड़ामय अवस्थामा पनि ती आफ्नी जननीलाई उहाँले भुल्नुभएन। अनि ती आमाले पनि असह्य पीड़ामा तड्पिरहनुभएको छोरालाई छोड़ी कति पनि टाड़ा जान सकेकी थिइनन्। अनि उहाँले आखिरमा मानिसभित्र अन्तर्निहित हुनुपर्ने दया र सहानुभूति आदिको पाठ सिकाउँदै शोकविव्हल रहेकी आमापट्टि हेर्नुभयो, त्यसपछि आफ्नो प्यारा चेला यूहन्नापट्टि सङ्केत गर्दै उहाँले आफ्नी आमालाई भन्नुभयो, 'नारी, हेर तिम्रो छोरो!' त्यसपछि फेरि यूहन्नालाई भन्नुभयो, 'हेर, तिम्री आमा!' अनि त्यही बेलादेखि यूहन्नाले तिनलाई आफ्नो घरमा ल्याएर (आफ्नै आमा जस्तो गरी) राखे।

घोर व्यथा र पीड़ा सहँदा - सहँदा येशू तिर्खाउनु भयो, तर तिनीहरूले घाउमाथि नून-चूक छरिदिए झैं उहाँलाई पानीको सट्टामा सिर्का र पित्त पियाइदिए। स्वर्गदूतहरूले पनि आफ्ना अतिप्रिय अधिनायकलाई क्रूसमा टँगाइएको त्यो मार्मिक दृश्यलाई हेर्न नसकी आफ्ना अनुहार छोपे। सूर्यले पनि त्यो भयानक दृश्यलाई हेर्नै सकेन। अन्तमा येशू ती घातकहरूको पनि मुटु कम्पित तुल्याउने गरी यसो भन्दै जोरले कराउनुभयो, 'अब पूरा भयो।' तब मन्दिरको पर्दा आफैआफ टुप्पोदेखि फेदसम्म च्यातियो, भूकम्प गयो र चट्टानहरू फाटे। धरतीमाथि घोर अन्धकार छायो। जब येशूले

प्राण पनि त्याग्नुभयो, तब चेलाहरूको आशा पनि सबै हराएजस्तो देखियो। उहाँका धेरैजना अनुयायीहरूले उहाँले शासना भोग्नुभएको र प्राण त्याग गर्नुभएको देखेर अत्यन्तै शोकविह्वल भए।

तर त्यति भएर पनि शैतान त्यति रमाएन, जति अघि सधैं रमाउँथ्यो, किनकि उसले त्यस उध्दारको योजनालाई भताभुङ्ग पार्ने आँट गरेको थियो; तर उक्त योजनाको जग यति गहिरो र मजबुत बसालिएको थियो, कि उसको त्यहाँ केही सीप लागेन। येशूको मृत्युद्वारा उसलाई ‘अब मेरो अन्त अवश्यै हुनेरहेछ अनि मेरो राज्य पनि खोसिएर येशूलाई नै दिइने रहेछ; भनी थाह भयो। तब उसले आफ्ना दूतहरूसित सर-सल्लाह गऱ्यो। परमेश्वरका पुत्रविरूध्द तिनीहरूको केही सीप नलाग्दा अब येशूका अनुयायीहरूपट्टि खनिनुपर्छ, र उहाँका अनुयायीहरूका निम्ति उहाँले मूल्य तिरीकन किन्नु भएको त्यो अमूल्य उध्दार कसैलाई प्राप्त गर्न दिनै हुँदैन भन्ने मतो गरे। यसो गर्नाले पनि उसले परमेश्वरको योजनाविरूध्द व्यवधान खड़ा गर्न सक्ने भयो। भरशक्य मानिसलाई येशूसित सम्पर्कमै आउन नदिने प्रयास जारी राख्ने भयो। किनकि जत्तिले येशूद्वारा पाइने उद्धार (मुक्ति)-लाई अस्वीकार गर्छन, तिनीहरूले आफ्नै पाप भोग्नुपर्छ भने जत्तिले येशू ख्रीष्टको रगतद्वारा छुटकारा पाई विजयी भएका छन्, उनीहरूका पाप चाहिँ उही शैतानमाथि नै खनिनेछन्, जसबाट पापको उत्पति भएको थियो।

संसारमा अनि शरीरमा हुनुहुँदा पनि येशू कहिल्यै भव्य र शानदार ढाँचामा रहनुभएन। उहाँको नम्र र आत्मत्यागी जीवनसित ऐश - आराम र सांसारिक मान - इज्जत खोज्ने ती पूजारीहरू र बूढ़ा प्रधानहरूको जीवन पटक्कै मेल खाँदैन थियो। अनि उहाँको त्यस्तो आत्मसंयमी एवम् पवित्र जीवन तिनीहरूका निम्ति चुनौती नै भइरहेको थियो। किन? कारण तिनीहरूमा पाप थियो। तिनीहरूले,

अर्थात् जसले उहाँको नम्रता एबम् पवित्रताको घोर उपेक्षा गरे, तिनीहरूले नै एक दिन उहाँलाई अपार स्वर्गीय महिमामा देख्नेछन्। उहाँका ती रक्त- पिपासु वैरीहरू, जसले त्यस न्यायालयमा उहाँलाई घेरिरहेका थिए, र यति कठोर भएर 'यसको रगत हामी र हाम्रा सन्तानमाथि परोस्' भन्दै कराइरहेका थिए, तिनीहरूले त्यो दिन उहाँलाई महिमान्वित राजाको रूपमा देख्नेछन्। साथमा सबै स्वर्गदूतहरूले पनि उहाँको अर्थात् मारिएर पनि पुनः बौरी उठी सामर्थ्यशाली विजेता बन्नुभएको थुमाको जयजयकार, महिमा र प्रशंसाका गीतहरू गाउनेछन्। त्यतिबेला जाबो क्षुद्र र निकृष्ट मानिसले त्यति महान् महिमाका राजाको मुखमा थुक्दा त्यस विरोधी भीड़ले 'वाह? ठीक पार्‍यौ है' भनी रमाउँदै करायो। तर ज्ञातव्य रहोस्, तिनीहरूले जुन उहाँको मुखमा क्रूरतापूर्वक मुक्का लगाए र थुके, त्यही मुखमण्डललाई एक दिन तिनीहरूले दिउँसोको घामभन्दा चहिकलो देख्नेछन्, र भयातुर भएर भाग्न र लुक्न खोज्नेछन्। अघि ता तिनीहरूले खूब रमाउँदै उहाँको उपहास गरेका थिए, तर त्यस दिनचाहिँ तिनीहरूले उहाँका निम्ति आलापविलाप गर्नेछन्। जब उहाँले क्रूसमा काँटीहरूले छेड़िएका आफ्ना हत्केलाहरू देखाइदिनुहुनेछ, तब ती हत्केलामा ठोकिएका काँटीका दागहरूले नै मानिसको उध्दारका निम्ति येशूले कति धेरै दाम तिर्नुभएको रहेछ, सो बताउनेछन्। अनि जसले चाहिँ उहाँको अर्थात् जीवनदाता प्रभुको कोखामा भाला हाने, तिनीहरू आफैले त्यो भालाले रोपिएको दाग देख्नेछन्, र पछितो गर्दै छाती पिटी - पिटी विलाप गर्नेछन्। उहाँलाई क्रूसमा टँगाएको बेलामा उहाँको शिरमाथि 'यहूदीहरूका राजा' भनी लेखिएको देखेर उहाँका रक्त-पिपासु विरोधीहरूले चिढ़िँदै आपत्ति जनाएका थिए। तर त्यो दिन तिनीहरूले पनि उहाँलाई महिमा र राजकीय प्रतापले परिपूर्ण हुनुभएको अनि

उहाँको पोशाक र जाँघमा 'राजाहरूका राजा, प्रभुहरूका प्रभु' भनी सजीव अक्षरमा लेखिएका देख्न पर्नेछ। उहाँ क्रूसमा झुण्डिरहनुभएको बेला तिनीहरूले चर्को स्वरले कराई-कराई उहाँलाई गिल्ला गर्दै भनेका थिए, 'यदि यो इस्राएलको राजा हो भने क्रूसदेखि ओर्ली आओस्, तब देखेर हामी विश्वास गरौंला।' तर जब तिनीहरूले उहाँलाई राजकीय प्रताप र अख्तियारका साथमा देख्नेछन्, तब उहाँको अपार महिमाद्वारा चकित भएर साँच्चै 'परमप्रभुको नाउँमा आउनुहुने धन्यका हुनुहुन्छ' भनी मानिलिन तिनीहरू विवश हुनेछन्। त्यतिबेला तिनीहरूले उहाँ इस्राएलका राजा हुनुहुन्छ भन्ने कुराको प्रमाण खोज्ने छैनन् अर्थात आफै थाह पाउनेछन्।

जब येशूले 'अब पूरा भयो' भन्दै ठूलो सोरले कराईकन प्राण त्याग्नासाथ भूकम्प भएको, चट्टानहरू फाटेका र धरतीमाथि अन्धकार छाएको वहाँका ती शत्रुहरूले देखे तब तिनीहरू आत्तिए र लगलग काँप्नथाले। चेलाहरूले पनि त्यो अपूर्व र अनौठो घटना देखेर अचम्भै माने, तर पनि तिनीहरूको जुन आशा-प्रत्याशा थियो, त्यो सब चूर भयो। त्यसरी घृणित र तिरस्कृत भएर परमेश्वरका पुत्र मर्नुपर्छ भन्ने ता तिनीहरूले सोचेकै थिएनन्। त्यसो हुँदा ती चेलाहरू शोकविव्हल र हतोत्साहित भएर एकान्तमा विलाप गरिरहे। अब यहूदीहरूले हामीलाई पनि मार्ने हुन् कि भनेर उनीहरू त्राहि-त्राहि भइरहेका थिए। कतै येशूले हामीलाई भ्रममा पो पारेका हुन् कि भन्ने शङ्कापूर्ण विचार पनि उनीहरूका मनमा आउनथाल्यो। अरूको ता के कुरा, उहाँकै आमाको विश्वास ढलपलाउन लाग्यो।

येशूमाथि आफ्नो विश्वास र आशा विलीन भएर गए तापनि येशूलाई चेलाहरूले खूबै प्रेम गरेका हुनाले उहाँको मृत देहलाई श्रध्दा र बड़ो आदरपूर्वक लैजान चाहे, तर त्यो कसलाई, कसरी मागेर लैजानुपर्ने, उनीहरू बड़ो असमञ्जसमा परिरहेका थिए।

आखिरमा अरिमथियाका यूसुफ नाम भएका एकजना प्रतिष्ठित सल्लाहकार, जो आफै पनि येशूका साँचो चेला थिए, तिनले अन्य यहूदीहरूले थाहै नपाई सुटुक्कै पिलातसकहाँ गएर येशूका मृत देह मागे। त्यस निम्ति तिनी यस कारणले खुलेआम जान सकेनन्, किनकि यहूदीहरूले उहाँलाई यति द्वेषपूर्ण र घृणित दृष्टिले हेरेका थिए, कि तिनीहरूले उहाँलाई कुनै विशिष्ट जग्गामा (कब्रिस्तानमा) राख्न नदेलान् कि भनेर चेलाहरू डराइरहेका थिए। यूसुफको अनुरोधमा पिलातसले येशूको मृत देह लैजाने अनुमति दिए। जब उहाँको शरीर क्रूसदेखि तिनीहरूले झारे, तब उनीहरूको खाटा बसिसकेको घाउ पनि फेरि बल्झे झैँ उनीहरू पुनः शोकविव्हल भएर बिलाप गर्नथाले। त्यसपछि उहाँको शरीरलाई यूसुफले मिहिन सुती कपड़ामा लपेट्न लगाए, र आफ्नै लागि बनाइराखेको नयाँ कब्रमा राखिदिए। अनि ती स्त्रीहरू, जो सधैं अरू बेला पनि उहाँका अनुयायीहरू भएर आइरहेका थिए, उहाँको प्राण गइसकेपछि पनि उनीहरू उहाँकै छेउमा बसिरहे र उहाँलाई कब्रमा सुरक्षितसाथ राखिएको नदेखेसम्म उनीहरू त्यहाँदेखि हट्दै हटेनन्। उहाँलाई कब्रमा राखेपछि ती विरोधीहरूले उहाँको शरीर निकाली लैजान नसकून् भनेर एउटा ठूलो गह्रौं ढुङ्गा गुड्याएर चिहानको मुखमा राखे। तर मैले देख्दाहुँदि चाहिँ उनीहरूले डराउनुपर्ने केही आवश्यकतै थिएन, किनकि उहाँलाई राखिएको त्यस कब्र वरिपरि ता एक पल्टनै स्वर्गदूतहरूले बड़ो सतर्कतासाथ पहरा दिइरहेका थिए अनि कति बेला उहाँलाई अर्थात् महिमाका राजालाई त्यस मृत्यु एवम् चिहानरूपी बन्दीगृहदेखि मुक्त गराउन पाऔँ भनी आदेश मात्र पर्खिरहेका थिए।

खीष्ट फेरि बौरी उठेर तिनीहरूको बन्धनदेखि उम्किहाल्नुहुन्छ कि भन्ने डरले उहाँका ती घातक शत्रुहरूले पिलातसकहाँ आएर

भने, ''हजुर, त्यसले 'म तीन दिनमा बौरी उठ्नेछु' भनेको छ। त्यसैले तीन दिनसम्म त्यसको चिहानमा पहरा राखियोस्, नत्र ता त्यसका चेलाहरूले सुटुक्कै आएर त्यसलाई लैजालान् र 'बौरी उठ्यो' भनेर भन्लान्।'' तब पिलातसले तिनीहरूलाई सशस्त्र सिपाहीहरू दिएर, चिहानको मुखमा मोहर (सिल) ठोके र चिहानमा पहरा खटाए।

## अध्याय - १०

# ख्रीष्टको पुनरूत्थान

विश्रामदिनमा चेलाहरू आफ्ना प्रभुको मृत्यु भएकोमा शोकाकुल भएर विश्राम लिइरहेका थिए भने महिमाका राजा येशूले पनि त्यस कब्रिस्थानभित्रै विश्राम लिइरहनुभएको थियो। त्यो दिन बित्यो, फेरि रात पनि बिस्तारै बित्दै जाँदै थियो। त्यस कब्रिस्तानमाथि माथिबाट हेरिरहेका स्वर्गदूतहरूले ती परमेश्वरका पुत्रको त्यस मृत्युको बन्धनबाट मुक्त हुने बेला थाह पाएर बड़ो उत्सुकतापूर्वक त्यस क्षणको प्रतीक्षा गरिरहेका थिए। त्यसैघरी एकजना सामर्थ्यशाली दूत स्वर्गदेखि वेगले उड्दै आए। तिनको चेहरा बिजुलीको जस्तो र तिनको पोशाक हिउँ झैं सेतो थियो। आफ्नो ज्योतिले अन्धकारलाई टाड़ा-टाड़ा भगाउँदै तिनी आए। तिनका ज्योति र महिमालाई देखेर शैतानिक दूतहरू पनि डरले भागे। ती स्वर्गबाट आउने दूतसित अर्को एकजना दूत पनि सामेल हुन आए, जसले येशूमाथि गरिएको अत्याचार देखेका थिए र उहाँको कब्रको रखवाली गरिरहेका थिए। ती दुईजना सँगै कब्रमा ओर्ली आए। जब उनीहरू आइपुगे, तब पृथ्वी हल्लियो अर्थात् भूकम्प भयो। त्यसपछि ती सामर्थ्यशाली दूतले कब्रको मुखदेखि त्यो ढुङ्गा हटाइदिए, र त्यही ढुङ्गामाथि तिनी बसे।

पहरा दिनेहरू नै डरले आत्तिरहेका थिए। डरले तिनीहरूको होश-हवास नै उड़िरहेको बेलामा येशूका चेलाहरू आईकन उहाँको शरीर चोरेर पो लान्छन् कि भनेर सोच्न समेत तिनीहरूको होश रहेको थिएन भने उहाँको शरीरलाई रोकिराख्ने के तिनीहरूमा शक्ति थियो होला र? वरिपरि सूर्यभन्दा चहकिलो ती स्वर्गदूतहरूको

ज्योति चम्केको देखेर तिनीहरू भयभीत र चकित भइरहेका थिए। वीर रोमी सिपाहीहरू पनि स्वर्गदूतहरूलाई देखेर मुर्दैसरह भएर भूइँमा लडे। तब एकजना स्वर्गदूतले त्यो ढुङ्गा उटाईकन यसो भन्दै कराए, "हे परमेश्वरका पुत्र, तपाईंका पिताले बोलाउँदै हुनुहुन्छ, आउनुहोस्!" तत्क्षणै उहाँ बौरी उठ्नुभयो। मृत्युले उहाँलाई रोक्नसकेन। तब अर्को दूतले चिहानभित्र पसीकन उहाँको शिरमा बेहेरिएको लुगा खोलिदिए, र उहाँ विजयी भएर हिँड्डुल गर्न थाल्नुभयो। त्यो देखेर स्वर्गदूतहरूले पनि बड़ो श्रध्दा र भक्तिसाथ भूइँमा पसारिएर उहाँलाई साष्टाङ्ग दण्डवत् गरे अनि मृत्युमाथि उहाँ विजयी हुनुभएकोमा उहाँको स्तुति र जयजयकार गरे। त्यपछि शैतान झन् निराश भयो। उसका सहयोगी दूतहरू ता स्वर्गदूतहरूका प्रखर ज्योतिदेखि भागेका थिए। तिनीहरूले गएर उहाँ -- जसलाई तिनीहरूले औधि द्वेष र घृणा गर्थे -- कसरी बौरी उठ्नुभयो, त्यसबारे आफ्ना राजालाई सबै सुनाउँदै गुनासो पोखे।

शैतान र उसका दूतहरूले मानिसको पतन गराईकन उसलाई आफ्नो मुट्ठीमा राख्नसकेकोले जीवनका प्रभुलाई समेत मार्न लगाएर चिहानमा गड़ाउन पाएकोमा केही क्षण ता तिनीहरूको जीत सम्झेर खुशी मनाए; तर त्यो खुशियाली केवल क्षणभरको लागि भयो। जब येशू त्यस चिहानदेखि अर्थात् मृत्युदेखि विजयी भएर निस्कनुभयो, तबदेखि नै शैतानले पनि म अवश्य मर्ने नै रहेछु र मेरो यो राज्य पनि जसको खास अधिकार थियो, उहाँकै हुने रहेछ भनी थाह पायो। कत्ति कोशिश र बल गर्दा पनि येशूमाथि शैतानको केही सीप चलेन, तर येशूले मानिसको उध्दारको मार्ग तयार गरेरै छोड्नुभयो, ताकि जो कोही यसमा हिँड्ला उसले उध्दार पाओस्। यो देखेर शैतान आत्मग्लानि र क्षोभले भरिएर विलाप गर्न थाल्यो।

हतोत्साह र निराश भएर एकछिनसम्म घोरिएपश्चात् फेरि

परमेश्वरको राज्यविरूद्ध के-कस्तो किसिमका कदम चाल्नुपर्ने सो निर्णय गर्न शैतानले आफ्ना दूतहरूसित सर-सल्लाहका निम्ति सभा आयोजन गऱ्यो, र आफ्ना दूतहरूलाई भन्यो, "तिमीहरू झट्टै ती मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूकहाँ जाओ, जसलाई हामीले भ्रममा पारेर अर्थात् तिनीहरूका आत्मिक आँखालाई अन्धा र तिनीहरूका हृदयलाई कठोर पारिदिएर येशूलाई धोकाबाज (ठगाहा) सम्झने बनाउन सकेका छौं। त्यस रोमी सिपाहीले येशू बौरी उठेको समाचार फिँजायो भने ता हामीले जुन मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूलाई उल्क्याएर तिनीहरूको मनमा येशूप्रति घृणात्मक भावना जगाएर येशूलाई मार्न सुऱ्यायौं, तिनीहरूलाई ता मानिसहरूले निर्दोषलाई हत्या गरेको अभियोगमा ढुङ्गा हानेर मार्लान्, यदि उनीहरूले येशू साँच्चै बौरी उठेको थाह पाए भने।"

जब ती ज्योतिर्मय स्वर्गदूतहरू गइसके, तब ती रोमी सिपाहीहरू उठेर डराउँदै-डराउँदै पल्याकपुलुक हेर्दै गरेका मैले देखें। त्यहाँ त्यो ठूलो ढुङ्गा चिहानको मुखदेखि गुड्चाएर पर सारिएको अनि येशू बौरी उठिसक्नुभएको देखेर उनीहरू आश्चर्यचकित भए। त्यसपछि उनीहरूले हतार-हतार मुख्य पूजाहारीहरू र बुढ़ा प्रधानहरूकहाँ गएर उनीहरूले देखेका अचम्भका घटनाहरूबारे तिनीहरूलाई सुनाए। त्यो सुनेर ती हत्याराहरूका मुख अँध्यारो हुनथाल्यो। तिनीहरूले जे गरेका थिए, त्यस विषयमा तिनीहरू आफै भयभीत भए । 'यदि त्यो कुरो साँच्चै भएकै हो भने ता हामी नाश भयौं' भन्दै खेद प्रकट गर्नथाले। एक क्षणसम्म तिनीहरू किंकर्त्तव्यविमूढ़ भएर एक-अर्काका मुखमा हेराहेर गरिरहे। तत्पश्चात् तिनीहरू एकान्तमा गएर सल्लाह गर्नथाले। तिनीहरूलाई यो निश्चय थियो - मानिसहरूले येशू बौरी उठ्नुभएको र पहरा दिने सिपाहीहरू पनि मुर्दासरह भुइँमा लड्ने गरी त्यस्तो अद्भुत महिमा झल्केको कुरा थाह पाए भने उनीहरू

क्रोधित हुनेथिए र उहाँलाई जसले मारेका थिए, तिनीहरूलाई पनि मार्ने थिए। त्यसैले तिनीहरूले त्यो कुरा गुप्तमै राखियोस् भनेर ती सिपाहीहरूलाई घूस दिएर मनाउने निश्चय गरे। त्यसपछि तिनीहरूले ती सिपाहीहरूलाई धेरै पैसा दिँदै भने, "तिमीहरूले यसो भनिदेऊ, 'राती हामी निदाएका बेलामा उसलाई उसका चेलाहरूले आएर चोरी लगेछन्'।" तर ती पहरादारहरूले यसो भनी सोधे, "यदि हामी, पहारादारहरू भएर 'सुत्यौं' भन्ने कुरा गर्दा बड़ा हाकिमले के भन्लान्?" तब तिनीहरूले उत्तर दिए, "उहाँलाई हामी मनाउने छौं र तिमीहरूलाई जोगाउनेछौं।" त्यसरी पैसाको लागि ती रोमी सिपाहीहरूले पनि आफ्नो इमान बेचेर ती पूजाहारीहरू र बूढ़ा प्रधानहरूको होहोरेमा लागे।

जब क्रूसमा झुन्डिएकै अवस्थामा येशूले 'अब पूरा भयो' भनी कराउनुभयो, तब चट्टानहरू फाटे, भूकम्प भयो र कतिपय चिहानहरू उघ्रे। मृत्यु र चिहानमाथि विजयी भएर येशू बौरी उठ्नुभयो, र त्यस चिहानरूपी बन्दीगृहदेखि निस्की आउनुभयो। पृथ्वी धरमराउँदै र हल्लिँदै गरेको अनि त्यस घटनास्थल वरिपरि स्वर्गीय महिमा झलमल्ल भइरहेको बेलामै उहाँ बौरी उठ्नुभएको कुरालाई सत्य प्रमाणित गर्न साक्षीस्वरूप उत्पतिको समयदेखि लिएर खीष्टको पालासम्मन्का धेरैजना धर्मीजनहरू पनि महिमित रूपमा निस्की आए। उता मुख्य पूजाहारीहरू र फरिसीहरूले खीष्टको बौरिउठाइको घटनालाई ढाकछोप गर्न खोजे तापनि यता उहाँको बौरिउठाइ र उहाँको महिमालाई सत्य प्रमाणित गर्न साक्षीस्वरूप परमेश्वरले ती धर्मी जनहरूलाई चिहानहरूदेखि बौराईकन ल्याउनुभयो।

ती बौरी उठेका धर्मीजनहरू भिनाभिन्नै कद, र भिन्नाभिन्नै आकारका देखिए। त्यसबाट मैले के जानकारी  पाएँ भने - पृथ्वीका मानिसहरूको शारीरिक अवस्था पनि क्रमशः बिग्रँदै आएको अनि

शक्ति र सौन्दर्य पनि घट्दै आएको रहेछ। जति युग बित्दै जान्छ त्यति नै शैतानले रोग र मृत्यु ल्याइरहेछ अनि श्राप र शैतानको शक्ति झन् झन् स्पष्ट गरी देखा पर्दैछन्। ती बौरी उठेकाहरूमध्ये कोही - कोही ता अरूहरूभन्दा शानदार देखिँदै थिए। मलाई यो पनि जानकारी भयो, कि नूह र अब्राहामका पालाकाहरू रूप, सौन्दर्य र शक्तिमा स्वर्गदूतहरू जस्ता थिएछन्। तर जति युग र पुस्ता बित्दै गए, त्यति नै मानिस झन् झन् दुर्बल, झन् रोगी र अल्पायुको हुँदै आएको रहेछ। अझै शैतानले मानिसलाई झन् दुःखी र कमजोर बनाउने प्रयास जारी नै राखेको छ।

येशूको पुनरूत्थानसँग-सँगै पुनरूत्थित ती पवित्र जनहरू धेरैकहाँ देखा परे, र मानिसको निम्ति प्रायश्चितको बलिदान पूरा भएको अनि येशू - जसलाई यहूदीहरूले क्रूसमा टाँगी मारेका थिए - बौरी उठ्नुभएको समाचार सुनाए, र यसो पनि भने, "हामी उहाँसितै बौरी उठेका हौं।" शैतान साथै उसका दूतहरू अथवा मुख्य पूजाहारीहरूले जत्ति नै झूटा हल्ला फिँजाए तापनि सत्य कुरालाई तिनीहरूले लुकाएर लुक्न सकेन; ती बौरी उठेर आएका पवित्र जनहरूले नै उहाँको बौरिउठाइको अद्भुत एवम् खुशीको समाचार फिँजाइदिइहाले। त्यतिमात्र होइन, येशू स्वयम् पनि शोक-विव्हल र हतोत्साहित भएका चेलाहरूकहाँ देखा परेर उनीहरूको डर, निराशा सब हर्ष र आनन्दमा परिणत गरिदिनुभयो।

जब त्यो अद्भुत समाचार शहर - शहर र गाउँ-गाउँमा फिँजियो, तब उहाँका विरोधी यहूदीहरूलाई आफ्नो ज्यानको डर हुनथाल्यो। त्यसो हुँदा तिनीहरूले येशूका चेलाहरूप्रति मनमा घृणा र द्वेष राखेका भए तापनि प्रकट गर्नचाहिँ सकेनन्।

आफ्ना ज्यान र इज्जत बचाउन झूटो हल्ला फिँजाउन सिवाय तिनीहरूका निम्ति अरू कुनै उपाय थिएन। त्यही पनि तिनीहरूकै

मात्र पक्ष लिनेहरूले बाहेक अरूले विश्वास गरेनन्। पिलातस पनि त्यो सुनेर लगलग काँपे, किनकि येशू बौरी उठ्नुभएको कुरामा तिनलाई विश्वास थियो; तर सांसारिक मान-मर्यादा, आफ्नो अधिकार अनि ज्यानको मायाले गर्दा तिनले येशूलाई मार्नका निम्ति शत्रुहरूका हातमा सुम्पिदिएका थिए। उहाँको बौरिउठाइको खबर सुनेपछि तिनलाई अझ पूर्ण विश्वास भयो - जसको रगतको दोष तिनलाई लाग्यो - उहाँ केवल साधारण निर्दोष मानिस मात्र नभएर परमेश्वरका पुत्र हुनुहुँदोरहेछ भनेर। तिनले सधैँको लागि शान्ति गुमाइपठाए। जीवनको अन्तिम श्वाससम्म पिलातस पछितो र ग्लानिले पीड़ित भइरहे। आशा सब चकनाचूर भयो। कसैले सान्त्वना दिन खोज्दा पनि तिनले सुन्नै मानेनन्। अन्तमा पीर र वेदनाले तड़पी-तड़पी तिनको मृत्यु पनि भयो।

हेरोदको चाहिँ हृदय झन् कठोर भइसकेको थियो; यतिसम्म कठोर, कि येशू बौरी उठ्नुभएको खबर सुनेर पनि तिनलाई त्यति प्रभाव परेन। तिनले ख्रीष्टको मण्डलीलाई पनि सताउन थाले, र याकूबलाई ता मारे पनि। अनि त्यसो गर्दा यहूदीहरू खुशी हुने रहेछन् भनेर पत्रुसलाई पनि मार्नको निम्ति पक्रे। तर परमेश्वरले पत्रुसलाई उहाँको काममा उपयोग गर्नु थियो, तसर्थ उहाँले आफ्ना दूत पठाईकन तिनलाई बचाउनुभयो। पछि परमेश्वरले हेरोदलाई यस्तो प्रकारले दण्ड दिनुभयो - जब तिनले एउटा ठूलो भीड़का सामु आफूलाई उच्च तुल्याइरहेका थिए, त्यतिबेलै परमेश्वरले तिनलाई भीड़कै सामु प्रहार गर्नुभयो, र तिनी स्याउँ-स्याउँ कीरा परेर मरे।

बिहानै अर्थात् रिमरिम उज्यालो हुँदै केही पवित्र स्त्रीहरू (लूका - २४:१०) येशूको मृत देहमा घस्नलाई सुगन्धित मसाला लिएर आए, तर चिहानको मुखदेखि त्यो गह्रौं ढुङ्गा हटाइएको भेट्टाए, र भित्र हेर्दा त्यहाँ येशूको पार्थिव शरीर थिएन। त्यस्तो देखेर

उनीहरूको हंसले ठाउँ छोड्यो। उहाँका विरोधीहरूले पो उहाँको लाश चोरी लगेछन् क्यार भन्ने उनीहरूले सोचे। अकस्मात् उनीहरूले त्यहाँ सेता पोशाक लाएका अनि उज्ज्वल र चम्किला चेहरा भएका दुइजना स्वर्गदूतहरूलाई देखे। स्वर्गदूतहरूले ती स्त्रीहरूको आशय बुझिहाले, र उनीहरूलाई यसो भने, "तिमीहरूले येशूलाई खोज्दैछौ। उहाँ ता अहिले यहाँ हुनुहुन्न; बौरी उठ्नुभयो। आओ, उहाँ पस्रनुभएको ठाउँ हेरिहेर, अनि गएर उहाँका चेलाहरूलाई खबर देओ। उहाँ तिनीहरूभन्दा अगाड़ि गालीलमा जाँदै हुनुहुन्छ।" तब ती स्त्रीहरू साह्रै भयभीत र आश्चर्यचकित हुँदै चेलाहरूकहाँ दगुरे। उता चेलाहरू आफ्ना प्रभुलाई क्रूसमा झुन्ड्याई मारेकोमा अति नै शोकविव्हल भइरहेका थिए। चेलाहरूकहाँ पुगेर उनीहरूले देखेका र सुनेका सबै कुरा सुनाए। पहिला ता ती चेलाहरूले उहाँ बौरी उठ्नुभएको समाचार विश्वास गरेनन्, र ती खबर ल्याउने स्त्रीहरूका साथमा चिहानतर्फ दगुरे; तर त्यहाँ पुगेर हेर्दा साँच्चै येशू त्यहाँ हुनुहुन्न थियो। त्यहाँ खालि उहाँको मृत शरीरलाई बेह्रिएको सुती (मलमल) कपड़ा मात्रै पड़िरहेको थियो, तर पनि येशू बौरी उठ्नुभएको कुरामा भने उनीहरूले विश्वासै गर्न सकेनन्। अझै पनि उनीहरूले देखेका कुरा र ती स्त्रीहरूले सुनाएको कुरामा अचम्भै मान्दै, 'यो ता केही बुझ्नै सकिएन' भन्दै घर फर्के। तर मरियमचाहिँ त्यहीँ चिहान वरिपरि ओल्याङ-टोल्याङ गर्दै घरि आफूले देखेका विचित्र घटनाबारे विचारमग्न हुँदै थिइन्, घरि यो दृष्टिभ्रम पो भएको हो कि भन्दै फटफटिँदै पनि थिइन्। केही क्षणपछि तिनी फेरि डाँको छोड़ेर रून थालिन्, र फेरि कब्रभित्र हेरिन्। त्यतिबेला पनि ती दुई स्वेत वस्त्रधारी स्वर्गदूतहरूलाई - एकजना, येशू पस्रनुभएको ठाउँको शिरपट्टि र अर्कोलाई पाउपट्टि - बसिरहेका देखिन्। उनीहरूका चेहरा अघिकै झैं उज्जवल र चम्किला थिए। उनीहरूले तिनलाई

स्नेहपूर्वकै 'तिमी किन रूँदैछ्यौ?' भनी सोधे। तिनले उत्तर दिइन्, "तिनीहरूले मेरा प्रभुलाई कहाँ लगेर राखे, थाहै भएन।" त्यति भनेर जब तिनी पछिल्तिर फर्किन् तब तिनले येशूलाई छेउमै उभिरहनुभएको देखिन्; तर उहाँलाई चिनिनन्। येशूले तिनलाई स्नेहपूर्वकै भन्नुभयो, "तिमी किन रूँदैछ्यौ?" तिनले चाहिँ उहाँलाई माली भन्ठानेर भनिन्, "हजुर, तपाईंले उहाँलाई यहाँबाट लैजानुभएको छ भने, कहाँ राख्नुभएको छ, मलाई बताउनुहोस्, र म उहाँलाई लैजानेछु।" तब येशूले तिनलाई सधैंको जस्तो स्वरमा भन्नुभयो, "मरियम!" त्यतिखेर मात्रै मरियमले उहाँको स्वर चिनेर 'रब्बोनी!' (गुरूज्यू) भन्दै खुशीले अँगाल्न आँटेकी मात्र थिइन्, येशूले पछिल्तिर सर्दै भन्नुभयो, "मलाई नछोऊ, किनभने म अहिलेसम्म पिताकहाँ गएको छैनँ, तर मेरा भाइहरूकहाँ गएर तिनीहरूलाई भनिदेऊ, 'म मेरा पिता र तिमीहरूका पिता अनि मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु।'।" तब तिनी औधि खुशीले रमाउँदै तुरन्तै त्यो खुशीको समाचार पुऱ्याउन चेलाहरूकहाँ दगुरिन्। येशूचाहिँ आफ्ना पिताका मुखारविन्दबाटै उहाँको बलिदान पिताबाट ग्रहण गरिएको अनि उहाँले गर्नुभएको सबै असल कामको परिणाम सुन्न र पिताबाट स्वर्ग र पृथ्वीमाथि सबै अधिकार प्राप्त गर्न माथि पिताकहाँ जानुभयो। अनि बादल झैं स्वर्गदूतहरूले परमेश्वरका पुत्रलाई घेरे अनि उहाँलाई स्वागत गर्दै ती स्वर्गीय ढोकाहरूलाई 'खोलिजा' भनी आज्ञा गरे। अनि मैले के देखें भने - येशू स्वर्गीय दूतगणका साथमा पितासित हुनुहुन्थ्यो र परमेश्वरको महिमाले उहाँलाई ढाकिरहेको थियो, र पनि उहाँले पृथ्वीमा भएका आफ्ना चेलाहरूलाई सम्झनुभयो, अनि आफ्ना पिताबाट शक्ति पाईकन चेलाहरूलाई पनि त्यस शक्तिका हिस्सेदार बनाउन त्यही दिन फर्कीकन चेलाहरूकहाँ देखा पर्नुभयो। त्यसपछि मात्र उहाँले

चेलाहरूलाई 'अब मलाई छुनसक्छौ' भनी अनुमति दिनुभयो, किनभने उहाँ माथि पिताकहाँ पुगेर पनि शक्ति प्राप्त गरिसक्नु भएको थियो।

जब येशू प्रथमचोटि चेलाहरूकहाँ देखा पर्नुभयो, त्यति बेला थोमा नामक चेला त्यहाँ थिएनन्। त्यसो हुँदा अरू चेलाहरूले देखेरै बताएको कुरामा पनि तिनले अविश्वास जनाउँदै ठोकुवा दिएर भन्नथाले, "जबसम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ र क्रूरतापूर्वक भाला रोपिएको उहाँको कोखामा म हात हाल्दिनँ, तबसम्म म विश्वास गर्नेछैनँ।" त्यस्तो अविश्वास देखेर परमेश्वर अप्रसन्न हुनुभयो।

अर्को दिन येशू फेरि चेलाहरूकहाँ देखा पर्नुहुँदा थोमा पनि थिए, अनि येशूलाई देख्दा मात्रै तिनले पत्याए। तर तिनले 'उहाँलाई देखेर मात्रै होइन, छामी-छामीकन हेरेर मात्रै विश्वास गर्नेछु' भनेका हुनाले उहाँले तिनको भनाइअनुसारै गरी देखाउनुभयो। तर थोमाले अत्तालिँदै भन्नथाले, "हे मेरा प्रभु, हे मेरा परमेश्वर!" तब येशूले थोमालाई तिनको अविश्वासको विषयमा हप्काउँदै भन्नुभयो, "थोमा, तिमीले ता मलाई देखेर मात्रै विश्वास गऱ्यौ; तर धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन, र पनि विश्वास गर्छन्।"

त्यसपछि मैले फेरि के देखें भने - यता ती पवित्र स्त्रीहरूले येशू बौरी उठ्नुभएको शुभ समाचार सुनाउँदै हिँड्दै थिए भने उता रोमी सिपाहीहरूले चाहिँ ती मुख्य पूजाहारीहरू र बूढ़ा प्रधानहरूले सिकाए अनुसार 'येशूको लाश तिनकै चेलाहरूले हामी सुतेका बेलामा चोरेर लगेका हुन्' भन्दै झूटो हल्ला फिँजाउँदै गए। त्यसरी शैतानले मुख्य पूजाहारीहरूका हृदय र मुखमा झूटा कुरा हालिदिएको थियो, र मानिसहरूले पनि तिनीहरूकै कुरालाई निर्विवाद समर्थन जनाइहाले। तर परमेश्वरले नै येशूको बौरीउठाइ जस्तो यति महत्तवपूर्ण

एवम् आधारभूत घटनालाई - जसमाथि मानिसको उध्दार आधारित छ - यति निश्चित र निस्सन्देह तुल्याइदिनुभयो, जसलाई ढाकछोप गर्न खोज्ने ती पूजाहारीहरू र अरू बूढ़ा प्रधानहरूको केही सीप चलेन। ख्रीष्टको बौरिउठाइलाई सत्य प्रमाणित गर्न साक्षीहरू बौरी उठे।

येशू बौरी उठेपछि पनि अरू चालीस दिनसम्म आफ्ना चेलाहरूसित उनीहरूका हृदयमा आनन्द, प्रेरणा र प्रोत्साहन दिँदै अनि परमेश्वरको राज्यका बारेमा अझै स्पष्ट गर्दै रहनुभयो। अनि उहाँले चेलाहरूलाई उनीहरूले देखेका र सुनेका कुराहरू, अर्थात् उहाँले कष्ट भोग्नुभएको, मर्नुभएको र बौरी उठ्नुभएको, अर्थात् सङ्क्षेपमा भन्नु हो भने मानिसको पापको निम्ति बलिदान हुनुभएको कुराका साक्षी हुनू भनी खटाउनुभयो, ताकि जस कसैले विश्वास गरेर उहाँकहाँ आउला उसले अनन्त जीवन पाओस्। अनि उहाँले उनीहरूलाई यसो पनि भन्नुभयो, "तिमीहरूलाई सतावट र दुःख हुनेछ, तर पनि मैले भनेका वचन तिमीहरूले स्मरण गर्नेछौ अनि शान्ति र आराम पाउनेछौ। जसरी म पनि शैतानका परीक्षाहरूमाथि विजयी भएँ अनि विजयी हुँदै आएँ, र शैतान ममाथि प्रबल हुनसकेन, त्यसै गरी ममाथि विश्वास गर्नेहरूमाथि पनि शैतानले परीक्षा ल्याउनेछ, तापनि तिमीहरू म जस्तै विजयी हुनसक्नेछौ।" फेरि उहाँले आफ्ना चेलाहरूलाई पनि आश्चर्यकर्म गर्ने शक्ति प्रदान गर्दै भन्नुभयो, "दुष्ट मानिसहरूले तिमीहरूको शरीरलाई हानि गर्न खोजे तापनि म आफ्ना दूतहरू पठाईकन तिमीहरूलाई छुटकारा दिनेछु, र तिमीहरूको आत्मिक दौड़ यानि सेवाकार्य पूरा नहोउन्जेल तिनीहरूले तिमीहरूको ज्यान लिन सक्नेछैनन्। तिमीहरूको साक्षी पूरा भइसकेपछि तिमीहरूले दिएका साक्षी बन्द गरी त्यसमाथि छाप लगाउनालाई पनि तिमीहरूको ज्यान जान सक्नेछ।"

उहाँका चेलाहरूले बड़ो खुशीसाथ र उत्सुकतापूर्वक उहाँका पवित्र मुखारविन्दबाट वचन सुनिरहेका थिए। त्यतिबेला मात्रै उनीहरूले पनि येशूनै संसारका मुक्तिदाता हुनुहुँदोरहेछ भनेर चिने। उहाँको प्रत्येक वचनले उनीहरूको हृदयमा गहिरो प्रभाव पारिरहेको थियो, तर कुनै न कुनै क्षण उहाँदेखि छुट्टिनै पर्ने छ, र फेरि-फेरि उहाँको मुखारविन्दबाट त्यस्ता शान्तिदायक र अनुग्रहमय वचन सुन्न पाइनेछैन भन्ने सम्झेर उनीहरू निराश भए। अनि फेरि जब उहाँले भन्नुभयो, "म जानेछु र तिमीहरूका निम्ति ठाउँ तयार पार्नेछु, अनि फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र सधैँभरि तिमीहरू मसितै हुनेछौ," तब उनीहरूले फेरि ढाड़स पाए र आनन्दित भए। त्यसपछि उहाँले भन्नुभयो, "म तिमीहरूका निम्ति शान्तिदाता अर्थात् पवित्र आत्मा पठाउनेछु, जसले तिमीहरूलाई पथ-प्रदर्शन गर्नुहुनेछ र तिमीहरूलाई सत्य मार्गमा डोऱ्याउनुहुनेछ।" त्यति भनिसकेर उहाँले आफ्ना हात उठाईकन उनीहरूलाई आशीर्वाद दिनुभयो।

## अध्याय - ११

# ख्रीष्टको स्वर्गारोहण

जब येशूको माथि आफ्ना पिताकहाँ जाने बेला भइरहेथ्यो, तब सारा स्वर्ग त्यस विजयको खुशीयाली मनाउन उहाँको प्रतीक्षामा थियो। महिमाका राजालाई स्वागत गर्न र उहाँलाई साथ दिएर स्वर्गसम्मै पुऱ्याउन भनी स्वर्गदूतहरू पनि आए। उहाँले आफ्ना चेलाहरूलाई आशीर्वाद दिइसक्नुभएपछि उहाँ उनीहरूदेखि अलग भएर माथि - माथि उठाइनुभयो। उहाँ उँभोतिर उठ्दै जानुहुँदा उहाँका पछि - पछि ती बँधुवाहरूका भीड़ पनि - जोहरू उहाँको पुनरूत्थान हुँदा बौरी उठेका थिए - सँगसँगै उठाइए। स्वर्गीय सेनाहरूको एक ठूलो भीड़ उहाँलाई स्वागत जनाउन हाजिर भयो। स्वर्गमा ता झन् असङ्ख्यौं स्वर्गदूतहरूले उहाँको स्वर्गारोहणको प्रतीक्षा गरिरहेका थिए। जब उहाँहरू माथि पवित्र शहरमा पुग्नुभयो, तब उहाँलाई साथमा लिएर जाने स्वर्गदूतहरूले यसो भन्दै कराए, “हे फाटकहरू हो ! आफ्ना शिर उचाल। हे अनन्त ढोकाहरूहो! तिमीहरू उघ्र र महिमाका राजा प्रवेश गर्नुहुनेछ।” तब पवित्र शहरमा उहाँको प्रतीक्षा गरिरहेका स्वर्गदूतहरू बड़ो हर्षसाथ यसो भन्दै कराउनथाले, “यी महिमाका राजा को हुनुहुन्छ?” अनि उहाँका साथमा भएका दूतहरूले उत्तर दिए, “उहाँ शक्तिशाली अनि सर्वसामर्थी प्रभु हुनुहुन्छ! उहाँ अति वीर योद्धा प्रभु हुनुहुन्छ!! हे फाटकहरू हो, आफ्ना शिर उचाल! हे अनन्त ढोकाहरू हो, उघ्र! र महिमाका राजा प्रवेश गर्नुहुनेछ।” फेरि स्वर्गीय सैन्यदलले उच्च स्वरमा भने, “महिमाका राजाचाहिँ को हुनुहुन्छ?” अनि उहाँका साथमा भएका दूतहरूले भने, “सेनाहरूका परमप्रभु! उहाँ नै

महिमाका राजा हुनुहुन्छ!" तब ती स्वर्गदूतहरूको ताँती उहाँलाई साथमा लिएर पवित्र शहरमा पस्यो। अनि शहरभित्र पुगेपछि समस्त स्वर्गीय सेनाले चारैतिरबाट उहाँलाई यति भव्य रूपमा स्वागत, भक्ति एवम् अभ्यर्चना गरे, यहाँसम्म कि उनीहरूले आफ्ना चमकदार मुकुटैसित उहाँका पाउमा घोप्टीकन उहाँलाई दण्डवत् गरे, अनि आफ्ना स्वर्णिम वीणाहरूबाट मधुर ध्वनि र राग निकालेर समस्त स्वर्गै गुञ्जायमान पार्दै उहाँका निम्ति गाए, जो मारिएका थुमा हुनुहुन्थ्यो। उहाँ मरेर पनि फेरि बौरी उठी ऐश्वर्य र महिमामा हुनुहुन्छ।

अर्को कुरा - उहाँ माथि स्वर्गतिर उचालिएर जाँदै गर्नुहुँदा मैले उहाँका चेलाहरूलाई उदास चेहरा लिएर आँखाले भियाइञ्जेल उहाँपट्टि नै हेरिरहेका देखें। त्यति नै बेला दुइजना स्वेत वस्त्रधारी स्वर्गदूतहरूले उनीहरूकै छेउमा उभीकन यसो भने, "हे गालीलका मानिसहरू हो! तिमीहरू किन स्वर्गतिर (छक्क परेर) हेर्दै उभिरहेका छौ? यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ।" त्यसरी परमेश्वरका पुत्रको स्वर्गारोहण भइरहेको दृश्य उहाँका चेलाहरूले मात्रै नदेखेर उहाँकी तथाकथित आमाले पनि देखिन्, र त्यस रात उहाँले त्यति छोटो समयावधिमा गर्नु भएका आश्चर्यकर्महरू र अजीब घटनाहरू बारेमा उनीहरूले चर्चा गरेर बिताए।

त्यसपछि पनि शैतानले उसका दूतहरूसँग सल्लाह गर्दै परमेश्वरको शासनको घोर विरोध गर्दै भन्यो, "जबसम्म पृथ्वीमा मेरो राज्य चल्ला, तबसम्म येशूका अनुयायीहरूलाई अर्थात् येशू अनि तिनको बौरिउठाइ र स्वर्गारोहणमा विश्वास गर्नेहरूमाथि हामीले दशगुणा बेसी शक्ति प्रयोग गरेर तिनीहरूलाई यथासम्भव

जालमा फँसाईकन पर्लक्कै पल्टाइदिन सक्नुपर्छ, यद्यपि येशूमाथि चाहिँ हाम्रो केही सीप चलेन। हेर, येशूले तिनका चेलाहरूलाई तिमीहरूलाई धपाउने, हपार्ने र तिमीहरूले दुःख दिएकाहरूलाई निको पार्ने शक्ति र अधिकार पनि दिएका छन् है। होशियार गर नि!" तब शैतानका दूतहरू येशूका अनुयायीहरूलाई नष्टभ्रष्ट पार्न भनी गर्जने सिंहजस्तै भएर निस्के।

## अध्याय - १२

# खीष्टका चेलाहरू

खीष्टको स्वर्गारोहणपछि उहाँका चेलाहरूले बड़ो सामर्थ्यसाथ उहाँ मुक्तिदाता हुनुहुन्छ, जो हाम्रै निम्ति क्रूसमा बलि भई मर्नुभयो अनि फेरि बौरी उठ्नुभयो भनी प्रचार गरे। उनीहरूले रोगीहरूलाई निको पारे। एकजना ता आमाको गर्भदेखिकै लङ्गड़ो मानिस सम्पूर्ण रूपले निको भएर सबै मानिसहरूका सामुन्ने हिँड्दै, उफ्रँदै र परमेश्वरको प्रशंसा गर्दै उनीहरूसँगै मन्दिरभित्र पस्यो। त्यो कुरा चारैतिर फिँजियो, र मानिसहरू ती चेलाहरूका वरिपरि खचाखच भीड़ लाग्नथाले। त्यो लङ्गड़ो मानिस निको भएको कुरामा धेरै मानिसहरू ताजूप मानेर उसलाई हेर्न दौड़े।

येशू मर्नुभएपछि मुख्य पूजाहारीहरूले अब कुनै आश्चर्यकर्म हुनेछैन अनि अब सबै ठण्डा हुनेछन्, र मानिसहरूले बनाएको रीति-विधितिरै तिनीहरू फर्कनेछन् भन्ने सोचे। तर के प्रभुको काम रोकिन्छ र? तिनीहरूकै बीचमा ती चेलाहरूले आश्चर्यकर्महरू गरे, र मानिसहरू ताजूप मान्दै उनीहरूलाई हेरेका-हेरेकै भए। 'येशूलाई क्रूसमा झुन्ड्याई मारिसकेर पनि चेलाहरूले कहाँबाट यो शक्ति पाएका हुन' भनी तिनीहरूले आश्चर्य प्रकट गर्नथाले। उहाँ संसारमा हुनुहुँदा ता उहाँका चेलाहरूले पनि उहाँबाट शक्ति पाएर आश्चर्यकर्म गर्लान्, बरु गुरुलाई नै मारिसकेपछि आश्चर्यकर्मै बन्द हुनसक्ला भन्ने तिनीहरूको सोचाइ थियो। मानिसहरू जिल्लै परिरहेका देखेर पत्रुसले भने, "हे इस्राएलीहरू हो, यस कुरामा तपाईंहरू किन अचम्भ मान्नुहुन्छ? अथवा हाम्रो आफ्नै शक्ति वा भक्तिद्वारा हामीले यसलाई हिंड्ने तुल्याएजस्तै किन वाल्ल परेर हामीलाई

हेर्नुहुन्छ? अब्राहाम, इसहाक र याकूबका परमेश्वर, अर्थात् हाम्रा पुर्खाका परमेश्वरले आफ्ना पुत्र येशूको महिमा गराउनुभयो, जसलाई तपाईंहरूले चाहिँ पक्राइदिनुभयो, र पिलातसले उहाँलाई छोड़िदिने विचार गर्दा पनि तपाईंहरूले उहाँलाई उनकै सामने अस्वीकार गर्नुभयो। अनि पवित्र र धर्मी जनलाई अस्वीकार गरीकन एउटा ज्यानमारालाई छोड़िदिने माग गर्नुभयो। र जीवनका कर्तालाई तपाईंहरूले मार्नुभयो, जसलाई परमेश्वरले मरेका(हरू)बाट बिउँताउनुभयो, जसका विषयमा हामी साक्षी (गवाही) छौं।" पत्रुसले फेरि भने, "येशूमाथि विश्वास राख्नाले नै यो मानिस, जो पहिला लङ्गड़ो थियो, पूर्ण तौरले निको हुनसकेको हो।" तर मुख्य पूजाहारीहरू र अरु बूढ़ा प्रधानहरूले यी कुरा सहनसकेनन् र उनीहरूमाथि हात हालेर उनीहरूलाई थुनामा राखे। त्यति गरेर पनि हजारौं मानिसहरूले ती चेलाहरूबाट एकै वचन सुनेर उहाँमाथि विश्वास गरे। यो देखेर मुख्य पूजाहारीहरू सब झन् घबराउनथाले। कतै मानिसहरूलाई आफूहरूपट्टि फर्काई ल्याउनसकिन्छ कि भनेर तिनीहरूले येशूलाई मारे, तर समस्या झन् जटिल हुनगयो। उनीहरूले तिनीहरूलाई येशूलाई मारेको कुरामा खुलेआम दोष देखाइदिँदा त्यो कुरा बढ़ेर एक कान, दुई कान, मैदान पो हुने हो कि भनेर तिनीहरू त्राहि-त्राहि हुनथाले। अनि मानिसहरूले पनि हामीलाई के सोच्दा हुन् भनेर सोच्नथाले। तसर्थ तिनीहरूले येशूका चेलाहरूलाई पनि मार्ने विचार गरे, तर त्यसो गर्दा पनि मानिसहरूले तिनीहरूमाथि नै आइलागेर ढुङ्गाले प्रहार गर्लान् कि भन्ने डरले साहस गरेनन्। तब तिनीहरूले महासभा अगाड़ि ल्याइएका चेलाहरूलाई बोलाइपठाए। त्यहाँनेर ती मानिसहरू पनि थिए, जसले ती धर्मी जन अर्थात् येशूलाई 'मारिदेऊ' भनेर आवाज उठाएका थिए। तिनीहरूले पत्रुसलाई 'तिमी पनि येशूका एकजना चेला हौ' भन्दाहुँदि तिनले

डरले शपथ खाँदै र धिक्कार्दै 'म ता होइनँ' भनी येशूलाई इन्कार गर्दै गरेको पनि तिनीहरूले सुनेका थिए। तसर्थ तिनीहरूले पत्रुसलाई फेरि डर देखाउन खोजे, तर पत्रुस भने बद्लिसकेका थिए। एकपल्ट तिनले उहाँलाई तिनीहरूको डरले इन्कार गरे तापनि पछिबाट तिनलेनै उहाँको नाउँलाई उच्च र महिमित तुल्याए। त्यस्ता कायरता यानि डर भन्ने ता पत्रुसको हृदयदेखिन् दूर भइसकेको थियो, र तिनले पवित्र आत्माको सामर्थ्य र साहससाथ निडर भएर तिनीहरूलाई भने, "जुन नासरतका येशूलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, जसलाई परमेश्वरले मुर्दाबाट बिउँताउनुभयो, उहाँकै नाउँद्वारा यो मानिस यहाँ तपाईंहरूका सामुन्ने निको भएर उभिएको छ।" पत्रुसले फेरि भन्दै गए, "यो त्यही ढुङ्गो हो जसलाई तपाईं, निर्माताहरूले रद्द गर्नुभएको थियो, जो अहिले कुनाको शिर-ढुङ्गो हुन आएको छ। नता अरु कसैमा मुक्ति छ, किनकि स्वर्गमनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन, जसबाट हामीले मुक्ति पाउन सक्छौ।"

पत्रुस र यूहन्नाको त्यस्तो साहस देखेर मानिसहरू चकित भए। उनीहरू येशूका साथमा बसउठ गरेका हुनाले नै त्यस्ता भएका होलान् भन्ने मानिसहरूले सम्झे, किनकि उनीहरूको नम्रता र निर्भयता येशूकै जस्तो देखिए, जसले आफूलाई खेदो गर्ने शत्रुहरूसित त्यस किसिमको निर्भयता देखाउनुभएको थियो। जब पत्रुसले येशूलाई इन्कार गरिसके, तब उहाँले पत्रुसलाई एकचोटि कृपापूर्ण तर उदास नजरले हेर्नुभयो, अनि त्यही हेराइले पत्रुसलाई कायल बनायो। पछि तिनले बड़ो साहसपूर्वक ती मानिसहरूकै सामु आफ्ना प्रभुलाई स्वीकार गरे। तब प्रभुले पनि तिनलाई सहृदय ग्रहण गर्नुभयो र आशिष् पनि दिनुभयो। अनि प्रभुले पत्रुसलाई स्वीकार्नुभएको प्रमाणस्वरूप पत्रुस पवित्र आत्माले भरिए।

मुख्य पूजाहारीहरूले ख्रीष्टका चेलाहरूलाई जति नै द्वेष र

घृणा गरे तापनि बाहिर चाहिँ प्रकट गर्नसकेनन्। तिनीहरूले ख्रीष्टका ती चेलाहरूलाई महासभादेखि बाहिर निस्कन लगाए, र तिनीहरूले आपसमा यसो भन्दै सल्लाह गर्नथाले, "यिनीहरूलाई चाहिँ के गर्नुपर्ने हो? किनकि यिनीहरूले गरेको यो आश्चर्यकर्मबारे ता सबै यरूशलेमवासीहरूले पनि थाहा पाइसके, र हामी 'होइन' भन्नसक्तैनौं।" कारण त्यो कुरा फिँजियो भने तिनीहरूको महत्व हराउने र तिनीहरूलाई येशूको हत्याको आरोप लाग्ने डर थियो। केही सीप नलाग्दा तिनीहरूले येशूका चेलाहरूलाई 'आइन्दा येशूको नाममा कुरै नगर, नत्रभने मरौला' भन्दै धम्की दिए। तर पनि पत्रुसले नडराईकन भने, "हामीले देखेका र सुनेका कुराका विषयमा नभनी सक्तैनौं।"

जतिजना रोगी र पीड़ितहरू चेलाहरूकहाँ ल्याइए, ती सबलाई उनीहरूले येशूकै सामर्थ्यद्वारा निको पार्दै गए। त्यो देखेर झन् मुख्य पूजाहारीहरू, फरिसी र शास्त्रीहरू आत्तिए। सैकड़ौं मानिसहरूले ख्रीष्ट मुक्तिदातालाई ग्रहण गरे। तब तिनीहरूले रीसले चूर भएर उनीहरूलाई कैद गरे। 'अब पो ठीक पऱ्यो' भन्दै शैतान र उसका दूतहरू रमाए। तर परमेश्वरका दूतहरूले गईकन झ्यालखानका ढोकाहरू खोलिदिए र उनीहरूलाई बाहिर ल्याएर भने, "जाओ, र मन्दिरमा खड़ा भएर यस जीवनका सारा सन्देश मानिसहरूलाई सुनाओ।" यो आदेश मुख्य पूजाहारीहरूको हुकुमविरुद्ध थियो। अर्को दिन सभा राखियो र ती कैदी प्रेरितहरूलाई झ्यालखानबाट ल्याउन मानिसहरू पठाए। अनि हाकिमहरूले गएर झ्यालखानाका ढोकाहरू खोलेर हेर्दा तिनीहरूले खोजेका कैदीहरू त्यहाँ थिएनन्। त्यसपछि तिनीहरू फर्की आएर महापूजाहारी र बूढ़ा प्रधानहरूलाई यो खबर दिए, "हामीले झ्यालखान ता सुरक्षित साथ थुनिएको, र पालेहरू ढोकाहरूमा भएकै देख्यौं; तर ढोका उघारेर हेर्दा भित्र

कोही मानिसलाई भेट्टाएनौं।" त्यसपछि फेरि अर्को एकजनाले आएर तिनीहरूलाई भन्यो, "हेर्नुहोस्, तपाईंहरूले जुन मानिसहरूलाई थुनामा राख्नुभएको थियो, उनीहरू ता मन्दिरमा खड़ा भएर मानिसहरूलाई शिक्षा दिइरहेछन्।" तब हाकिमहरूका साथमा कप्तान गईकन उनीहरूलाई बलजफत नगरीकन ल्याए, किनभने मानिसहरूले तिनीहरूलाई ढुङ्गाले हान्लान् भनी तिनीहरू डराए। अनि जब तिनीहरूले उनीहरूलाई ल्याएर महासभाको अगाड़ि उभाए, तब प्रधान पूजाहारीले उनीहरूलाई सोधे, "के हामीले तिमीहरूलाई यस (येशू) नाउँमा चाहिँ शिक्षा नदिनू भनेर कड़ा आज्ञा दिएका थिएनौं र? हेर, तिमीहरूले ता तिमीहरूको शिक्षाले सारा यरुशलेम नै भरिसक्यौ, र त्यस मानिसका रक्तपातको दोष हामीमाथि ल्याउन खोज्दछौ।"

तिनीहरू, परमेश्वरलाईभन्दा मानिसहरूका प्रशंसा रूचाउने कपटीहरू थिए। तिनीहरूका हृदय कठोर थिए, त्यसैकारण ती प्रेरितहरूले गरेका अजिब सामर्थ्यका कामहरू देखी तिनीहरूमा ईर्ष्या र क्रोध मात्रै जाग्यो। तिनीहरूलाई थाह थियो यदि ती चेलाहरूले येशूको बारेमा अनि उहाँ क्रूसमा टाँगिनुभएको, बौरी उठ्नुभएको र स्वर्गारोहण हुनुभएको कुराको प्रचार गरे भने तिनीहरूमाथि दोष लाग्ने थियो र तिनीहरू उहाँका हत्याराहरू ठहरिने थिए भनेर। तिनीहरूले आफ्ना पाप-क्षमाका निम्ति येशूको रगतलाई स्वीकार गर्नु ता परै जावस्, तर तिनीहरूले यसो भन्दै उत्तेजित भएर कराएका थिए, "बरु उसको रगत हामीमाथि र हाम्रा सन्तानमाथि परोस्।"

मानिसहरूले भनेका कुरा मान्नुभन्दा परमेश्वरको आज्ञा मान्नु उचित छ भनी ती प्रेरितहरूले निडरतासाथ भने। पत्रुसले भने, "हाम्रा पिता-पुर्खाका परमेश्वरले येशूलाई बिउँताउनुभयो, जसलाई

तपाईंहरूले काठमा झुन्ड्याएर मार्नुभएको थियो। परमेश्वरले इस्राएलको पश्चात्ताप र पापहरूको क्षमाको लागि उहाँलाई राजा र मुक्तिदाता तुल्याईकन आफ्ना दाहिने बाहुलीले उच्च पार्नुभयो। अनि यी सबै कुराका हामी गवाही छौं, र त्यसैगरी पवित्र आत्मा पनि, जसलाई परमेश्वरले आफ्ना आज्ञा पालन गर्नेहरू जत्तिलाई दिनुभएको छ।" यो सुनेर ती हत्याराहरू रिसले चूर भए, र प्रेरितहरूलाई मारेर उनीहरूको रगतले आफ्ना हात रँगाउने विचार गरे। तिनीहरूले उनीहरूलाई मार्ने सल्लाह मिलाइरहेका थिए, त्यसै बेला परमेश्वरका एक जना दूत गमलिएलकहाँ गईकन तिनलाई मुख्य पूजाहारी र अरु शासकहरूका सामु यसो भन्न लगाए, "यी मानिसहरूबाट अलग हुनुहोस् र यिनीहरूलाई छोड़िदिनुहोस्; किनकि यिनीहरूको यो योजना अथवा यो काम मानिसहरूबाट रहेछ भने त्यो मेटिनेछ। तर यदि यो परमेश्वरबाटै हो भनेता तपाईंहरूले यसलाई मेटाउन सक्नुहुन्न, नत्रता तपाईंहरू परमेश्वरको विरुद्धमा उठेका ठहरिनुहोला।" त्यसरी शैतानिक दूतहरूले पूजाहारीहरू र बूढ़ा प्रधानहरूलाई प्रेरितहरूलाई मार्न सुऱ्याए, तर परमेश्वरले उनीहरूको पक्षमा आवाज उठाईकन तिनीहरूलाई रोक्न आफ्ना दूत पठाउनुभयो।

येशूका ती चेलाहरू अर्थात् प्रेरितहरूको काम ता सिद्धिएकै थिएन। उनीहरूले देखेका र सुनेका कुराहरूको गवाही दिनु अर्थात् येशूका निम्ति साक्षी हुनालाई उनीहरू राजाहरूका सामु उभिनु परेको थियो। मुख्य पूजाहारीहरू र अरु बूढ़ा प्रधानहरूले उनीहरूलाई छोड्न ता छोड़े, तर छोड्नभन्दा अघि उनीहरूलाई पिट्दै 'आइन्दा येशूको नाउँमा बोलौला, खबरदार!' भनी चेतावनी दिए। तब उनीहरू उहाँको प्रिय नाउँको खातिर शासना भोग्नु पाएकोमा आफ्नो सौभाग्य सम्झी रमाउँदै र परमेश्वरको प्रशंसा गर्दै सभाघरदेखि

निस्केर आए। त्यसपछि पनि उनीहरूले मन्दिरमा र घर-घरमा येशू नामको प्रचार गर्दै सेवाकार्यलाई जारी राखे। मानिसहरूले उनीहरूलाई आफ्ना घरमा पनि निम्त्याउँथे। त्यसरी परमेश्वरको वचन दिन दुई गुणा र रात चार गुणा बढ्दै र फैलँदै गयो।

शैतानले मुख्य पूजाहारीहरू र फरिसीहरूलाई उल्क्याईकन रोमी सिपाहीहरूलाई घूस दिन लगाएर 'येशूलाई उसकै चेलाहरूले हामी निदाएका बेलामा सुटुक्कै चोरी लगेका हुन्' भनी झूटा अफवाह फैलाएर येशूको बौरिउठाइको सत्य घटनालाई मानिसहरूले थाह नपाऊन् भनेर तिनीहरूले दबाउने कोशिश गरे, तर त्यसलाई सत्य प्रमाणित गर्न गवाहीहरूको ओइरो लाग्दा त्यसमा पनि तिनीहरूको केही सीप चलेन।

अनि मैले देखें, उहाँको बौरिउठाइजस्तो सत्य र अत्यन्त महत्त्वपूर्ण घटना-विवरणको सुरक्षा र संरक्षणको निम्ति स्वर्गदूतहरू खटाइए, कारण त्यही अभूतपूर्व घटनाले नै चेलाहरूलाई स्थिर राख्न लङ्गरको काम गर्नुपरेको थियो अनि गर्नु पनि परेको छ।

पवित्र आत्मा ती प्रेरितहरूमाथि उत्रनुभयो, जोहरू ख्रीष्ट क्रूसमा मर्नुभएको, बौरी उठ्नुभएको र स्वर्गारोहण हुनुभएको घटनाका साक्षी थिए, र त्यही घटनाको सत्यता नै इस्राएलको आशाको आधार बन्नु थियो। सबैले उहाँ, संसारका मुक्तिदातालाई नै आफ्ना आशाका एकमात्र आधार मानेर उहाँले नै आफ्नो प्राण बलिदान गरीकन खोलिदिनुभएको सत्य मार्गमा हिँड्दै परमेश्वरको व्यवस्था पालन गरेर बाँच्नु थियो। जुन भलाइ र आश्चर्यका कामहरू गर्दा यहूदीहरूले प्रभु येशूसित दुश्मनी गरेर उहाँलाई मारेका थिए, त्यही कामहरू गर्नालाई उहाँले चेलाहरूलाई पनि शक्ति र अधिकार दिनुभयो। त्यसैले उनीहरूले पनि उनै येशू नाउँद्वारा दुष्टात्माहरू धपाए, र धेरै आश्चर्यकर्महरू गरे, जुन येशू नाउँलाई दुष्टहरूले

घृणा गरेका थिए, तर उहाँको मृत्यु र बौरिउठाइको अवधिभरि यस्तो ज्योति र महिमा झल्किरह्यो, जसद्वारा पनि उहाँ नै संसारका मुक्तिदाता हुनुहुन्थ्यो र हुनुहुन्छ भन्ने कुरा कहिल्यै नचुक्नेगरी प्रमाणित हुँदछ।

## अध्याय - १३

# स्तिफनसको मृत्यु

यरुशलेममा चेलाहरूको संख्या अत्यन्तै बढ्यो, अनि परमेश्वरको वचन पनि बढ्दै गइरहेको थियो। धेरैजना पूजाहारीहरूले पनि यस विश्वासलाई मानिलिनथाले। स्तिफन्सले विश्वास र शक्तिले पूर्ण भएर मानिसहरूका बीचमा ठूला-ठूला अचम्भका काम र चिन्हहरू गरे। त्यसरी ती पूजाहारीहरूले आफ्ना रीतिविधिहरू अनि बलिदान र भेटीहरू सब छोड़ेर येशू नै सबभन्दा महान् बलिदान हुनुहुन्छ भनी उहाँलाई ग्रहण गरेकाले धेरैजना रिसले चूर भए। स्तिफनसले परमेश्वरबाटै शक्ति पाएर बाँकी पूजाहारीहरू र बूढ़ा प्रधानहरूलाई तिनीहरूका दोष देखाइदिए र येशूलाई महिमा दिए। अनि तिनी जुन बुद्धि र शक्तिद्वारा बोले, तिनीहरूले त्यसको सामना गर्न नसकेर गुप्तमा मानिसहरूलाई उक्साएर यसो भन्न लगाए, "मोशा र परमेश्वरको विरुद्धमा यसले निन्दात्मक कुरा बोलेको हामीले सुन्यौं।" त्यसपछि तिनीहरूले मानिसहरूलाई सुऱ्याए र स्तिफनसलाई पक्रे र झूटा साक्षीहरूद्वारा तिनलाई मन्दिर र व्यवस्थाको विरुद्धमा बोलेको आरोप लगाए। तिनीहरूले यसो भनेर झूटा साक्षी दिए, "यसले यसो भनेको हामीले सुन्यौं, 'नासरतका येशूले यस ठाउँलाई नाश गर्नेछ, र मोशाले हामीलाई दिएका रीतिथिति पनि बदली गरिदिनेछ'।"

स्तिफनसको विरुद्धमा मुद्दा चलाउनेहरू सबले तिनको चेहरामा परमेश्वरको महिमाको ज्योति देखे। र तिनको चेहरा स्वर्गदूतको झैं ज्योतिर्मय देखिँदै थियो। अनि विश्वास र पवित्र आत्माले परिपूर्ण भईकन तिनले भविष्यवक्ताहरूदेखि लिएर ख्रीष्ट येशूको पहिलो

आगमन, उहाँ क्रूसमा मर्नुभएको, बौरी उठ्नुभएको र स्वर्गारोहण हुनुभएको विषयमा वृत्तान्त वर्णन गर्दै तिनीहरूलाई 'परमेश्वर हातले बनाइएका मन्दिरहरूमा बस्नुहुन्न' भनेर पनि बताए। किनकि तिनीहरूले परमेश्वरलाई भन्दा मन्दिरलाई बढ़ता आराध्य मान्थे, र कसैले मन्दिरको विरुद्धमा कुरा गरे तिनीहरू यति विघ्न क्रोधित हुन्थे, जतिको परमेश्वरको विरुद्धमा बोल्दा बरु हुँदैनथिए। अनि आत्मिक जलनले उत्प्रेरित र उत्तेजित भएर स्तिफनसले कराई-कराई भने, "हे दुष्ट र हृदयका बेखतनेहरू हो, तपाईंहरू सधैँ पवित्र आत्माको विरोध गर्नुहुन्छ।" तिनीहरूको हृदय भने भ्रष्टता र दुष्टताले भरिएको थियो। स्तिफन्सले तिनीहरूलाई अझै भन्दै गए, "तपाईंहरूका पुर्खाले जस्तो गरे, तपाईंहरूले पनि त्यस्तै गर्नुहुन्छ। अगमवक्ताहरूमध्ये कुनचाहिँलाई तपाईंहरूका पुर्खाहरूले सताएनन्? उनीहरूले धार्मिक जनको आगमन अघिबाटै घोषणा गर्नेहरू सबैको हत्या गरे। त्यसरी नै तपाईंहरूले पनि उनीहरूको हत्या गर्नुभयो, जसले ती धार्मिक जनको आगमनको समाचार अघाड़िदेखि नै सुनाएका थिए। अब तपाईंहरूचाहिँ उहाँकै विश्वासघातक र ज्यानमारा हुनुभएको छ।"

स्तिफनसको कुरा सुनेर ती मुख्य पूजाहारीहरू र अरु शासकहरू रिसले चूर भए, र तिनीमाथि झम्टन खोजे। तर स्वर्गीय ज्योति तिनीमाथि चम्क्यो, र तिनले पवित्र आत्माले परिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र तिनलाई परमेश्वरको महिमाको दर्शन भयो, र तिनका चारैतिर स्वर्गदूतहरू भेला भए। अनि तिनले उच्च स्वरमा यसो भने, "हेर, स्वर्ग उघ्रेको र मानिसको पुत्रलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको म देख्तछु।" तर तिनीहरूले जोरले चिच्याईकन आफ्ना आफ्ना कान बन्द गरे, र एकमत भएर तिनीमाथि झम्टे, अनि तिनीहरूले तिनलाई शहरदेखि बाहिर निकालेर तिनीमाथि

ढुङ्गा बर्साए। तर पनि स्तिफनसले घुँड़ा टेकीकन यसो भन्दै उच्च स्वरले प्रार्थना गरे, "हे प्रभु, यो पापको दोष यिनीहरूलाई नलागोस्।"

मैले स्तिफनसलाई परमेश्वरका एकजना यस्ता सामर्थी जन देखें, जसलाई परमेश्वरले नै मण्डलीमा एउटा महत्त्वपूर्ण भूमिका निर्वाह गराउनालाई खड़ा गर्नुभएको थियो। तिनलाई ढुङ्गाले हानेर मार्दा ता अरु चेलाहरू रानू हराएको मौरीजस्तो हुन्छन् भन्ने बुझेर शैतान रमाएको थियो। तर शैतानको त्यो रमाहट धेर दिन भएन, कारण त्यसपछि जुन व्यक्तिकहाँ प्रभु येशू प्रकट हुन आँट्नुभएको थियो, तिनी त्यही हूलमा स्तिफनसको हत्याको दृश्यलाई हेरिरहेका थिए। तिनले आफ्नो हातले स्तिफनसलाई ढुङ्गाले नहिर्काएको भए तापनि त्यस हत्याकाण्डमा सहमति ता दिएकै थिए।

शावलले पनि खूब जोशिलो भईकन परमेश्वरको मण्डलीका विश्वासीहरूलाई खोजी-खोजी घर-घरमा गएर पक्रँदै लगेर उनीहरूका हत्याराहरूका हातमा सुम्पिदिन्थे। त्यसरी मण्डलीलाई सताउन शैतानले शावललाई प्रयोग गरिरहेको थियो। तर परमेश्वरले यसरी शैतानको कब्जामा परेकाहरूलाई पनि मुक्त गराउन सक्नुहुँदो रहेछ।

शावल एकजना विद्वान् मानिस हुनाले शैतानले तिनको बौद्धिक योग्यता र प्रतिभालाई परमेश्वरका पुत्र र उहाँका विश्वासीहरूका विरुद्धमा लड्न आफ्नो हतियार बनाइरहेको थियो भने प्रभु येशूले पनि आफ्नो नाउँको प्रचार गराउन र विश्वासीहरूलाई परमेश्वरको सेवाकार्यका निम्ति स्थिर गराउन शावललाई नै आफ्ना चुनिएका पात्र तुल्याउनुभयो। शावललाई यहूदीहरूले तिनको विद्या र कुशलताले गर्दा खूब इज्जत गर्थे र तिनले ख्रीष्टका विश्वासीहरूलाई पनि थरथरी बनाएका थिए।

## अध्याय - १४

# शावलको जीवन-परिवर्तन

खीष्ट येशूको सुसमाचार प्रचार गर्ने पुरुषहरू र स्त्रीहरूलाई पक्री बाँधेर यरुशलेममा ल्याउन अधिकार-पत्र लिएर शावल दमस्कसतर्फ सवार भइरहेका थिए। त्यो देखेर वरिपरि शैतानिक दूतहरू रमाइरहेका थिए। तर बाटामा जाँदैगर्दा अचानक स्वर्गबाट तिनका वरिपरि ज्योति चम्कँदा ती शैतानिक दूतहरू भागे, र शावल दङ्ग भूइँमा पछारिए। त्यतिखेर तिनले यसो भन्दै गरेको आवाज सुने, "हे शावल, शावल, तिमी किन मलाई सताउँछौ?" शावलले सोधे, "प्रभु, तपाईं को हुनुहुन्छ?" अनि यसो भनी उत्तर आयो, "म उही येशू हुँ, जसलाई तिमीले सताउँदैछौ। काँड़ालाई लात हान्नु साह्रो छ है।" अनि लगलग काँप्दै र आश्चर्यचकित हुँदै शावलले भने, "हे प्रभु, मबाट तपाईं के चाहनुहुन्छ अर्थात् म के गरूँ?" तब प्रभुले जवाफ दिनुभयो, "उठेर शहरमा जाऊ, र तिमीले जे गर्नुपर्छ सो तिमीलाई बताइनेछ।"

शावलका साथमा जानेहरू पनि शब्द मात्रै सुनेर कोही पनि नदेख्ता अकमक्क परेर उभिरहे। ज्योति चम्कन छोड़िसकेपछि शावल उठे, र आँखा उघारेर हेर्दा तिनले त्यहाँ कोही देखेनन्, कारण अकस्मात् तेजोमय ज्योति चम्केपछि तिनले देख्नै छोड़े। त्यसो हुँदा तिनीहरूले तिनलाई हातमा समाती डोऱ्याएर दमस्कसमा ल्याए, अनि तीन दिनसम्म तिनी दृष्टिहीन रहे र तिनले केही खाएनन् र केही पनि पिएनन्। त्यसपछि प्रभुले आफ्ना दूतलाई उही मानिस अर्थात् हननियाकहाँ पठाउनुभयो, जसलाई पक्रेर झ्यालखानमा हाल्ने विचारले नै शाउल हिँड़ेका थिए। अनि ती दूतले गएर हननियालाई

दर्शन दिई भने, “ए हननिया, उठ र ‘सीधा’ नामक गल्लीमा जाऊ, र त्यहाँ यहूदाको घरमा शाउल नाउँ भएका टार्सस-निवासीलाई खोज, किनकि तिनी प्रार्थना गरिरहेका छन्, अनि तिनले दर्शनमा हननिया नाउँ भएका एकजना मानिस भित्र आएर तिनले दृष्टि पाऊन् भनेर आफूमाथि उनका  हात राखेका देखेका छन्।”

यो कतै भ्रम ता होइन भनी मनमा प्रश्न गर्दै हननिया एकछिनसम्म अनकनाए र शाउलको विषयमा आफूले सुनेका कुराहरू सुनाउनथाले। तर प्रभुले भन्नुभयो, “जाऊ, किनकि अन्यजातिहरू, राजाहरू र इस्राएलका सन्तानका सामुन्ने मेरो नाउँको साक्षी हुन तिनी मेरा निम्ति एक छानिएका पात्र हुन्। किनकि मेरो नाउँको खातिर तिनले कति धेरै कष्ट भोग्नुपर्छ, सो म तिनलाई देखाउनेछु।”

तब हननिया प्रभुको निर्देशानुसार गएर त्यस घरमा पसे, र शाउलमाथि तिनले आफ्ना हात राखीकन भने, “भाइ शाउल, तिमी आउँदैगर्दा जुन प्रभु तिमीकहाँ बाटामा देखा पर्नुभयो, उहाँले नै तिमीले दृष्टि पाऊ र तिमी पवित्र आत्माले भरिपूर्ण होऊ भनी मलाई पठाउनुभएको छ।” त्यसपछि तुरन्तै तिनी देख्ने भए, अनि उठेर बप्तिस्मा लिए। त्यसपश्चात् तिनले सभाघरहरू हुँदा गएर येशू नै परमेश्वरका पुत्र ख्रीष्ट हुनुहुँदो रहेछ भनी प्रचार गर्नथाले। तिनलाई त्यसरी प्रचार गरिरहेका देखेर मानिसहरू छक्क परेर यसो भन्दै आपसमा कुरा गर्नथाले, “यो नाउँ लिने जत्तिलाई यरुशलेममा संहार गर्ने र यहाँ पनि तिनीहरूलाई बाँधेर मुख्य पूजाहारीहरूकहाँ लैजाने अभिप्रायले आउने उही होइन र?” तर शाउल अरु बढ़ी शक्तिशाली हुँदैगए, र यहूदीहरूलाई निरूत्तर बनाई अकमक्क पारे। अनि पवित्र आत्माको सामर्थ्यमा तिनले आफ्नो अनुभव बताए। त्यसभन्दा अघि शाउलले येशूको विरोध गरेको र येशूमाथि विश्वास गर्नेहरूलाई खोजी-खोजी पक्रेर लगी तिनीहरूलाई मार्न सुम्पिदिएको

कुरा त सबैलाई विदितै थियो। त्यसरी तिनको अप्रत्याशित र आश्चर्यजनक परिवर्तनले गर्दा धेरैले येशूमाथि विश्वास पनि गर्नथाले। अनि शाउलले भने, "मैले खीष्टका विश्वासीहरू - के पुरुष के स्त्री - सबलाई बाँधेर लगी झ्यालखानमा थुन्दै र मृत्युसम्म सताउँदै थिएँ, अनि त्यही उद्देश्य लिएर म दमस्कसतर्फ जाँदैगर्दा अकस्मात् स्वर्गबाट एउटा ठूलो ज्योति मेरो वरिपरि चम्क्यो, र येशू स्वयम् मकहाँ प्रकट भईकन उहाँ नै परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित गर्नुभयो। शाउलले निर्भयसाथ खीष्ट प्रचार गरे, साथै तिनमा यस्तो प्रभावशाली प्रतिभा यानि विशेषता पनि थियो। त्यो के हो भने, - पहिलो ता तिनलाई शास्त्रको राम्रो ज्ञान थियो। त्यसमाथि पनि तिनी खीष्टमा आइसकेपछि खीष्टका सम्बन्धमा भएका भविष्यवाणीहरू तिनलाई अझ छर्लङ्ग गरी प्रकाशित भयो, जसले गर्दा तिनलाई सत्य के हो र कुन हो - प्रमाणित गरी देखाउन अनि भूल अर्थ लाइएका र दुरुपयोग गरिएका शास्त्रका कुराहरूलाई सच्याउन तिनलाई सुविधा भयो। अनि पवित्र आत्माले नै प्रेरित भएर तिनले आफ्ना श्रोतावर्गलाई बड़ो स्पष्ट र प्रभावशाली ढङ्गमा शास्त्रका भविष्यवाणीहरू कसरी खीष्ट येशूको पहिलो आगमन (जन्म), उहाँको शासन, उहाँको मृत्यु र उहाँको पुनरुत्थान भएका थिए, जो पूरा भए भनी प्रमाणित गरी बताइदिए।

## अध्याय - १५

# यहूदीहरूले पाउललाई मार्ने मतो गरे

पाउलको अनुभवपूर्ण गवाहीले मानिसहरू प्रभावित भएका देखेर मुख्य पूजाहारीहरू र शासकहरूले तिनीसित पनि द्वेष गर्नथाले। तिनले निर्भयसाथ प्रचार गर्दै येशूकै नाउँमा आश्चर्यकर्म गरेका औ भीड़का भीड़ मानिसहरूले तिनीबाटै ध्यानपूर्वक वचन सुनीकन आफ्ना रीतिथिति त्यागी सुसमाचार ग्रहण गरेका देखेर तिनीहरू झन् अग्निशर्मा नै भएर तिनीहरूले आपसमा यसो भन्नथाले, "यो शाउल (पाउल)ले ता तहल्कै मचाइसक्यो। अब यसलाई चूप पार्नको लागि सर्वोत्तम उपाय के होला?" आखिरमा शाउललाई नै मारेर मात्रै उनीहरूको त्यो समस्या हल हुनेछ भन्ने कुरामा तिनीहरू सहमत भए। तर परमेश्वरले तिनीहरूको आशय बुझेर पाउलको रक्षार्थ स्वर्गदूतहरू खटाउनुभयो, किनकि तिनले आफ्नो सेवाकार्य पूरा गर्नु र ख्रीष्टका निम्ति दुःख भोग्नु थियो।

यहूदीहरूले आफूलाई मार्न खोजिरहेको कुरा पावलले थाह पाए। शैतानले ती अविश्वासी यहूदीहरूलाई सुऱ्याएकोले तिनीहरू तिनलाई मार्न रातदिन शहरका ढोकाहरूमा ढुकेर बसे। तर तिनका चेलाहरूले तिनलाई राती नै डालोमा हाली पर्खालबाट ओह्रालिदिए। तब ती यहूदीहरू हेरेका हेरेकै भए अनि शैतानको योजना पनि विफल भयो। अनि पावल यरुशलेममा गएर चेलाहरूसँग मिल्ने कोशिश गरे, तर तिनीहरूलाई तिनी पनि चेला भएका छन् भन्ने पत्यार नहुँदा सबै तिनीसँग डराए। एकातिर दमस्कसमा भएका

यहूदीहरूले आफूलाई मार्न खोजिरहेका, अर्कातिर आफ्नै विश्वासी भाइहरूले आफूलाई तिनीहरूका साथमा राख्न डराएकाले गर्दा तिनी फसादमा परे। तर बर्णाबासले तिनलाई साथमा लिएर प्रेरितहरूकहाँ लगे। अनि शाउलले प्रभुलाई बाटोमा देखेका र प्रभु तिनीसँग बोल्नुभएको र तिनले दमस्कसमा साहससित येशूको नाउँमा प्रचार गरेका तिनीहरूलाई बताइदिए।

तर शैतानले पावललाई मार्नको लागि यहूदीहरूलाई सुऱ्याइरह्यो। त्यसपछि प्रभुले तिनलाई यरुशलेम छोड़ेर जान आदेश दिनुभयो। अनि तिनी अरु अरु शहरहरूमा येशूकै प्रचार गर्दै र आश्चर्यकर्महरू गर्दै जाँदा धेरै मानिसहरूले विश्वास गरे। अझ एकजना जन्मैदेखिको लङ्गड़ो मानिसलाई निको पार्दा ता लिस्त्रा नामक ठाउँका मूर्तिपूजक मानिसहरूले पावल र बर्णाबासलाई तिनीहरूका देवताहरूका अवतार ठानेर बलिपूजा गर्नआँटेका थिए। तर त्यो देखेर पावलले दुःख प्रकट गर्दै तिनीहरूलाई भने, "हजुरहरू हो, तपाईंहरू किन यस्तो काम गर्नुहुन्छ? हामी पनि तपाईंहरूजस्तै मानिस हौं। हामीले ता उनै परमेश्वरको पो उपासना गर्नुपर्छ, जसले स्वर्ग, पृथ्वी, सागर र तिनमा भएका यावत् थोक सृष्टि गर्नुभयो।" त्यसरी पावलले तिनीहरूका सामु परमेश्वरलाई महिमा दिए, तर पनि तिनीहरूलाई मुश्किलले नै रोक्नसके। त्यसपछि ती मानिसहरूले सत्य परमेश्वरलाई विश्वास गर्न र उहाँलाई आदर-भक्ति चढ़ाउन थाल्दैथिए, तर त्यहाँ पनि पावलद्वारा भएको परमेश्वरको कामलाई नष्ट-भ्रष्ट पार्नलाई शैतानले अविश्वासी यहूदीहरूलाई सुऱ्याएर पावललाई खेदो गर्न लगायो। ती यहूदीहरूले पावलको विरुद्धमा झूटा झूटा आरोप लगाएर ती मानिसहरूको मनमा पावलप्रति घृणा उत्पन्न गराइदिए, र जुन मानिसहरूले केही समयअघि पावललाई देवावतार ठानेर पूजा गर्नआँटेका थिए, तिनीहरूले नै उही पावललाई ढुङ्गाले हाने, र

मरेछन् भन्ठानेर तिनलाई शहरदेखि बाहिर घिस्याएर लगे। तर जब चेलाहरू तिनका वरिपरि तिनका निम्ति शोक मानिरहेका थिए, तब तिनी उठे, र शहरभित्र पसे। त्यसपछि तिनीहरूको शोक आनन्दमा परिणत भयो।

त्यहाँ पनि पावलले येशूकै प्रचार गर्दैथिए। एकजना जोखना हेर्ने आत्मा भएकी स्त्री उनीहरूका पछि पछि यसो भन्दै कराउनथाली, "यी मानिसहरू सर्वोच्च परमेश्वरका सेवकहरू हुन्, जसले हामीलाई मुक्तिको बाटो देखाउँछन्।" त्यसरी त्यसले धेरै दिनसम्म उनीहरूलाई पछ्याइरही। त्यसले त्यसरी कराइदिँदा मानिसहरूको मन अन्यन्त्र भड्कन्थ्यो र सत्य वचनपट्टि ध्यानाकर्षित हुन सक्तैनथ्यो। त्यो पनि मानिसहरूले प्रेरितहरूका कुरा सुन्नै नपाऊन् भनेर तिनीहरूको मन खल्बल्याइदिने शैतानको युक्ति थियो। त्यो देखेर पावलले दिक्कै मानीकन फनक्कै फर्केर त्यस दुष्टात्मालाई भने, "येशू खीष्टको नाउँमा म तँलाई त्यसबाट निस्कने आज्ञा गर्दछु।" तब त्यतिनै खेर त्यसबाट दुष्टात्मा निस्केर गयो।

ती प्रेरितहरूका पछि पछि त्यो स्त्री कराइहिँड्दा त्यसका मालिकहरू खुशी थिए; तर त्यसबाट दुष्टात्मा निस्केर गएपछि त्यही स्त्री खीष्टकी शिष्या बन्नथालेकी देखेर तिनीहरू अग्निशर्मा भए। किनकि त्यस स्त्रीले जोखना हेर्ने काम गरेर तिनीहरूका निम्ति धेरै पैसा कमाइदिएकी थिई, अब त्यो सब हरायो। शैतानको युक्ति विफल भयो। त्यसो हुँदा तिनीहरूले पावल र सिलासलाई समातेर बजारको चौकमा शासकहरूकहाँ तान्दै लगे, र हाकिमहरूकहाँ ल्याएर भने, "यी मानिसहरू यहूदीहरू भईकन हाम्रो शहरमा गोलमाल मच्चाइरहेछन्।" तब भीड़ उनीहरूका विरुद्धमा उठे, र शहरका हाकिमहरूले आफ्ना लुगा च्यातेर फालिदिए, र 'यिनीहरूलाई छड़ी लगाओ' भनी हुकुम गरे। तिनीहरूले उनीहरूलाई निकै छड़ी

लगाएपछि झ्यालखानमा हालिदिए, र तिनीहरूलाई सुरक्षित राख्नू भनी तिनीहरूले झ्यालखानका हाकिमहरूलाई हुकुम दिए। त्यस्तो हुकुम पाएर तिनले उनीहरूलाई झ्यालखानको भित्री भागमा लगेर उनीहरूका खुट्टामा ठिँगुरो ठोकेर राखिदिए। तर परमेश्वरका दूतहरूले झ्यालखानभित्र पनि उनीहरूलाई साथ दिए। परमेश्वरले ती आफ्ना चुनिएका सेवकहरूका साथमा रही काम गर्दै नै हुनुहुन्छ भनी मानिसहरूलाई प्रमाणित गरी देखाइदिनुभयो।

आधा राततिर पावल र सिलास प्रार्थना गर्दै परमेश्वरका भजन गाइरहेका थिए। एक्कासि एउटा ठूलो भैंचालो गयो, र झ्यालखानाका जगहरू हल्लिए, र तुरन्तै परमेश्वरका दूतले सबका बन्धन खोलिदिएका मैले देखें। झ्यालखानका हाकिम निद्राबाट ब्यूँझे, र झ्यालखानाका ढोकाहरू उघ्रेका देखेर कैदीहरू सबै भागिसके भन्ठानेर मृत्यु-दण्ड पाउने डरले तिनले आत्महत्या गर्न आँटेका मात्रै थिए, त्यतिखेरै पावलले चर्को सोरले यसो भन्दै कराए, "तपाईंले आफूलाई केही नोक्सानी नगर्नुहोस्, किनकि हामी सबै यहीँ छौं।" तब परमेश्वरकै शक्तिद्वारा ती झ्यालखानाका हाकिमको हृदय कायल भयो। अनि बत्ती मागेर तिनी हामफाल्दै भित्र आए, र डरले काम्दै पावल र सिलासका अगाड़ि घोप्टो परे। त्यसपछि उनीहरूलाई बाहिर ल्याईवरी तिनले भने, "हजुरहरू हो, उद्धार (मुक्ति) पाउनालाई मैले के गर्नुपर्छ?" तब उनीहरूले उत्तर दिए, "प्रभु येशू ख्रीष्टमाथि विश्वास गर्नुहोस्, र तपाईंले उद्धार पाउनुहुनेछ, साथै तपाईंको परिवारले पनि।" तब झ्यालखानाका हाकिमले आफ्ना समस्त परिवारलाई जम्मा गरे, र पाउलले उनीहरूलाई ख्रीष्ट येशूको विषयमा सुसमाचार सुनाए। तत्पश्चात् ती हाकिमले प्रेरितहरूप्रति सहानुभूति प्रकट गर्दै उनीहरूका घाउ धोइदिए, र त्यही रात तिनी साथै तिनका परिवारले बप्तिस्मा पनि लिए। अनि तिनले उनीहरूका

सामु भोजन राखिदिए र परमेश्वरमा विश्वास गरेर आफ्ना परिवारकाहरूसित आनन्द मनाए।

परमेश्वरको त्यो महिमान्वित सामर्थ्यको चर्चा चारैतिर फिँजियो, जुन सामर्थ्यद्वारा झ्यालखानका ढोकाहरू आफैआफ उघ्रेका थिए र झ्यालखानका हाकिम र तिनको परिवारकाहरूले नयाँ जीवन पाईकन बप्तिस्मा लिएका थिए। त्यहाँका शासकहरूले यी कुराहरू सुनेर भयभीत भईकन झ्यालखानका हाकिमकहाँ यसो भनिपठाए, "पावल र सिलासलाई छोड़िदिनुहोस्।" तर पावलले तिनीहरूलाई भने, "हामी रोमी नागरिकलाई दोषी नै नठहराईकन उनीहरूले मानिसहरूका सामु पिटे, र झ्यालखानमा पनि हाले, र अहिले हामीलाई सुटुक्कै निकाल्न खोज्छन्? यो हुन सक्तैन। उनीहरू आफै आऊन् र हामीलाई निकालेर लैजाऊन्।" त्यसरी प्रकट भएको परमेश्वरको सामर्थ्यलाई गुप्तमा राख्न पावल र सिलास चाहँदैन थिए। ती सिपाहीहरूले हाकिमहरूलाई यी कुरा सुनाए। तिनीहरू त रोमी नागरिक रहेछन् भन्ने सुनेर तिनीहरू झन् डराए, अनि तिनीहरू आईकन उनीहरूसँग क्षमा मागे र उनीहरूलाई बाहिर ल्याईकन शहर छोड़ीकन जाने अनुरोध गरे।

## अध्याय - १६

# पावलको यरुशलेम-भ्रमण

ख्रीष्टमा नयाँ जीवन पाएपछि पावलले ख्रीष्टकै प्रचार गर्दै र उहाँको अद्‌भुत अनुग्रहको विषयमा सुनाउँदै यरुशलेम भ्रमण गर्नथाले। तिनले आफ्नो अद्‌भुत जीवन परिवर्तन बारे गवाही दिए, तर त्यसले गर्दा पूजाहारीहरू र अन्य शासकहरू रिसले चूर भएर तिनको ज्यान हत्याउन खोजे। तिनले प्रार्थना गरिरहेको बेलामा, तिनको ज्यान बचाउनको लागि प्रभु येशूले फेरि तिनलाई दर्शन दिई भन्नुभयो, "तिमी झट्टै यरुशलेमदेखि निस्किहाल, किनकि तिनीहरूले मेरो विषयमा तिम्रो गवाही सुन्ने नै छैनन्।" तर पावलले यसो भनी विन्ती गरे, "हे प्रभु, तपाईंमा विश्‍वास गर्नेहरूलाई मैले कैद गरेको र प्रत्येक सभाघरमा पिटेको ता तिनीहरूलाई थाहै छ; अनि तपाईंका सेवक शहीद स्तिफनसको रक्तपात हुँदा पनि म छेउमा उभिएर तिनलाई मार्ने काममा सहयोग पुऱ्याउँदै तिनका हत्याराहरूका लुगाहरूको रखवारी गर्दै थिएँ।"

तिनको जुन जीवन परिवर्तन भयो, त्यो परमेश्‍वरकै शक्तिद्वारा भएको भन्ने बुझेर यरुशलेमका यहूदीहरूले तिनको गवाहीको विरोध गर्नेछैनन् भन्ने पावलले सोचेका थिए। तर प्रभु येशूले तिनलाई भन्नुभयो, "जाऊ, किनकि अब उसो म तिमीलाई टाढ़ा अन्यजातिहरूकहाँ पठाउनेछु।"

पावलले आफू यरुशलेममा नहुँदा आफ्ना अनुभवहरू उल्लेख गर्दै धेरैवटा पत्रहरू विभिन्न ठाउँमा पठाए अनि प्रभावशाली गवाहीपूर्ण जीवन बिताए। तर कतिपय मानिसहरूले भने तिनका पत्रहरूमा जुन प्रभावकारिता थियो, सो बिगार्न खोजे। आखिरमा तिनीहरूले पनि तिनका पत्रको गहनतालाई मानिलिन कर लाग्यो।

मैले देख्दाहुँदि पनि पावल एक विद्वान् मानिस थिए, अनि तिनको ज्ञान एवम् भद्रताले तिनका श्रोतावर्ग पनि दङ्ग पर्थे। अरु विद्वान्हरू पनि तिनको ज्ञान देखेर प्रसन्न हुन्थे, र धेरैजनाले ता खीष्टमाथि विश्वास पनि गरे। तिनले राजाहरू र विराट जनसभा सामु पनि यति वाक्पटुतापूर्वक बोले, यहाँसम्म कि त्यहाँका सबलाई तिनले प्रभावित पारिदिए। त्यो देखेर पूजाहारीहरू र फरिसी-शास्त्रीहरू झन् रिसले आगो भए। पावलले सहजै मानिसलाई गम्भीर तर्कात्मक ढङ्गमा आकाश-पाताल देखाईकन तिनीहरूलाई विचारमग्न तुल्याएर परमेश्वरको अनुग्रहको अथाह धन एवम् खीष्टको अजीब प्रेमको सप्रमाण चित्रण गरी विश्वास गराउन सक्थे। त्यसपछि साधारण मानिसहरूको बुझ्ने क्षमताअनुसार सरल र प्रभावशाली ढङ्गमा आफ्ना अनुभवहरू बताउँथे, जसले गर्दा मानिसहरूका मनमा पनि खीष्टका अनुयायी हुने उत्कट इच्छा जागृत हुन थाल्यो।

प्रभुले पावललाई तिनी फेरि यरुशलेम जानुपर्ने र त्यहाँ उहाँको नाउँको खातिर बाँधिमाग्नु र कष्ट खप्नुपर्ने कुरा प्रकट गरिदिनुभयो। अनि यद्यपि तिनी लामो समयावधिसम्म कैदमा रहे, तथापि तिनीद्वारै प्रभुले विशेष रूपले कार्य सञ्चालन गरिरहनुभयो। वास्तवमा भनौं भने पावल बन्धनमा पर्नुको तात्पर्य नै खीष्टको ज्ञानको विस्तार भईकन परमेश्वरकै महिमा हुनु थियो। तिनलाई जाँचको निम्ति एउटा शहरदेखि अर्को शहर पठाउँदा राजाहरू र राज्यपालहरूका सामु तिनलाई खीष्टको सुसमाचार साथै आफ्नो जीवन-परिवर्तन बारे गवाही दिने मौका मिल्यो। त्यस प्रकारले तिनीहरू सबलाई खीष्टका बारेमा गवाही नदिई छोड़िएन। हजारौंले उहाँमाथि विश्वास गरी उहाँको नाउँमा आनन्दित भए। अनि मैले पावलको जलयात्राद्वारा पनि परमेश्वरको विशेष उद्देश्य पूरा भएको देखें किनकि नाविकहरूले पावलद्वारा परमेश्वरको सामर्थ्य देख्न पाए। अर्को कुरा, मूर्तिपूजक

अन्यजातिहरूले ख्रीष्टको नाउँ सुने, र तिनीबाट शिक्षा पाएर अनि तिनीद्वारा आश्चर्यकर्महरू देखेर धेरैजनाको जीवन परिवर्तन भयो। तिनका युक्तिसंगत कुराहरू सुनेर राजाहरू र हाकिमहरू पनि मानौं मन्त्रमुग्ध हुन्थे। अनि तिनले आत्मिक जोश र पवित्रात्माको सामर्थ्यमा ख्रीष्टको सुसमाचार प्रचार गर्दा र तिनले अनुभव गरेका रोचक घटनाको वर्णन गर्दा साँच्चै येशू परमेश्वरका पुत्र हुनुहुँदो रहेछ भन्ने निष्कर्षमा पुगेर तिनीहरू कायल पनि हुन्थे; अनि कति तिनको कुरा सुनेर आश्चर्यचकित हुँदै थिए, तर राजा अग्रिपासले चाँहि भने, "तिमीले मलाई झण्डै इसाई बनाइदियौ।" त्यति सुनेर पनि तिनीहरूले आफूले सुनेका कुराहरूका बारेमा पछि कुनै समयमा विचार गरौंला भनी सोचे मात्रै। तिनीहरूले त्यसरी आनाकानी गर्दै त्यस शुभ अवसर हुँदै अर्थात् हृदय कायल हुँदै विलम्व गरिबस्दा शैतानले मौका छोप्यो र तिनीहरूका हृदयलाई कठोर पारिदियो।

प्रथमतः शैतानले यहूदीहरूकै आँखालाई बन्द गरिदियो। त्यसो हुँदा तिनीहरूले येशूलाई मुक्तिदाताको रूपमा ग्रहण गर्न चाहेनन्। अर्को कुरो, उसले तिनीहरूको हृदयमा उहाँका सामर्थ्यशाली कार्यहरूका कारण उहाँप्रति ईर्ष्या र द्वेष उब्जाइदिएर उहाँको हत्या गर्न तिनीहरूलाई सुऱ्यायो। ख्रीष्टकै एकजना चेलाभित्र पनि शैतानले प्रवेश गरेर उहाँलाई तिनीहरूका हातमा सुम्पाइदियो, र तिनीहरूले उहाँलाई अर्थात् महिमाका प्रभुलाई क्रूसमा झुन्ड्याए। फेरि ख्रीष्ट येशू मरेकाबाट बौरी उठिसकेपछि पनि ती यहूदीहरूले रोमी सिपाहीहरूलाई घूस दिईवरी झूटा साक्षी दिन लगाईकन उहाँ बौरी उठ्नुभएको सत्य घटना आधारित कुरालाई दबाउन खोजेर पापमाथि पनि महापाप गरे। तर तिनीहरूले दबाएर दब्ने कुरो थिएन, किनकि ती साक्षीहरूको समूहले जो उहाँका साथमा बौरी उठेका थिए - उहाँको बौरिउठाइको सम्बन्धमा अझ निश्चित रूपले प्रमाणित

गरिदिए। अनि येशू ख्रीष्ट आफ्ना चेलाहरूकहाँ, साथै एकै पल्टमा पाँचसयभन्दा बढ़ी भाइहरूकहाँ एकसाथ देखा पर्नुभयो, अनि उनीहरू पनि, जसलाई उहाँले आफ्ना साथमा ल्याउनुभयो, येशू बौरी उठ्नुभएको प्रमाणसाथ धेरैजनाकहाँ देखा परे।

शैतानले ती यहूदीहरूलाई उल्क्याएर परमेश्वरका पुत्रलाई इन्कार गर्न र उहाँलाई क्रूसमा टँगाई उहाँको रक्तपात गराईकन तिनीहरूका हात कलङ्कित पार्न लगायो। अनि येशूको विषयमा उहाँ परमेश्वरका पुत्र अर्थात् संसारका मुक्तिदाता हुनुहुन्छ भनेर जत्तिकै अकाट्य रूपले प्रमाणित गरिए तापनि यस कुरालाई तिनीहरूले स्वीकार नगरेर उहाँलाई बरु हत्या गरे। त्यसरी नै तिनीहरूले ख्रीष्टका चेलाहरू अर्थात् प्रेरितहरूलाई पनि सताउन र हत्या गर्न छोड़ेनन्। तिनीहरूलाई येशू नामभन्दा अप्रिय अरु कुनै शब्द लाग्दैनथियो, र यो नाउँसम्बन्धी कुनै कुरा पनि तिनीहरूले पटक्कै सुन्न माग्दैन थिए। उदाहरणार्थ, जब स्तिफनसद्वारा पवित्र आत्माले येशू ख्रीष्ट परमेश्वरकै पुत्र हुनुहुन्छ भनी प्रमाणित गरी देखाउनथाल्नुभयो, तब तिनीहरूले सुन्न नपरोस् भनेर आफ्ना कान बन्द गरे, र स्तिफन्सलाई ढुङ्गाले हानेर मारे; तर परमेश्वरले तिनलाई आफ्नो महिमामा अँगालेर लानुभयो। त्यसैगरी शैतानले ख्रीष्टका हत्याराहरूलाई आफ्नो हतियार बनाईकन आफ्नो मुठ्ठीमा राखेर ख्रीष्टका अनुयायीहरूलाई बारम्बार सताइरह्यो। त्यतिमात्र भएन, उसले यहूदीहरुद्वारै येशू नाउँ र यस नाउँमाथि विश्वास गर्नेहरूका विरुद्धमा अन्यजातिहरूलाई समेत उल्क्यायो। तर पनि परमेश्वरले आफ्ना दूतहरू पठाईकन उनीहरूले देखेका र सुनेका कुराहरूका साक्षी दिऊन् भन्ने हेतुले प्रभुका ती कार्यरत भक्तजनलाई स्थिर गर्नुभयो, र अन्तमा उनीहरूकै शहीद-रक्तले उनीहरूद्वारा दिइएका साक्षीमाथि छाप लगाउनुभयो।

यहूदीहरूलाई आफ्नो मुठ्ठीमा राखिराख्न सकेकोमा शैतान

खुशी थियो। उनीहरूले आफ्ना व्यर्थका रीतिथितिहरू र बलिदानहरूमै आस्था राखिरहे। वास्तवमा मानिसको पापको लागि प्रायश्चितको बलिदान त्यतिखेरै पूरा भएको थियो, जब ख्रीष्टले क्रूसमा झुन्डीकन 'अब सिद्धियो' भनीवरी प्राण त्याग्नुभयो, र मन्दिरको पर्दा टुप्पादेखि फेदसम्म दुई भाग भएर च्यातियो, जसको साङ्केतिक अर्थचाहिँ त्यहाँदेखि यसो पूजाहारीहरूको बलिदान र भेटी आदिको आवश्यकता पर्दैन भन्ने थियो। त्यसको अर्थ यो पनि थियो, कि त्यहाँदेखि यसो यहूदीहरू र अन्यजातिहरू बीचको पार्थक्य-पर्खाल पनि तोड़िएको थियो। ख्रीष्टले जुन प्रायश्चितको बलिदान स्वरूप आफैलाई अर्पण गर्नुभयो, त्यो दुवैकै लागि थियो। हामीले - चाहे यहूदी चाहे अन्यजाति - केवल उहाँलाई हाम्रो पापको प्रायश्चितको बलिदान अनि संसारका मुक्तिदाताको रूपमा ग्रहण गर्नु मात्रै रह्यो।

येशू ख्रीष्ट क्रूसमाथि नै हुनुहुँदा एकजना सिपाहीले उहाँको कोखामा भालाले रोप्यो, र त्यसबाट रगत र पानी निस्क्यो। त्यहाँ रगत र पानीको धारा अलग-अलगै थियो। त्यसले के देखाएको थियो भने - रगतले उनीहरूका पाप धोई शुद्ध पारिन्छ, जसले उहाँको नाउँमा विश्वास गर्छन्, अनि पानीले त्यो जिउँदो पानीलाई सङ्केत गर्दछ, जुनचाहिँ ख्रीष्टले आफूमाथि विश्वास गर्नेहरूलाई जीवन दिनलाई दिनुहुन्छ।

## अध्याय - १७

# ठूलो धर्म-त्याग

त्यसपछि म त्यस समयको दर्शनमा आइपुगें, जुन समयमा मूर्तिपूजक अन्यजातिहरूले ख्रीष्टियानहरूलाई सताई सताई मारिरहेका थिए। रगतको भल बगिरहेको थियो। भद्र मानिसहरू, विद्वान्‌हरू र साधारण मानिसहरू सबलाई त्यसैगरी निर्मम हत्या गरिरहेका थिए। ती अन्यजातिहरूको धर्ममतको अनुसरण नगरेको खण्डमा धनवान् ख्रीष्टियानहरू पनि कङ्गाल हुनुपर्‍यो। त्यति भयानक खेदो र सतावट सहन परे तापनि ती ख्रीष्टियानहरू किञ्चित् पनि ढलपल नभई विश्वासमा स्थिर रहे। मैले देखें - ती परमेश्वरका जनहरूले शास्ति पाएका देखेर शैतान खूबै रमाएको थियो। तर अर्कोपट्टि परमेश्वरले त्यस डरलाग्दो समयमा शहीद भएका र सतावटमा परेका आफ्ना लोकहरूप्रति कृपादृष्टि राख्नुभयो, कारण उनीहरूले उहाँका निम्ति तत्परतासाथ सतावट खपे। उनीहरूले जति सतावट सहे, त्यति नै धेरै स्वर्गमा इनाम पनि पाए। ती पवित्र जनहरूले सहेका सतावट देखेर शैतान क्षणिक तौरले खुशी भए तापनि अझै ऊ सन्तुष्ट थिएन। ती ख्रीष्टियानहरूले जति सतावट र दुःख सहे, त्यति नै उनीहरू परमेश्वरका नजिक-नजिक हुँदै गए अनि आपसमा अझै बेसी प्रेम राख्नथाले र अझ धेर परमेश्वरको भय मान्न थाले। शैतानले ता उनीहरूले परमेश्वरलाई दुःखित तुल्याएर उनीहरू कमजोर, अधीर र अस्थिर होऊन् भन्ने चाहना राखेको थियो। हजारौं सन्तहरू मारिए तापनि सट्टामा अरु-अरु निस्किहाले। तसर्थ जब शैतानले आफ्नो योजना विफल हुने र ख्रीष्ट-विश्वासीहरूलाई सताउँदा र मार्दा उनीहरू झन् ख्रीष्टका नजिक गएर उहाँको राज्यका भागीदार हुने देख्यो, तब उसले झन् चतुरतापूर्वक

र सफलतापूर्वक परमेश्वरको राज्यविरुद्ध अर्कै उपायद्वारा उहाँको मण्डलीलाई परास्त गर्ने षड्यन्त्र रच्यो। उसले ती मूर्तिपूजक अन्यजातिहरूलाई केही मात्रामा खीष्टियान धर्म अँगाल्न लगायो। तिनीहरूले खीष्ट क्रूसमा मर्नुभएको र बौरी उठ्नुभएको सत्यलाई विश्वास गर्छौं भने, र खीष्टका विश्वासीहरूसित सङ्गति पनि राखिटोपले, तर तिनीहरूको हृदय भने परिवर्तन भएकै थिएन। बड़ो दुःख र खेदको कुरो! कतिले सम्झेका थिए - ती खीष्टियान विश्वासलाई आंशिक रूपले स्वीकार गर्ने मूर्तिपूजकहरूसित मिल्यौं भने पछिबाट तिनीहरूको जीवन आफै परिवर्तन भइहाल्छ भनेर। वास्तवमा त्यो बाइबलको शिक्षालाई बिगार्ने शैतानको षड्यन्त्र मात्रै थियो। साँच्चै आखिरमा खीष्टियानहरूको आत्मिक स्तर घटेर जानथाल्यो अनि मूर्तिपूजकहरू खीष्टियानहरूसित सालेमाले हुनथाले। तिनीहरू तादिदेखि मूर्ति पुज्दै आइरहेकाहरूले खीष्टियान भइटोपले पनि मूर्तिपूजालाई चाहिँ छोड्दै छोड़ेनन्। केवल पुजिने वस्तु बदली गरेर त्यसको सट्टामा सन्तहरू अनि खीष्ट र येशूकी आमा मरियमका मूर्तिहरूलाई पुज्नथाले। शनैः शनैः सच्चा खीष्टियानहरू तिनीहरूसित मिले, र खीष्टिय शिक्षा अनि मण्डली पनि भ्रष्ट भएर गयो। खीष्टियानहरूमध्ये कतिजनाले चाहिँ ती मूर्तिपूजकहरूसित संसर्ग राख्न अस्वीकार गरे, र उनीहरू परमेश्वरलाई बाहेक माथि स्वर्गमा अथवा पृथ्वीतलमा भएको कुनै कुराको पनि प्रतिमालाई दण्डवत् नगर्ने भए।

त्यति धेरै विश्वासीहरू पतित भएका देखी शैतान रमायो, अनि उसले आफ्नो कब्जामा ल्याएको मण्डलीलाई सुऱ्याईकन विश्वासमा निष्ठावान् रहेका विश्वासीहरूलाई तिनीहरूसित मिलेर तिनीहरूले बनाएका रीतिविधि तथा प्रतिमाको पूजन गर्ने वा मारिमाग्ने भन्ने प्रश्नसाथ धम्की दिन पठायो। त्यसरी खीष्टको सच्चा मण्डलीमाथि

फेरि सतावटको डढ़ेलो सल्क्यो र लाखौं विश्वासीहरूको निर्मम हत्या भयो। तिनीहरूले सच्चा विश्वासीहरूको कुन प्रकारले निर्मम हत्या गरे, उक्त घटनाको दृश्य मलाई यसरी देखाइएको थियो :-

एकतिरबाट मूर्तिपूजकहरूको एउटा ठूलो दल झण्डा लिएर आयो, जसमा सूर्य, चन्द्र र ताराहरूका चिन्ह थिए। त्यस दलका मानिसहरू पनि हेर्दै क्रूर र हिंस्रक देखिए। त्यसपछि मैले अर्को एक दल मानिसहरू देखें, जसले 'प्रभुका निम्ति स्वच्छता एवम् पवित्रता' लेखिएको निखुर सेतो झण्डा बोकेका थिए। उनीहरूको चेहरामा असाधारण धैर्य र उत्सर्गको लक्षण देखिँदै थियो। हेर्दाहेर्दै ती मूर्तिपूजकहरू उनीहरूमाथि जाइलागे र हजारौं-लाखौंलाई काटी मारे। खीष्टका जनहरू मारिएर निमिठ्यान्न हुन आँट्दा पनि उनीहरूले तिनीहरूका सामु आत्मसमर्पण गरेनन्, बरु आफ्नो झण्डालाई झन् जोरले अँगाल्दै एकत्रित भए।

फेरि मैले के देखें भने - ती मूर्तिपूजकहरूले त्यति विध्वंश गरेर पनि खीष्टका लोकहरूलाई आत्मसमर्पण गराउन नसक्दा तिनीहरूले आपसमा सल्लाह गरेर अर्को उपाय रचे। त्यसपछि तिनीहरूले आफ्नो झण्डा उचाल्न छोड़े, र उनीहरूसित केही प्रस्ताव र शर्त राखेर छोड़िदिने निर्णय गरे। त्यतिखेरै ता उनीहरूले अस्वीकार गरे। तर त्यसपछि मैले खीष्टिय दलकाहरू आपसमा विचार-विमर्श गरिरहेका देखें। तीमध्ये कतिले भन्दै थिए, "अहिलेलाई हामी झण्डा राखौं, र तिनीहरूको प्रस्ताव स्वीकार गरेर ज्यानचाहिँ बचाऔं, र फेरि शक्ति (बल) प्राप्त गरेपछि हामी आफ्नो झण्डा उचालौं।" तर तीमध्ये पनि कतिजनाले यो प्रस्तावलाई समर्थन गर्न मानेनन्, र आफ्नो झण्डालाई तल झार्नुभन्दा बरु झण्डा उँचा राखेरै मर्छौं भनी दृढ़ निश्चय गरे। तर धेरै खीष्टियानहरूले आफ्नो झण्डालाई तल झारे र ती मूर्तिपूजकहरूसित सामिल भएका मैले

देखें, अनि थोरैले मात्र अडिग र स्थिर रहेर आफ्नो झण्डालाई बलियो गरी पक्रेर उँचा राखिरहे। त्यसरी नै एक-एकजना गर्दै मानिसहरूले त्यस पवित्र झण्डालाई त्यागेर कालो झण्डामनि आईकन मूर्तिपूजकहरूसित पवित्र स्वेत झण्डाधारी विश्वासीहरूलाई सताउने काममा सामेल हुँदै गए। धेरैभन्दा धेरै स्वेत झण्डा-प्रेमीहरू शहीद भए, तर पनि स्वेत झण्डा कहिल्यै झुकेन।

ती यहूदीहरू जसले शुरुमै येशूको विरुद्धमा अन्यजातिहरूको हृदयमा विरोधात्मक भावना जगाइदिएका थिए, उनीहरू पनि परमेश्वरको न्यायदेखि उम्केनन्। न्यायालयमा पिलातसले येशूलाई निर्दोष ठहऱ्याउन खोज्दा पनि उनीहरूले यसो भन्दै चिच्याई-चिच्याई आवाज उठाएका थिए, "त्यसलाई क्रूसमा टाँगिदेऊ! .... बरु त्यसको रगत हामीमाथि र हाम्रो सन्तानमाथि परोस्।" त्यसैले गर्दा त्यो भयानक श्राप यहूदीहरूमाथि पऱ्यो, जुनचाहिँ उनीहरू आफैले आफैमाथि ल्याएका हुन्। अन्यजातिहरू र तथाकथित खीष्टियानहरूका दृष्टिमा उनीहरू शत्रु नै ठहरिए। उनीहरूले खीष्टलाई क्रूसमा टाँगेका थिए, त्यही क्रूसको कारणले गर्दा यहूदीहरूलाई जत्ति सास्ती दिन सक्यो त्यत्तिनै परमेश्वरलाई खुशी तुल्याउन सकिन्छ भनेर तथाकथित खीष्टियानहरूले सम्झे। त्यसो हुँदा धेरै यहूदीहरू मारिए पनि, अनि अरु-अरु एक ठाउँदेखि अर्को ठाउँ भागिहिँड्न र प्रायः सब किसिमका सास्ती भोग्नपऱ्यो। खीष्टको र उहाँका शहीद चेलाहरूको रगतको दोष उनीहरूमाथि परेको हुनाले त्यो डरलाग्दो न्याय उनीहरूले भोग्नुपरेको थियो। परमेश्वरकै श्रापले गर्दा उनीहरू अन्यजातिहरू र खीष्टियानहरूका हाँसोका पात्र भए। सबैले उनीहरूलाई घृणा र तिरस्कार गरे, मानौं कैनले गरेको हत्याको कलङ्क पनि उनीहरूमाथि परेको थियो। तथापि परमेश्वरले त्यस जातिलाई सम्पूर्णतया नाश हुन नदिई उनीहरूले केवल परमेश्वरको

श्राप भोग्नुपरेको हो भनी जानून् भनेर परमेश्वरले नै उनीहरूलाई संसारभरि तितरबितर पार्नुभएको मैले देखें। परमेश्वरले यहूदी जातिलाई त्याग्नुभए तापनि उनीहरूमध्ये कतिपय यस्ता पनि देखें, जसले आफ्ना हृदयका पर्दा च्यातेर आफ्ना विषयमा भएको भविष्यवाणी पूरा भएको देख्नेछन् अनि आफ्ना सजाति भाइहरूले येशूलाई तिरस्कार गरेर, र उहाँलाई क्रूसमा टाँगेर कति ठूलो पाप गरेका रहेछन्, सो बुझ्नेछन्, र उहाँलाई साँच्चै नै संसारका मुक्तिदाता हुनुहुँदो रहेछ भनी स्वीकार गर्नेछन्। परमेश्वरले यहूदीहरूलाई जातिगत दृष्टिकोणले सधैँको लागि त्याग्नुभए तापनि व्यक्तिगत तवरले चाहिँ कसै कसैले उद्धार पाउनेछन्।

## अध्याय - १८

# अधर्मको रहस्य

मानिसहरूको मनलाई खीष्टदेखि मानिसतर्फ खिन्ने शैतानको युक्ति ता चल्दै आइरहेको छ। परमेश्वरका पुत्रलाई धरि शैतानले परीक्षा गऱ्यो, तर सफल हुन सकेन। आखिरमा पतित मानिसमै उसले बढ़ी सफलता हासिल गर्न सक्यो। त्यो कसरी भयो भने - प्रथमतः खीष्टिय शिक्षालाई बिगार्नमा ऊ सफल भयो। पोपहरू र पादरीहरूले आफै उच्च स्थानहरू ओगटेर साधारण मानिसहरूलाई पाप-क्षमाका लागि खीष्टको शरण पर्न नसिकाएर उनीहरूका शरण पर्न सिकाए। सत्य वचनद्वारा उनीहरूको दोष जाहेर नहोस् भनेर उनीहरूले ती मानिसहरूलाई बाइबलदेखि अलग राखे। त्यसरी मानिसहरू ठगिए। पोपहरू र पादरीहरू नै खीष्टका प्रतिनिधिहरू हुन् भनेर तिनीहरूलाई सिकाए, जब कि उनीहरू वास्तवमा शैतानका प्रतिनिधिहरू थिए, अनि उनीहरूलाई दण्डवत् गर्नेहरूले शैतानलाई दण्डवत् गरिरहेका थिए। मानिसहरूले बाइबलको खोजी गरे, तर तिनीहरूले परमेश्वरको वचन पढ़ेर आध्यात्मिक ज्ञान प्राप्त गरेकाले उनीहरूको दोष जाहेर हुने हुनाले उनीहरूले यो कुरा खतरनाक सम्झे, र तिनीहरूलाई उनीहरूमाथि नै भरोसा राखीकन उनीहरूबाटै परमेश्वरको मुखारविन्दबाट उहाँको वाणी सुनेझैं सुन्नू भनेर सिकाए। उनीहरूले त्यो अधिकार चलाउन खोजे, जुन अधिकार परमेश्वरको मात्रै हो। अनि यदि कसैले यो कुरो ठीक होइन भनेर संशोधन ल्याउन खोजे, तिनीहरूसित नै उनीहरूले द्वेष राख्न थाल्थे र तिनीहरूको हत्या गर्न समेत उनीहरू अग्रसर हुन्थे। अनि मैले देखें - शैतान विशेष गरी त्यतिबेला रमायो, जति बेला सत्यतामा निष्ठावान् रहने खीष्टियानहरू धेरै संख्यामा मारिए।

उनीहरूले परमेश्वरको अनमोल बाइबललाई यति घृणा गरे, कि उनीहरूले संसारदेखि यसको अस्तित्व मेटाइदिन पनि भरमग्दुर प्रयास नगरेका थिएनन्। मृत्यु-दण्डको धम्की दिँदै बाइबल पढ्न निषेध गरियो, अनि यस पवित्र शास्त्रका पानाहरू भेटाएजति सबै जलाइए। तर पनि परमेश्वरले आफ्नो वचनको रक्षा गर्नुभयो, अर्थात् उहाँले आफ्नो वचन हराएर वा नष्ट भएर जान दिनुभएन, बरु अन्तिम दिनहरूमा यति बिघ्न बाइबलका प्रतिलिपिहरू बढ़ेर गए कि ती प्रत्येक ख्रीष्टिय परिवारका निम्ति पर्याप्त भए। जब बाइबलको अभाव थियो, त्यस समयमा ख्रीष्टका लोकहरूका लागि बाइबल बड़ो किम्मती थियो र सतावटमा परेकाहरूले यसबाट ढाढस र सान्त्वना पाउँथे। ती समयमा बड़ो डरसरी गुप्तमा बाइबल पढ़िन्थ्यो। त्यसरी लुकी-लुकी पढ्न पाउँदा परमेश्वरलाई नै भेट्न पाइएको विश्वासीहरूले महसुस गर्थे। त्यही पनि विरोधीहरूले थाह पाए भने उनीहरूलाई कि ता अचानुमा राखेर टुक्रा-टुक्रा पार्थे, कि ता कालकोठरीमा थुनेर केही खान-पिउन दिँदैनथिए र उनीहरू त्यहाँ भोकैले मर्थे।

उद्धारको त्यो योजनालाई शैतानले रोक्न सकेन। ख्रीष्ट क्रूसमा मरीकन पनि तेस्रो दिनमा पुनर्जीवित भई उठ्नुभयो। त्यसो हुँदा शैतानले उहाँको क्रूसमा मरण र बौरिउठाइको कुरालाई दबाउन नसकिने देखेर यही कुरालाई आधार बनाईकन अर्को युक्ति रच्यो। उसले ख्रीष्टमा विश्वास गर्नेहरूलाई ख्रीष्ट क्रूसमा मर्नासाथ साथै यहूदीहरूका बलिदान र भेटी चढ़ाउने व्यवस्था पनि समाप्त भएको हो भनेर विश्वास दिलाउन आफ्ना दूतहरू पठायो।

मैले धेरैलाई शैतानको यो जालमा फँसेका देखें। परमेश्वरको पवित्र व्यवस्थालाई पाउमनि दबाएको देखेर समस्त स्वर्गमा ठूलो हलचल मच्चियो। ख्रीष्ट लगायत समस्त स्वर्गीय सेना परमेश्वरको

व्यवस्थासित चिरपरिचित थिए भने उहाँको व्यवस्था ख्रीष्टले अदलबदल गर्नु वा मेटाउनुहुन्न भनी उनीहरू जान्दथे। त्यही व्यवस्था उल्लङ्घन गरेर मानिस पापी ठहरियो, अनि मानिसको यस्तो पतित र आशाहीन अवस्था देखेर स्वर्गै उदास भयो, र ख्रीष्ट येशू मानिसको पापको निम्ति क्रूसमा बलि हुनुपऱ्यो। यदि परमेश्वरको व्यवस्था मेटिनसक्ने भए मानिसको उद्धारको निम्ति ख्रीष्ट मर्न पर्ने नै थिएन। ख्रीष्टको मरणले परमेश्वरको व्यवस्था भङ्ग ता गरेन, बरु अझ बढ़ी कदर गऱ्यो। यदि ख्रीष्टिय मण्डलीले स्थिर रहेर पवित्रता कायम राखेको भए शैतानले उनीहरूलाई भड्काएर परमेश्वरको व्यवस्थालाई पाउमनि दबाउन लाउन सक्ने नै थिएन। त्यस्तो साहसिक योजनाद्वारा शैतानले स्वर्ग अनि पृथ्वीमा हुने परमेश्वरको राज्यको जगमाथि नै आक्रमण गरेको थियो। विद्रोह गरेको कारणले नै शैतानलाई स्वर्गबाट निकालिएको थियो। परमेश्वरले आफ्नो व्यवस्था परिवर्तन गरुन् र आफू बाँचौला भन्ने शैतानले चाहेको थियो; तर समस्त स्वर्गीय सेनाहरूका सामु परमेश्वरले शैतानलाई भन्नुभयो, "मेरो व्यवस्था कदापि अदलबदल हुन सक्तैन।" अरुलाई पनि परमेश्वरको व्यवस्थाविरुद्ध वागी तुल्याउन सके उनीहरूलाई अवश्यै आफ्नो मुठ्ठीमा ल्याउन सक्नेछु भनी शैतानले निश्चय गरेको थियो; किनकि परमेश्वरको व्यवस्थालाई उल्लङ्घन गर्ने हरेक व्यक्ति अवश्यै मर्नेछ भनेर शैतानलाई विदितै थियो।

त्यसपछि शैतानले अझै अगाड़ि बढ्ने निर्णय गऱ्यो, र आफ्ना दूतहरूलाई भन्यो, "अझै पनि कतिजना त परमेश्वरको व्यवस्थाका विषयमा अत्युत्कण्ठित हुना कारण उनीहरूलाई यस जालमा फँसाउन सकिन्न, अनि दश आज्ञाहरू पनि यति सरल र सुबोध छन् कि यी आज्ञाहरू पढ्नेहरू धेरैले हामी ता अझै अन्धै रहेछौं भनेर बुझ्नेछन्। त्यसो हुँदा चौथो आज्ञालाई, जसबाट जीवित परमेश्वरको दर्शन

प्राप्त हुन्छ, त्यसलाई बिगार्न आवश्यक छ।" त्यसपछि उसले शबाथ-दिन (विश्रामदिन)लाई बदली गर्न अनि स्वर्ग र पृथ्वीका सृष्टिकर्ता परमेश्वरको दर्शन दिलाउने आज्ञालाई पल्टाइदिन आफ्ना प्रतिनिधिहरू पठायो, र ख्रीष्टको महिमित बौरिउठाइको सम्बन्धमा शैतानले उनीहरूलाई यसो भन्यो, "ख्रीष्टले हप्ताको पहिलो दिनमा बौरी उठेर शबाथ-दिनलाई सातौं दिनदेखि पहिलो दिनमा सार्नुभएको छ।" त्यस प्रकारले ख्रीष्टको बौरिउठाइलाई शैतानले चातुर्यपूर्वक आफ्नो स्वार्थसिद्धिका लागि गलत अर्थ लगाइदियो। यस कुरालाई पनि तथाकथित ख्रीष्टिय जनले सत्य मानेर अँगालेकाले शैतान र उसका दूतहरू रमाए। यद्यपि यी सब भूल-भ्रान्तिहरूले ख्रीष्टको दोस्रो आगमनसम्मै राज्य गरिरहलान्, तथापि परमेश्वर गवाहीरहित हुनुहुन्न। उहाँसित पर्याप्त मात्रामा सत्य र विश्वासयोग्य गवाहीहरू थिए अनि छन्, जसले सतावटका अन्धकारमय समयावधिभरि पनि परमेश्वरका सब आज्ञाहरू पालन गर्दै नै आएका थिए।

महिमाका राजा ख्रीष्टले असह्य पीड़ा सहेर मर्नुपरेको देख्ता स्वर्गदूतहरू चकित भएका मैले देखें। तर उहाँ, जो जीवन र महिमाका पनि प्रभु हुनुहुन्छ, मृत्युको बन्धनलाई चुँड़ालेर विजयी भईकन निस्कनु स्वर्गीय दूतगणका निम्ति कुनै आश्चर्यकै कुरा भएन। दुई घटनाहरूमध्ये कुनै एउटालाई विश्रामदिन सम्झनु हो भने एउटाचाहिँ उहाँ क्रूसमा टाँगिनुभएको दिन हुनुपर्छ। मैले देख्ताहुँदि यी घटनाहरूमध्ये पनि कुनैले पनि परमेश्वरको व्यवस्थालाई अदलबदल गर्ने वा मेटाउने ता देखिनँ; बरु यिनीहरूले ता अझ उहाँको व्यवस्थाको अपरिवर्तनीयतालाई पुष्टि गर्ने पो देखें। हुन ता यी दुवै घटना संस्मरणीय नै छन्। प्रभु-भोजद्वारा हामी रोटी टुक्र्याएर र दाखरस वितरण गरेर उहाँको दोस्रो आगमन नभएसम्म उहाँ क्रूसमा मरिदिनुभएको घटनालाई स्मरण गर्दछौं। यसरी प्रभु-भोजको कार्यक्रम

राखेर उहाँले हाम्रा निम्ति क्रूसमा सहनुभएको पीड़ा, कष्ट र मृत्युलाई आलो सम्झना गर्छौं, अनि बप्तिस्माद्वारा उहाँसँग गाड़िएको र नयाँ जीवनको चालमा हिँड्नलाई जलरूपी चिहानदेखि निस्केर उहाँको बौरिउठाइलाई साङ्केतिक रूपले स्मरण गर्दछौं।

मलाई दर्शनमा यो पनि बताइएको थियो, कि परमेश्वरको व्यवस्था नयाँ पृथ्वीमा पनि युगानुयुगसम्म रहिरहने छ। सृष्टि हुँदा, जब पृथ्वीका जगहरू बसालिँदै थिए, तब परमेश्वरका पुत्रहरू साथै समस्त स्वर्गाय सैन्यदलले सृष्टिकर्ताको सृजना-कौशललाई देखेर बड़ो हर्षसाथ उहाँको तारिफ गरे। त्यतिबेलैदेखि शबाथ-दिनको प्रारम्भ भएको हो। सृष्टि गर्ने काम शुरु गरेको छैटौं दिन बितेपछि सातौं दिनमा उहाँले आफ्ना सब कामबाट विश्राम गर्नुभयो, अनि उहाँले सातौं दिनमा आफ्ना कामबाट विश्राम लिनुभएको कारणले सातौं दिनलाई उहाँले आशिष् दिईकन पवित्र तुल्याउनुभयो।

मनुष्यको पतन हुनुभन्दा पहिल्यै अदन बगैंचामा यो शबाथ-दिनको संस्थापन भएकोले समस्त स्वर्गीय सैन्यदल साथै आदम र हव्वाले पनि यसको पालन गर्थे। परमेश्वरले सातौं दिनमा विश्राम लिनुभयो, अनि यसलाई आशिष् दिईकन पवित्र पार्नुभयो, र दर्शनद्वारा मलाई यो पनि बताइयो, कि शबाथ-दिन कहिल्यै बन्द हुनेछैन, तर बाँचेका सन्तगण साथै समस्त स्वर्गीय सैन्यदलले महान् सृष्टिकर्ताको सम्मानार्थ अनन्त-अनन्तसम्म यो पालन गरिरहनेछन्।

## अध्याय - १६

# मृत्यु मृत्यु नै हो; कष्ट भोग्नुपर्ने अनन्त जीवन होइन

हव्वा र आदम अदनको बगैँचामा हुँदादेखिनै शैतानले यसरी छल गर्ने काम शुरु गऱ्यो। उसले हव्वालाई भन्यो, "तिमी अवश्य मर्ने छैनौ।" यहाँ प्रथमचोटि शैतानले आत्मा (प्राण) अमर हुन्छ भनी बताएको देख्छौं। उसले त्यसबेलादेखि अहिलेसम्म छल गर्दै र मानिसलाई धोकामा पार्दै आइरहेको छ अनि धोका दिँदै नै रहने छ, जबसम्म उसलाई हजार वर्षका लागि बाँधेर अथाह कुण्डमा फालिँदैन। मलाई अदन बगैँचामा भएका आदम र हव्वालाई दर्शनद्वारा देखाइँदै थियो। जब उनीहरूले निषेध गरिएको वृक्षको फल खाइसके, तब जीवनको वृक्षको फलबाट पनि खाएर अनन्तसम्मै पापी नै भएर नबाँचून् भनेर परमेश्वरले उक्त जीवनको वृक्षको वरिपरि ज्वालामय तरवार राखीकन उनीहरूलाई बगैँचादेखि बाहिर निकालिदिनुभयो। जीवनको वृक्षको काम अमरता (अजम्मरी जीवन)लाई कायम राखिराख्नु थियो। मैले एकजना स्वर्गदूतलाई यसो भन्दै गरेको सुनें, "आदमको परिवारबाट कसले चाहिँ त्यो ज्वालामय तरवारबाट पार भएर जीवनको वृक्षबाट फल खायो?" अनि अर्को स्वर्गदूतले उत्तर दिए, "अहँ, कसैले पनि त्यो ज्वालामय तरवारदेखि पार भएर जीवनको वृक्षबाट खाएको छैन, र अब अमर (अजम्मरी) रहने पापी कोही हुनेछैन। जुन प्राणीले पाप गर्छ त्यसैले अनन्त मृत्यु भोग्नेछ, अर्थात् त्यो मृत्यु जुन सदा सर्वदाको लागि हुनेछ, र फेरि बौरी उठ्ने आशै हुनेछैन। तब परमेश्वरको क्रोध शान्त हुनेछ।"

तर यो कुरो देखेर मलाई अचम्भै लाग्यो कि 'जुन प्राणीले पाप गर्छ, त्यही मर्छ' भन्ने परमेश्वरको वचनलाई शैतानले कति सजिलै 'जुन प्राणीले पाप गर्छ, त्यो मर्दैन, तर अनन्तसम्म कष्ट भोग्दै बाँच्नेछ' भनेर उल्टो अर्थ लगाईकन मानिसहरूलाई विश्वास गरायो। स्वर्गदूतले भने, "जीवन जीवनै हो, चाहे दुःखमा होस् चाहे सुखमा; तर मृत्युमा न ता पीड़ा वा कष्ट छ, न ता आनन्द नै छ।"

'तिमी अवश्य मर्नेछैनौ' भनेर अदनको बगैँचामा शैतानले जुन धोखापूर्ण र झूटो कुरा हव्वालाई भनेको थियो, त्यही कुरालाई विस्तृत रूपमा फैलाउन उसले आफ्ना सहचर दूतहरूलाई हुकुम गऱ्यो। अनि जब मानिसहरूले यस भ्रममा परेर मानिस अमर रहनेरहेछ भन्ने विश्वास गर्नथाले, तब शैतानले अझै बढ़ीकन उनीहरूलाई 'पापीले अनन्त कालसम्म दुःख भोग्दै बाँच्नुपर्नेछ' भनी विश्वास गरायो। त्यति भएपछि शैतानको लागि आफ्ना प्रतिनिधिहरूद्वारा काम गर्नु अनि मानिसहरूको नजरमा परमेश्वरलाई एक बदला फेर्ने र उहाँलाई खुशी नतुल्याउनेहरूलाई नरकमा खाँदेर आफ्नो क्रोधको भयानक प्रकोपमा तिनीहरूलाई अथाह पीड़ामा तड़पाईकन आफू सन्तोष मानेर तिनीहरूको देखान हेर्ने एक अत्याचारी एकतन्त्री शासक तुल्याउनलाई बाटो खुल्यो। शैतानलाई थाह थियो - मानिसहरूलाई यो भ्रमजालमा हाल्न पाए परमेश्वरलाई प्रेम गर्न र प्रशंसा गर्नको सट्टामा धेरैभन्दा धेरैजना डरले परपरै हुनेछन् र उहाँलाई मन पराउनेछैनन्। अनि धेरैजनाले 'परमेश्वरका भयप्रद वचनहरू अक्षरशः पूरा हुँदैनन्' भन्नपट्टि लाग्नेछन्, किनकि आफैले सृष्टि गरेकाहरूलाई अनन्त पीड़ामा हाल्नु उहाँको दयालु र प्रेमी चरित्रको प्रतिकूल व्यवहार हुन्छ। फेरि, शैतानले तिनीहरूलाई अर्को धारणापट्टि लगेर परमेश्वरको न्याय र उहाँको भयप्रद वचनलाई खेलाँची तुल्याएर तिनीहरूमा यस्तो विचारधारा पैदा गरिदियो, कि

परमेश्वर यति अनुग्रहकारी हुनुहुन्छ, कि कोही पनि नाश हुने नै छैन अर्थात् चाहे धर्मी होस् वा पापी - आखिरमा उहाँको राज्यमा सबैले नै उद्धार पाउनेछन्। मनुष्यको आत्मा अमर हुन्छ र यसले नरकमा अनन्त कष्ट भोग्नुपर्छ भन्ने भ्रम-विश्वासको फाइदा उठाईकन शैतानले अर्को एउटा पन्थ खड़ा गऱ्यो, जसलाई उसले बाइबल परमेश्वर-प्रेरित वचन होइन भनी सिकायो। तिनीहरूले यति नै विश्वास गर्छन्, कि बाइबलले धेरै असल असल शिक्षा दिन्छ; तर यसले अनन्त कष्ट (नरकको) विषयक शिक्षा दिन्छ भनी शिक्षा पाएकाले गर्दा तिनीहरूले यसमाथि भरोसा गर्दैनन्, न ता यसलाई मन पराउँछन्।

यही शिक्षाको मौका छोपेर शैतानले फेरि अर्को पन्थ खड़ा गरेर परमेश्वरको अस्तित्वलाई अस्वीकार गर्न लगाउँछ। तिनीहरूको धारणा छ - यदि परमेश्वरले मनुष्य-जातिको कुनै एक भागलाई अनन्तसम्म पीड़ामा तड्पाउनुहुन्छ भने त्यहाँ बाइबलमा गरिएका परमेश्वरको वर्णनमुताबिक उहाँको गुण देख्तैनौं। तिनीहरूले बाइबल साथै यसका रचयिता परमेश्वरलाई इन्कार गर्छन् र मृत्युलाई सधैँभरिको लागि ठान्छन्।

त्यसपछि शैतानले अर्को यस्तो पन्थ खड़ा गऱ्यो, जो पापदेखि औधि डराउँछन्; कथङ्कदाचित् उनीहरूले पाप गरिहाले भने पनि शैतानले उनीहरूलाई 'पापको ज्याला मृत्यु ता होइन, तर अनन्त-अनन्तसम्म डरलाग्दो कष्ट र जलन भोग्दै बाँचिरहनुपर्छ' भनेर निराश एवम् हताश तुल्याइदिन्छ। त्यसरी शैतानले उनीहरूको कमजोर मनलाई अनन्त नरकको डर देखाएर आतङ्कित तुल्याईकन अकलगुम पारिदिईवरी आफ्नो कब्जामा ल्यायो। त्यसपछि शैतान र उसका सहचर दूतहरू रमाए, अनि अविश्वासीहरू र नास्तिकहरूले ख्रीष्टिय विश्वासलाई कटु निन्दा गर्नथाले। यी सब नराम्रा नतिजाचाहिँ

बाइबल र परमेश्वरमाथि विश्वास गर्नाले हो भनी तिनीहरू भन्न थाले।

त्यसरी परमेश्वरका कामविरुद्ध शैतानले धृष्टतापूर्वक काम गरेको देखेर स्वर्गीय सैन्यदल आक्रोशले भरिए। मैले प्रश्न गरें - "परमेश्वरका दूतहरू यति शक्तिशाली छन् र उनीहरूले आज्ञा मात्रै पाए सहजै शत्रुको शक्तिलाई तोड़िदिनसक्छन्, तर पनि किन यस्ता भ्रम र भ्रान्तिहरूले मानिसको मनलाई कुप्रभावित हुनदेखि रोकटोक नगरिएको होला?" तब मैले के देखें भने - मानिसलाई नष्ट-भ्रष्ट पार्न शैतानले येन-केन-प्रकारेण प्रयास गरि नै रहने कुरा परमेश्वरलाई थाह हुँदोरहेछ; त्यसैले उहाँले आफ्नो वचनलाई यति स्पष्ट र सुबोध भाषा-शैलीमा लेखाई प्रकाशित गराउनुहुँदो रहेछ, ताकि कमजोरभन्दा कमजोर व्यक्ति पनि भ्रममा नपरोस्। त्यसपछि परमेश्वरले आफ्नो वचन मानिसलाई दिइसकेपछि शैतान र उसका दूतहरूले यसलाई नाश गर्न नसकून् भनेर आफ्नो वचनको सुरक्षा एवम् संरक्षण उहाँ स्वयम्ले गर्नुभयो। त्यसैले अन्यान्य पुस्तकहरू नाश भएर गए तापनि यो पवित्र ग्रन्थचाहिँ अमर अनि अजर ठहरियो। समयको अन्त हुने हुने बेलामा जति शैतानले आफ्नो भ्रमजाल फिँजाउँदै जान्छ, त्यति नै यस पवित्रशास्त्रका प्रतिलिपि पुस्तकहरू यति प्रशस्त मात्रामा उपलब्ध गराइन्छन्, कि प्रत्येक इच्छुक व्यक्तिले सो प्राप्त गर्न सक्नेछ, र उनीहरूले चाहे भने आफै नै परमेश्वरका वचनरूपी हतियार लिई शैतानका झूटा र धोकापूर्ण चमत्कारहरूविरुद्ध सामना गर्न सक्षम बन्नेछन्।

मैले यो पनि देखें, कि परमेश्वरले आफ्नो वचन (बाइबल)को रखवारी गर्दा-गर्दै पनि बाइबलको अभाव भइरहेको समयमा कतिपय विद्वान्हरूले परमेश्वरका रहस्यमय वचनलाई सरल र सुबोध भाषाशैलीमा रूपान्तरित गर्छौं भनेर आफ्नै परम्परागत विचारधारा

अनुसार रूपान्तर गरे। तर म ता परमेश्वरको वचनका आद्योपान्त भागलाई नै सिद्ध र श्रृङ्खलापूर्ण देख्छु। यसको एक भागलाई नबुझे, अर्को खण्डले त्यसको अर्थ बुझाएको हुन्छ। सत्यताको खोजी गर्नेहरू भ्रममा पर्नु पर्दैन; किनकि परमेश्वरको वचन जीवनको मार्ग देखाउन सरल र सुबोध नै छ, त्यतिमात्र नभएर उहाँले हामीलाई पवित्र आत्मा पनि दिनुभएको छ, जसले उहाँको वचनमा देखाइएको जीवनको मार्ग बुझ्नमा सहायता पुऱ्याउनुहुन्छ।

मैले देखें - परमेश्वरका दूतहरूले पनि मानिसको इच्छा-शक्तिमाथि कहिल्यै दबाउ ल्याएनन्। परमेश्वरले मानिसको सामु जीवन र मृत्यु राखिदिनुभयो। मानिसले दुइमा एक चुन्नुपऱ्यो। धेरैले जीवनै चाहे, तर चौड़ा बाटोमै हिँड़िरहे। त्यसको मतलब उनीहरूले जीवनलाई चुनेनन्।

परमेश्वरले मानिसलाई यति विघ्न माया गर्नुभयो, कि पापीको निम्ति बलि हुन भनी आफ्नै पुत्र दिइहाल्नुभयो। मानिसहरूकै निम्ति यति धेरै दाम तिरिदिनुभएको उद्धारलाई जस जसले चुन्न अस्वीकार गर्छन्, उनीहरूका निम्ति दण्ड अवश्य छ। परमेश्वरद्वारा सृष्टि भएकाहरू परमेश्वरकै राज्यविरुद्ध बागी भए; तर मैले देख्दाहुँदि परमेश्वरले उनीहरूलाई अनन्त शास्ति भोग्नालाई नरकमा बन्द गर्नुभएन, न ता उहाँले उनीहरूलाई स्वर्गमा नै लान सक्नुभयो; किनकि उनीहरूलाई पवित्र जनहरूका समुदायभित्र ल्याउनुचाहिँ उनीहरूलाई अत्यन्तै सन्तापित तुल्याउनु मात्रै थियो। परमेश्वरले उनीहरूलाई स्वर्गमा पनि लानुहुन्न अनि अनन्तकालसम्म शास्ति भोग्न पनि दिनुहुन्न। परमेश्वरले उनीहरूलाई बिलकुलै नाश गरीकन नामोनिशानै मेटिदिनुहुनेछ, र त्यसपछि परमेश्वरको न्याय शान्त हुनेछ। परमेश्वरले मानिसलाई पृथ्वीको धूलो (माटो)ले बनाउनुभयो, अनि अनाज्ञाकारी र अपवित्र मानिसहरू आगोद्वारा भस्म भएर

फेरि माटोमै परिणत हुनेछन्। तब मलाई यो देखाइयो कि यस कुरामा परमेश्वरको दया र भलाइ प्रकट भएकोले सबैले उहाँको गुणानुवाद गर्नेछन्, र पृथ्वीबाट दुष्टहरू भस्म भइसकेपछि समस्त स्वर्गीय समुदायले भन्नेछन् "आमेन!"

आफ्नो भ्रमजालमा फँसेका ती ख्रीष्टियानहरूलाई हेरी शैतान खूब रमायो। उसले अझै नयाँ-नयाँ युक्तिहरू रच्दै जानु छ। उसको शक्ति बढ्दै जान्छ, र अझै ऊ धूर्त र छली हुँदै जान्छ। अनि उसले आफ्ना प्रतिनिधिहरू अर्थात् पोपहरू र पादरीहरूलाई सुऱ्याईकन परमेश्वरलाई प्रेम गर्ने र ती प्रतिनिधिहरूद्वारा उसले प्रसारण गरेको भ्रममूलक शिक्षाको अधीनमा आउन नचाहनेहरूलाई सताउन मानिसहरूलाई उत्तेजित गरायो। त्यसरी शैतानले आफ्ना प्रतिनिधिहरूद्वारा ख्रीष्टका अनुयायीहरूलाई नाश गर्न खोज्यो। कति दर्दनाक कष्ट र पीड़ा सहनुपऱ्यो परमेश्वरका ती अति बहुमूल्य लोकहरूले! तर ती सबको लेखा स्वर्गदूतहरूले राखिराखेका छन्।

शैतान र उसका दूतहरू रमाए, र ती सतावट र दुःख सहिरहेका सन्तगणलाई साथ दिई स्थिर गराउनालाई सेवारत स्वर्गदूतहरूलाई तिनीहरूले चुनौती दिई भने, "हामी यी सबलाई नाश गरिदिन्छौं, यहाँसम्म कि त्यहाँदेखि उसो साँचो ख्रीष्टियान भन्ने यो पृथ्वीमा फेरि एउटै पनि भेट्टाइनेछैन।" त्यसपछि ता मैले परमेश्वरको मण्डलीलाई झन् सिद्ध र पवित्र भएको देखें। भ्रष्टाचारी हृदय भएका मानिसहरू फेरि परमेश्वरको मण्डलीमा घुस्ने डर रहेन; किनकि विश्वासमा अडिग रहने साँचो ख्रीष्टियान भएपछि कि त सिकन्जामा चेप्टाइमाग्नु थियो, कि ता कीलामा बाँधिमाग्नु थियो, अर्थात् शैतानले युक्ति रचेर जे-जस्तो मानिसहरूका मनमा हालिदिन्थ्यो त्यही अनुसारको शासना भोग्नुपर्ने डर हुन्थ्यो।

## अध्याय - २०

# धर्म-सुधार अभियान

जति नै सन्तहरूलाई खेदो गरी गरी मारे तापनि चारैतिर जिउँदा साक्षीहरू उठे। परमेश्वरका दूतहरूले आफ्ना आफ्ना काम गरिरहेकै थिए। उनीहरूले अन्धकारपूर्ण स्थानहरूमा पनि खोजी खोजी सच्चा हृदयकाहरूलाई परमेश्वरका निम्ति चुनी-छानीकन निकाले। ती मानिसहरू सब भ्रमित अवस्थामै थिए त्यस्ताहरूलाई परमेश्वरले बद्लाईकन आफ्ना साक्षी बन्न र हामी परमेश्वरका जन हौं भन्नेहरूलाई तिनीहरूका पाप दर्शाइदिन आफ्ना चुनिएका पात्रहरू तुल्याइदिनुभयो। उदाहरणस्वरूप मार्टिन लूथर, मेलांकथन आदिलाई लिनसकिन्छ, जसका हृदयमा परमेश्वरका दूतहरूले परमेश्वरको वचनको लागि तृष्णा जगाइदिनुभयो। बाढ़ झैं शत्रु उर्ल्यो, तर ती सब सामना गर्दै अघि बढ्न र पतित मण्डलीको प्रकोप सहँदै पवित्र सेवाकार्यमा विश्वासयोग्य रहेका अल्पसंख्यक झुण्डलाई स्थिर गराउन लूथर नै एक चुनिएको पात्र थिए। उनी सधैँ परमेश्वरको भय मान्थे। शुरु-शुरुमा ता तिनले आफ्ना धर्म-कर्मद्वारा परमेश्वरको निगाह प्राप्त गर्न खोजिरहेका थिए, र पनि तिनी कहिल्यै सन्तुष्ट हुन सकेनन्। तर जब स्वर्गबाट एउटा दिव्य ज्योति चम्कीकन तिनको मनको अन्धकार हटाइदियो, तबमात्र तिनले परमेश्वरको कृपाका पात्र बन्नु धर्म-कर्ममा होइन तर ख्रीष्टको रगतमा विश्वास गरेर पोप अथवा दोष सुन्ने पुरोहित वा पादरीद्वारा होइन, तर केवल ख्रीष्ट येशूद्वारा परमेश्वरकहाँ जानुपर्ने रहेछ भनी बुझे। अहो, कस्तो अमूल्य ज्ञान पाए लूथरले! तिनले यस नयाँ प्रकाशलाई सारा सांसारिक वैभवभन्दा मूल्यवान सम्झे। तिनले नयाँ गरी परमेश्वरको वचनको

प्रकाश पाए। सबै कुरा नयाँ भएको अनुभव गरे। जुन पुस्तक (बाइबल)-को महत्त्व थाह नपाएर तिनी डराउने गर्थे, त्यो पुस्तक अब तिनको निम्ति जीवनदायक बन्यो। यसमै तिनले आनन्द र शान्ति पाउनथाले र यही पुस्तक तिनका निम्ति पथ-प्रदर्शक बन्नथाल्यो। तिनले यसलाई अध्ययन गरिरहे र कुनै कुराले पनि तिनलाई बहकाउन सकेन। पहिला तिनी मृत्युदेखि डराउँथे, तर परमेश्वरको वचन पढ़ेपछि सबै डर हरायो। तब तिनले परमेश्वरको तारीफ गरे। त्यसरी दिनहुँ तिनले परमेश्वरको वचनबाट खोजी गरे। यसमा लुकेको त्यो अमूल्य धन आफूले मात्र उपयोग नगरेर मण्डलीको निम्ति पनि खोजी गरे। तर पहिला उद्धार (मुक्ति) को लागि जोहरूमाथि तिनले भरोसा गरेका थिए, तिनीहरूको कर्तुत देखेर तिनी विरक्त मान्थे। तिनले धेरै धेरैलाई त्यही अन्धकारभित्र हराएका देख्थे, जुन अन्धकारभित्र एक समयमा आफू पनि हराएका थिए। तिनीहरूलाई कसरी संसारका पाप हरण गर्ने परमेश्वरका थुमाकहाँ जानलाई बाटो देखाऊँ भनी तिनले मौका खोजिरहेका थिए। तिनले पोपको मण्डलीको भूल शिक्षा र दोषको आलोचना गर्दै आवाज उठाए, र जुन अन्धकाररूपी साङ्लोले हजारौं-हजारौंलाई बाँधेर राखेको थियो, त्यसलाई तोड़ी उद्धार (मुक्ति) का निम्ति धर्म-कर्मद्वारा होइन, तर परमेश्वरको अनुग्रहको धनअनुसार केवल ख्रीष्ट येशूमा पाइने उत्तम मुक्तिबारे उनीहरूलाई बुझाइदिन अत्यन्तै उत्सुक रहे। ती मण्डलीका अगुवाहरूका दोषहरू विरुद्ध पवित्रात्माको सामर्थ्यमा जोड़तोड़ले तिनले आवाज उठाए। मण्डलीका पुरोहितहरूबाट विरोधको आँधी चल्दा तिनी किञ्चित् पनि हल्लेनन्, किनकि तिनले ती सबमाथि विजयी हुनालाई परमेश्वरकै सामर्थी भुजबलमाथि भरोसा राखेका थिए। तर तिनले जतिनै संघर्ष गरे तापनि बरु ती अगुवाहरू तिनीसित झन् अग्निशर्मा भए तर सुधारात्मक

मार्गमा आउन चाहेनन्। तिनीहरू सुख चैन एवम् दुष्टतामै रहेर मण्डलीलाई पनि अन्धकारमै राख्न चाहे।

लूथर साह्रै उत्साही र आँटिला खालका थिए, र दोषीहरूलाई खुलेआम तिनीहरूको दोष देखाइदिन र सत्यको पक्षमा बोल्न तिनी डराउँदैन थिए। तिनी भन्थे, "जत्तिकै दुष्ट मानिस अथवा शैताननै किन नआओस्, मलाई पर्वाह छैन। मसित एकजना हुनुहुन्छ, जो ती सबभन्दा शक्तिशाली हुनुहुन्छ।" लूथरमा जलन, जोश र आँट ज्यादै भएकोले कहिले-काहीँ ता तिनी अति नै उत्तेजित भइहाल्थे, तर पनि तिनलाई त्यस सुधार-अभियान कार्यमा सहयोग पुऱ्याउन परमेश्वरले अर्को एकजना व्यक्ति खड़ा गर्नुभयो, जसको स्वभाव लूथरको स्वभावको ठीक विपरीत अर्थात् डर राख्ने, होशियार र धैर्यवान् थिए। तिनको नाउँ थियो मेलांकथन। तिनी पनि परमेश्वरका प्रिय पात्र थिए। तिनलाई धेरै धर्म-शास्त्रको ज्ञान थियो र तिनको न्यायसंगत काम र बुद्धि प्रशंसनीय थियो। तिनले र लूथरले परमेश्वरलाई बराबरै प्रेम गर्थे। यी दुई हृदयलाई परमेश्वरले कहिल्यै नछुट्ने गरी गाँसिदिनुभएको थियो र उनीहरू सधैँ मिलीजुली बस्थे। मलांकथन भयभीत र निष्क्रिय हुँदै जाँदा लूथरले तिनलाई सम्हाल्थे भने लूथर अत्युत्तेजित हुँदै जाँदा मलांकथनले तिनलाई सम्हाल्थे। लूथरलाई मात्र छोड़िदिँदा जुन खतरनाक स्थिति पैदा हुन्थ्यो, त्यो खतरा मलांकथनको दूरदर्शिता र सावधानीले गर्दा टरेर पनि जान्थ्यो। अनि मलांकथनलाई मात्रै छोड्दा पनि काम अघि सर्न सक्तैन थियो। उक्त सुधार अभियानको लागि यी दुई भिन्न स्वभावका मानिसलाई चुन्नुमा परमेश्वरको बुद्धिमत्ता कति महान् रहेछ देख्न सकें।

त्यसपछि मलाई प्रेरितहरूको जमानाको दृष्टान्त देखाइयो, जुन समयमा परमेश्वरले त्यस्तै जोशिला र उत्साही पत्रुस अनि नरम

मिजासका, धैर्यशील र नम्र यूहन्नालाई सहचर मित्र बनाउन चुन्नुभयो। त्यसैगरी पत्रुस पनि कहिले काहीँ अत्युत्तेजित भइहाल्थे, र यूहन्नाले तिनलाई सम्हाल्थे, तर पनि तिनमा सुधारात्मक परिवर्तन आएको थिएन। जब तिनले आफ्ना प्रभुलाई इन्कार गरेपश्चात् फेरि पश्चाताप गरेर तिनी परिवर्तित भए, तब देखि मात्र तिनलाई यूहन्नाले होश गराउँदा तिनी जोशदेखि होशमा फर्कन्थे। त्यसको लागि यूहन्नाले नै तिनलाई नम्रतापूर्वक चेतावनी दिनुपर्थ्यो। फेरि कति कुरामा पत्रुसको जोशपूर्ण कदमको पनि आवश्यकता पर्थ्यो। कतिचोटि आइपरेका आपत्तिहरूलाई पत्रुसले नै आफ्नो साहस र बलद्वारा भगाइपठाएर शत्रुहरूलाई पनि ठण्डा पारे भने यूहन्नाले आफ्नो धैर्य, नम्रता र शिष्ठताद्वारा धेरै धेरैजनाका आत्मालाई जितेर ख्रीष्टमा ल्याइरहेका थिए।

पोपको मण्डलीमा भइरहेका पापहरूविरुद्ध आवाज उठाउन र धर्म-सुधार अभियानलाई सुचारु रूपले अघि बढ़ाउँदै लैजान परमेश्वरले मानिसहरू खड़ा गर्नुभयो। शैतानले ती जिउँदा साक्षीहरूलाई नाश गर्न खोजे तापनि परमेश्वरले बार हालिदिनुहुन्थ्यो। अनि उनीहरूमध्ये कतिपयलाई उहाँकै महिमाका निम्ति उनीहरूको रगत साक्षी होस् भन्ने हेतुले शहीद पनि हुन दिइयो। तर यी दुई लूथर र मलांकथन जस्ता वीर पुरुषहरूले बाँचेरै पोपको मण्डलीका अगुवाहरू र राजाहरू समेतका पापहरूविरुद्ध घोर प्रतिवाद गरे। लूथरको आवाज सुनेर तिनीहरू सब लगलग काँप्थे। यी परमेश्वरबाट चुनिएका मानिसहरूद्वारै अन्धकारलाई भगाउँदै ज्योति छरिनथाल्यो अनि धेरै धेरैले सहर्ष ज्योतिलाई अपनाए र यसमा हिँड्नथाले। अनि तिनीहरूले एउटा साक्षीलाई मारिहाले भने पनि उसको सट्टामा दुईभन्दा बढ़ी साक्षीहरू खड़ा भइहाल्थे।

जत्ति नै कोशिश गर्दा पनि शैतान कहिल्यै सन्तुष्ट हुन सकेन,

किनकि उसले मानिसको शरीरमाथि मात्रै प्रभुत्व जमाउनसक्यो, तर विश्वासीहरूको विश्वास र आशामाथिचाहिँ लेशमात्र पनि दखल गर्नसकेन। मरेर पनि धर्मीजनको बौरिउठाइमा अमर र अविनाशी जीवन पाउने ज्वलन्त आशा छँदैछ उनीहरूको। उनीहरूले परमेश्वरका ती हतियार भिरेर आत्मिक शत्रुहरूसित मात्रै होइन, तर 'तेरो विश्वास त्याग्, नत्रभने मर्छस्' भनी निरन्तर धम्की दिइरहने मानिसरूपी शैतानसित पनि लड्न उनीहरू तयार थिए। संसारको आधा भागले नै ख्रीष्टको नाम धारण गरे तापनि उहाँको नाउँको खातिर दुःख भोग्न डराउँछन्, तर त्यतिबेलाका ख्रीष्टियानहरू अति अल्प-संख्यक भए पनि उनीहरू परमेश्वरमा सामर्थ्यशाली र उहाँको दृष्टिमा अति बहुमूल्य थिए। जति मण्डलीमाथि सतावट आउँथ्यो त्यति नै ती विश्वासीहरू एकता र प्रेममा बद्ध हुन्थे। भ्रष्टाचारीहरू यसमा शामिल हुन पाउँदैन थिए, न ता ठग्ने र ठगिनेहरूले नै पाउँथे। ख्रीष्टको निम्ति सबै कुरा त्याग्ने र त्याग्न इच्छुकहरू मात्र उहाँका चेलाहरू हुन सक्थे। उनीहरू ख्रीष्टझैं दीन र नम्र थिए।

## अध्याय - २१

# मण्डलीमा संसार सम्मिलित

त्यसपछि शैतानले आफ्ना दूतहरूसित परामर्श राख्दै कहाँसम्म उन्नति भयो, त्यस विषयमा छलफल गऱ्यो। हो, तिनीहरूले कतिपय कायरहरूलाई मृत्यु-दण्डको धम्की दिएर सत्यलाई अँगाल्नदेखि वञ्चित् गरे; तर धेरैजना, यहाँसम्मन् कि कायरभन्दा कायरहरूले पनि जब सत्यलाई ग्रहण गरे, तब त्यस्ता डर र कायरता कता हराए कता! आफ्ना सङ्गी-विश्वासी दाजुभाइहरू मृत्युसम्मै दृढ़ र धैर्यवान् भइरहेका देखेर उनीहरूले यो धैर्य-शक्ति ता परमेश्वर र उहाँका दूतगणबाटै प्राप्त भएको हो भन्ने बुझे, र उनीहरूले पनि साहस र आत्मबल पाउनथाले। अनि जब उनीहरूले पनि आफ्नो प्राणाहुति दिने बेला आयो, त्यतिबेला उनीहरूले देखाएका असाधारण धैर्य, सहनशीलता र दृढ़ विश्वास देखेर उनीहरूको प्राण लिन आउनेहरू पनि लगलग काँपे। त्यसपछि फेरि शैतानले आफ्ना दूतहरूसँग मिलेर आत्माहरू नाश गर्नालाई अझ सजिलो उपाय निकाल्नथाल्यो। ती खीष्टियानहरूलाई जत्ति नै सताए पनि उनीहरूमा जिउँदो एवम् ज्वलन्त आशा थियो, जसले गर्दा उनीहरूलाई जस्तै दर्दनाक शास्ति दिएर मार्ने धम्कीले किञ्चित् पनि विचलित पार्दैनथ्यो। आफ्ना हत्यारा शत्रुहरूका सामु खीष्टले जस्तो भद्रता, सहनशीलता एवम् नम्रता देखाउनुभयो उनीहरूले पनि त्यस्तै नम्रता देखाए। त्यसपछि उग्र रूप धारण गरेर पनि आफ्नो योजना सफल नहुने देखेर शैतानले शान्त रूपमै आउने निर्णय गऱ्यो। आईकन उसले बाइबलको शिक्षालाई बिगार्ने काम थाल्यो, जसको खास उद्देश्य लाखौं बाइबल-प्रेमी विश्वासीहरूलाई भ्रमित तुल्याएर विनाशको बाटोमा ल्याउनु थियो। तसर्थ उसले आफ्नो पक्षकाहरूलाई खीष्टियानहरूमाथि

त्यस्तो घोर सतावट नगरेर परमेश्वरका जनहरूलाई सुम्पिएको त्यो विश्वासमा आधारित नभएर नाना किसिमका रीति-विधिहरूमाथि जोर दिन लाउनथाल्यो। मण्डलीलाई झूटो आश्वासनमा अल्मल्याएर संसारको मानमर्यादा दिईकन भुल्याउनथाल्यो। त्यसरी मण्डली पनि परमेश्वरको निगाहपूर्ण दृष्टिदेखि पतित हुँदै गयो, आफ्नो गरिमा हराईकन शक्तिविहीन हुँदै गयो, किनकि उक्त मण्डलीले सत्य कुरा प्रकट गर्नै छोड्यो, जुन सत्यतादेखि भोग-विलासीहरू अर्थात् भनौं संसारका मित्रहरू अलग थिए। यसरी मण्डलीको पवित्रता सुनले आफ्नो त्यो स्वर्णिम चमक नै हराए झैं हुनथाल्यो। यदि मण्डलीले आफ्नो पवित्रता कायम राखेको भए त्यहाँ पवित्र आत्माको सामर्थ्य रहने थियो, जसद्वारा रोगीहरू निको हुने थिए, दुष्टात्माहरूलाई हपारीकन निकाल्न सकिने थियो र मण्डली सामर्थ्यशाली भईकन शत्रुहरूलाई थरहरी बनाइदिने थियो।

अनि मैले देख्ताहुँदि कैयौं कैयौंले ख्रीष्टको नाम ता धारण गरे, तर परमेश्वर तिनीहरूलाई भन्नुहुन्छ, "म तिमीहरूलाई चिन्दै चिन्दिनँ।" तिनीहरूसँग उहाँ खुशी हुनुहुन्न। मानिसहरूले ख्रीष्टियान सम्झून् भनेर शैतानले पनि धार्मिक रूप धारण गऱ्यो। मानिसहरूले ख्रीष्टमा साथै उहाँ क्रूसमा मरीवरी बौरी उठ्नुभएको कुरामा विश्वास गरेकोमा शैतान नाराज थिएन, किनकि शैतान साथै उसका दूतहरूले पनि यो कुरा विश्वास गर्थे र डरले काँप्थे। तर यस विश्वासद्वारा असल कामचाहिँ भएन र ख्रीष्टियान हुँ भन्नेहरू ख्रीष्टजस्ता आत्मत्यागी (अर्थात् आफैलाई इन्कार गरी क्रूस उठाउने) भएनन् भने शैतानलाई केही असर पर्दैन, कारण उनीहरूले केवल ख्रीष्टको नाम मात्रै ता धारण गरेका हुन्, तर उनीहरूको हृदय भने शारीरिक यानि सांसारिक नै छ। गैर-ख्रीष्टियानहरूबाट भन्दा ता ख्रीष्टियान हौं भन्नेहरूबाटै शैतानको काम अझ सफलीभूत हुँदछ। बाहिरबाट ख्रीष्टियान नामरूपी

भेष धारण गरेर तिनीहरूले आफ्नो कुरूपतालाई ढाकछोप गर्दछन्। वास्तवमा उनीहरूको अपवित्र स्वभाव र कुप्रवृतिहरू गएकै हुँदैनन्। त्यसैले गर्दा खीष्टलाई विश्वास नगर्नेहरूबाट खीष्टको नामको निन्दा यानि बदनाम ता हुन्छै हुन्छ, त्यतिमात्र नभएर पवित्र जीवन बिताउने विश्वासीहरूले पनि बदनाम सहनु पर्दछ।

प्रचार वा प्रवचनको सेवा गर्नेहरूले शारीरिक खालका खीष्टियानहरूलाई मनपर्ने मनपर्ने कुराहरू मात्रै बोल्छन्। शैतानलाई त्यस्तै चाहिएको। उनीहरू बाइबलका सत्य सत्य वचनहरू प्रचार गर्न साहस गर्दैनन्। गरिहाले भने पनि ती शारीरिक र विषयासक्त खीष्टियानहरूले सुन्नै माग्दैनन्। ती शारीरिक मानिसहरूमध्ये धेरैजना धनवान् छन् र उनीहरूका निम्ति मण्डलीमा विशिष्ट स्थान राखिछोड्नैपर्छ, यद्यपि आत्मिक दृष्टिकोणले उनीहरू त्यस स्थानका निम्ति योग्यका हुँदैनन्। उनीहरूको भनाइ छ - खीष्ट धर्म संसारको दृष्टिमा पनि लोकप्रिय तथा प्रतिष्ठित हुनुपर्छ। धर्ममा साह्रै निष्ठावान् हुनेहरूलाई संसारले मन पराउँदैन। यस्ता शिक्षाहरूले खीष्टको शिक्षासित मेल खाँदै खाँदैनन्। भनूँ खीष्टको शिक्षा र संसार पनि परस्परमा मेल खाँदैन अनि कहिल्यै खाएन पनि। उहाँका पछि लाग्नेहरूले संसारलाई त्याग्नुपर्‍यो अर्थात् संसारसितको सम्बन्ध विच्छेद गर्नुपर्‍यो। यस्तै चिल्ला-चापुल्ला कुराहरू निकालेर शैतान र उसका दूतहरूले यो सजिलो उपाय रचे, र यसैलाई नाममात्रका ईसाइहरूले पालन गर्दै ल्याए। कपटीहरू र पापीहरू मण्डलीमा सम्मिलित हुँदै आए। शिक्षाको रूपमा चाखलाग्दा र कर्णप्रिय दन्त्यकथाहरू सुनाउँदै आए र सुन्नेहरूले पनि खुशीसाथ सो शिक्षा ग्रहण गरे। यदि खीष्टको सत्य शिक्षालाई साँचो र असली ढङ्गमा प्रचार गर्नु हो भने त्यस्ता कपटी र अपरिवर्तित पापीहरू सब बाहिरिन्छन्। तर खोइ, यहाँ त खीष्टियान हौं भन्नेहरू र संसारमा

कुनै भिन्नता देखिँदैन। यदि ती मण्डलीहरूका सदस्यहरूका नकली रूपलाई हटाईकन असली रूप प्रकट गराउनसकिने भए ता परमेश्वरका जनहरूमध्ये सबभन्दा सानो अर्थात् एउटा नपत्याउँदो बालकले पनि तिनीहरूलाई 'शैतानका सन्तान' भन्न किञ्चित् पनि संकोच मान्ने थिएनन् होला, किनकि तिनीहरू साँच्चै आफ्ना बाबु शैतानकै कामहरू गर्छन्। ख्रीष्टले पनि आफ्ना स्वर्गीय दूतगणसँग दुःख प्रकट गर्दै तिनीहरूका कामलाई हेर्नुभयो, तथापि परमेश्वरले पवित्र मण्डलीको लागि जुन सन्देश पठाउनुभयो, त्यो उनीहरूले ग्रहण गरिदिएका भए मण्डलीमा सर्वाङ्गीन सुधार आउनेथियो, र त्यो जिउँदो गवाही पुनर्जागृत हुनेथियो, जसद्वारा मण्डलीदेखि पाप र भ्रष्टाचार हटेर पुनः परमेश्वरको निगाह प्राप्त हुनेथियो।

## अध्याय - २२

# विलियम मिलर

मैले दर्शनमा एकजना कृषकलाई पनि देखें, जसले पहिले बाइबलमा विश्वास गर्दैनथ्यो, तर त्यस्तैको हृदयमा काम गर्न र भविष्यवाणीहरू खोजी गराउनलाई परमेश्वरले आफ्ना दूतलाई पठाउनुभयो। परमेश्वरका दूतले तिनलाई भेटीकन भविष्यवाणीका कुराहरू बुझ्न समझ-शक्ति दिनुभयो, जुन भविष्यवाणीहरू परमेश्वरकै लोकहरूका निम्ति पनि अज्ञात नै रहिरहेका थिए। तिनले परमेश्वरका श्रृङ्खलाबद्ध वचनको प्रकाश पाए, र उहाँको वचनलाई एकपछि अर्को गर्दै तुलनात्मक अध्ययन गर्दै गए र अन्तमा तिनले परमेश्वरको वचनमाथि आश्चर्य प्रकट गर्दै तारिफ गर्नथाले। अनि जुन परमेश्वरका वचनलाई अघि पवित्रात्माद्वारा प्रेरित भएको कुरामा तिनी अविश्वास गर्थे भने त्यही वचन अहिले तिनको ज्ञानचक्षु अघि सौन्दर्य र महिमासहित छर्लङ्गिन थाल्यो। तिनले हेर्दै गए र साँच्चै नै पवित्रशास्त्रको एक खण्डलाई बुझ्न नसके तापनि अर्को खण्डले त्यसको अर्थ खोलिदिएको तिनले पाए। त्यसपछि तिनले परमेश्वरको वचनलाई बड़ो आदर र भयसाथ कदर गर्नथाले। पवित्रशास्त्रका भविष्यवाणीहरू अध्ययन गर्दै र बुझ्दै जाँदा तिनले हाम्रो संसारका मानिसहरू ता संसारकै इतिहासबारे पनि अनभिज्ञ नै रहेछन् भनी थाहा पाए। मण्डलीमा भइरहेको भ्रष्टाचारलाई देखेर तिनले यो पनि बुझे, कि ती मानिसहरूले ख्रीष्टलाई होइन, तर संसारलाई प्रेम गर्दारहेछन्, परमेश्वरबाट पाइने आदर होइन, तर सांसारिक मान-इज्जत खोज्दारहेछन्, अनि स्वर्गमा धन सञ्चय गर्नुको सट्टामा सांसारिक धन-सम्पतिकै पछि लाग्दारहेछन्। चारैतिर तिनले कपट्याइँ, अन्धकार र मृत्यु देखे।

तिनी आत्मामा उत्प्रेरित भए र जसरी परमेश्वरबाट बोलावट पाएर एलिशा आफ्ना खेत र हल-गोरुहरू छोड़ीवरी एलियाका पछि लागेका थिए, त्यसरी नै तिनी पनि आफ्ना खेतबारी छोड़ीवरी परमेश्वरकै बोलावट पाईकन उहाँको सेवामा लागे। बड़ो डर र कम्पनसाथ बिलियम मिलरले मानिसहरूलाई परमेश्वरको राज्यको रहस्य उद्घाटन गरिदिँदै खीष्टको दोस्रो आगमनबारे बुझाँउदै गए। अर्थात् जसरी बप्तिस्मा दिने यूहन्नाले खीष्टको पहिलो आगमनको प्रचार गर्दै उहाँको मार्ग तयार गरे, त्यसै गरी वि0 मिलरले पनि केही मानिसहरूलाई साथमा लिएर खीष्टको दोस्रो आगमनको प्रचार गरे।

त्यसपछि मलाई खीष्टकै चेलाहरूमध्ये उहाँका प्यारो चेला यूहन्नाको दर्शन दिइयो, जसलाई परमेश्वरले विशेष काम सुम्पनुभएको थियो। तिनको काममा वाधा पुऱ्याउन र तिनलाई पनि नाश गर्न शैतानले कदम उठाएको थियो, तर परमेश्वरले आफ्ना दूतहरू पठाईकन अद्भुत प्रकारले तिनलाई रक्षा गर्नुभयो। त्यसरी परमेश्वरको अपार शक्तिद्वारा यूहन्ना बाँचेका देख्नेहरू जत्ति सब छक्क परे, अनि परमेश्वर तिनका साथमा हुनुहुँदो रहेछ भनेर धैरैले यूहन्नाको गवाहीमा विश्वास गरे। त्यसपछि तिनका शत्रुहरू तिनको ज्यान लिन डराए तापनि तिनले खीष्टको निम्ति दुःखचाहिँ भोग्नु नै थियो। तिनलाई तिनका शत्रुहरूले झूटा आरोपहरू लगाई-लगाईकन कालापानीको सजायस्वरूप निर्जन टापुमा पुऱ्याए, जहाँ प्रभुले आफ्ना दूत पठाईकन तिनलाई पृथ्वीमा हुनेवाला कुराहरू, मण्डलीको अवस्था, मण्डलीको पतन अनि मण्डलीले परमेश्वरलाई खुशी तुल्याए अन्तमा विजय प्राप्त पनि गर्नसक्ने कुरा तिनलाई दर्शन दिँदै बताइदिनुभयो। ती यूहन्नाकहाँ आउने स्वर्गदूतको चेहरा स्वर्गीय महिमाले जाज्वल्यमान थियो, जसले यूहन्नालाई परमेश्वरको मण्डलीबारे अति गम्भीर र

मुटु कमाउने कुराहरूको दर्शन दिए र उनीहरूले कस्ता कस्ता किसिमका संघर्ष सामना गर्नुपर्ने छ, ती कुराहरू पनि यूहन्नाका सामु दर्शाइदिए। तिनले दर्शनमा आफूहरूलाई डरलाग्दा अग्नि-परीक्षाहरूबाट भई गएका अनि जाँचिएर र खारिएर अन्तमा विजय प्राप्त गरी परमेश्वरको राज्यमा स्वेत वस्त्र पहिरेका देखे। अनि परमेश्वरको मण्डलीको आखिरी विजय-प्राप्तिको दर्शन दिँदै र बताउँदै जाँदा ती स्वर्गदूतको पनि चेहरा आनन्दले जगजग बलिरहेको थियो। त्यसरी मण्डलीको अन्तिम उद्धारको दृश्य देखेर यूहन्नाको खुशीको सीमा रहेन, र तिनी बड़ो श्रद्धा र भक्तिसाथ स्वर्गदूतलाई दण्डवत् गर्न तिनका चरणमा परे, तर दूतले हतार-हतार यूहन्नालाई उठाउँदै भने, "हेर, तिमीले यसो नगर; म त तिम्रो र ख्रीष्टका साक्षी भाइहरूको सङ्गी-दास मात्र हुँ; परमेश्वरलाई नै दण्डवत् गर, किनकि भविष्यवाणीको आत्मा ख्रीष्टको साक्षी हो। त्यसपश्चात् स्वर्गदूतले यूहन्नालाई सारा स्वर्गीय महिमाले सुशोभित र सुसज्जित पवित्र नगर देखाए। त्यो महिमान्वित नगरलाई देखेर यूहन्ना पनि दङ्ग परे, यहाँसम्म कि तिनले भुलेर फेरि स्वर्गदूतलाई दण्डवत् गर्न तिनको चरणमा घोप्टो परे। तर ती दूतले फेरि पनि यूहन्नालाई नम्रतापूर्वक सम्झाउँदै भने, "हेर, तिमी यसो नगर। म ता तिम्रो र अगमवाणी बोल्ने तिम्रा भाइहरू र यस पुस्तकका वचन पालन गर्नेहरूका सङ्गी-दास मात्र हुँ। परमेश्वरलाई नै दण्डवत् गर।"

आजसम्म पनि प्रचारकहरू तथा अन्य ईसाइहरूले प्रकाशितवाक्यको पुस्तकलाई रहस्यमय र दुर्बोध मानेर त्यति ध्यान दिँदैनन्। तर मैले चाहिँ यस पुस्तकलाई साँच्चै यस्तो दर्शन र प्रकाशको पुस्तक देखें, जुन पुस्तकले अन्तिम दिनहरूमा बाँचिरहेका विश्वासीहरूका लागि आफूहरू कुन स्तरमा छौं र हाम्रो कर्त्तव्य के हो, सो जानकारी दिँदछ। परमेश्वरले वि0 मिलरको हृदयलाई

भविष्यवाणीका रहस्यहरूको खोजी गराउँदै प्रकाशितवाक्यका वचनहरू तिनलाई छर्लङ्ग गरी प्रकाशित गरिदिनुभयो।

मानिसहरूले दानियलकै दर्शन बुझ्नसकेका भए यूहन्नाको दर्शन ता झन् छर्लङ्ग बुझ्नेथिए। तर ठीक समयमा परमेश्वरले आफ्ना यस्ता चुनिएका दासलाई उपयोग गर्नुभयो, जसले पवित्र आत्माको सामर्थ्यमा यी भविष्यवाणीका पुस्तकहरूको रहस्योद्‌घाटन गराए, अनि दानियल र यूहन्नाको दर्शन परस्परमा मिल्दा-जुल्दा छन् भनी सप्रमाण मानिसहरूलाई बुझाउँदै ख्रीष्टको दोस्रो आगमनका निम्ति तयार हुन चेतावनीसाथ आह्वान गरे। तिनीबाट परमेश्वरका वचन सुनेर कैयौं मानिसहरू प्रभुकहाँ फर्के।

वि0 मिलरले जहाँ-जहाँ सेवा गर्थे, परमेश्वरका दूतहरूले तिनलाई साथ दिन्थे। तिनले किञ्चित् पनि नडराईकन परमेश्वरको आज्ञा र अगुवाइ भएअनुसार परमेश्वरको वचन सुनाउँथे। ती नामधारी ईसाइहरू साथै संसारले घोर विरोध गरे अनि शैतान र उसका दूतहरूले तिनलाई मुक्का लगाए तापनि तिनले आफूलाई निम्त्याइएका ठाउँहरूमा भीड़का भीड़ मानिसहरूलाई अनन्त सुसमाचार सुनाइरहे र भने, "परमेश्वरको भय मान र उहाँलाई महिमा देओ, किनकि न्यायको घड़ी आइरहेछ!"

## अध्याय - २३

# पहिलो दूतबाट सन्देश

सन् १८४३ मा मैले परमेश्वरबाट यस्तो सन्देश आएको देखें, जुन सन्देशको उद्देश्य मानिसहरूलाई आत्मिक निद्राबाट जगाईकन पक्का निर्णयमा ल्याउनु थियो। त्यस बखत परमेश्वरका सेवकहरूमा आत्मिक जागृति आयो र उनीहरूले आफ्नो अभिमान, आफ्ना वेतन र आफ्ना गिर्जाघरहरूसमेत छोड़िराखेर परमेश्वरको सन्देश सुनाउँदै हिँड़े। तर उक्त स्वर्गीय सन्देशले ती ख्रीष्टका सेवक हौं भन्नेहरूमध्ये पनि थोरैभन्दा थोरैका मात्रै हृदयमा स्थान पाउन सकेकोले गर्दा अरुहरूलाई नै सो सन्देश-प्रचारको काम सुम्पिनपऱ्यो, जोहरूले कहिल्यै प्रचारको काम गरेका थिएनन्। कतिजनाले आफ्ना खेत-बारी छोड़ेर अनि कतिजनाले आफ्ना व्यापार-धन्धा छोड़ीवरी सन्देश-प्रचारको काममा लागे; यहाँसम्म कि कतिजना ता अत्यन्तै जरूरी काममा व्यस्त रहेकाहरू पनि आफ्ना काम-धन्धा छोड़ीकन उक्त पहिलो दूतको सन्देश प्रचार गर्ने काममा शामिल हुन वाध्य भए। मण्डलीका पदाधिकारीवर्गले पनि आफ्ना सङ्कीर्ण साम्प्रदायिक भावना तथा विचारधारालाई पर पन्छाईवरी ख्रीष्टको आगमनको प्रचार गर्ने काममा शामिल भए। जहाँ-जहाँ उक्त सन्देश पुग्यो त्यहाँका मानिसहरू त्यस सन्देशले कायल भए, रोई-रोई आफ्ना पापको पश्चात्ताप गर्दै क्षमा मागे र जस-जसले अर्कालाई लुटेका र धुतेका थिए, ती सब तिनीहरूले फिर्ता गरिदिए। आमा-बाबुहरूले आफ्ना छोराछोरीहरूका निम्ति गम्भीर चिन्तन गर्नथाले। जत्तिले त्यो सन्देश सुने र ख्रीष्टको आगमनका निम्ति तयार हुने आह्वानसहित चेतावनी पाए, उनीहरूले आफ्ना आत्मामा बोझ लिएर आफ्ना उद्धाररहित मित्रगण र आफन्तहरूलाई पनि सो सन्देश सुनाउन

उद्यत भए। यस अभूतपूर्व जागृतिमूलक कार्यले मानिसहरूको मनलाई सांसारिक कुराहरूदेखि अलग गरी परमेश्वरका निम्ति अर्पित जीवन बिताउने अभिप्रेरणा दिएको थियो। विलियम मिलरद्वारा प्रचारित सुसन्देशलाई सुनेर हजारौं मानिसहरूले सत्यलाई अँगाले। साथै परमेश्वरका अन्य सेवकहरू पनि एलियाका शक्ति तथा आत्मामा उचालिएर त्यस स्वर्गीय सन्देश प्रचार गर्न प्रेरित भए। ती ख्रीष्टका अग्रदूत यूहन्नाझैं यो पवित्र सन्देश प्रचार गर्नेहरूले पनि विवश नै भईकन रूखको जरामा बञ्चरो उजाउँदै मानिसहरूलाई पश्चात्ताप लायकको फल फलाउन आह्वान एवम् उद्बोधन जनाउनुपर्‍यो। उनीहरूको जीवन-साक्षीले तिनताकका मण्डलीहरूलाई प्रभावित मात्र नपारेर तिनीहरूको सकली रूपलाई पनि दर्शाइदियो। जब उनीहरूले ती मानिसहरूलाई आउनेवाला क्रोधदेखि भाग्ने चेतावनी दिए, तब ती मण्डलीका धेरैले उक्त सन्देशलाई ग्रहण गरे र आफ्नो आत्मिक पतन देखेर परमेश्वरका सामु नम्र र दीन भई रोई-रोई पश्चात्ताप गरे। त्यसपछि परमेश्वरका आत्मा उनीहरूमा वास गर्नुभयो र उनै आत्माद्वारा उत्प्रेरित भएर उनीहरू पनि यसो भन्दै उच्च स्वरले कराउन थाले, "परमेश्वरको भय मान र उहाँलाई महिमा देओ, किनकि न्यायको घड़ी आइरहेछ!"

तर ख्रीष्टको दोस्रो आगमनबारे समय तोकेर प्रचार गर्दाहुँदि चाहिँ सबै स्तरका मानिसहरूबाट, अर्थात् मण्डलीका उच्च पदाधिकारीवर्गदेखि लिएर नीचभन्दा नीच मानिसहरूबाट पनि घोर विरोध हुनथाल्यो, अनि मण्डलीका ती कपटी पदाधिकारीहरूसँग सँगै अरु गिल्ला र ठट्टा गर्नेहरूका मुखबाट पनि यस्तो वाक्य सुनिनथाल्यो, "त्यो दिन र त्यो घड़ीको विषयमा कसलाई चाहिँ थाह छ र?" ख्रीष्टलाई प्रेम गर्छु भन्ने ती मण्डलीका पदाधिकारीहरूले भने, "ख्रीष्टको आगमनको विषयमा प्रचार गर्‍यौ, त्यसमा हामी

विरोध गर्दैनौं; तर त्यो दिन र समय तोकेकोमा चाहिँ हामी विरोध जनाउँछौं। अन्तर्यामी परमेश्वरले तिनीहरूका हृदयलाई जाँचेर बुझिसक्नुभएथ्यो। तिनीहरूले वास्तवमा खीष्टलाई प्रेम गरेकै थिएनन्। तिनीहरूको खीष्टविहीन जीवन त्यस जाँचमा खड़ा हुन नसक्ने कुरा तिनीहरू स्वयम्लाई थाह थियो, कारण तिनीहरू परमेश्वरको मार्गमा हिँड़ेकै थिएनन्, बरु तिनीहरू परमेश्वरको काममा वाधा मात्रै भएका थिए।

जब पवित्र आत्माको सामर्थ्यमा सत्यको सन्देश दिइन्थ्यो, त्यसबेला मानिसहरू ती झ्यालखानका हाकिमझैं कायल भएर भन्थे, "उद्धार (मुक्ति) पाउनालाई म के गरुँ?" तर ती मण्डलीका गोठालाहरूले चिप्ला-चिप्ला कुराहरू गरी मानिसहरूलाई भुल्याएर सत्यदेखि वञ्चित् गरिदिए अनि शैतानपट्टि नै लागेर भन्नथाले, "शान्ति! शान्ति!!" जब कि त्यहाँ शान्ति नै थिएन। तर परमेश्वरका दूतगणले ती सबको लेखा राखेका अनि ती उद्धाररहित गोठालाहरूका वस्त्रहरू पनि रगतले कलङ्कित भएका मैले देखें। ती सुखचैनमा बस्न चाहनेहरू र परमेश्वरदेखि टाढा रहेर पनि ढुक्कसँग जिउनेहरू पनि भोग-विलासमै मस्त भइरहे। धेरै मण्डलीमा पदाधिकारीहरू आफैले पनि त्यो उद्धारको सन्देशलाई ग्रहण गरेनन् र ग्रहण गर्न चाहनेहरूलाई पनि तिनीहरूले बाधा दिए। तिनीहरूको खूनको लेखा ती बाधकहरूबाट परमेश्वरले लिनुहुनेछ। ती मण्डलीका प्रचारकहरूले अरु मानिसहरूसँग मिलेर त्यो स्वर्गीय सन्देशको विरोध गर्दै वि0 मिलरलाई सताए। उनमा जुन प्रभावकारिता थियो, त्यसलाई धमिल्याउन उनको विरुद्धमा झूटा-झूटा कुराहरू फैलाइए र कैयौंचोटि उनले परमेश्वरको दुइधारे तरवाररूपी वचन चलाउँदा सुन्नेहरू अत्यन्तै क्रोधित भए र सभा सकेपछि घर फर्कँदै गर्दा कतिले तिनलाई मार्न बाटो ढुके। तर परमेश्वरले उनलाई

बचाउनुभयो, कारण उनको सेवाकार्य पूरा भएकै थिएन।

अरुले उक्त स्वर्गीय सन्देशलाई इन्कार गरे, तापनि कोही-कोही यस्ता श्रद्धालु भक्तहरू पनि त्यहाँ थिए, जसले त्यस सन्देशलाई बड़ो हर्ष र आनन्दसाथ ग्रहण गरे, किनकि त्यो सन्देश स्वर्गबाटै आएको भनेर उनीहरूलाई विश्वास थियो। उक्त सन्देशको प्रतिक्रियालाई स्वर्गीय दूतहरूले बड़ो उत्सुकतापूर्वक हेरिरहेका थिए। जब तिनताकका मण्डलीहरूले त्यस सन्देशदेखि आफ्ना कान फर्काए अर्थात् इन्कार गरे, तब निराश भएर उनीहरूले यो कुराका विषयमा खीष्टसित छलफल गरे। त्यसपछि उहाँ ती मण्डलीहरूदेखि विमुख हुनुभयो; तर पनि उक्त स्वर्गीय सन्देशलाई इन्कार नगर्ने बाँकी कतिपय बहुमूल्य लोकहरूका रक्षाका निम्ति उहाँले आफ्ना दूतगण खटाउनुभयो, किनकि उनीहरूमाथि अर्को ज्योति चम्किनु बाँकी थियो।

मैले यस्तो देखें - यदि ती तथाकथित खीष्टियनहरूले आफ्ना मुक्तिदाताको आगमनलाई प्रिय मानेका भए, उहाँमै तन-मन लगाएका भए र संसारमा उहाँको तुलनामा आउन सक्ने अरु कुनै थोक रहेनछ भनी बुझेका भए उहाँको आगमनको विषयमा सुन्दैखेरि उनीहरू हर्षले उल्लसित हुनेथिए। तर उहाँको आगमनको विषयमा सुनेर त्यसरी विरोध जनाउनु नै उनीहरूले खीष्टलाई प्रेम नगर्दारहेछन् भन्ने कुराको स्पष्ट प्रमाण थियो। त्यो देखेर शैतान र उसका दूतहरू रमाए, र खीष्ट साथै उहाँका दूतगणलाई भन्नथाले, "उः, देख्यौ ता! खीष्टको दोस्रो आगमन भएको ता खीष्टियानैहरूले पनि मन नपराउँदा रहेछन्! अरुको ता के कुरा?" तर पनि मैले चाहिँ परमेश्वरका खास जनहरूले प्रभु कहिले आउनुहुन्छ भन्दै बड़ो आशा र उत्सुकतासहित उहाँको बाटो हेरिरहेका देखें। तापनि परमेश्वरले उनीहरूलाई सप्रमाण बुझाउने मनसुबा राखीकन ती भविष्यवाणीका समयावधिको

हिसाब लाउनमा भएको त्रुटिलाई आफ्नै हातले ढाकछोप गरिदिनुभएको मैले देखें। आफ्ना प्रभुको बाटो हेर्नेहरूले यो थाह पाएनन् अनि निर्धारित समयको सम्बन्धमा विरोध जनाउने अधिकांश शास्त्रविद्हरूले पनि त्यो त्रुटि भेट्नैसकेनन्। समय बित्दै जाँदा ख्रीष्टको पुनरागमनको बाटो हेरिरहेकाहरू निराश र हताश हुनुपर्‍यो, जबकि उहाँको आगमन भएको नचाहने तर डरले कि करले मात्रै त्यो स्वर्गीय सन्देशलाई स्वीकार गरिटोपल्नेहरू त्यो चिताइएको समयमा ख्रीष्ट नआउनुभएको देखेर खुशी भए। उनीहरूको केवल धर्म-अपनाइले उनीहरूको हृदयमा केही प्रतिक्रियात्मक काम भएको थिएन, अर्थात् उनीहरूको जीवनमा सुधारात्मक परिवर्तन आएकै थिएन। तर समयको पूर्णतासाथ साथै त्यस्ता अपरिवर्तित हृदय प्रकट हुँदै गयो। पछि पछि ता तिनीहरूले उहाँको आगमनको प्रतीक्षा गरिरहेका ख्रीष्टका लोकहरूलाई खिल्ली उड़ाउनथाले। परमेश्वरको बुद्धि कति अगम्य, जसले परीक्षाको घड़ीमा पछि हटेर पिठ्यूँ फर्काउनेहरूलाई जाँच गरेर पत्ता लगाउनुहुन्छ।

ख्रीष्ट साथै उहाँका दूतगणले उहाँको आगमनको उत्कट चाहनासाथ प्रतीक्षामा रहेका उहाँका प्रिय जनहरूलाई प्रेम र सहानुभूतिपूर्वक निहारिरहेका थिए। उहाँका जनहरूलाई परीक्षाको घड़ीमा सम्हाल्न परमेश्वरका दूतगण तैनाथ थिए। अनि त्यस स्वर्गीय सन्देशलाई खेलाँची मान्नेहरू अन्धकारमै रहे, त्यसमाथि पनि तिनीहरूमाथि परमेश्वरको क्रोधरूपी अग्नि सल्क्यो, कारण तिनीहरूले नै स्वर्गबाट पठाइएको ज्योतिलाई इन्कार गरेका थिए। तर ती विश्वासयोग्य जनहरू प्रभु किन निर्धारित समयमा आउनुभएन सो बुझ्न नसकेर निरूत्साह भए तापनि उनीहरू अन्धकारमा रहेनन्। उनीहरूले फेरि पनि बाइबल पल्टाएर भविष्यवाणीका समयावधिबारे खोजपूर्ण अध्ययन गर्नथाले।

उता शैतान र उसका दूतहरू खूब रमाइरहेका थिए। त्यो स्वर्गीय सन्देशलाई इन्कार गर्नेहरूले आपसमा यसो भन्दै बधाईको आदान-प्रदान गर्नथाले, "हामीले त्यो व्यर्थको भ्रममा मात्रै पार्ने कुरालाई स्वीकार नगरेर कति बुद्धिमानी काम गऱ्यौ; देख्यौ ता?" तर तिनीहरूले परमेश्वरको सल्लाहलाई इन्कार गरेर आफ्नै खुट्टामा बञ्चरो हानेका पत्तो पाएनन्। तिनीहरूले शैतान र उसका दूतहरूसँग मिलेर स्वर्गबाट आएको सन्देशानुसार सकारात्मक काम गरिरहेका परमेश्वरका जनहरूलाई पनि अन्योल्याउनका लागि काम गरिरहेका तिनीहरू आफैलाई थाह भएन।

उक्त सन्देश प्रचार गरेकामै ती विश्वासीहरूलाई मण्डलीहरूबाट खेदो र अत्याचार हुनथाल्यो। केही समयसम्म ता तिनीहरूमा एक प्रकारको डर रह्यो, जसले गर्दा तिनीहरूको हृदयमा जे-जस्तो भावना भए पनि खुलेआम पोखाउन सकेनन्, तर समय बित्दै जाँदा तिनीहरूका मनका वास्तविक भावनाहरू प्रकट हुँदै गए। भविष्यवाणीका समयावधि सन् १८४४ सम्म बढ़ेको कुराको साक्षी दिन विश्वासीहरूले अनिवार्य ठाने तापनि ती विरोधीहरूले त्यस साक्षीलाई बन्द गराउने चेष्टा गरे। तरपनि विश्वासीहरूले आफ्ना भूलबारे तिनीहरूलाई स्पष्टीकरण दिँदै १८४४ मै प्रभु आउनुहुन्छ भनी आशा राखेको कारण बुझाए। त्यसपश्चात् ती विरोधीहरू निरूत्तर भए तापनि तिनीहरू रिसले आगो भए। तिनीहरूले ती विश्वासीहरूका कुरा सुन्दै नसुन्ने अनि अरूले पनि नसुनून् भनेर मण्डलीहरूमा बोल्नै नदिने मतो गरे। जतिले परमेश्वरले आफूलाई दिनुभएको त्यो दिव्य ज्योति अरूदेखिन् लुकाउन साहस गरेनन्, उनीहरू पनि मण्डलीबाट बहिष्कृत भए, तथापि प्रभुले उनीहरूलाई साथ दिईकन आफ्नो ज्योतिर्मय उपस्थितिमा आनन्दित तुल्याउनुभयो, र दोस्रो दूतबाट पनि सन्देश सुन्न उनीहरू तयार भए।

## अध्याय - २४

# दोस्रो दूतबाट सन्देश

तिनताकका मण्डलीहरूले प्रथम दूतबाट त्यो ज्योतिको सन्देश अर्थात् भनौं स्वर्गबाटको त्यो दिव्य ज्योतिलाई इन्कार गरेर उनीहरू परमेश्वरको निगाहदेखि गिरे। उनीहरूले आफ्नै बुद्धि-बलमा निर्भर गरेर पहिलो सन्देशलाई इन्कार गरेकाले उनीहरू नै यस्तो स्थानमा पुगे, जहाँबाट उनीहरूले दोस्रो दूतबाट पनि ज्योतिको सन्देश सुन्न सक्तैन थिए, न ता त्यो ज्योति नै देख्न सक्थे। तर ती खेदो र अत्याचारमा पिसिएका परमेश्वरका प्रिय जनहरूले बेबिलोनको पतन भएको सन्देश सुनेर ती पतित मण्डलीहरूलाई त्यागिदिए।

दोस्रो दूतबाटको सन्देश पनि समाप्त हुँदा-नहुँदा मैले स्वर्गबाट सूर्य झैं चहकिलो ज्योति ती परमेश्वरका जनहरूमाथि चम्किरहेको र स्वर्गदूतहरू यसो भन्दै कराइरहेका शब्द सुनें, "हेर, दुलहा आइरहेछन्, उनलाई भेट्न निस्क!" त्यो मध्यरातमा दिइएको त्यो आह्वानको उद्देश्यचाहिँ दोस्रो दूतको सन्देशलाई पुष्टि गरेर अझ प्रभावशाली तुल्याउनु थियो। निरूत्साहित भएका सन्तगणलाई प्रोत्साहन दिएर उनीहरूलाई उक्त महान् कार्यका निम्ति तयार पार्नार्थ ती दूतहरू स्वर्गबाट पठाइएका थिए। यो कुरा पनि ज्ञातव्य रहनु प्रयोजन छ, कि उक्त सन्देशलाई सर्वप्रथम ग्रहण गर्नेहरू उच्च शिक्षित र विद्वान् थिएनन्। जो नम्र, दीन र परमेश्वरभक्त थिए, उनीहरूकहाँ नै स्वर्गदूतहरू पठाइएर उनीहरूलाई यो बुलन्द आवाज दिने आदेश भयो, "हेर, दुलहा आइरहेछन्, उनलाई भेट्न निस्क!" उनीहरूले पनि पवित्र आत्माको सामर्थ्यद्वारा प्रेरित भएर त्यस बुलन्द आवाज फिजाउँदै गए, र निरात्साहित भएका सङ्गी-

विश्वासीहरूलाई पुनः प्रोत्साहित तुल्याए। उक्त बुलन्द आवाज मानिसहरूका ज्ञान र बुद्धिमा होइन् तर परमेश्वरको शक्ति मा आधारित थियो। त्यसैले परमेश्वरका खास जनहरूले त्यसको विरोध वा उल्लङ्घन गर्न सकेनन्। यो 'हेर, दुलहा आइरहेछन्, उनलाई भेट्न निस्क' भन्ने बुलन्द आवाजलाई सर्वप्रथम ग्रहण गर्नेहरू साँच्चै आत्मामा मन लगाउनेहरू नै थिए, तर जस-जसले पहिले यस काममा नैतृत्व गरिरहेका थिए, उनीहरूचाहिँ सबभन्दा पछि भए।

देशको कुना-कुनामा उक्त दोस्रो दूतको सन्देश प्रसारित भएर त्यस बुलन्द आवाजले हजारौंका मनलाई पगालिछाड्यो। परमेश्वरको प्रतीक्षामा रहेका उहाँका प्रिय जनहरू पूर्णरूपले नब्यूँझुञ्जेल त्यो आवाज शहर-शहर र गाउँ-गाउँमा गुञ्जित भयो। धेरैले यो सन्देशलाई गिर्जाघरहरूमा प्रवेश नहोस् भनेर वाधा खड़ा गरे तापनि जिउँदो गवाही राख्ने असंख्यौं विश्वासी जनले ती पतित मण्डलीहरूलाई त्यागिदिए। भनौं, मध्यरातको त्यो बुलन्द आवाजले विस्तीर्ण जागृति ल्याएको थियो, किनकि त्यो आबाज हृदयलाई खोतली-खोतली जाँन्ने किसिमको थियो, र ती विश्वासीहरूले एक अर्कामाथि भरोसा गर्नु नहुने रहेछ भन्ने बुझ्नेर आफ्नो आफ्नो जिउँदो गवाही र आत्मिक अनुभव कायम राख्दै आफू आफू तयार हुनथाले। उपवासका साथमा जागा रहँदै र निरन्तर प्रार्थना गर्दै आफ्ना प्रभुको प्रतीक्षामा रहनथाले। यहाँसम्म कि कतिपय उध्दाररहित मानिसहरूधरि डरले आकुल हुँदै उहाँको आगमनको घड़ीको बाटो हेर्नलागे, जब कि अरू-अरूले त्यस सन्देशको घोर विरोध गरे, जसबाट शैतानकै आत्मा त्यहाँ प्रकट भएको प्रतीत हुन्थ्यो। तिनीहरूले उक्त सन्देशसमर्थक विश्वासीहरूलाई गिल्ला गर्दै र हाँसोमा उड़ाउँदै भन्नलागे, "त्यो दिन र त्यो घड़ीको विषयमा कसलाई चाहिँ थाह छ र?" त्यो सुनेर शैतानिक दूतहरू खूब रमाए र तिनीहरूको मन अझ

कठोर बनाएर त्यो स्वर्गीय ज्योतिलाई इन्कार गराए, तर तिनीहरूलाई शैतानले आफ्नो जालमा फँसाएको थाहै भएन। धेरैले 'हामी प्रभुको प्रतीक्षा गरिरहेछौं' भने तापनि प्रभुसित तिनीहरूको कुनै भाग थिएन, तर तिनीहरूका आँखाले देखेका परमेश्वरको महिमा अनि प्रभुको बाटो हेर्ने विश्वासी जनका नम्रता एवम् गहन आध्यात्मिकता तथा ज्वलन्त गवाहीले गर्दा त्यस सत्यतालाई ग्रहण गर्न तिनीहरू विवश भए। वास्तवमा तिनीहरूको उद्धार (मुक्ति) भएकै थिएन। के तयार हुन्थे तिनीहरू? पवित्र आत्माद्वारा ती सन्तगणलाई प्रार्थनाका निम्ति बोझ भयो। बड़ो उत्सुकतासाथ दूतगणले पनि ती सब दृश्यलाई निहारिरहेका थिए। अनि त्यो स्वर्गीय सन्देशलाई ग्रहण गर्नेहरू सबलाई माथि - माथि उठाउँदै मुक्तिको त्यो जलस्रोतबाट जिउँदो पानी पियाउन उनीहरूलाई सांसारिक थोकहरूदेखि आफूपट्टि खिँचिरहेका थिए। तब परमेश्वरले आफ्ना लोकहरूलाई ग्रहण गर्नुभयो। त्यस दृश्यलाई ख्रीष्टले पनि बड़ो आनन्दपूर्वक निहारिरहनुभएको थियो। उनीहरूमा उहाँको त्यो प्रतिरूप झल्किरहेथ्यो। अनि उनीहरूले आफ्ना मरणहार शरीर अमर र अविनाशी शरीरमा परिणत हुने त्यो आशाले सम्पूर्ण रूपले आफ्ना जीवन बलिदान गरेका थिए। तर उनीहरूले प्रतीक्षा गरेको त्यो दिन र त्यो घड़ी बितेर गइसक्दा पनि पृथ्वीमै रहनुपर्दा उनीहरूको आशा फेरि निराशामा परिवर्तित भयो। हो, उनीहरूले स्वर्गीय कुरामा मन लगाएर त्यो मीठो आशा र प्रत्याशामा बाँचीकन अनन्त उद्धारको मिठासलाई चाखेका थिए, तर पनि उनीहरूले सोचेजस्तो चाहिँ भएन। तैपनि मानिसहरूका हृदयमा जुन भय पसीकन रहेको थियो, त्यो हत्तपत्त हराएन। त्यसैले ती हतोत्साहित विश्वासीहरूलाई पनि तिनीहरूले 'खोइ त तिमीहरूले भनेको समयमा प्रभु आएको?' भन्दै शब्दवाण प्रहार गरिहालेनन्। तर जबचाहिँ प्रभु परमेश्वरको

क्रोध प्रकट रूपमा तिनीहरूले देखेनन्, तब तिनीहरूका मनदेखिन् डर सब हरायो र फेरि ती विश्वासीहरूमाथि गिल्ला र निन्दारूपी वाणहरू प्रहार गर्नथाले। अनि ती विश्वासीहरू जसले पूर्ण विश्वाससाथ प्रभु त्यस घड़ीमा आउनुहुनेछ, अनि मरेकाहरूलाई बिउँताईकन अमर सन्त बनाउनुहुनेछ र सदा सर्वदाका लागि राज्य आफ्नो हातमा लिई अधिकारी बन्नुहुनेछ भनी सम्झेका थिए, उनीहरूले आफैलाई प्रभुका ती अनभिज्ञ चेलाहरू तुल्य पाए, जसले भनेका थिए, "उनीहरूले मेरा प्रभुलाई लगेर खोइ कहाँ राखे, मलाई ता थाह भएन।"

## अध्याय - २५

# आगमन (एड्भेन्ट) अभियानको दृष्टान्त

मैले झुण्डका झुण्ड मानिसहरू डोरीले बाँधिएका जस्तै देखें, जसमध्ये धेरैजना पूरै अन्धकारमय दशामा थिए। तिनीहरूका नजर संसारपट्टि झुकेका देखिए र ख्रीष्टसित तिनीहरूको केही सम्बन्ध थिएन। ती झुण्डका बीच-बीचबाट कतिपय यस्ता व्यक्तिहरू छिर्दै गएका पनि मैले देखें, जसका चेहरा उज्ज्वल र उनीहरूका नजर माथि स्वर्गतर्फ उठाइएका थिए। सूर्यको किरण झैं ख्रीष्टको ज्योति उनीहरूमा चम्केको थियो। एकजना स्वर्गदूतले मलाई भने, "राम्ररी हेर्।" तब मैले प्रत्येक ज्योतिप्राप्त विश्वासीमाथि एकजना दूतले निगाहपूर्ण दृष्टिले हेरिरहेका देखें, जब कि अन्धकारमा रहेकाहरूलाई चाहिँ शैतानिक दूतहरूले घेरेर राखेका थिए। त्यसपछि मैले एकजना स्वर्गदूत यसो भन्दै कराइरहेका सुनें, "परमेश्वरको भय मान र उहाँलाई महिमा देओ, किनकि न्यायको घड़ी आइपुगेको छ!"

जतिले त्यो स्वर्गीय ज्योतिलाई ग्रहण गरे, उनीहरू सबलाई अझ ज्योतिर्मय तुल्याउन एक महिमित ज्योतिले ती विश्वासी झुण्डमाथि वास गरेको मैले देखें। त्यो अन्धकारभित्र रहनेहरूमध्ये पनि कतिपयले ज्योतिलाई ग्रहण गरे र आनन्दित भए, तर अरू बाँकीले भने त्यस स्वर्गीय ज्योतिलाई इन्कार गर्दै भने, "यो ता हामीलाई भ्रममा पार्ने धोखा मात्रै हो," तब त्यो स्वर्गीय ज्योतिले पनि तिनीहरूलाई अन्धकारमै छोड़िराखेर गयो। अनि ज्योतिलाई ग्रहण गर्नेहरू चाहिँ त्यही ज्योतिद्वारा आनन्दित भए। उनीहरूका उज्ज्वल चेहरामा

अलौकिक आनन्द झल्किरहेको थियो, र उनीहरूले बड़ो उत्सुकतापूर्वक आफ्ना नजर येशूतिर नै उठाउँदै स्वर्गदूतहरूसँग स्वर मिलाएर यसो भनिरहेका मैले सुनें, "परमेश्वरको भय मान र उहाँलाई महिमा देओ, किनकि उहाँको न्यायको घड़ी आइपुगेको छ।" जब उनीहरूले यो बुलन्द आवाज उठाए, तब अन्धकारमा भएकाहरूले उनीहरूलाई आफ्ना कुमले धक्की दिइरहेका थिए। तब ती पवित्र ज्योतिप्रेमीहरूमध्ये धेरैले आफूलाई बाँधिराखेको डोरीलाई चुँड़ालेर ती अन्धकारमा भएका झुण्डदेखि अलग्गै भए। अनि धेरैले आफूलाई बाँधिराखेका ती डोरीहरू चुँड़ाल्दै गर्दा विभिन्न दलका प्रतिष्ठित र सम्मानित व्यक्तिहरूमध्ये कतिजनाले चिप्लो घस्दै, कोही रिसले दाह्रा किट्दै र धम्की दिँदै उनीहरूका छेउबाट ओहोर-दोहोर गरे र घरिघरि आउँदै यसो भनिरहे, "परमेश्वर हाम्रा साथमा हुनुहुन्छ। हामी पो ज्योतिमा खड़ा छौं ता। हामी पो सत्यमा छौं।" मैले स्वर्गदूतलाई 'यी मानिसहरू चाहिँ को हुन्?' भनी सोधें। उनले भने, "यिनीहरू मण्डलीहरूका ती पदाधिकारी सेवक भनाउँदाहरू अर्थात् अगुवाहरू हुन्, जोहरू आफैले पनि त्यस स्वर्गीय ज्योतिलाई नकारे, र अरूहरूले पनि ग्रहण नगरून् भनेर वाधा दिए।" मैले ती ज्योतिप्रेमी विश्वासीहरूलाई खूब उत्सुकतापूर्वक कहिले खीष्ट आउनुहुन्छ र हामीलाई उठाउनुहुन्छ भनी उहाँको प्रतीक्षा गरिरहेका देखें। हेर्दाहेर्दै एउटा बादलले ती ज्योतिमा आनन्द मनाउनेहरूलाई छोप्यो र उनीहरूको चेहरामा उदासीनता छायो। मैले त्यो बादलको अर्थ सोधें, र दूतले मलाई भने, "यो बादलले ती विश्वासी जनको निराशालाई सङ्केत गर्दछ।" उनीहरूले प्रतीक्षा गरेको खीष्टको आगमनको त्यो घड़ी बितेर गयो र पनि खीष्ट नआउनुहुँदा उनीहरू निरूत्साहित भए र अघि मैले देखेका ती मण्डलीका पदाधिकारीहरू र अगुवाहरू रमाए। त्यस ज्योतिलाई नकार्नेहरू खुशीले बुरूकबुरूक

उफ्रे। साथ-साथै शैतान र उसका दूतहरूले पनि विजयको हर्षोल्लास मनाए।

तत्पश्चात् मैले अर्का दूतलाई 'बेबिलोनको पतन भो! पतन भो!!' भन्दै कराइरहेको आवाज सुने। तब ती निरूत्साहित विश्वासीहरूमाथि ज्योति चम्क्यो र फेरि उनीहरूले बड़ो उत्सुकता र उत्कट चाहनासाथ ख्रीष्टको प्रकट हुवाइको बाटो हेर्नलागे। त्यसपछि मैले एक झुण्ड स्वर्गदूतहरूलाई ती 'बेबिलोनको पतन भो! पतन भो!' भनी कराउने दूतसित कुरा गरिरहेका देखें, र फेरि हेर्दा-हेर्दै ती दूतगण पनि दोस्रो दूतसँगै एकसाथै यसो भन्दै कराउनलागे, "हेर, दुलहा आइरहेछन्, उनलाई भेट्न निस्क!" यो संगीतमय आवाज चारैतिर गुञ्जायमान भएको भान भइरहेथ्यो। एक अत्यन्तै उज्ज्वल ज्योति ती ज्योतिप्रेमीहरू वरिपरि चम्किरहेथ्यो। उनीहरूका चेहरा परमेश्वरको महिमाले जगमगाइरहेथ्यो, र उनीहरू पनि ती दूतगणसँग एकसाथ स्वर मिलाईकन कराउनलागे, "हेर, दुलहा आइरहेछन्; उनलाई भेट्न निस्क!" अनि त्यसरी नै विभिन्न झुण्डका बीचमा स्वर र ताल मिलाई त्यो बुलन्द आवाज दिइरहेका बेलामा ज्योतिविरोधीहरूले उनीहरूलाई धकेल्दै र रिसले दाह्रा किट्दै धम्की दिए अनि गिल्ला गरे। तर स्वर्गदूतहरूले आफ्ना पखेटा फैलाईकन, ती खेदोमा परेकाहरूको रक्षा गरे। त्यति हुँदा-हुँदै पनि शैतानले उनीहरूलाई अन्धकारमा धकेल्ने र त्यो स्वर्गीय ज्योतिलाई नकार्न लगाउने आफ्नो प्रयास छोड़ेन।

त्यसपश्चात् मैले ती धकेलिमाग्ने र गिल्ला गरिमाग्नेहरूलाई यसो भन्दैगरेको एउटा वाणी सुनें, "तिनीहरूका बीचदेखि निस्किआओ, र अशुद्ध कुरा नछोओ।" तब धेरै-धेरैले आफूलाई बाँधेका डोरीहरू चुँड़ालीकन त्यो वाणीलाई पालन गरे र अन्धकारमा रहने बाँकी सबलाई छोड़ीवरी पहिल्यै आफ्ना बन्धनलाई तोड़ी ज्योतिमा

आएकाहरूसँग मिलीकन आनन्दसाथ त्यो बुलन्द आवाज उठाउने काममा शामिल भए। त्यसै बीचमा मैले त्यतिञ्जेल अन्धकारमै रहिरहेकाहरूका सङ्गतिमा भएका थोरै आत्माहरू छट्पटाउँदै पुकारिरहेको आवाज सुनें। ती अगुवाहरू तिनीहरूका बन्धनलाई अझ कस्दै वरिपरि घुमिरहेका थिए, र पनि मैले त्यो पुकारको आवाज सुनिरहें। त्यतिमात्र भएन, तिनीहरूले त्यो स्वतन्त्र भई परमेश्वरमा आनन्द मनाइरहेको झुण्डसित गुहार माग्दै र परमेश्वरलाई पुकारा गर्दै आफ्ना हात उनीहरूतिर बढ़ाइरहेका थिए। त्यसको जवाफमा उनीहरूले स्वर्गतर्फ हेर्ने सङ्केत गर्दै भने, "तिनीहरूका बीचदेखि निस्किआओ, र अलग होओ," तब तिनीहरू त्यस बन्धनदेखि फुत्कन जोर गरे र बन्धनलाई तोड़ी फुत्कन सके। त्यसपछि तिनीहरूलाई फेरि बन्धनमा कस्न जत्तिकै कोशिश गरे तापनि सकेनन्, किनभने परमेश्वर तिनीहरूका साथ हुनुहुन्छ। सत्य ता हामीसितै छ' भन्ने भनाइलाई तिनीहरूले वास्तै गर्न छोड़े। तिनीहरू एक एक गर्दै ती अन्धकारमा रहेका झुण्डलाई त्यागेर ज्योतितर्फको स्वतन्त्र झुण्डमा शामिल हुनथाले, जुनचाहिँ झुण्ड पृथ्वीदेखि माथिकै स्थानमा जस्तो देखिँदै थियो। त्यस झुण्डकाहरूले एक टक लाएर स्वर्गेतिर हेरिरहेका थिए, अनि परमेश्वरको महिमाले उनीहरूमा वास गरेको थियो, र उनीहरूका ओठबाट प्रस्फुटित भइरहेका थिए - परमेश्वरकै स्तुतिका ध्वनिहरू। उनीहरू यस्तो एकतामा बध्द थिए, कि उनीहरूलाई स्वर्गीय ज्योतिलेनै समेटीकन राखेको जस्तो देखिन्थ्यो। उक्त झुण्डका वरिपरि कतिपय आत्माहरू पनि थिए, जोचाहिँ ज्योतिको प्रभावले गर्दा मात्र आएका थिए, तर तिनीहरू झुण्डमै चाहिँ सम्मिलित थिएनन्। सबै ज्योतिप्रेमीहरू बड़ो उत्सुकतापूर्वक स्वर्गेतर्फ दृष्टि लगाइरहेका थिए, अनि ख्रीष्टले पनि प्रसन्न भईकन उनीहरूलाई करूणापूर्ण दृष्टिले हेरिरहनुभएको थियो। उनीहरूचाहिँ

ख्रीष्ट कहिले आउनुहुन्छ भनी बड़ो उत्सुकतासाथ एक झलक पनि पृथ्वीतिर नहेरी स्वर्गेतर्फ दृष्टि लगाइरहेका थिए। हेर्दाहेर्दै फेरि एउटा बादल आईकन त्यस प्रतीक्षामा रहेको झुण्डमाथि बस्यो। त्यतिखेर उनीहरू निराश र हताश भएर आफ्ना नजर तल्तिर झारेका मैले देखें। 'यो किन यस्तो भएको?' भनी मैले मेरो छेउको दूतलाई सोधें। उनले भने, "उनीहरूले सोचेको र आशा गरेको अनुसार नभइदिँदा उनीहरू हतोत्साहित भएका हुन्। ख्रीष्ट अझै पनि आउनुहुन्न। उनीहरूले अझै ख्रीष्टका निम्ति धेरै दुःख र जाँचहरूका सामना गर्नै परेको छ। उनीहरूले अझै सब प्रकारका भूल-भ्रान्तिहरू र मानिसले नै बनाएर मान्दै ल्याएका रीतिथितिहरूलाई परित्याग गरेर सम्पूर्ण तौरले परमेश्वर र उहाँका सिध्द वचनतर्फ फर्कनुपर्छ। उनीहरू जाँचिएर र खारिएर शुध्द, पवित्र र सिध्द बनिएर जानुपर्छ। जो जो यी सब जाँचमा स्थिर रहनसक्लान् उनीहरूले नै अनन्त विजय प्राप्त गर्न सक्नेछन्।"

अझ पनि ती आनन्दले प्रफुल्लित हुँदै ख्रीष्टको आगमनलाई पर्खिनेहरूले सोचे, आशा गरेअनुसार पवित्रस्थानलाई आगोद्वारा शुध्द गर्न ख्रीष्ट आउनुभएन। भविष्यवाणीकालको हिसाब ता उनीहरूले ठीकै लगाएको मैले देखेथें। हो, भविष्यवाणीकालको इतिश्री १८४४ मै भएको हो। तर उक्त पवित्रस्थान के हो र त्यसको शुध्दिकरण कुन प्रकारले हुने हो, त्यो नबुझ्दाचाहिँ उनीहरू भ्रमित भएका हुन्। समय पूरा भएरै ख्रीष्ट पनि पवित्रस्थानलाई शुध्द पार्न महापवित्रस्थानमा प्रवेश गर्नुभएको थियो।

मैले फेरि पनि ती ख्रीष्टागमनको प्रतीक्षामा कुरेका हतोत्साहित झुण्डलाई हेरिपठाएँ। उनीहरू निराश थिए। उनीहरूले आफ्नो विश्वासलाई राम्ररी जाँचे र फेरि एकचोटि भविष्यवाणीकालको हिसाबलाई हेरे, र पनि कुनै भूल भेट्टाउनसकेनन्। समय पूरा

भइसक्यो र पनि खोइ आइनुभएको? उनीहरूले उहाँलाई गुमाइपठाए।

त्यसपछि मलाई ती प्रभुका चेलाहरू निरूत्साह भएको दृश्य देखाइयो, जोहरू चिहानमा आएर हेर्दा त्यहाँ प्रभुको शव थिएन। मरियम भन्नथालिन्, "उनीहरूले मेरा प्रभुलाई लगेर खोइ कहाँ राखे, मलाई थाह भएन।" त्यसबेला स्वर्गदूतहरूले ती हताश र निराश चेलाहरूलाई उत्तर दिए, "तिमीहरूका प्रभु ता बौरिउठिसक्नुभएको छ, र तिमीहरूभन्दा पहिल्यै गालीलमा पुग्नुहुनेछ।"

त्यसपछि मैले ख्रीष्टलाई आफ्ना हतोत्साहित चेलाहरूलाई टिठालु नजरले हेरीवरी उनीहरूले उहाँलाई भेट्टाऊन् र आफू जहाँ गए पनि उनीहरू पछि पछि आउन् भनेर उनीहरूलाई बाटो देखाउन आफ्ना दूतहरू पठाउनुभएको देखें, ताकि उनीहरूले यो कुरा बुझ्नसकून्, कि यो पृथ्वीचाहिँ त्यो पवित्र निवास होइन रहेछ, अनि उहाँ ता स्वर्गीय पवित्र निवासलाई पो शुध्द गर्नालाई महापवित्र स्थानमा प्रवेश गर्नुहुने रहेछ - इस्राएलका निम्ति विशेष प्रायश्चित बलिदान गर्न अनि आफ्ना पिताबाट राज्य लिईवरी पृथ्वीमा फर्की आउन र उनीहरूलाई सदा सर्वदा उहाँकै साथमा रहून् भनेर साथमा लैजानाका निम्ति। जसरी चेलाहरूले प्रभुको शव चिहानमा नपाउँदा उनीहरू हतोत्साहित भए, त्यसरी नै आफूले चिताएको समयमा अर्थात् १८४४ मा पनि ख्रीष्ट नआउँदा उहाँको प्रतीक्षा गर्नेहरू हतोत्साहित भए।

त्यसपश्चात् मलाई त्यो समयको दृश्यपट्टि लगियो, जुनबेला ख्रीष्ट विजेताझैं गधामा चढ़ेर यरूशलेम पस्नुभएथ्यो। त्यसबेला ती हर्ष मनाइरहेका चेलाहरूले सोचे - अबचाहिँ ख्रीष्टले राज्य हासिल गरीवरी यही पृथ्वीमा शासन गर्न थाल्नुहुने रहेछ भनेर। रङ्गीन आशा र कल्पना लिएर उनीहरू आफ्ना राजाका पछि लागे।

राम्रा-राम्रा खजुरका डालाहरू काटे, आफ्ना बाह्य पोशाकहरू फुकाले अनि खूब जोश र उमंग लिएर ती बाटामा ओछ्याए, अनि कोही अगिअगि र अरूहरू पछिपछि हिँडूदै यसो भन्दै कराउनलागे, "दाऊदका पुत्रलाई होसन्ना! परमप्रभुको नाउँमा आउनुहुने धन्यका हुनुहुन्छ! परमधाममा होसन्ना!!" उनीहरू उत्तेजित भएर उच्च स्वरमा कराउँदाहुँदि फरिसीहरूले दिक्क मानेर उहाँलाई 'तिम्रा चेलाहरूलाई चूप लाग्नु भनिदेऊ' भने। तर उहाँले तिनीहरूलाई यस्तो जवाफ दिनुभयो, "यदि यिनीहरू चूप लागे भने ढुङ्गाहरू चिच्याइ उठ्नेछन्।" जकरिया ९:९ को भविष्यवाणी पूरा हुनै परेको थियो, तापनि त्यसको केही दिनपछि उनीहरूको आनन्द विषादमा परिणत भयो, जब उनीहरूले कलभरीतर्फ लगिँदै गरेका खीष्टका पछि पछि गईकन र त्यो क्रूर क्रूसमा उहाँलाई रक्ताम्य अवस्थामा देख्नुपऱ्यो। आफ्नै आँखाले उनीहरूले उहाँको दर्दनाक मृत्यु देखे, र उहाँलाई चिहानमा राखे। उनीहरू  शोकविह्वल भए। उनीहरूले चिताएको जस्तो एउटै पनि भएन। जसै खीष्ट मर्नुभयो, उनीहरूको आशा पनि सँगसगै मरेर गयो। तर जब उहाँ बौरी उठीकन आफ्ना शोकविह्वल चेलाहरूकहाँ देखा पर्नुभयो, तब उनीहरूको आशा पनि पुनः जागृत भयो। उनीहरूले आफ्ना मुक्तिदातालाई एकपल्ट गुमाइपठाए तापनि फेरि पछिबाट उहाँलाई प्राप्त गरे।

मैले देख्ताहुँदि त्यस बखत चेलाहरू जस्तो उदास र निराश थिए, त्यसको तुलनामा १८४४ मा खीष्टागमनको आशा राख्नेहरूको निराशा त केही होइन रहेछ। उक्त भविष्यवाणी ता पहिले र दोस्रो दूतको सन्देशमै पूरा भयो। ठीक समयमै ती सन्देश दिइएका थिए र तीद्वारा हुनुपर्ने परमेश्वरको काम पनि पूरा भएकै थियो।

## अध्याय - २६

# अर्को दृष्टान्त

यस पृथ्वीतलमा भइरहेको काम विषयमा सम्पूर्ण स्वर्गले कति चासो लिएको रहेछ सो मलाई देखाइएको थियो। त्यसैले ख्रीष्टले पनि पृथ्वीवासीहरू उहाँको दोस्रो आगमनको निम्ति तयार होऊन् भनेर उनीहरूलाई चेतावनी दिन एकजना सामर्थी दूतलाई खटाउनुभयो। त्यसपछि मैले ती सामर्थी दूतलाई स्वर्गदेखि पृथ्वीतर्फ प्रस्थान गर्दैगरेका देखें। उनको अगिअगि एक अत्यन्तै उज्ज्वल र महिमित ज्योति थियो। मसँग भएका दूतले भने, 'यिनको कामचाहिँ पृथ्वीलाई आफ्नो ज्योतिले उज्ज्वल पार्नु र मानिसलाई आउनेवाला परमेश्वरको क्रोधबारे चेतावनी दिनु हो।' कैयौँ-कैयौँ मानिसहरूले त्यस ज्योतिलाई ग्रहण गरे। कोही कोही एकदमै गम्भीर देखिँदैथिए भने अरू सब ज्यादै खुशी र आह्लादित थिए। ती सबमाथि ज्योति छरिएको थियो, त्यही ज्योतिको प्रभावले आकृष्ट भएरै कतिजना आएका थिए, तर हृदयले भने तिनीहरूले ग्रहण गरेकै थिएनन्। जतिले ग्रहण गरेका थिए, उनीहरू सबका चेहरा माथि स्वर्गतिर फर्केर परमेश्वरलाई महिमा दिइरहेका थिए। त्यो देखी धेरैजना क्रोधले आकुल भए। मण्डलीहरूका पदाधिकारी सेवकहरू र अन्य मानिसहरू नीच र दुष्टहरूसँग मिलेर ती सामर्थी दूतबाट छरिएका ज्योतिको घोर विरोध गरे। तर जतिले त्यस ज्योतिलाई ग्रहण गरे, उनीहरू सब संसारदेखि फर्केर ज्योतिको सङ्गतिमा शामिल भए।

अर्कापट्टि शैतान र उसका दूतहरू यथाशक्य सबको मनलाई ज्योतिदेखि आफूतिर खिँच्ने प्रयासमा व्यस्त थिए। अनि ज्योतिलाई नकार्ने झुण्डचाहिँ अन्धकारमै छोड़िए। मैले यो पनि देखें, कि ती

दूतले हामी परमेश्वरका लोक हौं भन्नेहरूका क्रिया-कलापका लेखा राख्नलाई बड़ो ध्यानपूर्वक उनीहरूलाई हेरिरहेका थिए, किनकि स्वर्गबाटै आएको सन्देशको उनीहरूलाई जानकारी दिइएकै थियो। अनि हामी ख्रीष्टलाई प्रेम गर्छौं भन्नेहरूमध्ये पनि धेरैभन्दा धेरैले त्यस स्वर्गीय सन्देशलाई लात मारेर उनीहरू नै विरोधी भई गिल्ला, उपहास र निन्दा गर्नपट्टि लागेका हुनाले एकजना स्वर्गदूतले हातमा चर्मपत्र लिएर त्यो सब लेखेर राखे। त्यसरी 'हामी खीष्टका अनुयायी हौं' भन्नेहरूले खीष्टकै अपमान गरेकोमा सम्पूर्ण स्वर्ग क्रोधित भयो।

अर्कोपट्टि, प्रभुमा भरोसा राख्नेहरूले चिताएको समयमा प्रभुलाई भेट्न नपाउँदा उनीहरू हतोत्साह भएका पनि मैले देखें। भविष्यको कुरालाई छिपाउनु अनि आफ्ना लोकलाई निष्कर्षमा पुऱ्याउनु परमेश्वरको आफ्नो मनसा थियो। विना नियत समय परमेश्वरद्वारा परिकल्पना गरिएका कार्यहरू पनि पूरा भएका थिएनन्। शैतानले धेरैभन्दा धेरैका मनमा यो कुरा ता धेरै टाड़ाको कुरा हो भन्ने विचार ल्याएको थियो। खीष्टको प्रकट हुवाइको एउटा नियत समय हुनुपर्छ, जस विषयमा प्रचार गर्दा मानिसको मन अहिल्यै तयार हुन आतुरियोस्। जब त्यो चिताइएको समय बित्यो, तब त्यस स्वर्गीय ज्योतिलाई पूर्णरूपले ग्रहण नगर्नेहरूले त्यो स्वर्गीय सन्देशलाई नकार्नेहरूसँग एक भएर ती हतोत्साहित भएकाहरूलाई खिसी-टिउरी र उपहास गर्नथाले। त्यो देखी स्वर्गदूतहरूले खीष्टसँग कुरा गरिरहेका मैले देखें। अनि उनीहरूले ती सब हेरेर लेखेर राखे। जतिपल्ट तोकिएको समय बित्यो, त्यतिपल्टै तिनीहरूलाई जाँचेर प्रमाणित गरिसकिएको थियो, अनि धेरैभन्दा धेरैलाई तराजुमा हालेर तौलिँदा कमी नै पाइयो। ती सबले नै हामी खीष्टियान हौं भनी जोरतोरले ठोकुवा दिए तापनि कार्यरूपमा चाहिँ प्रायः कुनै कुरामा उनीहरू खीष्टका

पछि लाग्नसकेका थिएनन्। तिनीहरूको त्यो असफलता देखेर शैतान रमायो। उसले ता तिनीहरूलाई आफ्नो जालमा हालिसकेको थियो। उसले धेरैभन्दा पनि धेरैलाई सीधा र सत्य मार्गदेखि भड्काइदिएकोले तिनीहरू अर्कै बाटो भई स्वर्गमा चढ्ने वृथा प्रयास गरिरहेका थिए। स्वर्गदूतहरूले सियोनमा हेरिपठाउँदा त्यहाँ शुद्ध र पवित्र सन्तगणका साथमा पापीहरू साथै संसारप्रेमी कपटीहरू पनि मिसिन पुगेका देखे। उनीहरूले खीष्टका वास्तविक प्रेमीहरूमाथि दृष्टि लगाइहेर्दा ती भ्रष्ट र दुष्टहरूले पवित्र जनहरूलाई पनि बिगार्न लागेका देखे।

खीष्टलाई भेट्ने उत्कट चाहना भएकाहरूलाई पनि आफ्नै संङ्गी -विश्वासी दाजुभाइ भनाउँदाहरूले खीष्टको आगमनबारे बोल्नै दिएनन्। स्वर्गका दूतगणले यी सब दृश्य हेरे र खीष्टको आगमनलाई प्रिय मान्ने बाँकी जनमाथि सहानुभूति प्रकट गरे। त्यसपछि खीष्टले अर्को एकजना दूतको हातमा एउटा लिखित पत्र थमाईवरी पृथ्वीतल पठाउनुभयो, अनि तिनी पृथ्वीमा आउनासाथ यसो भन्दै कराउनथाले, "बेबिलोनको पतन भो! पतन भो!!" तब अघि हतोत्साह भएकाहरू फेरि हँसिला अनुहार पार्दै आफ्ना आँखा स्वर्गतिर उचाले - कतै खीष्ट प्रकट हुँदैहुनुहुन्छ कि भन्ने विश्वासभरि आशा लिएर। तर उनीहरूमध्ये पनि धेरैजना त्यतिञ्जेल पनि निद्रामा परे झैं निष्क्रिय अवस्थामा देखिए, र उनीहरूको चेहरामा पनि देखिँदै थिए - गम्भीर सन्तापका साङ्केतिक धर्साहरू। अघि ती निरूत्साहित भएकाहरूले पवित्रशास्त्रबाट हेरिहेर्दा हामी ता प्रतीक्षाको समयाविधिभित्र रहेछौं, र अझै पनि दर्शन पूरा नभइञ्जेल धैर्यसाथ पर्खनुपर्नेरहेछ भन्ने बुझे।

खीष्टियानकै नाम धारण गरेर ती हतोत्साहित भएका प्रभुका आगमन-प्रेमी विश्वासीहरूलाई गिल्ला र उपहास गर्नेहरूलाई दूतगणले हेरिरहेका थिए। जब ती गिल्ला गर्नेहरूका मुखबाट 'खोइ, तिमीहरू

अझै पनि स्वर्ग गएका छैनौ?' भन्ने शब्दवाण निस्क्यो, तब एकजना दूतले 'यो चाहिँ तिनीहरूले परमेश्वरलाई नै गिल्ला गरेका हुन्' भन्दै ती सब लेखेर राखे।

त्यसपछि मलाई एलियाह (जिउँदै) स्वर्गमा उठाइएको घटनापट्टि लगेर देखाइयो। एलियाको आत्मा एलिशामाथि परेको थियो। एकदिन जब शहरका बदमाश ठिटाहरूले एलिशालाई, 'ए तालुखुइले, जाऊ! ए तालुखुइले, जाऊ!' भन्दै गिज्याए, तब त्यसरी परमेश्वरलाई गिल्ला गरेकोमा तिनीहरूले त्यहीँ दण्ड पाए। तिनीहरूलाई तिनीहरूकै बाबुआमाले त्यस्तै सिकाई पठाएका थिए। त्यसैगरी जतिले परमेश्वरका सन्तगणलाई गिल्ला गरे, तिनीहरूमाथि परमेश्वरले अवश्य विपत्ति ल्याउनुहुनेछ, तब मात्रै तिनीहरूले परमेश्वरलाई ठट्टामा उड़ाउनुचाहिँ खेलाँची छैन रहेछ भनी थाहा पाउनेछन्।

तत्पश्चात् प्रभु ख्रीष्टले नै आफ्ना लोकको शिथिल हुनलागेको विश्वासलाई पुनजार्गृत गराई उनीहरूलाई स्थिर पार्न अनि दोस्रो दूतको सन्देश बुझ्न र चाँड़ै हुनेवाला स्वर्गयात्राका निम्ति तयार पार्नालाई अरू दूतहरू पनि पठाउनुभयो। ती दूतहरूले ख्रीष्टबाट ठूलो शक्ति र ज्योति पाएर दोस्रो दूतलाई सहयोग गर्ने आफ्ना काम पूरा गर्न उनीहरू वेगले उड़ेर आए।। केही क्षणमा परमेश्वरका जनहरूमाथि ज्योति चम्क्यो। त्यसैबेला दूतहरू यसो भनी कराउनथाले, "हेर दुलहा आइरहेछन्; उनलाई भेट्न निस्क!" तब मैले अगि हतोत्साह भएकाहरूलाई जुरूक्क उठेर उनीहरू पनि ती दोस्रो दूतसँग स्वरमा स्वर मिलाएर यसै भन्दै कराइरहेका देखे, "हेर, दुलहा आइरहेछन्; उनलाई भेट्न निस्क!" दूतगणको ज्योतिले चारैतिरको अन्धकारलाई बढ़ारिरहेको थियो। अर्कापट्टि शैतान र उसका दूतहरूले त्यो ज्योति नफैलियोस् भनेर वाधा हालिरहेका थिए। तिनीहरूले परमेश्वरका दूतगणसित यसो भनी बहस गर्नथाले,

"परमेश्वरले ता यी मानिसहरूलाई धोकामा पार्दैछन्। यी सब तिमीहरूका ज्योति र शक्तिद्वारा कहिल्यै पनि मानिसहरूलाई ख्रीष्टको आगमन हुँदैछ भनेर विश्वास गराउन सक्दैन, बुझ्यौ?" तर पनि परमेश्वरका ती दूतगणले आफ्ना काम छोड़ेनन्, यद्यपि शैतानले बाधा हाल्दै मानिसहरूलाई ज्योतिदेखि भड्काइदिन खोजिनै रहेको थियो। साँच्चिनै ज्योतिलाई ग्रहण गर्नेहरू आनन्दित देखिए अनि उनीहरूले स्वर्गतिर आफ्ना आँखा उठाएर ख्रीष्टलाई भेट्न इच्छा गरिरहेका थिए। अनि कतिचाहिँ घोर सन्तापमा परेर विलाप गर्दै पुकारा गरिरहेका थिए, र अधोमुख लगाएर उँभोतिर हेर्न साहसै गरेका थिएनन्। केही क्षणपछि स्वर्गबाट एउटा ज्योति आईकन तिनीहरू वरिपरिको अन्धकारलाई भगाइदियो र एकाएक तिनीहरूका चेहरामा आनन्दलहरी छायो र तिनीहरू पनि कृतज्ञता र स्वर्गीय आनन्दले भरिएर उँभोतिर हेर्नथाले।

पहिलो दूतबाटको ज्योतिलाई बिरोध गर्नेहरूले दोस्रो दूतको ज्योतिलाई पनि गुमाए गुमाए, त्यतिमात्र नभएर 'हेर, दुलहा आइरहेछन् .....' भन्ने सन्देशमा भएको स्वर्गीय शक्ति र महिमादेखि पनि तिनीहरू बञ्चित हुनुपऱ्यो। तिनीहरूलाई ख्रीष्टले परपरै तर्काउनुभयो, किनभने तिनीहरूले पहिला उहाँलाई नकारेर अपमान गरेका थिए। जतिले ज्योति अर्थात् सन्देशलाई ग्रहण गरेका थिए, उनीहरूलाई महिमाको बादलले ढाकेर राखेको थियो। उनीहरूले परमेश्वरको भय मानेर उहाँको बाटो हेर्दै जागा रही उहाँको इच्छा बुझ्न प्रार्थना गर्दै रहे। अनि मैले देखें, कि शैतान र उसका दूतहरूले ती परमेश्वरका जनदेखि पनि त्यो दिव्य ज्योतिलाई छेल्नु सकेभर कोशिश नगरेको थिएन, तर प्रभुको प्रतीक्षा गर्ने ती ज्योतिप्रेमीहरूले जबसम्म येशूतिरै आँखा उठाइरहे तबसम्म उनीहरूमाथि शैतानको केही सीप चलेन। स्वर्गबाटको त्यो सन्देशले शैतान र उसका दूतहरू क्रोधित

भए, र ती खीष्टियान हौं भन्नेहरूलाई चलाए, जसले 'हामी खीष्टलाई प्रेम गर्छौं' भन्थे तर उहाँको आगमनको कुरालाई मान्दैन थिए र तिनीहरूले उहाँको आगमनप्रेमीहरूलाई गिल्ला र निन्दा गर्थे। तर एकजना दूतले तिनीहरूले गरेका गिल्ला, निन्दा, अपमान इत्यादि लेखेर राखे। धेरै-धेरैजनाले 'हेर, दुलहा आइरहेछन्' भन्ने बुलन्द आवाज उठाए, र खीष्टको आगमनलाई प्रिय नमान्नेहरू र उहाँको दोस्रो आगमनको विषयमा कुरै गर्न नदिनेहरूको सङ्गतिलाई छोड़िदिए।। खीष्टले पनि तिनीहरूदेखि आफ्नो मुण्टो फर्काउनुभयो, जसले उहाँको आगमनको कुरालाई इन्कार गरे, र आफ्ना लोकहरूलाई पनि तिनीहरूले बिगार्ने बेर लाउँदैनन् भनेर तिनीहरूदेखि अलग गर्न स्वर्गदूतहरूलाई अह्राउनुभयो। तब ती ज्योतिर्मय सन्देशका आज्ञाकारी विश्वासीहरू स्वतन्त्र भई एकत्रित भए। उनीहरूमाथि एक दिव्य ज्योति चम्किरहेथ्यो। उनीहरूले संसारलाई र त्यसको मोहलाई परित्याग गरेर सब बलिदान गरेका थिए; यहाँसम्म कि संसारका सम्पति पनि त्यागेर तन-मन दिई आफ्ना प्रिय उध्दारकर्तालाई भेट्न उत्कट चाहना लिएर आफ्नाआँखा स्वर्गतिर उठाइरहे। उनीहरूका चेहरामा देखा परेका अलौकिक आनन्दलहरीले उनीहरूको अन्तः करणमा पनि वास गरेका शान्ति र आनन्दको लक्षण देखाइरहेको थियो। त्यसपछि फेरि खीष्टले आफ्ना दूतहरूलाई आफ्ना लोकहरूकहाँ पठाईकन उनीहरूलाई स्थिर गर्न लाउनुभयो, कारण फेरि उनीहरूको जाँचको समय आउँदै थियो। किनभने उनीहरू जति खारिनुपर्ने, त्यतिको खारिएकै थिएनन् अर्थात् कतिपय भूल-भ्रान्तिहरू उनीहरूबाट पूर्णतः गएकै थिएनन्। मैले देख्दाहुँदि पृथ्वीका मानिसहरूलाई बारम्बार सन्देश पठाई-पठाई उनीहरूले आफैलाई जाँचून्, र मूर्तिपूजकहरू साथै पोपका मण्डलीका परम्परागत भूल-भ्रान्तिलाई फालिदिऊन् भनी चेतावनी दिइरहनुमा परमेश्वरको कत्रो दया र

सुभेच्छा रहेछ, बुझिन्छ। यिनै सन्देशहरूद्वारा ती ठाउँहरूबाट परमेश्वरले आफ्ना लोकहरूको उध्दार गर्दै आउनुभयो, जहाँ जहाँ उहाँले आफ्नो महान् शक्ति प्रयोग गरेर काम गर्न पाउनुभयो र जहाँ-जहाँ उनीहरूले उहाँका आज्ञा पालन गर्न सके।

## अध्याय - २७

# पवित्र निवास

त्यसपछि फेरि मैले ती परमेश्वरका जनहरूलाई उनीहरूले चिताएको समयमा प्रभुलाई नदेख्दा हतोत्साहित अवस्थामा देखें। 'किन प्रभु अझै आउनुभएन? के अझै भविष्यवाणी गरिएको समय पूरा भएन?' इत्यादि प्रश्न गर्दै उनीहरू छक्कै परिरहेका थिए। तब एकजना दूतले भने, "के परमेश्वरको वचन विफल भएको छ र? के परमेश्वरले आफ्ना प्रतिज्ञा पूरा गर्न असमर्थ हुनुभयो र? होइन, उहाँले आफ्ना प्रतिज्ञा अक्षरशः पूरा गर्नुभयो" जब ख्रीष्ट बौरी उठ्नुभयो, तब उहाँले स्वर्गीय पवित्रनिवासभित्रको त्यो पवित्रस्थानको ढोकाचाहिँ बन्द गरेर परमपवित्र स्थानको ढोका खोलीकन सिङ्गै पवित्र निवासलाई शुध्द पार्न उहाँ त्यहाँ पस्नुभयो। फेरि दूतले भने,"जस-जसले धैर्यसाथ उहाँको प्रतीक्षा गर्छन्, उनीहरूले अवश्यै यो रहस्य बुझ्नेछन्। मानिस पो भ्रमित भएको छ ता; परमेश्वरबाट ता केही त्रुटि भएको छैन। परमेश्वरले प्रतिज्ञा गर्नुभएजति ता सब पूरा भए; तर मानिसले पृथ्वीलाई पो त्यो भविष्यवाणी-निर्धारित समय पूरा भएर शुध्द पारिने पवित्र निवास सम्झ्यो। मानिसले चिताएका कुराहरू विफल भए तापनि परमेश्वरको प्रतिज्ञा चाहिँ कदापि विफल हुन्न।" त्यसपछि मैले के देखें भने प्रभु येशूले ती हतोत्साहित भएका सन्तगणलाई पथ-दर्शन गरी त्यो परमपवित्र स्थानपट्टि उनीहरूका मनलाई डोऱ्याउन आफ्ना दूतगण पठाउनुभयो, जुन परमपवित्र स्थानमा उहाँ पवित्र निवासलाई शुध्द पार्न र इस्राएलका निम्ति एक विशेष प्रायश्चित्तको बलिदान चढ़ाउन जानुभएथ्यो। प्रभु येशूले आफ्ना दूतगणलाई भन्नुभयो, "जत्तिले

मलाई पाएका छन्, उनीहरू सबले मैले पूरा गर्नुपर्ने कामहरू बुझ्नेछन्।" ख्रीष्ट त्यो परमपवित्र स्थानमै हुनुहुँदा उहाँको विवाह नयाँ यरूशलेमसित हुनेछ अनि जब परमपवित्र स्थानमा गर्नुपर्ने उहाँको सेवाकार्य पूरा भइसक्छ, तब उहाँ राजा भईकन पृथ्वीमा ओर्ल्हनुहुनेछ र धैर्यसाथ उहाँको प्रतीक्षा गर्ने प्रिय जनहरूलाई लैजानुहुनेछ भन्ने मैले दर्शन पाएँ।

त्यसपछि भविष्यवाणी - निर्धारित समयावधि १८४४ मा पूरा भएपछि स्वर्गमा घटेका घटनाक्रमको मलाई दर्शन भयो। मैले यस्तो देखें - जब पवित्र स्थानमा ख्रीष्टको सेवाकार्य सिध्दिएपश्चात् उहाँले त्यस कोठाको ढोका बन्द गर्नुभयो, तब तिनीहरूमाथि घोर अन्धकार छायो, जसले उहाँको आगमनको विषयमा सुनेर पनि त्यस सन्देशलाई नकारे। त्यसपछि तिनीहरूले उहाँलाई देख्नै छोड़े।

त्यसपश्चात् प्रभु येशूले अनमोल रत्नजड़ित पोशाक पहिरनुभयो, जसको विवरण यस प्रकार छ : उहाँको पोशाकको मनिल्लो फेरोमा एक-एकवटा घण्टी र एक-एकवटा दारिम मिलाएर झुम्का बनाइएको थियो। उहाँको काँधदेखि सिपालु शिल्पकारले बनाएको छाती-पाता झुण्डेको थियो र उहाँ यता-उता चल्नुहुँदा त्यो हीरा झैं टल्किरहेथ्यो। अनि त्यसमा हीरा जड़ित अक्षरहरूले नामहरू लेखिए झैं देखिँदैथियो। जब उहाँले शिरमा मुकुट जस्तै केही पहिरनुभएको देखेथें, तब उहाँका वरिपरि स्वर्गदूतहरू आए अनि उहाँ एउटा ज्वालामय रथमा चढ़ेर दोस्रो पर्दाभित्र जानुभयो। त्यसपश्चात् मलाई दूतले त्यो स्वर्गीय पवित्र निवासका दुई कोठाहरूलाई ध्यानपूर्वक हेर्न लगाए। त्यहाँ एउटा पर्दा र एउटा ढोका खुल्ला थियो र मलाई त्यहाँ पस्ने अनुमति पनि मिल्यो। पहिलो कोठामा मैले सातवटा दियाहरू भएको एउटा चहकिलो र शानदार देखिने सामदान, त्यसका साथमा भेटीका रोटी राखिएको टेबल, धूपवेदी र धूपदानी देखें। त्यस

कोठामा सजाइएका जति पनि सर-सामग्रीहरू निखुर सुनकै थिए र ऐनामा झैं प्रतिविम्वहरू झल्किरहेका देखिए। दुई कोठाको बीचको पर्दा पनि त्यतिकै शानदार थियो। त्यो विभिन्न रङ र बुट्टाहरूले सुसज्जित थियो, जसको पारी (किनारा)-मा करूबका सुनजड़ित नक्साका बुट्टाहरूले गर्दा खूबै सुन्दर देखिन्थ्यो। त्यसपछि त्यो पर्दा पनि उठ्यो, र मैले अर्को कोठा भित्र पनि हेरें। त्यहाँ मैले एउटा सन्दूक देखें। त्यो पनि खाँटी सुनको जस्तै नै थियो। त्यस सन्दूकको माथि माथिका बिटहरूमा वरिपरि निपुण शिल्पकारले सुन्दर ढङ्गमा मुकुटहरूको आकारका बुट्टाहरू हानेका थिए। उक्त सन्दूकभित्र दश आज्ञाहरू भएका ढुङ्गाका पाटीहरू थिए। सन्दूकका दुइतिर सुन्दर करूबहरूले सन्दूकमाथि पखेटा फिँजाएका थिए। तिनीहरूका पखेटा परस्परमा छोएर सन्दूकको छेउमा उभिरहनुभएको प्रभु येशूको शिरमाथि उठाएर ढाकिरहेका थिए। तिनीहरूका अनुहार आमनेसामने पारेर तल्तिर सन्दूकपट्टि नै हेरिरहेका देखिए, मानौं स्वर्गीय दूतगणले बड़ो उत्सुकतासाथ परमेश्वरको व्यवस्थालाई नियालेर हेरिरहेका थिए। ती करूबहरूका बीचमा एउटा सुनको धूपदानी थियो। सन्तगणले विश्वाससाथ गरेको प्रार्थना माथि खीष्टकहाँ पुगिरहेको थियो, र त्यो प्रार्थनालाई उहाँले सुगन्धित धूपको रूपमा पिताकहाँ अर्पण गर्दैहुनुहुन्थ्यो। त्यस धूपबाट औधि सुन्दर रङको धुवाँ उड्दैगरेको मैले देखें। सन्दूकको सामने खीष्ट उभिनुभएको माथिपट्टि मैले अत्यन्तै उज्ज्वल महिमा देखें, जसलाई मैले एक झलक मात्रै हेर्नसकें; नियालेर हेर्नै सकिनँ। झट्टै हेर्दा त्यो चाहिँ परमेश्वर स्वयम् विराजमान हुनुभएको सिंहासन जस्तो लाग्यो। जब-जब त्यो धूप माथि पिताकहाँ पुग्थ्यो, तब अत्युत्तम स्वर्गीय महिमा पिताको सिंहासनदेखि खीष्टकहाँ पुगेको अनि त्यो महिमा खीष्टले ती सन्तगणमाथि बर्साउनुभएको मैले देखें, जसको प्रार्थना सुगन्धित धूप भई माथि पुगेको थियो।

यति उज्ज्वल ज्योति र यति प्रशस्त महिमा ख्रीष्टमाथि बर्सिरहेको र कृपा-आसनलाई ढाकी मन्दिरै परमेश्वरको अपार महिमाले भरिरहेको मैले देखें, जसको वर्णन गर्ने कुनै भाषै छैन। मैले त्यस दृश्यलाई धेरै बेरसम्म हेर्न नसकी दङ्दास भएर म फर्के।

त्यसपछि मलाई पृथ्वीमै भएको पवित्र निवासस्थानको दर्शन भयो। त्यसका पनि दुवै कोठा थिए। अर्थात् जस्तो स्वर्गमा देखेथें त्यस्तै। दूतले मलाई भने, "यो चाहिँ पृथ्वीमा भएको पवित्र निवासस्थान हो।" यो पनि स्वर्गीय पवित्र निवासस्थानको पहिलो कोठामा जे-जस्ता सर-सामग्रीहरू देखेथें, ठीक त्यस्तै पृथ्वीको पवित्र निवासस्थानको पहिलो कोठामा देखें। त्यसपछि बीचको छेक्ने पर्दा उघारियो, र मैले त्यहाँको परमपवित्र स्थानभित्र हेरें, अनि त्यहाँ पनि ठीक त्यस्तै किसिमका सर-सामग्रीहरू देखें, जस्तो माथि स्वर्गीय पवित्र निवासस्थानको परमपवित्रस्थानमा देखेथें। पार्थिव पवित्र निवासस्थानका दुवै कोठामा पुजाहारीहरूले सेवा गर्थे। पहिलो कोठामा पुजाहारीले दिनहुँ सेवा गर्थे भने परमपवित्र स्थानमा प्रधान पुजाहारी वर्षमा एकैपल्ट उनीहरूले गरेको पापदेखि त्यसलाई शुध्द पार्न पस्थे। ख्रीष्टले पनि त्यो स्वर्गीय पवित्र स्थानका दुवै कोठामा सेवाकार्य गर्नुभएको मैले देखें। तर भिन्नता चाहिँ यसैमा छ, कि उहाँले चाहिँ आफ्नै रगत लिएर स्वर्गीय पवित्र निवासस्थानमा प्रवेश गर्नुभयो। पार्थिव पवित्र निवासस्थानका पुजाहारीहरू मरेर गए, तर ख्रीष्ट सदा सर्वदाका पुजाहारी हुनुभयो।

कलभरीको त्यो क्रूसमाथि पनि जब उहाँले, 'अब पूरा भयो' भनीवरी प्राण-त्याग गर्नुभयो, तब मन्दिरको पर्दा टुप्पादेखि फेदैसम्म दुई फ्याक भएर च्यातियो। त्यसको मतलबचाहिँ अब पृथ्वीमा भएको त्यो पवित्र निवासस्थानको सेवा सधैंको लागि पूरा भयो र अबोप्रान्त बलिदानहरू ग्रहण गर्न परमेश्वरले त्यो पार्थिव मन्दिरमा

उनीहरूसित भेट गर्नुहुनेछैन भन्ने थियो। त्यहाँ त ख्रीष्टको आफ्नै रगत बगेको थियो, जुन रगत लिएर उहाँ स्वयम्‌ले त्यो स्वर्गीय पवित्र निवासस्थानमा सेवा गर्नुपरेको थियो। जसरी ती प्रधान पुजाहारीहरू पार्थिव पवित्र निवासस्थानको शुद्धिकरणका निम्ति वर्षमा एकपल्ट महापवित्र स्थानमा पस्दथे, त्यसरी नै ख्रीष्ट येशू पनि हाम्रा मध्यस्थ बन्न र स्वर्गीय पवित्र निवासस्थानको शुद्धिकरणका निम्ति दानियलको भविष्यवाणी (८ः१४) अनुसार २३०० (दुई हजार तीन सय) दिन पूरा हुँदा अर्थात् १८४४ मा स्वर्गीय परम पवित्रस्थानमा प्रवेश गर्नुभयो।

## अध्याय - २८

# तेस्रो दूतको सन्देश

जब पवित्र स्थानभित्रको सेवाकार्य सिध्दिएपश्चात् प्रभु येशू परमपवित्र स्थानपट्टि पसीवरी परमेश्वरको व्यवस्था भएको सन्दूकको सामु खड़ा हुनुभयो, तब उहाँले तेस्रो सन्देश लिएर अर्का एकजना सामर्थ्यशाली दूतलाई पृथ्वीमा पठाउनुभयो। उहाँले तिनको हातमा एउटा चर्मपत्र पनि थमाइदिनुभयो, अनि बड़ो महिमा र शक्तिका साथमा पृथ्वीमा ओर्ल्हेर तिनले यस्तो भयावह चेतावनीपूर्ण सन्देश दिनथाले, त्यतिको डरलाग्दो चेतावनी मानिसले पहिले सुनेकै थिएन त्यस सन्देशको तात्पर्यचाहिँ परमेश्वरका जनलाई आउनेवाला अग्निमय जाँचहरू र पीड़ाहरूका बारेमा जानकारी दिएर उनीहरूलाई सतर्क गराउनु थियो। दूतले मलाई भने - "तिनीहरूलाई जनावर र त्यसको मूर्तिसित सामना गराइनेछ। त्यसमा स्थिर भए भने मात्रै तिनीहरू अनन्त जीवनको भागी हुनेछन्। तिनीहरूको ज्यान सियोको टुप्पामा भए पनि तिनीहरूले सत्यतालाई थामिराख्नुपर्नेछ।" यति भनेर ती तेस्रो दूतले सन्देशलाई बन्द गरे। यसैमा छ सन्तगणको धैर्य। परमेश्वरका आज्ञाहरू पालन गर्ने र ख्रीष्टको विश्वासलाई थामिराख्ने यिनै हुन्। यिनै कुराहरू दोहोऱ्याउँदै तिनले त्यो स्वर्गीय पवित्र निवासस्थानतर्फ सङ्केत गर्दै भने, "यस सन्देशलाई ग्रहण गर्नेहरू सबका मनलाई त्यो स्वर्गीय परम पवित्रस्थानतर्फ मार्गदर्शन गरिन्छ, जहाँ ख्रीष्ट स्वयम् तिनीहरूका निम्ति जसका निम्ति अझै अनुग्रह रहेको छ, र उनीहरूका निम्ति पनि, जसले अनजान अवस्थामा परमेश्वरको व्यवस्थालाई भङ्ग गरेका छन् - अन्तिम अर्ज - विन्ती चढ़ाउँदै सन्दूकको सामने उभिरहनुभएको छ। यो प्रायश्चित

दुवै मरेका र जिउँदा धर्मी जनका निम्ति चढ़ाइन्छ। प्रभु ख्रीष्टले उनीहरूका निम्ति पनि प्रायश्चित चढ़ाउनुहुन्छ, जसले परमेश्वरको आज्ञारूपी ज्योति नभेटीकन अनजानमै पाप गरेर मरे।"

अनि जब येशू प्रभुले परमपवित्र स्थानको ढोका खोल्नुभयो, तब त्यहाँ शबाथ-दिनको ज्योति चम्केको देखियो, र परमेश्वरका जनहरूले उहाँको व्यवस्था पालन गर्दारहेछन् कि नगर्दारहेछन् भनी जाँचेर पत्ता लाइने काम भयो, जसरी प्राचीनकालमा पनि परमेश्वरले इस्राएलीहरूलाई जाँच्नुभएको थियो। त्यसपछि मैले के देखें भने, तेस्रो दूतले मास्तिर औंल्याउँदै ती हतोत्साहित भएका सन्तगणलाई स्वर्गीय पवित्र निवासस्थानको परमपवित्र स्थानतर्फ जाने बाटो देखाए। उनीहरू पनि विश्वाससाथ ख्रीष्टलाई पछ्याउँदै परमपवित्र स्थानतर्फ लागे। उनीहरूले ख्रीष्टलाई फेरि पाउँदा उनीहरूको हर्ष र आनन्दको सीमा रहेन। त्यसपछि उनीहरूले अतीततिर फर्कँदै ख्रीष्टको दोस्रो आगमनको सन्देश पाएर उहाँको प्रतीक्षामा रहँदा-रहँदा त्यो निर्धारित म्याद १८४४ पनि बितेर गएको कुरा सम्झें। उनीहरू किन त्यसरी हतोत्साहित हुनुपरेको थियो त्यसको स्पष्टीकरण पनि पाएर उनीहरू आनन्दित र ढुक्क भए।

त्यसपश्चात् बाँकी लोकहरूले ख्रीष्टको पछि पछि हिँडूदै त्यो स्वर्गीय परमपवित्र स्थानमा पुगेर त्यहाँको सन्दूक र कृपा-आसनलाई हेरी त्यहाँको महिमालाई देखेर दङदास परेको मैले देखें। जब येशूले त्यो वाचाको सन्दूकको ढकनी उघार्नुभयो, तब उनीहरूले त्यहाँ ढुङ्गाका ती पाटीहरू देखे, जसमा परमेश्वरका दश आज्ञाहरू अङ्कित थिए। त्यहाँ उनीहरूले परमेश्वरका जीवित वचनहरूलाई मेलैसँग हेर्दै र पढ्दै गए। पढ़दै जाँदा एकाएक उनीहरू भयभीत भएर लगलग काँप्दै पछि सरे, जब उनीहरूको दृष्टि दश आज्ञामध्ये चौथो आज्ञामा ठोक्किन पुग्यो, जुनचाहिँ अरू नौवटा आज्ञाभन्दा पनि

चहकिलो ज्योति र महिमाले जाज्वल्य थियो। शबाथ-दिन हटाइएको अथवा हप्ताको पहिलो दिनमा सारिएको कुराको उनीहरूलाई केही जानकारी थिएन। जब त्यो सिनै पर्वतमा गम्भीर र भयप्रद चालमा परमेश्वर स्वयम् बोल्दैहुनुहुन्थ्यो र आफ्नै पवित्र औंलाले त्यस ढुङ्गाको पाटीमा लेख्दैहुनुहुन्थ्यो, त्यसबेला बिजुली चम्क्यो अनि आकाश गर्ज्यो। 'छ दिनसम्म परिश्रम गर र आफ्ना सब काम गर; सातौं दिनचाहिँ परमप्रभु तिमीहरूका परमेश्वरको विश्राम दिन हो,' उहाँको वाणी थियो। दश-आज्ञाप्रति परमेश्वरले त्यति बिघ्न वास्ता राखी त्यसलाई आफ्नै छेउमा सुरक्षितसाथ आफ्नो पवित्र महिमाले ढाकीकन राख्नुभएको देखेर उनीहरू अवाक भए। तब हामीले ता दश आज्ञाको चौथो आज्ञालाई चाहिँ लत्याएर यहोवाले पवित्र पार्नुभएको दिनको सट्टामा अन्य जाति मूर्तिपूजकहरूले साथै पोपहरूले ठहऱ्याएको दिनलाई पो पालन गर्दै आएका रहेछौं भनी उनीहरूले बुझे। अनि आफूहरूले गरेका ती अतीतका भूल - अपराधहरू सम्झेर उनीहरू नम्र बन्दै पश्चाताप गरे। तब मैले धूपदानीबाट सुगन्धित धूवाँ उठिरहेको देखें, कारण त्यहाँ उनीहरूले गरेको भूल-स्वीकार र प्रार्थनालाई प्रभु येशूले पिताकहाँ पुऱ्याउँदैहुनुहुन्थ्यो। अनि जुन बेला प्रार्थनारूपी सुगन्धित धूप माथि उठिरहेथ्यो, त्यसबेला एक उज्ज्वल ज्योति प्रभु येशू र कृपा-आसनमाथि चम्क्यो, अनि ती बोझसहित प्रार्थना गर्नेहरू, जो आफूले विगत दिनहरूमा परमेश्वरको व्यवस्था भङ्ग गरेका कुरा बुझेर पछुताइरहेका थिए, उनीहरूले फेरि आशिष् पाए र उनीहरूको चेहरामा आशा र आनन्द उदायो।

त्यसपश्चात् उनीहरू पनि तेस्रो दूतसँग त्यो चेतावनीपूर्ण आवाज उठाउने काममा शामिल भए। शुरू-शुरूमा थौरेले मात्र त्यस सन्देशलाई ग्रहण गरे, तापनि चेतावनीको त्यो सन्देशलाई

प्रचार गर्न उनीहरूले छोड़ेनन्। त्यसपछि धेरैले तेस्रो दूतको सन्देशलाई सहर्ष ग्रहण गरे र पहिले प्रचार गर्नेहरूसँग हातमा हात काँधमा काँध मिलाएर त्यो चेतावनी-सन्देशलाई प्रचार गर्नथाले अनि परमेश्वरले शुध्द तुल्याउनुभएको विश्राम-दिन पालन गरेर उहाँलाई महिमा दिए।

तेस्रो सन्देशलाई ग्रहण गर्नेहरूमध्ये धेरैलाई अघिल्ला दुई सन्देशहरूका बारेमा केही थाह थिएन। शैतानले यो बुझेर उनीहरूलाई चित पार्ने दाउ हेरिरहेको थियो; तर तेस्रो दूतले उनीहरूलाई परम पवित्र स्थानपट्टि देखाइरहेका थिए, र उता अघिल्ला सन्देशबारे ज्ञान भएकाहरूले चाहिँ उनीहरूलाई स्वर्गीय पवित्र निवास स्थानतर्फ मार्ग-निर्देशन गरिरहेका थिए। धेरैले नै ती दूतहरूका सन्देशलाई सत्यतापूर्ण पाए, र ती सहर्ष ग्रहण गरे। अनि उनीहरूले ती ठीक-ठीक रीतिले अँगालीकन विश्वासद्वारा ख्रीष्टको पछि लाग्दै त्यो स्वर्गीय पवित्र निवासस्थानभित्र प्रवेश गर्न हिँड़े। ती सन्देशहरू नै देहलाई थामिराख्ने लङ्गर हुन् भनी मलाई बताइएको थियो। त्यसै हुनाले जतिले ती सन्देशलाई बुझीकन ग्रहण गर्छन्, यिनैले उनीहरूका निम्ति ढाल बनेर शैतानका नाना प्रकारका जालझेलदेखि उनीहरूलाई जोगाउँदछन्।

१८४४ मा विश्वासीहरूमा निराशाको आँधी चलेपश्चात् शैतान र उसका दूतहरूले त्यस झुण्डको विश्वासलाई खल्बल्याउन अनेक जाल फिजाँए। कतिले पहिलो र दोस्रो सन्देशलाई अदलबदल गरेर ती अनिश्चित भविष्यमा पूरा हुने देखाए भने अरूहरूले चाहिँ ती सब ता पहिल्यै पूरा भइसके भनेर बताए। त्यसरी तिनीहरूले ती अनभिज्ञ विश्वासीहरूका मनलाई ओल्ट्याङपल्ट्याङ पारिदिँदै उनीहरूको विश्वासको जग हल्लाइदियो। फेरि कतिले चाहिँ त्यस स्थापित झुण्डदेखिन् छुट्टै आफ्नै संस्था खड़ा गर्ने अभिप्रायले बाइबलबाट

बहानाका उपायहरू खोजिरहेका थिए। यी सब देखेर शैतान खुशी भयो, किनकि त्यस लङ्गरदेखि छुटेकाहरूलाई झूटा शिक्षारूपी बतासले यत्रतत्र उड़ाइदिनु उसलाई सुविस्ता भयो। त्यसपछि पहिलो र दोस्रो सन्देशको प्रचार धावामा नैतृत्व गर्नेहरूमध्ये पनि धेरैले इन्कार गर्नथाले। त्यसो हुँदा त्यहाँ विच्छिन्नता र विभाजन सृष्टि भयो।

त्यसपछि मैले विलियम मिल्लरलाई देखें। तिनी आफ्नै झुण्डका मानिसहरूले गर्दा व्याकुल र विरक्त भएका तिनकै चेहराले लक्षण दिइरहेको थियो। त्यही झुण्ड जो १८४४ मा एकता र प्रेममा बध्द थियो, त्यहीभित्र एक-अर्काप्रति घृणा र विरोध उत्पन्न भयो। तिनीहरू सेलाएका र आत्मिक तौरले पतित अवस्थामा देखिए। ती सब देखेर तिनी चिन्ताग्रस्त थिए। अरू अगुवाहरूले तिनलाई विचार गरिरहेका थिए, कारण तिनले तेस्रो दूतको सन्देश तथा परमेश्वरको आज्ञालाई अपनाइहाल्छन् कि भन्ने तिनीहरूलाई डर थियो। तर तिनी स्वर्गीय ज्योतिपट्टिभन्दा मानिसपट्टि नै ज्यादा प्रभावित भएको देखें। आखिरमा तिनले पनि उक्त स्वर्गीय ज्योतिलाई इन्कार गरे, जुन ज्योतिद्वारा तिनले आफ्नो नैराश्यको कारण बुझेर सन्तुष्ट हुनेथिए अनि तिनको निराशा पुनः आशामा परिणत हुनेथियो र तिनीद्वारा परमेश्वरको महिमा हुनेथियो। तर तिनले परमेश्वरको इच्छामाभन्दा आफ्नो बुद्धि र बठ्याइँमाथि निर्भर गरे। तर जे होस, तिनले आफ्ना प्रभुका निम्ति वृद्धावस्थासम्म कठोर परिश्रम गरे। त्यसै हुनाले पनि तिनलाई त्यस ज्योतिदेखि बञ्चित गराउनेहरूले जति लेखा दिनुपर्नेछ, त्यति तिनले दिनपर्ने छैन। यति हो, यदि विलियमले त्यो तेस्रो दूतको ज्योति पनि देख्न पाएका भए, तिनका निम्ति रहस्यमयी बनेर बसेका धेरै कुराहरू प्रस्ट हुनेथिए। तिनको आफ्ना सङ्गी-विश्वासीहरूभित्र कति प्रगाढ़ प्रेम थियो। हामी कहिल्यै एक-अर्कादेखि छुट्नेछैनौं भनी तिनी सोच्थे। तिनीहरूले मलाई

कुमार्गतिर लैजालान् भन्ने शङ्कालु विचार आउनु ता टाड़ाकै कुरा थियो। अन्तमा परमेश्वरले नै तिनलाई शैतानको हातमा सुम्पिदिनुभयो, र मृत्युले तिनीमाथि राज्य गरेर तिनलाई परमेश्वरदेखि टाड़ा खिँचिरहनेहरूदेखि लुकाएर टाड़ै लगी माटोभित्र लुकाइदियो। हो, मोशाले पनि त्यो प्रतिज्ञा गरिएको देशमा पस्ने बेलामा भूल गरेका थिए। त्यस्तै गरी भनौं, विलियम मिलरले पनि त्यो स्वर्गीय कनानमा प्रवेश गर्ने-गर्ने बेलामा भूल गरिपठाए। त्यसमा अरूहरूकै हात थियो। तिनीहरूले नै त्यसको लेखा दिनुपर्ने छ। तर यी परमेश्वरका दासलाई दिइएको बहुमूल्य मट्टीको स्वर्गदूतहरूले ख्याल राखेका छन् र उनीचाहिँ त्यो अन्तिम तुरहीको आवाजमा उठ्नेछन्।

## अध्याय - २६

# बलियो मञ्च

त्यसपछि मैले एउटा झुण्डलाई देखें, जो सतर्क र विश्वासमा स्थिर भएर आफ्नो विश्वासलाई खल्बलाएर मण्डलीमा फूट र अस्थिरता ल्याउने कुराहरूलाई हेर्दैन थिए। परमेश्वर पनि उनीहरूसँग प्रसन्न हुनुहुन्थ्यो। त्यहाँ मैले तीनबटा खुड्किलाहरू देखें, जुनचाहिँ पहिलो, दोस्रो र तेस्रो दूतका सन्देशहरू थिए। दूतले भने, ‘‘जसले यी सन्देशहरूलाई वाधा दिन्छ वा विरोध गर्छ त्यो श्रापित होस्! यी सन्देशहरू सबैले ठीकसँग बुझ्नु अति आवश्यक छ, किनकि तिनीहरूले जस्तो प्रकारले ग्रहण गर्छन् त्यही अनुसारको प्रतिफल पाउँछन्।’’ त्यसपछि फेरि मलाई ती सन्देशहरूकै सम्बन्धमा दर्शन भयो, तब मैले बुझें, परमेश्वरका लोकहरूले कस्तो बलिदान गरेर धेरै दुःख र संघर्षबाट भईकन यी अनुभवहरू प्राप्त गरेका रहेछन्। परमेश्वरले उनीहरूलाई एक-एक खुड्किलो अघि बढ़ाउँदै अन्तमा बलियो मञ्चमाथि ल्याउनुभयो। तब मैले के देखें भने - कतिजनाले त्यहाँ मञ्चमाथि पाइला राख्नअघि त्यसको जग कतिको बलियो रहेछ भनेर जाँच्दारहेछन्। अनि कति चाहिँ रमाउँदै त्यहाँ चढ्दारहेछन्। अनि बाँकीले चाहिँ ‘यो मञ्चको जग ठीकसँग बसालिएको रहेनछ; यसलाई अझ राम्ररी बसाल्नुपर्छ, ताकि यो मजबुत होस् र मानिसहरू पनि खुशी होऊन्’ भनी आलोचनात्मक मन्तव्य पोख्न थाले। कतिजना चाहिँ मञ्चदेखि निस्केर फेरि जाँच्दै भन्नथाले, ‘‘अहँ, यसको जग ता ठीकसँग बसालिएन रहेछ।’’ मैले देख्दाहुँदि ता त्यस मञ्चमाथि प्रायः सबै नै खड़ा उभिरहेका थिए र मञ्चदेखि ओर्ल्हेर शिकायत गर्नेहरूलाई भनिरहेका थिए, ‘‘भो, अब शिकायत नगरिबस, कारण

यसको जग बसाल्ने मूल स्थापक नै परमेश्वर स्वयम् हुनुहुन्छ, र तिमीहरू परमेश्वरको विरूध्दमा उठ्दैछौ।" उनीहरूले परमेश्वरको आश्चर्यकर्मको गुणानुवाद गरे, जसद्वारा उनीहरू त्यो दृढ़ मञ्चमा पुगेका थिए, र प्रायः सबले एकसाथ स्वर्गतर्फ आँखा उठाएर उच्च स्वरमा परमेश्वरलाई महिमा दिए। त्यसले गर्दा अघि शिकायत गर्नेहरू लज्जित भएर मञ्चदेखि गएका थिए, र फेरि नम्र भएर मञ्चमाथि उक्ले।

त्यसपछि फेरि मलाई त्यतिबेलाको दर्शन दिइयो, जुनबेला ख्रीष्टको पहिलो आगमन (जन्म)को पूर्व सूचना उद्घोषित भइरहेथ्यो। एलियाको आत्मा औ सामर्थ्यमा ख्रीष्टको शुभागमनको बाटो तयार गर्नार्थ यूहन्ना पठाइएका थिए। तिनताक पनि यूहन्नाको साक्षीलाई रद्द गर्नेहरू प्रभु येशूको शिक्षाद्वारा लाभान्वित हुनसकेनन्। ख्रीष्टको पहिलो आगमनको उद्घोषणाको तिनीहरूले विरोध गरेको कारणवश नै तिनीहरूले प्रतीक्षा गरेको मसीह ख्रीष्ट नै हुनुहुन्छ भन्ने साक्षीलाई ग्रहण गर्नसकेनन्। अनि ती यूहन्नाको सन्देशलाई इन्कार गर्नेहरूलाई नै शैतानले सुऱ्याएर ख्रीष्टलाई रद्द गर्न र क्रूसमा झुन्ड्याउन लगायो। त्यसैले गर्दा, तिनीहरू आफै पेन्तिकोसको त्यो दिनको आशिष्देखि वञ्चित भए। नत्र त्यो दिन तिनीहरूले स्वर्गीय पवित्र निवासस्थानको मार्गदर्शन पाउने थिए। मन्दिरको पर्दा च्यातिनु नै त्यहाँदेखि यसो यहूदीहरूको बलिदान र बिधिविधान परमेश्वरद्वारा ग्रहण नगरिने कुराको सङ्केत थियो। ख्रीष्ट स्वयम्ले त्यो महान् बलिदान चढ़ाइसक्नुभएको थियो र पिताले सो ग्रहण पनि गरिसक्नुभएको थियो, अनि पेन्तिकोसको दिनमा पवित्र आत्मा ओर्ह्लीकन चेलाहरूका मनलाई पार्थिव पवित्र निवासस्थानदेखि स्वर्गीय पवित्र निवासस्थान तर्फ डोऱ्याइसक्नुभएको थियो, जहाँ ख्रीष्ट स्वयम् आफ्नै रगत लिएर प्रवेश गरीकन आफ्नो प्रायश्चित बलिद्वारा आफ्ना चेलाहरूलाई

लाभान्वित तुल्याइरहनुभएको थियो। उता ती यहूदीहरू धोकै-धोका र घोर अन्धकारमै थिए। तिनीहरूका निम्ति परमेश्वरले ठहऱ्याउनुभएको त्यो महान् उध्दारको योजनालाई इन्कार गरेर अझ पनि तिनीहरूले त्यही परम्परागत बलिदान र भेटीहरूमाथि निर्भर गरिरहेका थिए। त्यस पवित्र स्थानमा खीष्टले गर्नुभएको मध्यस्थताबाट तिनीहरू लाभान्वित हुनसकेनन्। परमेस्वरको महिमा पार्थिव पवित्र निवासस्थानदेखि स्वर्गीय निवासस्थानमा सरिसकेको थियो, तर पनि तिनीहरूलाई स्वर्गीय निवासस्थान तर्फ जाने मार्गको ज्ञानै थिएन।

तिनताक यहूदीहरूले खीष्टलाई खेदो र तिरस्कार गरेको अनि क्रूसमा झुन्ड्याई मारेको मार्मिक कहानी पढ्दा वा सुन्दा धेरै ती विरोधी यहूदीहरूप्रति घृणात्मक दृष्टिले हेर्लान् अनि भन्लान् "यदि हामी हुँदा हौं ता ती यहूदीहरूले जस्तो खीष्टलाई मार्ने थिएनौं अथवा पत्रुसले जस्तो उहाँलाई इन्कार पनि गर्ने थिएनौं।" तर उनीहरूले खीष्टलाई साँच्चै प्रेम गर्दारहेछन् कि रहेनछन्, परमेश्वरले जाँचेर प्रमाणित गर्नुहुन्छ।

ती सन्देश कस कसले ग्रहण गर्दारहेछन् भनेर बड़ो उत्सुकतासाथ समस्त स्वर्गले विचार गरिरहेको थियो। तर ती खीष्टलाई प्रेम गर्छु भन्ने तर उहाँको आगमनको सन्देशलाई चाहिँ सहर्ष ग्रहण नगरेर क्रूसको कथा पढ़ेर कृत्रिम आँसु झार्नेहरूले नै क्रोधित भएर खीष्टको आगमनको सन्देशको खिल्ली उड़ाउँदै 'यो उड़न्ते कुरा मात्रै हो' भनेर इन्कार गरे। खीष्टको आगमनलाई प्रिय मान्नेहरूलाई उनीहरूसित सङ्गति राख्न चाहेनन् र उनीहरूलाई मण्डलीबाट बहिष्कार गरे। पहिलो सन्देशलाई इन्कार गर्नेहरू दोस्रो सन्देश र त्यस मध्यरातको बुलन्द आवाजद्वारा लाभान्वित हुनसकेनन्, जुन आवाजको उद्देश्य उनीहरूलाई स्वर्गीय पवित्र निवासस्थानको परमपवित्र स्थानभित्र प्रवेश गर्न विश्वासद्वारा खीष्टलाई पछ्याउनलाई तयार पार्नु थियो।

उनीहरूले पहिलेका दुई सन्देशहरूलाई इन्कार गरेकाले गर्दा तेस्रो दूतको सन्देशको ज्योति नै देख्न सकेनन्, जसद्वारा उनीहरूले स्वर्गीय परमपवित्र स्थानभित्र प्रवेश गर्न मार्ग-दर्शन पाउने थिए। अनि मैले देखें - जसरी यहूदीहरूले प्रभु येशूलाई क्रूसमा टाँगे, त्यसरी नै तथाकथित ईसाइ मण्डलीहरूले ती सन्देशहरूलाई क्रूसमा टाँगे। त्यसैले उनीहरूलाई स्वर्गीय गतिविधिबारे केही ज्ञान छैन, न ता उनीहरूले त्यो स्वर्गीय परमपवित्र स्थानमा प्रवेश गर्ने मार्ग नै चिन्दछन्। त्यहाँ ख्रीष्टले चढ़ाउनुभएको अन्तर्विन्तीले उनीहरूलाई केही लाभ हुँदैन। जसरी यहूदीहरूले आफ्ना व्यर्थका बलिदानहरू चढ़ाइबसे, त्यसैगरी उनीहरूले ख्रीष्टले छोड़ीवरी जानुभएको कोठालाई व्यर्थै प्रार्थना चढ़ाइरहन्छन्। अनि शैतान पनि ती तथाकथित ईसाइहरूलाई धोकामा पार्न पाउँदा खुशी हुँदै धर्मी जनको रूप धारण गर्छ र ती ईसाइहरूलाई अझ प्रभावित पारीकन फँसाउन झूटा चिन्ह र चमत्कारहरू पनि देखाउँदछ। उसले सबैलाई समान प्रकारले ठग्दैन। कसैलाई एक प्रकारले ठग्यो भने अर्कोलाई अर्कै प्रकारले ठग्दछ। उसका भिन्नाभिनै प्रकारका अनेकौं युक्तिहरू हुन्छन्। उसले एक प्रकारले ठग्दा 'यो ता शैतानिक जाल हो' भनेर कतिजना परपरै हुन्छन् भने उसैले अर्कै युक्तिले ठग्दा त्यसलाई सहर्ष अँगाल्छन् पनि। कतिलाई शैतानले अध्यात्मवादको माध्यमद्वारा पनि ठग्दछ। त्यस्ताहरूका लागि उसले ज्योतिर्मय स्वर्गदूतको रूप पनि धारण गरेर मानिसलाई प्रभावित पार्नसक्छ। साँच्चै मैले चारैतिर मिथ्या जागृति भएको देखें। ती मण्डलीहरू 'परमेश्वरले हाम्रा बीचमा अद्‌भुत प्रकारले काम गर्दैहुनुहुन्छ' भन्दै फुरुक्कै भएका थिए, जबकि त्यहाँ अर्कै आत्माले काम गरेको उनीहरूलाई पत्तै थिएन। त्यसले ता संसार र मण्डलीलाई पहिलेभन्दा खराब स्थितिमा पुऱ्याएर आफै पनि हराएर जानेछ।

त्यसपछि मैले के देखें भने, ती नामधारी ख्रीष्टागमनवादीहरूका बीचमा पनि परमेश्वरका ईमान्दार छोराछोरीहरू रहेछन् अनि विपत्तिहरू खन्याइनअघि ती पतित मण्डलीहरूबाट पनि मानिसहरूलाई बोलावट हुनेछ, तब उनीहरूले सत्यतालाई सहर्ष अँगाल्नेछन्। शैतानलाई त्यो थाह छ, र नै तेस्रो दूतको त्यो बुलन्द आवाज हुनअघि नै सत्यलाई नकार्नेहरूले पनि "परमेश्वर हामीसित हुनुहुँदोरहेछ" भन्ने सम्झून् भनेर ती मण्डलीहरूमा उसले एउटा उत्तेजना सृष्टि गर्छ। खाँटी-खाँटी विश्वासीहरूलाई पनि धोखामा पार्नसक्ने आशाले उसले ठग्नेछ, तर त्यहाँ पनि ज्योति चम्कने हुनाले उनीहरू ती पतित मण्डलीहरूलाई त्यागेर बाँचेका ज्योतिका सन्तानसित शामिल भई खड़ा भइहाल्नेछन्।

## अध्याय - ३०

# आत्मावाद

त्यसपछि मैले शैतानलाई आत्मावादीहरूपट्टि फर्केर उनीहरूलाई भ्रमित पारेको देखें। शैतानले ख्रीष्टमा सुतिगएका आफन्त र प्रियजनहरूका दुरूस्त रूप पनि लिन सक्छ, अर्थात् उसको त्यस्तो शक्ति पनि छ। उनीहरू जिउँदै हुँदा कसरी बोल्थे, दुरूस्तै त्यही स्वरमा, मानौं उनीहरू आफैं आएर बोलेका भान गराइदिन्छ। त्यो सब यस्तो खालको विश्वासमा संसारलाई खिँचेर भ्रमजालमा फँसाउने उसको एउटा चाल हो। त्यसैले परमेश्वरका जनहरूले परमेश्वरको वचनबाट यो सत्य हो कि होइन राम्ररी जाँच गरेर बुझ्नु अत्यावश्यक छ, नत्रभने भूतात्माहरू नै तपाईँहरूका प्यारा आफन्तहरू वा साथी-सङ्गीहरूका रूपमा आएर उनीहरूकै कृत्रिम स्वरमा बाइबल विरूध्द उल्टा-पाल्टा शिक्षा बकाइदेलान्। मान्छेको मनलाई जित्नका निम्ति तिनीहरूले जे पनि गर्नसक्छन्। शब्दद्वारा भएन, अचम्भ-अचम्भका काम गरी देखाउन पनि सक्छन्। त्यसकारण परमेश्वरका जनहरूले मरेर गएकाहरू ता अनजान छन्; यी सब चाहिँ भूतात्माहरूकै चर्तिकला हुन् भन्ने बुझेर परमेश्वरको सत्य वचन (बाइबल) - रूपी तरवार लिई तिनीहरूसित सामना गर्न उद्यत हुनुपरेको छ।

मैले यो पनि देखें, कि हामीले हाम्रो आशाको जग कस्तो बसालिएको छ, जाँचेर हेर्नुपर्ने रहेछ, किनकि परमेश्वरको वचनबाट हामीले त्यसको स्पष्टीकरण दिन सक्नुपर्छ, कारण जब जब यस्तो खालको भ्रम फेलिँदै जान्छ, तब हामीले त्यसको सामना गर्नुपर्नेछ। यदि हामी तयार भएनौं भने हामी पनि त्यस जालमा फँस्नेरहेछौं। अनि यदि हामीले हाम्रे अगाड़ि राखिएको त्यो संघर्षका निम्ति

कम्मर कस्यौं भने परमेश्वरले नै उहाँका शक्तिशाली भुजबलद्वारा हाम्रो रक्षा गर्नुहुनेछ, अनि शैतानले विश्वासीजनलाई झूटा चमत्कारहरूद्वारा भ्रमित पारेर लैजानआँट्नुभन्दा पहिल्यै परमेश्वरले आफ्ना दूतगण पठाईकन आफ्ना जनका चारैतिर पहरा दिनुहुनेरहेछ।

बिजुलीतुल्य द्रूतगतिले त्यो भ्रमजाल फैलिरहेको मैले देखें। दूतले मलाई भने, "उः! हेर ता।" मैले त्यहाँ रेलगाड़ी छुटेको देखें। त्यसमा समस्त संसार चढ़ेको रहेछ। त्यसपछि दूतले मलाई त्यस गाड़ीको परिचालक (कन्डक्टर) देखाए, जो हेर्दा सुन्दर र भलादमी देखिँदै थिए र सब यात्रीहरूले तिनलाई सम्मान गरिरहेका थिए। तब मैले ताजुप मान्दै मलाई डोऱ्याउने दूतलाई सोधें, "यिनीचाहिँ को हुन नि?" तिनले भने, "ऊ शैतान हो, जसले ज्योतिर्मय स्वर्गदूतको रूप धारण गरेर परिचालकको काम गर्दैछ। उसले संसारलाई हात पारिसकेको छ। ती यात्रीहरू सब उसको भ्रम-जालमा फँसेर नरकमा दण्डित हुन जाने झूटा कुरामा भर परिरहेका छन्। उमनिको अझै एकजना प्रतिनिधि छ, जो इञ्जिनियर हो। त्योबाहेक पनि उसका अरू धेरैजना प्रतिनिधिहरू छन्, जसलाई उसको आवश्यकताअनुसार भिन्नाभिन्नै काम खटाएको छ, तर यिनीहरू सब बिजुलीझैं द्रूतगतिले विनाशतर्फ गइरहेछन्।" फेरि मैले मेरा दूतलाई सोधें, "त्यसो भए यी मानिसहरू पनि कोही नबाँच्ने भयो ता?" तब तिनले मलाई त्यसको विपरीत दिशापट्टि हेर्न लगाए। त्यतापट्टि हेर्दा मैले एउटा सानो झुण्डलाई साँघुरो बाटो भएर हिँड़िरहेको देखें। उनीहरू सबमा एकता र सत्यताको कसिलो बन्धन थियो। त्यो सानो झुण्डका ल्कान्त र व्याकुल चेहराले उनीहरू धेरै जाँचहरू र संघर्षहरूबाट भई हिँड्नपरेको तथ्यलाई बोध गरिरहेको थियो। फेरि एकैछिनमा कुहिरोलाई हटाँउँदै सूर्य देखा परेर उनीहरूको चेहरामा ज्योति छरेको देखें, मानों उनीहरू विजयको सगरमाथामा

पुग्नै आँटेका थिए।

शैतानको जाल बुझ्नको लागि प्रभुले संसारलाई मौका पनि दिनुभएको थियो। साक्षीको लागि यति नै पर्याप्त छ।

टोमस पेइन, जसको शरीर माटोमा मिलेर गए तापनि तिनको आफ्नो प्रतिफल पाउन र दोस्रो मृत्यु भोग्न हजार वर्ष बितेर दोस्रो पुनरूत्थान हुँदा निस्की आउनुपर्छ, तिनी नै अहिले स्वर्गमा उच्च स्थानमा सम्मानित छन् भनी शैतानले दावा गर्छ। जुन टोमस पेइनलाई संसारमा छँदा शैतानले चलाउनसम्म चलायो, र अहिले पनि उही टोमस पेइन स्वर्गमा उच्च स्थानमा सम्मानित भएर जसरी संसारमा हुँदा शिक्षा दिन्थे, त्यसरी नै स्वर्गमा पनि गुरू भएर शिक्षा दिइरहेको जस्तो शैतानले देखाइरहेको छ। अनि कतिजनाले, जसले तिनी जिउँदा छँदा तिनको जीवन, तिनको मृत्यु र तिनको भ्रष्ट शिक्षाबारे सुनेर क्षोभ प्रकट गरेका थिए, अहिले उनीहरू आफै, 'हो, उनले नै शिक्षा दिएका थिए अनि दिँदैछन्' भनी स्वीकार गर्नपट्टि लागेका छन्, जोचाहिँ निकृष्ट, भ्रष्टाचारी अनि परमेश्वर र उहाँको व्यवस्थालाई केहीजस्तो पनि नमान्ने मानिस थिए।

शैतानले - जो झूटको पिता हो - आफ्ना दूतहरू पठाएर पवित्र आत्माद्वारा अगुवाइ भईकन लेखाइएअनुसारै प्रेरितहरूले लेखेका कुराहरू पनि एउटासित अर्को मेल खाँदैन भन्ने देखाएर संसारलाई अन्धा बनाईकन ठग्दछ। अनि ती दूतहरू आफैले झूटा कुरा गरी-गरी ती प्रेरितहरूका शिक्षामा अपभ्रंश र मिलावट देखाउन खोज्दछन्। त्यस प्रकारले केवल जीवन-यापनको लागि 'ख्रीष्ट' नाम धारण गरेर आत्मिक तौरले चाहिँ मरेका तथाकथित ईसाइहरू साथै समस्त संसारलाई पनि शैतानले परमेश्वरको वचनको बारेमा अन्योलमा पारिदिनसक्छ; कारण यही परमेश्वरको वचनले उसका सब योजनाहरू निष्फल पारिदिन्छ भनेर उसलाई थाह छ। त्यसो र

उसले मानिसहरूलाई बाइबल परमेश्वरकै वचन भन्ने कुरामा सन्देह पैदा गराएर सत्यता-विरोधी टोमस पेइनलाई नै उँभो लगाउने काम गराउँदछ - मानों तिनी मरेर स्वर्गै पुगेको भान गराउँदै। तिनी जिउँदा छँदा जुन पवित्र प्रेरितहरूलाई तिनले पटक्क मनै पराउँदैन थिए, के मरेर तिनी उनीहरूसित स्वर्गमा गई मिले होलान् त?

शैतानले उसका दूतहरूलाई तिनीहरूको आफ्नो आफ्नो काम खटाउँछ, साथै तिनीहरूलाई चलाक, चतुर र धूर्त भएर काम गर्न सिकाउँछ। कसै-कसैलाई प्रेरितहरूको भूमिका खेल्दै उनीहरूको पक्षमा बोल्ने र अरूलाई चाहिँ ती परमेश्वरलाई सरापीवरी मर्ने तर अहिले खूब धर्मी देखा पर्ने सत्यता-विरोधी र दुष्ट मानिसहरूका भूमिका खेल्ने आदेश दिन्छ। जसरी पनि शैतानलाई उसको लक्ष्य र उद्देश्य पूरा भए भइगयो। ऊ त्यही चाहन्छ। पेइनसित उसको संसारमा पनि यति घनिष्ट सम्बन्ध थियो, कि तिनले बोलेका शब्दहरू अर्थात् उसका प्यारा र सधैं उसका उद्देश्यहरू पूरा गर्ने अति विश्वासयोग्य सेवकको हस्तलेख नकल गर्नु ता उसको लागि देब्रे हातको खेल हो।

जे होस्, शैतानले एकजना यस्तो प्यारो व्यक्ति भेट्यो,जसले परमेश्वर साथै पवित्र दूतगण र खास प्रेरितहरूलाई यति साह्रो धृणा गर्थे, मानों तिनले संसारलाई यसो भनी सिकाइरहेका थिए, "चाहे तिमीहरू जति नै दुष्ट होऊ, चाहे तिमीहरूले परमेश्वरमा वा बाइबलमा विश्वास गर चाहे अविश्वास गर; जस्तो मन लाग्छ त्यस्तै जीवन बिताओ। आखिरमा तिमीहरूको घरै स्वर्ग हो।" किनभने यदि टोमस पेइन स्वर्ग पुगेर त्यति उच्च स्थान प्राप्त गरे भने अरू सबै स्वर्गै पुग्नेरहेछ भनेर सबैले सोच्ने हुन्। शैतानले उसको पतन भएकोदेखि गर्न खोजेको काम टोमस पेइनजस्ता व्यक्तिद्वारा सफल हुँदैछ। शैतानकै शक्ति तथा झूटा चमत्कारहरूद्वारा ख्रीष्टका

लोकहरूको आशाको जग तिनले भत्काउँदैछन् अनि स्वर्ग पुऱ्याउने त्यो साँघुरो मार्गमा उज्यालो दिने सूर्यलाई निभाउन खोज्दैछन्, अनि संसारको सामने बाइबललाई परमेश्वरको आत्माको प्रेरणाविनाको जाबो एउटा कथा-किताब तुल्याईकन यसको सट्टामा आत्मावाद फैलाउँदैछन्।

यो उसको लागि एउटा यस्तो भरपर्दो माध्यम बनेको छ, जसद्वारा उसले संसारलाई उपट्टि आकृष्ट गराउन सक्छ। उसलाई साथै उसका अनुयायीहरूको इन्साफ गर्ने बाइबललाई धरि कुनातिर थन्काउने स्थितिमा पुऱ्याइदिन सक्छ। संसारका उध्दारकर्तालाई एउटा झुसेमुसे मान्छेको दाँजोमा ल्याइदिन सक्छ; अनि जसरी मुख्य पुजाहारीहरू र बूढ़ा प्रधानहरूबाट रूपियाँ पाएर मुख बुच्चिएपछि येशूको चिहानलाई पहरा दिने रोमी सिपाहीहरूले झूटा अफवाह फैलाए, त्यसै गरी उक्त अनुकरणात्मक आत्मावादका भ्रमित अनुयायीहरूले ख्रीष्टको जन्म, मृत्यु र पुनरूत्थानमा कुनै अलौकिकता अर्थात् आश्चर्य मान्नुपर्ने कारण छैन भनेर साबित गर्न खोज्छन्, अनि ख्रीष्टलेभन्दा ता हामी नै बढ़ी आश्चर्यकर्म गर्नसक्छौं भन्दै मिथ्या चिन्ह र चमत्कार देखाएर संसारलाई आकृष्ट गर्ने प्रयास गर्छन्। यसरी संसार ठगिएको छ, र अब अन्तिम सात विपत्तिका प्यालाहरू नखनिउञ्जेल आफूहरू नराम्रो घतले धोकामा परेको कुरा तिनीहरूले थाह पाउनेछैनन्। उता शैतान आफ्नो योजना सफल भएकोमा हाँस्नेछ।

## अध्याय - ३१

# लोभ (लालच)

मैले शैतान र उसका दूतहरू सर-सल्लाह गर्दै गरेको पनि देखें। उसले उसका दूतहरूलाई भन्दै थियो, ‘‘जाओ र ती ख्रीष्टको दोस्रो आगमन पर्खिने र परमेश्वरका आज्ञा पालन गर्ने जति सबलाई जालमा हाल। अहिले सब मण्डली सुतिरहेका बेलामा दाउ छोपिहाल। तर ......... ती विश्राम दिन (शबाथ-दिन) पालन गर्नेहरूलाई पो खोइ कसो गर्नुपर्ने ? तिनीहरूले ता हाम्रो विरूध्दमा काम गर्दै र हाम्रा शिकारहरू पनि भटाभट खोस्दै लगेर परमेश्वरको त्यो व्यवस्था पालन गराउँदैछन्, जसलाई हामी घृणा गर्छौं। अब जाओ, र ती जमीन र पैसाका मालिकहरूलाई चिन्तारूपी मद्य पिलाएर लट्ठ बनाइदेओ। तिनीहरूको तन-मन ती सम्पत्तिहरूमै लगाइदिनसक्यौ भने अझै पनि तिनीहरू हातमा आउनसक्छन्। तिनीहरूको मनमा ख्रीष्टको राज्यको भन्दा रूपियाँ-पैसाको बेसी फिक्री हालिदेओ र सत्य भन्नेचाहिँ उनीहरूको हृदयमा वास गर्नै नदेओ। तिनीहरूका आँखामा संसार नै असल, सुन्दर र आकर्षक देखा परोस्, ताकि तिनीहरूले यसैलाई बढ्ता प्रेम गरून्। तिनीहरूले विभिन्न ठाउँहरूमा आत्मिक सभाहरू राखे भने ता हामीलाई खतरा हुन्छ। तसर्थ सावधान होओ र तिनीहरूका बीचमा जतिसक्दो विभ्रान्ति पैदा गर। तिनीहरू बीचको प्रेमलाई विच्छेद पारिदेओ। ती सेवकहरूलाई पनि निरूत्साहित पारिदेओ; तिनीहरू हाम्रा विरोधी हुन्। तिनीहरूमा पनि रूपियाँ-पैसाको लोभ हालेर कष्ट देओ, जसद्वारा तिनीहरूको साहस र उत्साह सेलाउँदै जान्छ। तिनीहरूलाई छोड्दै नछोड़। तिनीहरूलाई चारैतिरबाट धेरेर आकर्षित गर्नसक्यौ

भने तिनीहरू हाम्रा हातमा त आउँछन् आउँछन्; त्यतिमात्र नभएर अरूहरूका सामने तिनीहरूको प्रभावकारी गवाही पनि बिग्रनेछ।"

त्यसपछि मैले देखें - शैतानका योजनाहरू सफल हुँदै गयो। परमेश्वरका जनहरूले सभा ठहराए तापनि शैतान र उसका दूतहरूले त्यसमा वाधा-विध्नहरू हालिदिँदै उनीहरूका मनमा तिनीहरूनै सल्लाहकार भई काम गर्नथाले। दाज्यू-भाइ र दिदी-बहिनीहरूको स्वाभाविक कमजोरीको फाइदा उठाईकन शैतानले उनीहरूमा विभिन्न प्रकारले काम गर्नथाल्यो। उनीहरूको मनमा अलिकति पनि लोभ र स्वार्थको भावना रहेको छ भने उनीहरू शैतानमाथि पूर्णतः विजय हुन सक्तैनन्, र शैतानले आईकन उनीहरूको मनबाट त्यो उदारतालाई हटाइदिन्छ र उनीहरू भन्नथाल्छन्, "आः! कत्ति पो भलाइ गर्नु हौ? भलो गर्दा-गर्दा वाक्कै लागिसक्यो।" तर ख्रीष्टले उनीहरूलाई शैतानको शक्ति र दासत्वबाट छुटाउनको लागि उनीहरूका निम्ति गर्नुभएको त्यो महान् बलिदानलाई चाहिँ उनीहरूले बिर्सन्छन्।

यहूदा इस्करियोतिको त्यो लोभी र स्वार्थी भावनाको फाइदा उठाईकन शैतानले तिनलाई मरियमले येशूको शिरमा बहुमूल्य सुगन्धित अत्तर खन्याएकोमा यसो भन्दै गनगन गर्नलाई सुऱ्यायो, "केको यत्रो बर्बादी? यो ता बेचेर गरीबलाई दिनसकिने थियो!" वास्तवमा तिनले गरीबहरूको ख्याल गरेका थिएनन्, तर त्यति उदारचित्तले प्रशस्त मात्रामा ख्रीष्टलाई भेटी चढ़ाएकोमा तिनी जलेका मात्रै थिए। त्यही लालचले गर्दा तिनले ख्रीष्टलाई थोरै चाँदीका सिक्कामा पनि बेचिपठाएका थिए। त्यस्तै गरी 'हामी ख्रीष्टको बाटो हेर्दछौं' भन्नेहरूमध्ये पनि मैले कतिजना यहूदा इस्करियोतिहरूलाई देखें। तिनीहरूलाई शैतानले आफ्नो मुट्ठीमा

त्याइसकेको पत्तै छैन। परमेश्वरले त्यस्तो लोभ-लालच र स्वार्थीपनलाई धूलोको एउटा कण जति पनि मन पराउनुहुन्न। अनि त्यस्ताहरूको प्रार्थना र उपदेशलाई उहाँले घृणा गर्नुहुन्छ। शैतानले ता उसको समय जति नजिक-नजिक आएको देख्छ, त्यति नै तिनीहरूलाई झन् स्वार्थी र लोभी बनाउँदै जान्छ, र तिनीहरू त्यसरी शैतानको पासोमा परेपछि शैतान रमाउँदै तिनीहरूको मूर्खता देखेर हाँस्छ। त्यसपछि तिनीहरूको त्यस्तो नीच कामलाई नै लगेर खीष्ट येशू र उहाँका दूतगणका सामु शैतान र उसका दूतहरूले देखाउँदै उहाँहरूलाई भन्नेछन्, "ई; खीष्टका अनुयायीहरूका काम! यिनीहरू ता स्वर्गमा उठाइन तयार छन्।"

त्यसरी शैतानले तिनीहरूको पथभ्रष्टतालाई याद राखिराखेर त्यस्ता कामहरूका विरोधमा बोल्ने बाइबलसित दँजाइदिँदै र स्वर्गका दूतगणलाई दिक्क पार्नालाई तिनीहरूका कुकर्महरू देखाउँदै भन्छन्, "यिनीहरू ता खीष्ट र उहाँका वचनका अनुयायीहरू नै हुन् त! के यिनीहरू खीष्टको बलिदान र उध्दारका फल होइनन् र?" तब स्वर्गदूतहरू विरक्त मानेर फर्कनेछन्। परमेश्वरले आफ्ना लोकहरूलाई आफ्ना कर्त्तव्यमा निष्ठावान् रहिरहेका चाहनुहुन्छ, तर भलाइ गर्नु र उदारचित्तले दिनु वाक्क मान्नेहरूसित परमेश्वर पनि वाक्कै मान्नुहुन्छ। मैले यो पनि देखें, कि परमेश्वर उहाँका तथाकथित लोकहरूले अलिकति पनि स्वार्थीपन देखाउँदा साह्रै दुःखित हुनुहुँदोरहेछ। उनीहरूका निम्ति ता खीष्ट येशूले आफ्नो अमूल्य प्राण पनि अर्पण गरिदिनुभएको थियो। यहूदाले आफ्ना प्रभुलाई बेचे झैं उनीहरूले पनि जाबो अलिकति सांसारिक धन-उपलब्धिको लागि आफ्नो उत्तम मनोवृति एवम् उदारतालाई बेचिपठाए। त्यस्ताहरू सब परमेश्वरका लोकहरूदेखि भूस निफनिएझैं निफनिनेछन्। स्वर्ग चाहनेहरूले आफ्नो क्षमताले भियाएसम्म स्वर्गीय नियम पनि पालन

गर्नुपर्छ अनि आफ्नो स्वार्थसिध्दिलाई तिलाञ्जलि दिएर मौका हुँदा-हुँदा एक-अर्काको भलाइ गर्दै अघि बढ्नुपर्छ। येशू ख्रीष्ट पक्का नमुना हुनुहुन्छ, जसले संसारमा हुनुहुँदा निस्वार्थ जीवन बिताउँदै परोपकारको नमुना छोड़िराख्नुभयो।

## अध्याय - ३२

# हलचल

मैले कतिजनालाई दृढ़ विश्वास र बोझसहित परमेश्वरसित अर्ज विन्ती गरिरहेको देखें। उनीहरूका चेहरा हेर्दा फीका देखिन्थे, जसबाट उनीहरूको हृदयान्तरमा उकुसमुकुसिएका पीर-व्यथाहरू भावमुद्रित भएका पाइँदै थिए। उनीहरूका निधारबाट खलखली पसिनाका धारा छुटेको दृश्यभित्र उनीहरूको प्रार्थनामा दृढ़ विश्वास र उत्कटता स्पष्टतया चिन्हित भइरहेको थियो। घरि-घरि उनीहरूका चेहरामा परमेश्वरको प्रसन्नताको ज्योति चम्कँदै थियो अनि फेरि गम्भीर मुद्रामै फर्कँदै थिए।

उनीहरूले परमेश्वरमाथि अविश्वास जनाएर गनगनाऊन् भनेर शैतानिक दूतहरूले उनीहरूको दृष्टिलाई आफ्नै अन्धकारतर्फ खिँच्न अनि येशूलाई उनीहरूको दृष्टिदेखि ओझल पारिदिनलाई चारैतिरबाट घेरिरहेका थिए। उनीहरूको सुरक्षाको एउटै उपाय थियो - परमेश्वरतिरै आफ्ना नजर उठाइरहनु! ती परमेश्वरका जनका निम्ति स्वर्गदूतहरू खटाइएका थिए, किनकि शैतानिक दूतहरूले वरिपरि विषाक्त वातावरण सृष्टि गरेका थिए, अनि ती चिन्ताग्रस्त जनहरूका निम्ति खटाइएका दूतहरूले त्यो घना अन्धकारलाई पन्छाउन आफ्ना पखेटा चालिरहेका थिए। अनि कतिलाई चाहिँ मैले त्यो अर्ज-विन्ती र बोझसहितको प्रार्थनामा भाग लिएको देखिनँ। तिनीहरूलाई केही पर्बाह नै नभएको जस्तो देखिन्थ्यो। घोर अन्धकारले तिनीहरूलाई छोपिरहेको थियो, र पनि तिनीहरूले त्यसको सामना गरेकै थिएनन्। त्यसो हुँदा परमेश्वरका दूतहरूले पनि तिनीहरूलाई त्यहीँ छोड़िराखेर उतै प्रार्थनामा लीन रहिरहेकाहरूलाई सहायता गर्न गए। परमेश्वरका दूतगण ता केवल उनीहरूलाई सहायता गर्न

हतारिरहेका मैले देखें, जोहरू चाहिँ ती शैतानिक दूतहरूसँग सामना गर्न शक्तिले भियाएसम्म संघर्ष गरिरहेका थिए र परमेश्वरसित सहायता मागिरहेका थिए। तर ती दूतगणले तिनीहरूलाई चाहिँ छोड़िराखे, जोहरूले अन्धकारसँघ सामना गर्न कोशिशै गरेनन्।

ती प्रार्थनामा लीन भइरहेकाहरूले पुकारा गर्दैगर्दा बेलाबेलामा उनीहरूमाथि खीष्टको ज्योति चम्कँदै उनीहरूलाई उत्साह दिइरहेथ्यो र उनीहरूका चेहरालाई ज्योतिमर्य तुल्याइरहेथ्यो।

मैले मेरा दूतलाई मैले देखेको त्यो दर्शनको अर्थ सोधें। तब तिनले त्योचाहिँ लाओडिसियाको मण्डलीको साँचो साक्षीको परामर्शद्वारा पारित भएको सत्य गवाहीबाटै यो हुन आउनेछ भनी मलाई बताए। यसले उनीहरूका हृदयमा काम गर्नेछन्, जसले चाहिँ त्यो साक्षी ग्रहण गर्छन्, तर त्यो सत्य गवाहीलाई कतिले सहँदैनन् र त्यसको विरोधमा उठेर परमेश्वरका जनहरूका बीचमा हलचल मच्चाउनेछन्।

अनि मैले देखें कि उक्त सत्य गवाहीलाई आधा प्रतिशत पनि ध्यान नदिइँदो रहेछ र त्यही पवित्र गवाहीलाई - जसमाथि मण्डलीको भविष्य आधारित छ - मानिसहरूले खेलाँची सम्झिदारहेछन्, तर पनि पूरै इन्कार चाहिँ गरेका थिएनन्। त्यस साक्षीले गम्भीर तौरले कायल बनाउनुपर्छ र जतिले त्यसलाई ग्रहण गर्छन्, उनीहरूले त्यो पालन गरेर पवित्र ठहरिनेछन्।

दूतले मलाई भने, "लौ सुन!" तब एकाएक धेरै बाजा-गाजा मीठो धून र तालमा बजिरहेको आवाज सुने। यतिको मीठो संगीत अघि कहिल्यै मैले सुनेकै थिइनँ। त्यस संगीतमय धूनमा मलाई परमेश्वरको अपार करूणा एवम् स्वर्गीय आनन्दको महसूस भइरहेथ्यो। फेरि दूतले भने, "लौ हेर!" तब मेरो ध्यान अघि मैले देखेको त्यो झुण्डपट्टि गयो, जहाँ ठूलो हलचल मच्चिएको थियो, र मैले फेरि

उनीहरूलाई पनि देखें, जसलाई मैले अघि आत्मामा साह्रै व्यथित भएर रोई-रोई प्रार्थना गरिरहेका थिए। त्यसबेला ता झन् उनीहरूको रखवारी गर्ने दूतहरू अघिभन्दा पनि दुइगुणा बेसी संख्यामा, फेरि भएन, शिरदेखि लिएर पाउसम्मै हतियार धारण गरी सैन्यदल झैं पङ्क्ति बाँधेर तैनाथ भएका देखें। उनीहरूका चेहराको भावले उनीहरू कठिनै संघर्षले घेरिएर तनावपूर्ण स्थितिमा रहेका बुझाइरहेथ्यो, तर पनि यसचोटि चाहिँ उनीहरूका ती चेहराहरूमा नैराश्यको त्यो कालो कुहिरोलाई पन्छाउँदै सूर्य मुस्कुराइदिए झैं विजयको सन्देश लिएर स्वर्गीय महिमा र ज्योति जगमगाएको देखें।

हेर्दाहेर्दै त्यो झुण्डको संख्या घट्यो अर्थात् काटछाँट भयो। प्रार्थनारूपी संघर्षमा एकमत र एकजुट नहुनेहरूजति त्यो विजयबाट बञ्चित भए, र अन्धकारमै छोड़िए। अनि शैतानिक दूतहरू तिनीहरूमाथि प्रबल भइरहेका थिए।

त्यसपछि मैले ती हतियारधारी दूतहरूका मुखबाट सत्य कुराहरू सामर्थ्यका साथमा प्रस्फुटित भइरहेका सुनें। त्यसबेला कतिपय स्वास्नी मानिसहरू आफ्ना पतिहरूका बन्धनमा र छोराछोरीहरू उनीहरूका बाबुआमाका बन्धनमा परेका थिए। तब कतिजना प्रभुमा ईमान्दार व्यक्तिहरूले, जोहरू बन्धनमा परेर ती सत्य वाणी सुन्न पाएका थिएनन्, उनीहरूले अहिले बड़ो चाख मानेर सुनिरहे। अब सन्तान र समाजको डर पनि उनीहरूबाट हटिसकेको थियो। उनीहरू सत्यका निम्ति यति साह्रो भोकाएका र तिर्खाएका रहेछन्, कि अब ता उनीहरूले यसलाई प्राणभन्दा प्यारो र अमूल्य ठानिसकेका थिए। मैले दूतलाई त्यो अद्भूत परिवर्तनको अर्थ सोधें, र तिनले भने, ‘‘यो चाहिँ प्रभुको उपस्थितिबाट बर्सेको चंगा पार्ने अन्तिम वर्षा हो, जुनचाहिँ तेस्रो दूतको त्यो बुलन्द आवाज हो।’’ ईश्वरीय सामर्थ्यले ती चुनिएकाहरूलाई साथ दिइरहेको थियो।

दूतले भने, "तिमीहरू हेर!" तब मेरो चक्षुगति ती दुष्ट र अविश्वासीहरू पट्टि पर्नगयो। तिनीहरू सब उत्तेजित देखिए। भनौं परमेश्वरका लोकहरूको जोश र शक्ति देखेर तिनीहरूमा आक्रोश जागेको थियो। चारैतिर गड़बड़ी नै गड़बड़ी थियो। ती परमेश्वरका लोकहरूविरूध्द तिनीहरूले कदम उठाइरहेको देखे। फेरि पनि उनीहरूका चारैतिर बाक्लो अन्धकार छायो, तथापि परमेश्वरको कृपादृष्टि पाएर उनीहरू उहाँमा भरोसा राख्दै स्थिर बसे। केही क्षणपछि तिनीहरू हड़बड़ाउन थाले। त्यसपछि मैले ती परमेश्वरका जनहरूलाई यसरी परमेश्वरसित पुकारा गर्दैगरेको सुने, "हे परमेश्वर, तपाईंकै इच्छा पूरा होस्! यदि तपाईंको नाउँको महिमा हुन्छ भने हामीलाई यी अन्यजातिहरूदेखि छुटकारा दिनुहोस्। यिनीहरूले हामीलाई मार्ने नै निश्चय गरेका छन्। अब तपाईंकै बाहुबलले मात्र हामीलाई छुटकारा दिनसक्छ।" उनीहरूले यति भनेका शब्दहरू मात्र मैले मनमा राख्न सकें। उनीहरूले आफूलाई अयोग्य सम्झेर सम्पूर्ण तौरले परमेश्वरको इच्छामा सुम्पिदिए। उनीहरूमध्ये प्रत्येकले नै याकूबले छुटकाराका निम्ति मल्लयुध्द गरेझैं परमेश्वरसित खुरन्धार लागी अर्जविन्ती चढ़ाइरहेका थिए। अनि उनीहरूले त्यसरी प्रार्थना गरेको सुनेर स्वर्गका दूतहरूले सहानुभूति प्रकट गर्दै उनीहरूलाई उध्दार गर्न जाने इच्छा प्रकट गरे, तर उच्च कद भएका प्रधान दूतले उनीहरूलाई यसो भन्दै रोके, "अहँ, परमेश्वरको इच्छा अझै पूरा भएकै छैन। उनीहरूले यस प्यालाबाट पिउनैपर्छ र त्यो बप्तिस्मा उनीहरूले लिनैपर्छ।"

त्यसपछि लगत्तै मैले परमेश्वरको आवाज सुनें, जुन आवाजले आकाश र पृथ्वीमा कम्प छुट्यो। ठूलो भुँइचालो आयो। महलहरू भासिए औ चारैतिर पल्टे। त्यसपछि मैले उच्च, स्पष्ट र संगीतमय स्वरमा विजय-नारा लगाइरहेको आवाज सुनें। तब मेरो दृष्टि केही

अघि सङ्कट र बन्धनमा परिरहेको त्यो झुण्डपट्टि पुग्न गयो। अहिले उनीहरू त्यस बन्धनदेखि मुक्त थिए र दिव्य ज्योति उनीहरूमाथि चम्किरहेको थियो। उनीहरूको चेहरामा त्यो हैरानी र उदासीनताको कालो बादल हटेर ज्योति र सुन्दरता झल्कन थालेछ। उनीहरूका ती शत्रु अन्यजातिहरू मुर्दाझैं लड़िरहेका थिए। कारण तिनीहरू ती पवित्र जनहरूमाथि चम्केको त्यो दिव्य ज्योति र महिमा ख्रीष्ट बादलमा देखा पर्नुहँदासम्मै उनीहरूमाथि चम्किरह्यो। त्यसपश्चात् एकै क्षणमा अर्थात् आँखाको निमिषभरमै त्यो विश्वासयोग्य अनि खारिएको झुण्ड महिमामा परिवर्तित भइहाल्यो। तब चिहानहरू उघ्रे र सन्तहरू अमर रूप धारण गरेर मृत्यु र चिहानमाथि विजयको नारा लाउँदै जिउँदा र बाँचिरहेका सन्तगणसँग मिलेर ख्रीष्टलाई बादलमा भेट्न माथि उठाइए। त्यसबेला पनि उनीहरूका ती पवित्र र अमर ओठ र जिब्राबाट सुमधुर स्वरमा जयजयकारको ध्वनि गुञ्जिरहेथ्यो।

## अध्याय - ३३

# बेबिलोनका पापहरू

दोस्रो दूतले मण्डलीहरूको पतनबारे उद्घोषणा गरेजस्तै नै मैले विभिन्न मण्डलीहरूको अवस्था हुँदै आइरहेको देखें। तिनीहरू दिन प्रतिदिन भ्रष्ट हुँदै गए तापनि तिनीहरूले ख्रीष्टका अनुयायीहरूको नामचाहिँ धारण गर्न छोड़ेका थिएनन्। संसारका अन्य मानिसहरूमा र तिनीहरूमा भिन्नता खुट्याउनु गाह्रो ता के असम्भव नै छ। ती मण्डलीहरूमा सेवा गर्नेहरूले परमेश्वरको वचनबाट टीका-टिप्पणीहरू ता गर्छन्, तर अरूलाई सुनाउँदाहुँदि चिल्ला-चिप्ला कुराहरू गर्छन्। त्यस्तो प्रचारले, स्वभावले पापी मानिसको हृदयमा केही सुधारात्मक प्रभाव पर्दैन। सत्यताको आत्मा र सामर्थ्यमा प्रचार गरेको वचनले मात्रै शरीरिक एवम् सांसारिक अभिलाषापूर्ण हृदयमा खुलदुली मच्चाइदिँदछ। त्यो किसिमको लोकप्रिय सेवाले शैतानलाई केही असर पर्दैन, न ता पापीहरूको हृदय एवम् विवेकमा आउनेवाला न्यायको डर पैदा गर्नसक्छ। दुष्ट मानिसहरूलाई त्यस्तै साँचो धार्मिकता र सत्यता नभएको धर्म नै मन पर्छ र त्यस्तो धर्म-सम्प्रदायलाई तिनीहरूले सहयोग पनि गर्दछन्।

दूतले मलाई भने, ‘‘धार्मिकताको सारा हतियारहरू धारण गर्नाले मात्रै जय प्राप्त हुन सक्छ, र अन्धकारको शक्तिमाथि विजयी बनिरहन सकिन्छ। शैतानले ती मण्डलीहरूलाई ओगटिसकेको छ। मानिसहरूका वचन र कर्म परमेश्वरको दुइधारे तरवाररूपी वचनसँग मेल खाँदैन। त्यसैले दूतले मलाई भने, ‘‘संसारको आत्मा र त्यससित मित्रता गाँस्नुचाहिँ परमेश्वरसित शत्रुता हो। जब संसारको आत्माको विरूध्दमा ख्रीष्टले झैं वचनको शक्ति र सत्यतासाथ सफासफी प्रस्तुत गरिन्छ, तब त्यतिखेरै संसारको आत्माले खेदो र सतावट

ल्याउँदछ। भनौ भने, ख्रीष्टियन हौं भन्नेहरू धेरैभन्दा धेरैले नै परमेश्वरलाई वास्तवमा चिनेकै छैनन्। तिनीहरूको स्वाभाविक हृदय परिवर्तित भएकै छैन र तिनीहरूको संसारप्रेमी मनद्वारा तिनीहरू परमेश्वरका शत्रु नै छन् भने अर्कै नाम (अर्थात् ख्रीष्टसम्बन्धी नाम) धारण गरेर पनि शैतानकै भरपर्दा दासहरू नभएर अरू के हुनसक्छन् र?"

त्यसपछि मैले यस्तो देखें, कि ख्रीष्टले स्वर्गीय पवित्र निवास छोड़ेर जब अर्को पर्दाभित्र प्रवेश गर्नुभयो, तब यहूदीहरू छोड़िएझैं ती मण्डलीहरू पनि छोड़िए। त्यसपछि झन् तिनीहरू सबै प्रकारका अशुध्दता र घृणास्पद कुराहरूले भरिए। मैले ती तथाकथित मण्डलीहरू महा दुष्टता र अधर्मले परिपूर्ण भएर पनि 'ख्रीष्टियन' नाम धारण गरिरहेकै दखें। तिनीहरूका त्यस्तो दावा, तिनीहरूको प्रार्थना र तिनीहरूको शिक्षा परमेश्वरको दृष्टिमा घिनलाग्दा छन्।

फेरि स्वर्गदूतले मलाई भने, "तिनीहरूका मण्डलीहरूमा परमेश्वरको गन्ध पनि हुनेछैन। तिनीहरूमा छल, कपट, धोका आदि छँदै छन्, र पनि तिनीहरूको विवेकले तिनीहरूलाई दोष देखाएकै हुँदैन। यी सब भएर पनि तिनीहरू भक्तिको भेष धारण गर्छन्।" फेरि मैले ती मण्डलीहरूको अहङ्कारलाई पनि देखें। परमेश्वर तिनीहरूको मनमा हुँदै हुनुहुन्नथ्यो। तिनीहरूको मनमा ता वास बसेका थिए - केवल संसारकै अभिलाषापूर्ण विचार र भावनाहरू। तिनीहरूले आफ्ना नाशमान शरीरलाई सिंगार्दै आफै गजक्क पर्छन्, तर ख्रीष्ट र उहाँका दूतगण चाहिँ तिनीहरूलाई हेरेर दुःखित र क्रोधित हुन्छन्। फेरि दूतले भने, "तिनीहरूको पाप र अहङ्कार स्वर्गैसम्म पुगिसकेको छ। अब तिनीहरूको भाग ठहऱ्याइसकेको छ। सुतेको न्याय र इन्साफ अब चाँड़ै जागी उठ्नेछ, 'बदला लिने काम मेरो हो; म बदला लिनेछु' परमप्रभु भन्नुहुन्छ।" असंख्यौं

शैतानिक दूतहरूका पल्टन देशभरि छापछापती फैलिएर ती तथाकथित मण्डलीहरू तथा अन्य धार्मिक संस्थाहरूलाई हेर्दै रमाउँदैछन्, कारण त्यो धर्मको पोशाकले ठूलाभन्दा ठूला अपराध र अधर्मलाई पनि ढाकछोप गर्दछ।

समस्त स्वर्गले परमेश्वरको हातको कारिगरी मनुष्यलाई तल्लो दर्जामा पुर्‍याएर मानिसैद्वारा पशुतुल्य सृष्टिको तुलनामा राखेको दृश्य पनि हेरेर दुःखित भएको थियो। ती मानव शत्रुहरूप्रति पनि दयादृष्टि राख्ने हाम्रो त्यति प्रेमी उध्दारकर्ताको तथाकथित अनुयायीहरू कतै आनन्दसँग यति डरलाग्दा पापमा संग्लग्न भई मानव-आत्मासँग खेलवाड़ गर्दैछन्। स्वर्गदूतहरूले ता ती सब विचार गरेर पुस्तकमा लेखिराखेका छन्। ती धर्मी कमारा-कमारी, आमा-बाबु, छोराछोरी र दाजुभाइ र दिदीबहिनीहरूका आँसु जम्मा गरी स्वर्गमा पुर्‍याइएका छन्। कतिञ्जेलसम्म चाहिँ परमेश्वरले आफ्नो रिस थामेर राख्नुहुन्छ? त्यस जातिमाथि एकदिन परमेश्वरको क्रोधाग्नि दन्कने नै छ, विशेष ती धार्मिक मण्डलीहरूमाथि, जसले मञ्जूरी दिईकन आफ्ना सह-मानवको पीड़ित र व्यथित मुटुसँग खेलवाड़ गरी एक ठाउँदेखि अर्को ठाँउ पुर्‍याउँदै किनबेच गर्नेजस्तो पापिष्ट काममा संग्लग्न भए। त्यस्तो अन्याय, त्यस्तो अत्याचार र त्यस्तो उत्पीड़नलाई ख्रीष्टजस्ता नम्र र दीन प्रभुका अनुयायीहरू हौं भन्ने धेरैजना हृदयशून्य निर्दयीहरूले केहीजस्तो पनि नमानी हेर्न सक्दारहेछन्। अनि धेरैजनाले ता आफैले ढुक्कैसित अर्कालाई त्यसरी असह्य यातना र पीड़ा दिए, जसको वर्णन गरेर साध्य छैन, त्यस्ताहरूले पनि परमेश्वरको उपासना गर्ने साहस गर्छन्। यो ता परमेश्वरलाई ठट्टामा उड़ाउने काम हो, अनि शैतानले यही मौका छोपेर ख्रीष्टलाई साथै उहाँका दूतगणलाई खिसी गर्दै बड़ो निन्दात्मक स्वरमा भन्नेछ, "ख्रीष्टका अनुयायीहरू ता यस्ता छन्!"

ती तथाकथित ईसाइहरू शहीदहरूको हृदयविदारक कहानी पढ़ेर आँसु झार्दै भन्छन्, ‘‘मान्छेहरूले आफ्नै सह-मानवप्रति पनि किन त्यसरी अमानवीय क्रूर व्यवहार देखाएका हुन् नि?’’ जबकि उनीहरू आफैले पनि आफ्ना सह-मानवलाई नै दासत्वको साङ्लाले बाँधिराखेका थिए। उनीहरूले पनि त्यही प्रकारको क्रूरता देखाएर असाध्यै सताइरहेका थिए, जसरी पोप र अन्यजातिहरूले ख्रीष्टका अनुयायीहरूलाई सताएका थिए। स्वर्गदूतले मलाई भने, ‘‘परमेश्वरको न्यायको दिनमा त्यस्ता मानिसहरूकोभन्दा ता अन्यजातिहरू र पोपहरूकै न्याय सहनसक्ने किसिमको हुनेछ।’’ उनीहरूद्वारा अत्याचारमा परेकाहरूका रोदन र पीड़ा पनि स्वर्गसम्मै पुगेको छ, र स्वर्गका दूतहरू पनि सृष्टिकर्ताकै प्रतिरूप मानवप्रति मानवद्वारै भएको उत्पीड़न र अत्याचार देखेर छक्कै परे। फेरि दूतले भने, ‘‘त्यस्ताहरूका नामचाहिँ क्रूस(+) आकारमा रगतले अनि पीड़ा र दुःखले जलिरहेका आँसुका अविरल धाराले लेखिएका छन्। परमेश्वरको क्रोध तबसम्म शान्त हुनेछैन, जबसम्म उहाँले त्यो ज्योतिको देशलाई उहाँको क्रोधको थेग्रो पिलाउनुहुन्न र बेलिलोनलाई त्यसको दुइगुणा प्रतिफल दिनुहुन्न।’’

मैले यो देखें, कि मालिकले त्यस दासको आत्माको लागि उत्तरदायी हुनुपर्ने रहेछ, जसलाई उसले अनजानमा राखेको थियो, र त्यो दासले गरेका जति पनि पापहरू मालिकमाथि नै पर्ने रहेछ। परमेश्वरले त्यस्तो दास (कमारा) लाई स्वर्ग लात सक्नुहुन्न, जसलाई परमेश्वर र उहाँको वचनको केही ज्ञान नभई मालिकको कोर्राको बाहेक अरू कसैको डर थाह नपाई दमनरूपी साङ्लोले बाँधेर अनजान अवस्थामै राखिएको थियो। अर्थात् उसलाई पशुतुल्यै गनिएको थियो। परमेश्वरले पनि त्यस दासको केही लेखा लिनुहुन्न, जब कि त्यसको मालिक ती सात विपत्तिमा पर्नेछ, र त्यसपछि पनि

दोस्रो पुनरूत्थानमा बौरी उठेर फेरि भयानक दोस्रो मृत्युमा पर्नेछ। तब मात्र परमेश्वरको क्रोध शान्त हुनेछ।

## अध्याय - ३४

# बुलन्द आवाज

तत्पश्चात् मैले स्वर्गका दूतहरूलाई घरि यता-उता दौड़धूप गरिरहेका , घरि कतिपय महत्त्वपूर्ण घटनाहरू पूरा गराउनाका निम्ति पृथवीमा ओर्ल्हिरहेका अनि घरिघरि माथि स्वर्गतिर उड़िरहेका देखें। त्यसपछि तेस्रो दूतको सन्देशलाई अझ शक्तिशाली र प्रभावशाली तुल्याउँदै तिनीसित मिलीकन सो सन्देश उद्‌घोषित गर्न सहयोग दिन एकजना सामर्थ्यशाली दूत खटाइए। ठूलो शक्ति र महिमा लिएर ती दूत पृथ्वीमा ओर्ल्हंदा त्यो महिमाले पृथ्वी नै झलमल्ल भयो। चारैतिरको अन्धकारलाई आफ्नो ज्योति र महिमाले बढ़ार्दै बड़ो शक्तिशाली आवाजमा तिनी कराए, “महान् बेबिलोनको पतन भो, पतन भो ! अब त्यो भूतहरू र सबै प्रकारका अशुद्ध आत्माहरू अनि सबै प्रकारका अशुद्ध र घिनलाग्दा पंक्षीहरूको पिँजरा बन्नेछ?” जुन बेबिलोनको पतनको सन्देश दोस्रो दूतद्वारा उद्‌घोषित भएको थियो, फेरि १८४४ देखि यसो उक्त मण्डलीहरूमा पसिआएका भ्रष्टाचारहरूको पनि थप सन्देश उद्‌घोषित भएको मैले सुनें। परमेश्वरका लोकलाई आउँदो त्यो परीक्षाको लागि सबै ठाउँ तयार पारिएकै छ। त्यसपछि एउटा ठूलो ज्योति उनीहरूमाथि बसेको मैले देखें, र उनीहरू त्यस सन्देशका निन्ति एक भएर निडरतासाथ अनि बड़ो सामर्थ्यसहित उक्त तेस्रो दूतको सन्देशको उद्‌घोषणा गरे।

स्वर्गबाट आएका ती शक्तिशाली दूतलाई सहयोग दिन अरू स्वर्दूतहरू पनि पठाइए र मैले ती आवाजहरू यसो भन्दै सर्वत्र गुञ्जायमान भएको सुने, “हे मेरा जनहरू हो, त्यसदेखि निस्किआओ, ताकि तिमीहरू त्यसका पापहरूमा सहभागी बनेर त्यसको

विपत्तिहरूमा नपर! किनकि त्यसका पापहरू स्वर्गैसम्म पुगेका छन्।" यो सन्देश पनि तेस्रो दूतको सन्देशलाई पुष्टि गर्न आएको जस्तो लाग्यो, जसरी १८४४ मा त्यो मध्यरातको बुलन्द आवाज दोस्रो दूतको सन्देशलाई पुष्टि गर्न आएको थियो। फेरि मैले प्रभुको आगमनका निम्ति धैर्यपूर्वक बाटो हेरिरहेका ती सन्तगणमाथि परमेश्वरको महिमा बसेको देखें। उनीहरूले निडर भईकन बेबिलोनको पतनबारे उद्घोषणा गर्दै अन्तिम चेतावनीको साथमा परमेश्वरका लोकलाई त्यहाँदेखि निस्किआउने आह्वान दिइरहेका थिए, ताकि उनीहरूचाहिँ त्यो डरलाग्दो विनाशदेखि बाँचून्।

प्रभुको आगमनको प्रतीक्षामा रहेकाहरूमाथि छरिएको ज्योतिले चारैतिर अन्धकारलाई पन्छाइरहेको थियो। ती मण्डलीहरूमा कतिपय यस्ताहरू पनि थिए, जसले तीनैवटा सन्देशहरू सुनेकै थिएनन्, र इन्कार पनि गरेका थिएनन्, उनीहरूले पनि त्यो आह्वानलाई सुनेर अनि मानेर ती पतित मण्डलीहरूलाई छोड़ेर निस्के। धेरैले यी सन्देशहरू सुनेका वर्षौं बितिसकेका थिए, र उनीहरूले ज्योति पाएर जीवन र मृत्यु चुन्ने शुभ-मौका पाएका थिए। कतिले जीवनलाई चुनेर परमेश्वरका आज्ञाहरू पालन गर्दै उनीहरू पनि प्रभुको आगमनको बाटो हेर्नलागे। तेस्रो सन्देश चाहिँ यसको पालन गर्नु थियो। सबैको जाँच यसमै भएको थियो र बहुमूल्य रत्न भई निस्केकाहरूलाई ती धर्मावलम्बी पन्थहरूदेखि निस्की आउने बोलावट भयो। परमेश्वरको शक्ति स्वयम् प्रकट भएपछि मानिसमा यस्तो भय पैदा गरिदिन्छ, जसले गर्दा परमेश्वरको आत्माको काम अनुभव गर्नेहरूलाई दमन वा रोकटोक गर्ने कोही आफन्त वा साथी-सङ्गीको पनि क्षमता पुग्दैन। अनि अन्तिम बोलावट चाहिँ भक्त र नम्र कमाराहरूलाई पनि हुँदछ, जसका मुखबाट पनि अत्यन्तै आनन्दका स्तुतिगानहरू फुटी निस्कन्छन्, जब उनीहरू पनि त्यो सुखद छुटाकारा पाईकन

उहाँको महिमित आगमनमा उठिरहेका हुन्छन्। उनीहरूका मालिकहरूले रोक्न सक्ने छैनन्। तिनीहरू ता डर र आश्चर्यले ट्वाल्ल परेर हेरेका हेरेकै हुनेछन्। विश्वासीहरूमा आश्चर्यकर्महरू हुन्छन्, बिरामीहरू निको हुन्छन् र अरू धेरै प्रकारका चिन्ह र चमत्कारहरू पनि हुन्छन्। जब परमेश्वर स्वयम्ले काम गर्नुहुन्छ, तब प्रत्येक सन्तले निडर भईकन आफ्नो विवेकको निर्देशनानुसार चल्दछ र परमेश्वरका सब आज्ञा पालन गर्नेहरूसँग मिलीकन त्यो तेस्रो सन्देशलाई प्रचार र प्रसार गर्दछ। मलाई यो कुरा पनि बताइयो, कि उक्त तेस्रो सन्देश त्यो मध्यरातको बुलन्द आवाजभन्दा पनि बढ़ी शक्ति र सामर्थ्यका साथमा बन्द हुनेछ।

परमेश्वरका ती दासहरूले परमेश्वरबाटै त्यो शक्ति पाएर, अनुहारमा स्वर्गीय ज्योति झल्काउँदै त्यो स्वर्गीय सन्देशलाई प्रचार गरेर आफ्नो सेवाकार्यलाई पूरा गरे। ती धर्मावलम्बी झुण्डहरूमा छरिएर बसेका आत्माहरूले त्यो स्वर्गीय आह्वानलाई स्वीकार गरेर जतिजना अमूल्य रत्न भएका थिए, उनीहरूलाई ती दण्डका निम्ति ठहऱ्याइएका मण्डलीहरूदेखि हतार-हतार निकालिएका थिए, जसरी सदोम नाश हुनअघि त्यहाँबाट लूत निकालिएका थिए। परमेश्वरले आफ्ना लोकलाई उहाँ स्वयम्ले आफ्नो महिमित सिंहासनबाट बल दिईकन स्थिर गराई त्यो परीक्षाको घड़ीमा धैर्यशील र सहनशील बन्नमा सहायता गर्नुहुन्छ। त्यसपछि मैले चारैतिरबाट एकैसाथ यसो भनिरहेको सुने, ‘‘सन्तगणको धैर्य यसैमा छ, परमेश्वरका आज्ञाहरू पालन गर्ने र ख्रीष्टको विश्वासलाई कायम राख्नेहरू यिनै हुन्।’’

## अध्याय - ३५

# तेस्रो दूतको सन्देश बन्द भएको

हेर्दाहेर्दै मलाई त्यो समयको दर्शनपट्टि लगियो, जुन समयचाहिँ तेस्रो दूतको सन्देश बन्द हुनलागिरहेको समय रहेछ। त्यतिबेला परमेश्वरको शक्ति उहाँका लोकमाथि बसेको थियो। उनीहरूले आफ्ना सेवाकार्य पूरा गरीकन आफ्ना अगाड़ि राखिएको त्यो जाँचको घड़ीका निम्ति तयार भइरहेका थिए। उनीहरूले प्रभुको उपस्थितिबाट पनि अन्तिम वर्षा अर्थात् चङ्गाइ पाएका थिए, र त्यहाँ ज्वलन्त गवाही भएको थियो। त्यो ठूलो अर्थात् अन्तिम चेतावनी यत्र-तत्र-सर्वत्र ध्वनित भइसकेको थियो, अनि त्यसैले गर्दा उक्त सन्देशलाई ग्रहण नगर्ने पृथ्वीवासीहरू पनि क्रोधित भए।

त्यतिबेला पनि स्वर्गका दूतगण यता र उता दौड़िरहेका थिए। त्यसैबेला एकजना दूत एकपट्टि लेख्ने मसीदानी (सीङ) लिएर पृथ्वीदेखि फर्केर आइपुगे। अनि तिनले येशूलाई भने, "सन्तहरूका संख्या अर्थात् गणना लिने र छाप लगाउने मेरो काम गरी सिद्ध्याएँ।" तब दश आज्ञा भएको वाचाको सन्दूक अगाड़ि सेवा गर्दै रहनुभएको येशूले धूपदानी भुइँमा राखीवरी आफ्ना हातहरू उठाईकन उच्च स्वरले भन्नुभयो, "अब पूरा भयो।" अनि समस्त दूतगणले एकछिनको लागि आफ्ना मुकुटहरू खोले र ख्रीष्टले बड़ो गम्भीरतापूर्वक यस्तो घोषणा गर्नुभयो, "जो अधर्मी छ, त्यो अझै अधर्मी नै भइरहोस्; जो फोहोरी छ, त्यो अझै फोहोरी नै भइरहोस्; जो धर्मी छ, ऊ अझै धर्मी भइरहोस्; अनि जो पवित्र छ, ऊ अझ पवित्र भइरहोस्।"

मैले ता त्यतिबेलै को को जीवनका योग्य छन् र को को चाहिँ मृत्युका योग्य छन्, सो फैसला भएको देखें। ख्रीष्टले आफ्ना जनहरूका पाप मेटाइसक्नु भएको थियो। अनि उहाँले आफ्नो राज्य अधिकारमा लिएर आफ्ना प्रजाहरूका निम्ति प्रायश्चित पनि गरिसक्नुभएको थियो। जुन समयावधिमा ख्रीष्ट पवित्र निवासस्थान (sanctuary)-मा सेवा गर्दैहुनुहुन्थ्यो, त्यसबेला पहिले मरेका धर्मी जनहरूको न्याय हुँदै थियो, त्यसपछि जिउँदा धर्मी जनहरूको। उहाँको राज्यका प्रजाहरू नियुक्त भइसकेछन्। थुमाको विवाह पनि भइसकेको रहेछ। अनि सारा स्वर्गमनिको राज्य र त्यसको महत्ता ख्रीष्टलाई साथै उध्दारका हकवालाहरूलाई दिइसकिएको रहेछ, अनि ख्रीष्टचाहिँ त्यहाँ राजाहरूका राजा र प्रभुहरूका प्रभु भईकन राज्य गर्नुहुँदोरहेछ।

ख्रीष्ट त्यस परमपवित्र स्थानदेखि निस्कँदैगर्नुहुँदा मैले उहाँको पोशाकमा घण्टीहरूको आवाज सुनें, र जब उहाँ त्यहाँबाट पनि जानुभयो, तब अन्धकारको बादलले पृथ्वीवासीहरूलाई छोप्यो। त्यसपश्चात् पापी (दोषी) मानिस-जाति र क्रोधित परमेश्वरको बीचमा कोही पनि मध्यस्थ रहेन। जतिबेलासम्म ख्रीष्ट दोषी मनुष्य र परमेश्वरका बीचमा खड़ा हुनुहुन्थ्यो, तबसम्म मानिसहरूमाथि शैतानको वश चल्दैनथ्यो। तर जब ख्रीष्ट परमेश्वर र मानिसको बीचमा मध्यस्थता गर्न छोड़ेर त्यहाँबाट हिँड्नुभयो, तब शैतानले मानिसमाथि पूर्णरूपले अधिकार जमाउनथाल्यो। जबसम्म त्यस पवित्र निवासस्थान (sanctuary)-मा ख्रीष्टले सेवा गर्दैहुनुहुन्थ्यो, तबसम्म ती विपत्तिहरू खनिने प्रश्नै उठेको थिएन, तर जब उहाँको सेवाकार्य पूरा हुन्छ, र उहाँले मध्यस्थता गर्नु बन्द हुन्छ, तब परमेश्वरको क्रोध खनिनदेखिन् कसैले रोक्नसक्तैन, र त्यो चाहिँ ती दोषी पापीहरूका शिरमाथि खनिनेछ, जोहरूले त्यो उध्दार र सुधारको लागि दिइएको हप्कीलाई अपमानसहित इन्कार गरेका छन्। तर

त्यस्तो डरलाग्दो समयमा पनि, अर्थात् ख्रीष्टले मध्यस्थता गर्न छोड़िसकेपछि उहाँका सन्तगणचाहिँ मध्यस्थविना पनि परमेश्वरको पवित्र उपस्थितिमा सुरक्षित थिए। जीवन र मृत्युको फैसला भइसकेको थियो औ जति पनि रत्नहरूको गणना लिइसकिएको थियो। तथापि ख्रीष्टले स्वर्गीय पवित्र निवास्थान (Heavenly Sanctuary)-को बाहिरी चोकमा एकछिन पर्खिनुभयो, र उहाँ त्यो परमपवित्र स्थानमा हुनुहुँदा, जतिले आफ्ना पापहरू मानिलिएका थिए, ती सब पाप उहाँले शैतानमाथिनै खन्याइदिनुभयो, जसबाट पापको शुरूआत भएको थियो। उसले ती पापहरूको दण्ड पाउनैपर्छ।

त्यसपछि मैले यस्तो देखें, कि ख्रीष्टले ता आफ्नो पुजाहारी-पोशाक खोलीवरी सबभन्दा शानदार राजकीय पोशाक पहिरनुहुँदोरहेछ। उहाँको शिरमा खापमा खाप मुकुटहरू थिए, अनि वरिपरि स्वर्गदूतहरू लिएर उहाँ स्वर्गदेखिन् पनि जानुभयो। त्यस पश्चात् मैले पृथ्वीवासीहरूमाथि विपत्तिहरू खनिएका दृश्यहरू देखें। त्यसबेला कतिले ईश्वर-निन्दा गर्दै उहाँलाई सराप्दै थिए। अरू कतिचाहिँ परमेश्वरका जनहरू भए ठाउँ दगुरेर परमेश्वरको त्यो न्यायदेखि बाँच्नलाई के उपाय गर्नुपर्ने सो सिकाइमाग्नलाई उनीहरूको खुट्टै ढोगेर विन्ती गर्दै थिए। तर तिनीहरूलाई सिकाउनालाई ती परमेश्वरका जनहरूसित कुनै उपाय नै रहेको थिएन। पापीहरूका निम्ति अघि नै अन्तिम थोपा आँसु खसाइसकिएको थियो, अन्तिम बोझसहितको प्रार्थना चढ़ाइसकिएको थियो र अन्तिम बोझसमेत उठाइसकिएको थियो। अब तिनीहरूलाई बोलाउने त्यो मधुर, अन्तिम एवम् करूणामय आवाज नै रहेन। अन्तिमभन्दा अन्तिम चेतावनीको वचनको अन्तिम शब्दसमेत दिइसकिएको थियो। जुन समयमा परमेश्वरका जन साथै समस्त स्वर्गका दूतगणले तिनीहरूको उध्दारका निम्ति त्यति बिघ्न चासो लिएका थिए, त्यो समयमा तिनीहरूले

चाहिँ आफ्नै निम्ति पनि केही चासो लिएनन्। तिनीहरूका सामु जीवन र मृत्युको चुनाउ राखियो, तर तिनीहरूले जीवनलाई नै हाँसोमा उड़ाए। अब ता पापीहरूलाई शुध्द पार्न एक थोपा पनि त्यो प्रायश्चित्तको रगत रहेनछ। अनि तिनीहरूका निम्ति अर्जविन्ती गरिदिने कुनै मध्यस्थ उध्दारकर्ता रहेनछ। समस्त स्वर्गै त खीष्टसित एक भइसकेका थिए, जब ता उनीहरूले उहाँको मुखारविन्दबाट 'अब पूरा भयो!' र 'अब सिध्दियो' भन्ने भयावह स्वरमा अन्तिम शब्द सुने। उद्धारको त्यो योजना पूरा भइसकेको थियो, जुन योजनालाई थोरैले मात्रै स्वीकार गरे। अनि जब त्यो अनुग्रहको मधुर स्वर हराएर गयो, तब मुटु कँपाउने स्पष्ट आवाजमा तिनीहरूले यस्तो वाणी सुन्छन्, "भो अब अति विलम्ब भयो! विलम्ब भो!!"

जस-जसले अघि परमेश्वरको वचनलाई महत्त्व दिएका थिएनन्, तिनीहरू पनि यता र उता हस्याङ-फस्याङ गर्दै कुदिरहेका थिए र परमेश्वरको वचन खोज्दै एक समुद्रदेखि अर्को समुद्र अनि उत्तरदेखि पूर्वसम्म चक्कर मारिरहेका थिए। दूतले मलाई भने, "तिनीहरूले त्यो पाउनेछैनन्। देशमा त्यो अनिकाल लागेको छ, जुनचाहिँ अन्न (रोटी)को होइन, न ता पिउने पानीकै हो; तर परमेश्वरको वचन सुन्न नपाउने अनिकाल।" तिनीहरूले परमेश्वरबाट एक शब्द पनि मञ्जूरी पाउन के थोकचाहिँ दिनेथिएनन् होला ? तर होइन, तिनीहरू भोकाइरहन र तिर्खाइरहनैपर्छ। अघि तिनीहरूले त्यो उध्दारको योजनाको उपहास गरेका थिए र स्वर्गीय धनभन्दा सांसारिक मनोरञ्जन र सांसारिक धनलाई बढ़ी महत्त्व दिएका थिए। तिनीहरूले खीष्टलाई नकारे र उहाँका सन्तगणलाई तिरस्कार गरे। फोहोरीहरू साँच्चै सदा-सर्वदा फोहोरी नै अवस्थामा रहन अवश्य छ।

ती विपत्तिहरूमा तड़पिन पर्दा अधिकांश दुष्टहरू रिसले चूर भएका थिए। साँच्चै नै त्यो अति दारूण दृश्य थियो। आमाबाबुले

छोराछोरीहरूमाथि, छोराछोरीहरूले आमाबाबुमाथि, दाज्यूभाइहरूले दिदीबहिनीहरूमाथि र दिदीबहिनीहरूले दाज्यूभाइहरूमाथि 'तिमीहरूले गर्दा म त्यो सत्यदेखि बञ्चित हुनुपऱ्यो, अर्थात तिमीहरूले नै मलाई त्यो सत्य अपनाउन दिएनौ, जुन सत्यले मलाई यो डरलाग्दो हालतदेखि बचाउने थियो' भन्दै, बिलौना गर्दै र डाँको छोड़ेर रूँदै दोष हालाहाल गर्दैथिए। अरू मानिसहरूले मण्डलीका पदाधिकारी सेवकहरूलाई अति घृणित दृष्टिले हेर्दै र यसो भन्दै दोष लगाइरहेका थिए, "तिमीहरूले हामीलाई चेतावनी दिएनौ हगि? तिमीहरूले ता 'सारा संसारले उध्दार पाउन बाँकी नै छ' भन्दैथ्यौ, अनि हामी परमेश्वरको डरले भयभीत हुँदा पनि तिमीहरूले 'शान्ति! शान्ति!!' भनेर फोस्रो सान्त्वना दियौ। अनि तिमीहरूले यो विपत्तिको विषयमा हामीलाई बताउँदै बताएनौ र हामीलाई यसको विषयमा चेतावनी दिनेहरूलाई पनि तिमीहरूले 'यिनीहरू ता हठधर्मीहरू हुन्, राम्रा होइनन्, यिनीहरूको कुरा सुनेर बर्बाद होऔला' भनेर सुन्नै दिएनौ।" तर मैले देख्ताहुँदि ती सेवक भनाउँदाहरू पनि परमेश्वरको त्यो प्रचण्ड क्रोधाग्निदेखि उम्कन सकेनन्। तिनीहरूको पीड़ा त झन् तिनीहरूका मानिसहरूको भन्दा पनि दशगुणा बेसी दर्दनाक थियो।

## अध्याय - ३६

# याकूबको संकष्टकाल

परमेश्वरका जनहरू आफ्ना शहर र गाउँहरू छोड़ेर एकजुट भईकन निर्जन ठाउँहरूहुँदा बस्न थालेका मैले देखें। उनीहरूलाई स्वर्गदूतहरूले नै खाने र पिउने कुराहरूको प्रबन्ध गर्दारहेछन्, तर यता ती दुष्टहरू भोक र तिर्खाले आकुल भइरहेका थिए। त्यसपछि पृथ्वीका मानिसहरूले एकत्रित भईकन सर-सल्लाह गर्नथाले र तिनीहरूका वरिपरि शैतान र उसका दूतहरू पनि आफ्ना काममा व्यस्त थिए। मैले देशका विभिन्न भागहरूमा एउटा लिखित घोषणापत्रका प्रतिलिपिहरू पठाइएका देखें, जसमा यस्तो उर्दी घोषित गरिएको थियो, "तिनीहरूले (अर्थात् सन्तहरूले) आफ्नो हठधर्म छोड्दैनन्, अनि शबाथ-दिन-(विश्राम दिन) लाई छोड़ेर सप्ताहको पहिलो दिनलाई पालन गर्दैनन् भने तिनीहरूलाई झ्याल-खानको सजाय नदिएर एकैचोटि मृत्यु-दण्ड दिइयोस्।" तर त्यस्तो समयमा पनि ती सन्तहरू शान्त रहीकन परमेश्वरमाथि नै भरोसा राखेर उहाँको प्रतिज्ञालाई दावा गर्दै बाँच्ने उपायका निम्ति प्रार्थना गरिरहेका थिए। त्यो उर्दी घोषित हुनुभन्दा पहिले पहिले पनि कतिचोटि दुष्टहरूले उनीहरूलाई मार्न झम्टे, तर स्वर्गदूतहरूले योध्दा मानिसहरूका रूपमा उनीहरूका पक्षमा लड़िदिएका थिए। परमप्रधान परमेश्वरका सन्तगणलाई नाश गर्न पाउनु नै शैतानले आफ्नो ठूलो सफलता र विजय ठानेको थियो, तर प्रभुले आफ्ना लोकहरूका रक्षार्थ आफ्ना दूतगण खटाउनुभयो, कारण ती वरिपरिका अन्यजातिहरूका दृष्टिमा आफ्ना लोकसँग बाँधेको करार पूरा गर्नुमै परमेश्वरको महिमा थियो।

केही क्षणपश्चात् ती सन्तहरूका चेहरामा फेरि उदासीनताको कालो बादल छाएको देखियो। ती दुष्ट पृथ्वीवासीहरूले यिनीहरूलाई फेरि घेरेछन् भनेर मैले लख काटिहालें। कतिजनाले त परमेश्वरले 'हामीलाई अब दुष्टहरूकै हातमा मर्नलाई छोड़िदिनुभएको हो कि क्या हो' भन्ने पनि सम्झें। तर उनीहरूका आत्मिक आँखा खुलेका भए आफ्ना वरिपरि स्वर्गदूतहरूले पहरा दिँदै घेरिराखेका देख्ने थिए।

त्यसपछि ती सन्तहरूलाई मार्न भनी शैतानिक दूतहरूको दलले ती क्रोधित दुष्टहरूको जमातलाई हतार लगाइरहेको थियो। तर ती पवित्र र शक्तिशाली स्वर्गदूतहरूको भीड़बाट पार भएर ती सन्तहरूसम्म पुग्नु तिनीहरूका लागि सम्भव नै थिएन। ती स्वर्गदूतहरूले गर्दा तिनीहरू अघि बढ्न सकेनन् र शैतानिक दूतहरू पनि पछि हटे। ती सन्तहरूका निम्ति बड़ो तनाउपूर्ण र भयावह स्थिति थियो। त्यसैले उनीहरूले दिनरात परमेश्वरलाई पुकारिरहेका थिए। बाहिरबाट हेर्दा उनीहरूका निम्ति बाँच्ने उपाय नै देखिँदैन थियो। त्यही देखेर दुष्टहरूले खुच्चिङ मच्चाउँदै उनीहरूलाई भने, "खोइ तिमीहरूका परमेश्वरले तिमीहरूलाई हाम्रा हातदेखि बचाएको? खोइ तिमीहरू स्वर्गमा उठाइएर तिमीहरूको ज्यान बाँचेको?" तर ती परमेश्वरका लोकले सुनेर पनि नसुनेझैं गरे। उनीहरू याकूब झैं परमेश्वरसित प्रार्थनाद्वारा मल्लयुध्द गरिरहेका थिए। स्वर्गदूतहरूले ता उनीहरूलाई छुटकारा दिन खोजिरहेका थिए, तर प्रधान दूतले फेरि पनि उनीहरूलाई रोकीकन भने, "यिनीहरूले अझै केही समयसम्म धैर्य धारण गरेर त्यो प्याला पिउनैपर्छ, र त्यो बप्तिस्मा लिनैपर्छ।" तब ती दूतहरूले विश्वासयोग्यतापूर्वक सन्तगणको रक्षार्थ पहरा दिँदै रहे। त्यसपश्चात् परमेश्वरका जनहरूको छुटकाराको निम्ति परमेश्वरको सामर्थ्य पनि प्रकट हुने बेला आइपुग्यो। परमेश्वर

आफैले पनि ती दुष्टहरूका सामने आफ्नो नाउँको बदनाम भएको चाहनुहुन्नथ्यो; किनकि आफ्नो नाउँको महिमाकै निम्ति उहाँले उनीहरू हरेकलाई छुटकारा दिनुहुन्छ, जसले धैर्यपूर्वक उहाँको बाटो हेर्छ र जसको नाम पुस्तकमा लेखिएको छ।

त्यसपछि फेरि दृष्टान्तस्वरूप मलाई नूह बाजेपट्टि लगे, जो परमेश्वरको दृष्टिमा विश्वासयोग्य थिए। मुसल्धारे पानी बर्स्यो र भल-बाड़ी आएर डुबाउ हुनथाल्यो। नूह र उनको परिवार मात्रै जहाजभित्र पस्न पाए र परमेश्वर स्वयम्ले जहाजको ढोका बन्द गरिदिनुभयो। नूहले पनि त्यस जमानाका पृथ्वीवासीहरूलाई चेतावनी नदिएका थिएनन्, तर तिनीहरूले उनको कुरालाई हाँसोमा उड़ाउँदै गिल्ला गरे। अनि जब-जब पानीले जमिन भरिँदै गयो र मानिसहरू डुब्नलागे, तब तिनीहरू आफैले त्यो जहाज - जसको विषयमा तिनीहरूले खूब खिल्ली उड़ाएका थिए - पानीमाथि माथि तैरिँदै गरेको र नूह साथै उनको परिवार त्यसभित्र सुरक्षित रहेका देखे। त्यस्तै गरी परमेश्वरका जनहरूले पनि - जसले संसारलाई आउनेवाला परमेश्वरको क्रोधको बारेमा चेतावनी दिए - छुटकारा पाउनेछन्। उनीहरूले पनि विश्वासयोग्यतापूर्वक पृथ्वीवासीहरूलाई चेतावनी दिएका छन्। परमेश्वरले दुष्टहरूद्वारा आफ्ना ती जनहरूलाई नाश हुन दिनुहुन्न, जोहरूले धैर्यपूर्वक उहाँको महिमित आगमनको बाटो हेर्छन् र त्यो जानवरको सामु झुक्दैनन् र त्यसको छाप लिँदैनन्। यदि ती दुष्टहरूले परमेश्वरका जनहरूलाई मार्न पाएका भए परमेश्वरका घोर विरोधी शैतान र उसका सब दूतहरू अति सन्तुष्ट हुनेथिए। अनि त्यतिञ्जेलसम्म धैर्यसाथ आफ्ना प्रिय प्रभुको बाटो हेर्ने सन्तहरूमाथि त्यो अन्तिम संग्राममा प्रबल भईकन उनीहरूमाथि अधिकार जमाउन पाएको भए शैतानले कस्तो धुमधामले विजयोत्सव मनाउने थियो होला ! तर परमेश्वरको जनहरूको स्वर्गमा उठाइने

कुरालाई गिल्ला र उपहास गर्नेहरूले पनि परमेश्वरले आफ्ना लोकप्रति यति ख्याल राखेर उनीहरूलाई उद्धार गरी आफ्नो महिमा लिनुभएको आफ्नै आँखाले देख्नेछन्।

जब सन्तहरूले आफ्ना शहर र गाउँ-घर छोड़ेर हिँड़े, तब ती दुष्टहरू उनीहरूका पिछा लागे, अनि उनीहरूलाई मार्न भनी तरवार उजाएका मात्र के थिए, तिनीहरूका तरवार भाँचिएर परालको त्यान्द्रो झैं कामै नलाग्ने भए। त्यसरी परमेश्वरका दूतहरूले उहाँका जनहरूको निम्ति ढाल भईकन रक्षा गरे, किनकि उनीहरूले छुटकाराको लागि निरन्तर परमेश्वरलाई पुकारिरहे र उनीहरूको पुकारा परमेश्वरको सिंहासनसम्म पुग्यो।

## अध्याय - ३७

# सन्तहरूको उद्धार

परमेश्वरले आफ्ना लोकलाई उध्दार गर्नका निम्ति मध्यरातको समय नै चुन्नुभयो। दुष्टहरूले वरिपरिबाट उनीहरूलाई गिल्ला गरिरहेकै थिए। सहसा आफ्नो प्रतापमय ज्योति छर्दै सूर्य देखा पऱ्यो र चन्द्रमा स्थिर रह्यो। तब ती दुष्टहरू अवाक् भएर त्यस दृश्यलाई हेरेका हेरेकै भए। भटाभट चिन्ह र चमत्कारहरू हुनथाले, मानों हरेक कुरानै प्रकृतिको नियमबमोजिम चल्न छोड़ेको थियो। त्यस बखत मात्र परमेश्वरका जनहरूलेआफ्नो अन्तिम छुटकाराको लक्षण देखेर आनन्दविभोर भए।

खोला-नालाहरू बग्न छोड़े। घना बादलका काला काला मुस्लाहरू उठे र आपसमा भिड्नथाले। तर परमेश्वरको महिमा एउटै स्वच्छ ठाउँमा अड़िएको थियो, जहाँबाट धेरै पानीको आवाज भएझैं परमेश्वरको वाणी भयो, जसको कारणले आकाश र पृथ्वी हल्लिए। ठूलो भूकम्प भयो। यहाँसम्म कि चिहानहरू उघ्रिए, र जस-जसले शबाथ-दिनको पालन गर्दै तेस्रो दूतको सन्देश अन्तर्गत विश्वासमा रहेर मरेका थिए, उनीहरू त्यो शान्तिको करारका भागीदार बन्नालाई ती माटाका बिछ्यौनाबाट निस्की आए, जुनचाहिँ करार परमेश्वरले उहाँको व्यवस्था पालन गर्नेहरूसँग बाँध्न आँट्नुभएको थियो।

आकाश उघ्रियो र फेरि ठूलो होहल्ला मच्चाएर बन्द भयो। पहाड़हरू हावाले हल्लाएको निगालो झैं हल्लिए र तिनीहरूबाट चट्टानहरू टुक्रा-टुक्रा भएर यत्र-तत्र छरिए। भाँड़ाको पानी उम्लेझैं समुद्र उम्लेर त्यसले जमिनमाथि ढुङ्गाहरू उकेलिरहेको थियो। अनि

उहाँ परमेश्वरले ख्रीष्टको आगमनको दिन र समयको विषयमा बोल्नुहुँदै र आफ्ना लोकलाई अनन्त करारको वचन दिँदै एकै वचन (वाक्य) मात्र बोलीकन चूप लाग्नुहुँदा पनि उहाँले बोल्नुभएका शब्दहरू धरतीमाथि मेघ गर्जेझैं प्रतिध्वनित भइरहेका थिए। परमेश्वरका लोक इस्राएलीहरू यहोवा परमेश्वरका मुखारविन्दबाटै उहाँका वाणी सुन्दै आफ्ना आँखाहरू एकोहोरो माथितिरै उठाएर उभिरहेका थिए, त्यस बेला पनि उहाँका शब्दहरू ठूलो आवाजमा आकाश गर्जिरहेझैं ध्वनित भइरहेका थिए। वातावरणले गम्भीर रूप धारण गरेको थियो। त्यहाँ पनि ती परमेश्वरका जनहरूले उहाँको प्रत्येक वचनमा 'हो, हजुरकै महिमा होस्! हल्लेलूयाह!' भन्दै थिए। उनीहरूका चेहरा पनि त्यसरी नै परमेश्वरको महिमाले उज्ज्वल भएका थिए, जसरी सीनै पर्वतदेखि फर्कँदा मोशाको चेहरा महिमान्वित भएर चम्किरहेको थियो। त्यो महिमाले गर्दा दुष्टहरूले उनीहरूका चेहरामा हेर्नै सकेनन्। अनि विश्रामदिनलाई पवित्रतासाथ मानी परमेश्वरलाई आदर गर्नेहरूमाथि अनन्त आशिष् बर्सिनासाथ त्यो जानवर र मूर्तिमाथि बुलन्द आवाजमा विजय - नारा लगाएको सुनियो।

त्यसपश्चात् भूमिले विश्राम लिने दिनको आरम्भ हुन्छ। त्यसबेला भक्त कमाराहरू पनि विजयी भएर उठेका देखिए। तिनीहरूलाई बाँधिएका साङ्लाहरू खुस्केर झरे। ती देखेर तिनीहरूका मालिकहरू घबराए र किंकर्त्तव्यभिमूढ़ भए; किनकि दुष्टहरूले परमेश्वरको वाणी पटक्कै नबुझ्दा रहेछन्। तब हेर्दा हेर्दै आकाशमा सेतो बादल देखियो, जसमाथि मानिसका पुत्र सवार हुनुहुन्थ्यो। त्यो बादललाई शुरूमा देख्दा टाड़ामा सानो टुक्रा झैं देखा परेको थियो। त्यतिबेला दूतले भने, "यो ता मानिसका पुत्रको चिन्ह हो।" अनि जब त्यो बादल नजिक-नजिक आइपुग्यो, तब हामीले त्यसमाथि

सवार भई विजय हासिल गर्न आउनुहुने राजा येशूको अपार महिमालाई देख्यौं। शिरमा झलमल्ल चम्कने मुकुटहरू लाएका पवित्र दूतगणले राजाका अङ्गरक्षकहरूले झैं सम्मानपूर्वक उहाँलाई साथ दिइरहेका थिए। त्यो दृश्य यति अपार महिमाले युक्त थियो, जसको बयान गर्ने कुनै भाषा छैन। हेर्दाहेर्दै त्यो अपार महिमाले भरिएको बादल नजिकै आइपुग्यो, तब हामीले स्पष्टतया ख्रीष्टको त्यो प्यारो एवम् सुन्दर मुहारलाई देख्न पायौं। त्यसचोटि उहाँको शिरमा त्यो काँड़ाको मुकुट थिएन, तर पवित्रताले सुसज्जित महिमाको मुकुट थियो। औ उहाँको पोशाक र तिघ्रामा 'राजाहरूका महाराजा र प्रभुहरूका महाप्रभु' भन्ने एउटा नाउँ लेखिएएको थियो। उहाँका आँखाहरू आगाका ज्वालाजस्ता र उहाँका पाउहरू निखुर पितलका जस्ता देखिए अनि उहाँको स्वर धेरै बाजाहरूका मधुर ध्वनि झैं सुनिँदैथ्यो। उहाँको चेहरा मध्यदिनको घाम जस्तै उज्ज्वल थियो। उहाँको सामने पृथ्वी हल्लियो, अनि आकाश पुस्तकको मुठा बेह्रिएझैं बेह्रियो र सबै पहाड़हरू र टापूहरू आफ्ना ठाउँबाट हटेर गए। अनि पृथ्वीका राजाहरू, राजकुमारहरू, मुख्य मुख्य कप्तानहरू, धनीहरू, बलियाहरू, हरेक दास र स्वतन्त्र मानिस पहाड़का गुफाहरू र चट्टानहरूहुँदो लुके, र पहाड़हरू र चट्टानहरूलाई भने, "हामीमाथि खस र सिंहासनमा विराजमान हुनुहुनेका सामनेबाट र थुमाको क्रोधबाट हामीलाई लुकाऊ। किनकि उहाँको क्रोधको दिन आएको छ र को खड़ा हुन सक्छ?"

केही समयअघि परमेश्वरका विश्वासयोग्य छोराछोरीहरूलाई पृथ्वीबाट नाश गर्न खोज्नेहरूले अहिले उनीहरूमाथि परमेश्वरको महिमा झल्केको देख्नुपर्‍यो, अर्थात् तिनीहरूले उनीहरूलाई (परमेश्वरका जनलाई) महिमित रूपमा परिवर्तित भएका देख्नुपर्‍यो। अनि यी सब भयावह दृश्यहरूका साथ-साथै तिनीहरूले ती सन्तहरूकै

मुखबाट आनन्दपूर्ण स्वरमा यसो भन्दै गरेका सुने, "हेर, हामीले प्रतीक्षा गरेका परमेश्वर यहाँ नै हुनुहुन्छ; उहाँले नै हामीलाई बचाउनुहुन्छ!" सुतिगएका सन्तहरूलाई बोलाइरहनुभएको परमेश्वरका पुत्रको आवाजले गर्दा पृथ्वी पनि जोरले हल्लियो। उहाँको बोलावट सुनेर उनीहरू अमर रूप धारण गरेर निस्के, र यसो भनी विजयको नारा लाउनथाले, "ए मृत्यु, तेरो खील खोइ? ए चिहान, तेरो विजय खोइ?" त्यसरी नै ती बौरी उठेका सन्तहरूले टाड़ा-टाड़ासम्म सुन्ने गरी विजयको नारा लगाए। उनीहरू अजम्बरी जीवन र शक्ति धारण गरेर आँखाको निमिषमा चिहानदेखि बौरी उठीकन बादलमा प्रभुलाई भेट्नालाई माथितिर गइरहेका थिए। अहो, कति महिमित भेट ! निर्दयी मृत्युले चुँड़ालेर बिछोड़िएका प्रियजनहरू अब फेरि फेरि कहिल्यै बिछोड़िनु नपर्ने भयो। कति रमाइलो भेट!

त्यस बादलको रथका दुइतिर पखेटाहरू र मन्तिर चक्काहरू थिए, त्यही पनि निर्जीव होइन सजीव; किनकि त्यस रथ उँभोतिर कुद्दै जाँदा ती चक्काहरूबाट 'पवित्र!' भन्ने शब्द आइरहेको थियो, अनि पखेटाहरू पनि चल्दैगर्दा तिनीहरूबाट '''पवित्र!' भन्ने नै शब्द ध्वनित हुँदै थियो, र बादल वरिपरिका दूतगणले पनि भनिरहेका थिए, "पवित्र, पवित्र, पवित्र, सर्वशक्तिमान परमप्रभु परमेश्वर!!!" तब फेरि बादलमा उठिसकेका सन्तगणले भनिरहेका थिए, "महिमा! हल्लेलूयाह!!" त्यसपछि त्यो रथ उँभै पवित्र नगरतर्फ कुद्यो। पवित्र नगरमा पस्नअघि खीष्टचाहिँ बीचमा र उहाँका सन्तहरूलाई वरिपरि वर्गाकार पङ्क्तिमा राखिएको थियो। उहाँ ती सन्तहरू र स्वर्गदूतहरूदेखि ठीक माथि विराजमान हुनुहुन्थ्यो, जहाँबाट सबैले उहाँको शानदार र सुन्दर मुहार छर्लङ्गै देख्न सक्थे।

## अध्याय - ३८

# सन्तहरूका लागि इनाम

त्यसपछि मैले यस्तो देखें - असंख्यौ स्वर्गदूतहरूले पवित्र नगरबाट ती सन्तहरूका निम्ति एक-एकवटा महिमाको मुकुट ल्याइदिए, जसमा प्रत्येकको नाउँ लेखिएको थियो। तब प्रभु येशूले उनीहरूका हातबाट ती मुकुटहरू लिएर आफ्नै बाहुलीबाट सन्तहरूका शिरमा लगाइदिनुभयो। त्यस्तै गरी ती दूतहरूले वीणाहरू लिएर आए। ती वीणाहरू पनि प्रभुले सन्तहरूलाई नै दिनुभयो। त्यसपछि प्रमुख दूतहरूले बजाउन शुरू गरे, र पछि-पछि सबैले बड़ो दक्षतापूर्वक वीणाका तारहरूमाथि आफ्ना औंलाहरू नचाउँदै मधुर धुनका साथमा कृतज्ञतासहित स्तुति र प्रशंसाका गीतहरू गाउनथाले। त्यसपछि ख्रीष्टले ती उध्दार-प्राप्त झुण्डलाई शहरको फाटकनेर लिएर जानुभयो, अनि त्यो अति नै सुन्दर र चमकदार फाटकलाई खोलीकन उनीहरूलाई भित्र आउने आदेश दिनुभयो, जोहरूले विविध जाति, भाषा र कुलबाट बाँचीकन त्यस सत्यलाई थामेका थिए। त्यहाँका सबै थोक हेर्नमा उसै - उसै सुन्दर र मनमोहक थिए। त्यसपश्चात् उहाँले आफ्ना ती उध्दार-प्राप्त सन्तहरूका महिमाले प्रकाशमान भएका अनुहारपट्टि हेर्दै मधुर स्वरमा भन्नुभयो, "मेरो प्राणमा प्रसव-पीड़ाझैं भएको अनुभव गर्छु, तथापि म सन्तुष्ट छु। यी सब भव्य महिमा ता सदा - सर्वदा भनूँ अननसम्म तिमीहरूकै हुन्। तिमीहरूका दुःख, कष्ट र पीड़ा आदिको अन्त भयो। अब यहाँ मृत्यु हुनेछैन, न शोक न रूवाइ हुनेछ, न ता यहाँ कुनै किसिमको दर्द नै हुनेछ।" तब उनीहरूले आफ्ना चमकदार मुकुट खोलेर येशूको पाउमा परी दण्डववत् गरे। अनि उहाँले आफ्ना

सुन्दर र प्रेमी हातले उनीहरूलाई उठाउनुभयो। तब उनीहरूका औंलाहरू सुनौला वीणाका तारमाथि खेल्नथाले र सम्पूर्ण स्वर्गलाई नै वीणाको मधुर ध्वनिले गुञ्जायमान पार्दै थुमाका गीतहरू ध्वनित - प्रतिध्वनित हुनथाले।

त्यसपश्चात् मैले यी उध्दार - प्राप्त सन्तगणलाई प्रभु येशूले जीवनको वृक्ष भए ठाउँ लैजाँदैगर्नुभएको देखें। अनि फेरि मैले आजन्म नसुनेको मधुर संगीतात्मक स्वरमा यस्तो वाणी सुने, "यस वृक्षका पातहरू जाति-जातिलाई निको पार्ने औषधि हुन्। तिमीहरू सबैले यसबाट खाओ।" उक्त जीवनको वृक्षमा खूबै सुन्दर फल थियो, जुनचाहिँ सबै सन्तगणले स्वतन्त्रतापूर्वक खानसक्थे। त्यस नगरमा एउटा खूबै शानदार र भव्य सिंहासन थियो, र त्यस सिंहासनको मन्तिरबाट बिल्लौर जस्तै सङ्लो जीवनको पानीको स्वच्छ नदी निस्किरहेको थियो। यति सुन्दर र मनोहर थियो स्वर्गको दृश्य, जसको वर्णन गर्नालाई यहाँ कुनै भाषा वा शब्द छैन। जब ती दृश्यहरू मेरा आँखाअघि झल्कन्छन्, तब म त्यसको परम सौन्दर्य र अपार महिमालाई देखेर अवाक बन्छु र दङ पर्छु, औ आफ्नो कलम बन्द गरेर छक्क पर्दै कल्पनामा डुब्छुः अहो, कस्तो अजीब प्रेम ! त्यो स्वर्गको महिमा र मुक्तिदाता ख्रीष्टको प्रेमको गहिराइको वर्णन गर्नु ता संसारको सबभन्दा धनी भाषामा पनि त्यो खालको शब्द पाइन्न।

## अध्याय - ३६

# पृथ्वी उजाड़ पारिएको

त्यसपछि मैले पृथ्वीपट्टि दृष्टि हेरें, जहाँ दुष्टहरू मरेर सोतर भएका देखें। ती पृथ्वीवासीहरूमाथि परमेश्वरको क्रोध अन्तिम सात विपत्तिहरूका रूपमा खनिएको थियो। पीड़ाले गर्दै तिनीहरूले आफ्नै जिब्रो चपाउँदै परमेश्वरलाई सरापे। ठाड़ै उभिँदा - उभिँदै तिनीहरूका आँखाहरू टोड़कैभित्र र तिनीहरूका जिब्राहरू मुखभित्रै कुहे। परमेश्वरको आवाजद्वारा सन्तहरू उठाइसकिएपछि ती दुष्टहरू रिसले आपस्तमै भिड़नथाले। सारा पृथ्वीभरि रगतको भल बगिरहेको र पृथ्वीका चारै कुनामा लाशहरू थुप्रिरहेका देखिए।

पृथ्वी उजाड़ र उराठलाग्दो थियो। भैचाँलो आएर शहरहरू र गाउँहरू एकै थुप्रो परेका थिए। पहाड़हरूले आफ्ना ठाउँ छोड़ेर ठूला ठूला ध्वान्द्रा परेका थिए। समुद्रदेखि पनि धूजा - धूजा परेका ढुङ्गाहरू बाहिर उछिटिरहेका र जमिनदेखि चट्टानहरू फुटेर चारैतिर छरपुस्ट भइरहेका थिए। बड़े बढ़े रूखहरू जरैसमेत उखेलिएर लड़ेका थिए। यी सबले गर्दा पृथ्वी मरूमूभिभन्दा उजाड़ र उराठलाग्दो देखियो। हजार वर्षको अवधिभरि शैतान र उसका दूतहरू यस्तैमा बस्नुपर्छ। कारण हजार वर्षसम्म यहीँ कैद गरिएर यही चिराचिरा परेको पृथ्वीतलमैं कुन्नेर परमेश्वरको व्यवस्थाको विरोध गरेको नतिजा भोग्नुपर्नेछ। पृथ्वीबाहेक तिनीहरूले अरू ग्रहमा गएर परमेश्वरका लोकलाई परीक्षा गर्नु वा दुःख दिनु पाउने छैनन्। उसको पतन भएकोदेखि उसले बारम्बार विद्रोह मच्चाउँदै आइरहेको थियो तर त्यस बेला चाहिँ ऊ शक्तिहीन भएर उसका अतीतका कार्यकलापहरू सम्झिँदै आफ्नो त्यो डरलाग्दो भविष्य अर्थात् आफूले

गरेका ती दुष्कर्महरू र उसकै कारणले भएका जति पनि पापहरूका लागि हुनेवाला दण्ड सम्झेर डरले काँप्नुबाहेक अरू उपाय हुनेछैन।

त्यसपछि मैले स्वर्गदूतहरू र ती उध्दार-प्राप्त सन्तहरूले विजयका नाराहरू लगाएका सुनें, जसको आवाज दश हजार बाजाहरूको ध्वनि जस्तै सुनिन्दैथ्यो, कारण त्यहाँदेखि उसो फेरि-फेरि शैतानले उनीहरूलाई दुःख दिनु वा परीक्षामा पार्नु सक्नेछैन अनि संसारका अरू बासिन्दाहरूले पनि तिनीहरू र तिनीहरूको परीक्षादेखि छुटकारा पाए।

त्यसपछि मैले सिंहासनहरू देखें, जहाँ ख्रीष्ट साथै ती उध्दारप्राप्त सन्तगण पनि बसेका थिए। ती सन्तहरू ता परमेश्वरका निम्ति राजाहरू र पुजाहारीहरू भएर राज्य गर्दारहेछन्। अनि त्यहाँ दुष्ट काम गरेर मर्नेहरूको इन्साफ भयो। अनि तिनीहरूका कामहरू (कर्म) परमेश्वरको व्यवस्था पुस्तकअनुसार दँजाइए र तिनीहरूका काम (कर्म) अनुसार तिनीहरूको न्याय हुँदै थियो। अर्थात् जिउँदा छँदा शरीरमा तिनीहरूले जे-जस्ता काम गरे, त्यहीअनुसार न्याय हुँदैथ्यो। ख्रीष्टले ती सन्तगणसित मिलेरै दुष्टहरूलाई तिनीहरूका काम अनुसारको भाग ठहराइरहनुभएको थियो। अनि त्योचाहिँ मृत्युको पुस्तकमा लेखिएर तिनीहरू विरूध्द कारबाई शुरू भयो। शैतान र उसका दूतहरूको इन्साफ पनि ख्रीष्ट र ती सन्तगणद्वारै भइरहेथ्यो। शैतानको लागि दण्ड ता उबाट ठगिएकाहरूको भन्दा डरलाग्दो थियो। कता हो कता बेसी। आखिरमा उसले ठगेकाहरू नाश भइगए, तर शैतानचाँहि दीर्धकालसम्म बाँचेर धेरै लामो समयसम्म दण्ड भोगिरहनु पऱ्यो।

अनि दुष्टहरूलाई इन्साफ गर्ने काम सिध्दिएपछि अर्थात् एक हजार वर्ष पूरा हुनासाथ येशू त्यस शहरलाई छोड़ीकन हिँड़नुभयो, र उहाँका पछि-पछि स्वर्गीय सैन्यदलको ताँती थियो। ती सन्तहरू

पनि उहाँसितै गए। त्यसपश्चात् येशू एउटा विशाल पहाड़माथि ओर्ह्लनुभयो, अनि त्यसलाई उहाँको पाउले छुनेबित्तिकै त्यो टुक्रा-टुक्रा भई छुट्टिएर एउटा विशाल समतल भूमिमा परिणत भयो। त्यसपछि हामीले उँभो हेर्दा त्यो महान् र सौन्दर्य-पूर्ण शहरलाई देख्यौं, जसमा तीन-तीनवटा गरेर जम्मा ब्राह्रवटा जग र बाह्रैवटा ढोकाहरू थिए। प्रत्येक ढोकामा एक - एकजना स्वर्गदूतको पहरा थियो। त्यो नगर देखेर हामी ता यसो भन्दै कराइपठाएछौं, "आहा, त्यो नगर! महान् नगर!! उः त्यो नगर ता परमेश्वरको उपस्थिति अर्थात् स्वर्गदेखि तलतिर ओर्ल्हिरहेछ!" अनि त्यो शहर आफ्नो परम सौन्दर्य र अपार महिमाका साथमा ओर्ल्हीकन ख्रीष्टले तयार पारिराख्नुभएको त्यो विशाल समतल भूमिमाथि बसालियो।

## अध्याय - ४०

# दोस्रो पुनरुत्थान

त्यसपछि येशू साथै उहाँका साथमा हरदम तैनाथ रहिरहने पवित्र दूतगण र ती सन्तगणलाई साथमा लिई नगर छोड़ेर हिँड्नुभयो। उहाँ जहाँ जानुहुँदा पनि ती पवित्र दुतगण पनि उहाँका साथ साथै हिँड्थे, र पछिपछि ती उध्दार-प्राप्त सन्तगणको ताँती। त्यसपछि येशूले डरलाग्दो र क्रुद्ध रूप धारण गर्नुभयो, र मरेका दुष्टहरूलाई बौराउनुभयो। तब तिनीहरू जस्तो दुर्बल दशामा चिहानमा गाड़िएका थिए, त्यस्तै अवस्थामा तिनीहरू माथि आए। त्यो दृश्य अर्कै थियो। पहिलो पुनरूस्थानमा बौरी उठ्नेहरूले अजम्भरी रूप धारण गरेका थिए भने दोस्रो पुनरूत्थानमा बौरी उठ्नेहरूमा श्रापका प्रत्यक्ष चिन्ह देखिँदै थिए। संसारका चाहे राजा चाहे प्रजा, चाहे पढ़न्ते चाहे अनपढ़ सब सँगै बौरी उठ्नेछन् र सबैले मानिसका पुत्र (येशू) लाई देख्नेछन्, अर्थात् जस - जसले उहाँलाई गिल्ला गरेका थिए र निगालोको लट्ठीले हिर्काएका थिए, तिनीहरूले उहाँलाई देख्नेछन् ; अनि जस - जसले उहाँको पवित्र शिरमा काँड़ाको मुकुट लगाइदिएका थिए, तिनीहरूका आफ्नै आँखाले उहाँलाई राजकीय ऐश्वर्यमा देख्नेछन्, र जसले उहाँलाई थुकेका थिए, तिनीहरूले उहाँको महिमित चेहरालाई आँखा उठाएर हेर्नसक्ने छैनन्। जसजसले उहाँका हात र खुट्टामा काँटी ठोकेका थिए, तिनीहरूले उहाँका ती हात र खुट्टाहरूमा काँटीका दाग देख्नेछन् र जस-जसले उहाँको कोखामा भाला रोपेका थिए, तिनीहरूले उहाँको शरीरमा भालाको दाग देखेर 'हामीले कस्तो क्रूर व्यवहार गरेछौं!' भनी पछितो गर्नेछन्। अनि उनीहरूले असाध्यै शासना र कष्ट दिँदै, त्यसमाथि गिल्ला र

उपहास गर्दै क्रूसमा टाँगीकन मारेका येशू उहाँ नै हुनुहुँदोरहेछ भनेर पक्का चिन्नेछन्। तब तिनीहरूले निकै बेरसम्म विलाप गरेपश्चात् उहाँ, राजाहरूका राजा औ प्रभुहरूका प्रभुबाट लुक्नलाई भाग्नेछन्। ती सबजना उहाँको त्यो तेजस्वी महिमादेखि लुकेर बाँच्ने वृथा प्रयास गर्नेछन्। एक समयमा उहाँलाई तिरस्कार गर्ने तिनीहरू नै थिए। त्यस बेला तिनीहरू नै उहाँको स्वर्गीय ऐश्वर्य र अपार महिमालाई देखेर अत्यन्त चकित भईकन एकै स्वरमा यसो भन्दै उच्च स्वरमा कराइपठाउनेछन्, "परमप्रभुको नाउँमा आउने धन्य हुनुहुन्छ!"

त्यसपछि फेरि ती पवित्र दूतगण साथै समस्त सन्तगणलाई साथमा लिएर येशू त्यस नगरमा फर्कनुभयो। तब ती दण्डित दुष्टहरूको घोर विलाप र कोलाहलपूर्ण रोदनले त्यहाँको वातावरणलाई नै बिरक्तलाग्दो बनाइरहेथ्यो।

त्यसपछि फेरि शैतानले आफ्नो काम शुरू गर्‍यो। अनि चारैतिर उसका अधीनमा रहेकाहरूलाई दुर्बल अवस्थादेखि शक्तिशाली बनाउन थाल्यो, र तिनीहरूलाई भन्यो, "हामी नै शक्तिशाली छौं।" अनि उसले ती बौरी उठेका असंख्यौं मानिसहरू देखायो, जोहरू शूरवीर राजाहरू र योध्दाहरू थिए, जसले धेरै-धेरै राज्यहरू जितेका थिए। तिनीहरूमा शक्तिशाली दानवहरू पनि थिए र कहिल्यै कुनै पनि युध्द हारेका थिएनन्। तीमध्ये नेपोलियन पनि थिए, जसको नाम सुन्दै सबै राज्य काँप्थे। चिहानदेखि बौरी उठेर पनि तिनीहरूमा त्यस्तै जोश, उमङ्ग र उच्चाभिलाषा पुनःजागृत भएका थिए। शैतान र उसका दूतहरूले ती राजाहरू र योध्दाहरूसित सल्लाह गर्छन्। त्यसपछि त्यो अत्यन्तै विराट् सैन्यदलपट्टि हेर्दै तिनीहरूलाई यसो भन्दै प्रोत्साहन दिन्छ, "त्यो माथिको नगरमा ता सा.......नो झुण्ड छ, त्यही पनि यस्ता बलवान् र लड़ाकुहरू छैनन्। तिमीहरूले गएर त्यो नगर जितेर कब्जा गरीकन त्यहाँ भएकाहरूलाई

हटाइदिन सक्छौ र त्यहाँ भएका जति पनि ऐश्वर्य र महिमा तिमीहरूकै हुनेछ।

साँच्चै तिनीहरू शैतानको बहकावमा परेर युध्दका निम्ति तम्सेर तम्तयारी गर्न थाल्छन्। लड़ाइँका अस्त्र-शस्त्र तयार गर्नथाल्छन्, कारण त्यस्ता हतियाहरू चलाउन तिनीहरू ज्यादै निपुण थिए। तत्पश्चात् शैतानको नैतृत्वमा तिनीहरू अर्थात् त्यो अत्यन्त विराट् सैन्यदल अघि बढ़्छ। ती राजाहरू र योध्दाहरू शैतानका पछि-पछि पङ्क्ति-पङ्क्ति भएर त्यो उजाड़ भूमिलाई दलीमली पार्दै पवित्र नगर तर्फ प्रस्थान गर्छन्। तब येशूले शहरका फाटकहरू बन्द गर्नुहुन्छ, र त्यो विराट् सैन्यदल नगरवरिपरि घेरा हालेर लड़ाइँ गर्नलाई तयार बस्छ। तिनीहरूसित सबै प्रकारका लड़ाइँका अस्त्र-शस्त्रहरू छँदै थिए; तिनीहरूलाई केको डर थियो र? जित्छौं नै भन्ने पूर्ण आशाले रङ्गीन कल्पना सजाइरहेका थिए। येशू साथै दूतगण आफ्ना चमकदार मुकुट पहिरेरै अनि समस्त सन्तगण पनि आफ्ना - आफ्ना मुकुटहरू पहिरेरै नगरको पर्खालको टुप्पामा पुग्छन्। अनि येशूले तिनीहरूलाई भन्नुहुन्छ, "हेर, हे पापीहरू हो, धर्मीहरूका लागि इनाम!" अनि फेरि आफ्नो जनहरूपट्टि फर्केर भन्नुहुन्छ, "हेर, हे मेरा उध्दारप्राप्त प्रियजन हो, ती दुष्टहरूको प्रतिफल!"

त्यो विराट् दुष्ट सैन्यदलले शहर (नगर) माथि त्यो महिमान्वित पवित्र झुण्डलाई हेरि पठाउँछ। त्यो स्वर्गीय दलका श्रीपेचहरूको शान र सौन्दर्य अनि उनीहरूका औधि नै उज्ज्वल मुहार र राजाहरूका राजा औ प्रभुहरूका प्रभुको अपरम्पार महिमा र ऐश्वर्यलाई देखेर तिनीहरू हरेस खानथान्छन्। तिनीहरू आफूले तिरस्कार गरेको त्यो स्वर्गीय दललाई महिमा, आदर र अनन्त जीवनले विभूषित भएको र आफूहरूलाई चाहिँ नीच र घिनलाग्दा कुराहरू लिएर नगर बाहिरै रहेका पाउँछन्।

## अध्याय -४१

# दोस्रो मृत्यु

शैतानले फेरि त्यस अपार भीड़भित्र पसेर तिनीहरूलाई सुऱ्याउनथाल्यो। त्यतिखेरै स्वर्गबाट तिनीहरूमाथि आगो बर्स्यो र त्यहाँ भएका ठूल्ठूला, शूरवीर र धनीमानीहरूदेखिन् लिएर गरीब-दुःखी समेत सबलाई भस्म पारिदियो। तिनीहरू कतिजना चाहिँ छिट्टै भस्म भएका देखें, औ कतिचाहिँ निकै बेरसम्म तड़्पिरहे, अर्थात् शरीरमा तिनीहरूले जे - जस्ता काम गरेका थिए, त्यहीअनुसार दण्ड पाइरहेका थिए। अनि कतिजना निकै दिनसम्म जलिरहे र अन्तिम अंश जलेर नसकुञ्जेल पीड़ा र जलनको अनुभव गरिरहे। दूतले भने, "त्यो जीवनको कीरा मर्नेछैन, र तिनीहरूको आगो पनि निम्नेछैन, जबसम्म सानोभन्दा सानो अंश पनि जल्न बाँकी रहेको हुन्छ।"

शैतान र उसका दूतहरूचाहिँ दीर्घकालसम्म जल्दै र तड़्पिँदै रहे। शैतानले आफूले गरेका पापहरूको भार र दण्ड ता भोग्नैपऱ्यो, त्यसमाथि ती सब उध्दारप्राप्त सन्तगणका पापहरूका भार पनि - जो उहीमाथि थोपारिएका थिए - वहन गर्नुपरेको थियो। उसले गर्दा जति आत्माहरू नाश भए, ती सबको दण्ड पनि उसले भोग्नैपरेको थियो। त्यसपश्चात् शैतान र सबै दुष्ट सेना पनि भस्म भए, र परमेश्वरको क्रोध शान्त भयो। अनि समस्त दूतगण र समस्त सन्तगणले उच्च स्वरमा भने, "आमेन!"

दूतले फेरि भने, "शैतान जरा हो, र त्यसका सन्तान चाहिँ हाँगाहरू हुन्। अब दुवै जरा र हाँगाहरू भस्म भए। तिनीहरू फेरि -फेरि बौरी नउठ्ने गरी नै अनन्त - अनन्तसम्मलाई मरेर गए। अब परमेश्वरले स्वच्छ संसार बनाउनु हुनेछ।" त्यसपश्चात् मैले

यस्तो देखें - ती दुष्टहरूलाई भस्म गर्ने आगोले रहेका मैला र कसिङ्गर जलाउँदै पृथ्वीलाई शुध्द पारिरहेको थियो। फेरि अर्कोचोटि मैले हेर्दा पृथ्वी यति शुध्द भइसकेको थियो, कि जसमा श्रापको नामोनिशान समेत त्यहाँबाट मेटिसकेको थियो। त्यो धाँजो - धाँजो परेको उराठलाग्दो पृथ्वी रमाइलो समतल भूमि भइसकेको रहेछ। परमेश्वरको सम्पूर्ण विश्व नै स्वच्छ र पवित्र भइसकेको रहेछ। त्यो घमासान प्रतिद्वन्द्व र लड़ाइँ नै समाप्त भएछ। त्यहाँदेखि ता जता फर्क्यो, जता हेऱ्यो सबै थोक सुन्दर र पवित्र देखिनथाले। अनि सबै उध्दारप्राप्त सन्तगण - बूढ़ा-तन्हेरी र ठूला-साना - सबले आफ्ना-आफ्ना टलकदार मुकुटहरू आफ्ना महान् उद्धारकर्ताको चरणमा राखेर उहाँलाई साष्टाङ्ग दण्डवत् चढ़ाए, जो सदा-सर्वदा जीवित हुनुहुन्छ। अनि त्यो सुन्दर नयाँ पृथ्वी साथै त्यसका सारा महिमा सन्तहरुकै निम्ति अनन्त उत्तराधिकारस्वरूप दिइएको रहेछ। समस्त स्वर्गमनिको राज्य अनि त्यसको अधिकार र महत्ता उनै परमप्रधान परमेश्वरका सन्तहरूकै निम्ति अनन्त, अनन्त, अनन्त सम्मका लागि दिइएको रहेछ।

इतिश्री

प्रस्तुत "**भीषण प्रतिद्वन्द्व**" (The Great Controversy) निम्नाङ्कित परमेश्वरको वचनका आधारमा लेखिएको हो :

**अध्याय – १**

यशैया – १४:१२–२०, इजकिएल – २८:१–१९, प्रकाश – १२:७–९

**अध्याय – २**

उत्पत्ति – ३ अध्याय

**अध्याय – ३**

यशैया – ५३ अध्याय

**अध्याय – ४**

व्यवस्था – ६:१६, ८:३, २ राजा – १७:३५–३६, भजन – ९१:११–१२, लूका – २–४ अध्याय

**अध्याय – ५**

लूका – ४:२९; यूहन्ना – ७:४५–४८, ८:५९

**अध्याय – ६**

प्रस्थान – ३२ अध्याय; गन्ती – २०:७ – १२; व्यवस्था – ३४:५, २ राजा – २:११; मर्कूस – ९ अध्याय; यहूदा – ९

**अध्याय – ७**

मत्ती – २६:१–५६; मर्कूस – १४:१–५२; लूका – २२:१–४६; यूहन्ना – १२ अध्याय, १२:१–११, १८:१–१२

**अध्याय – ८**

मत्ती – २६:५७–७५, २७:१–३१; मर्कूस – १४:५३–७२, १५:१–२०, लूका – २२:४७–७१, २३:१–२५; यूहन्ना – २८ अध्याय, १९:११–१६

**अध्याय – ९**

मत्ती – २१:१–११, २७:३२–६६; मर्कूस – १५:२१–४७; लूका –

२३:२६-५६; यूहन्ना - १९:१७-४२; प्रकाश - १९:११-१६;
**अध्याय - १०**
१. प्रकाश - १४:६-८, जसलाई यही पुस्तकका २३ र २४ अध्यायमा व्याख्या गरिएको छ।
२. प्रकाश - १४:९-१२, जसलाई यही पुस्तकको २८ औं अध्यायमा व्याख्या गरिएको छ।
हेर्नोस् मत्ती - २७:५२ र ५३, २८ अध्याय; मर्कूस - १६:१-१८; लूका - २४:१-५०; यूहन्ना - २० अध्याय; प्रेरित - १२ अध्याय
**अध्याय - ११**
भजन - २४;७-१०; प्रेरित - १:१-११;
**अध्याय - १२**
प्रेरित - ३ - ५ अध्याय
**अध्याय - १३**
प्रेरित - ६ र ७ अध्याय
**अध्याय - १४**
प्रेरित - ९ अध्याय
**अध्याय - १५**
प्रेरित १४ र १६
**अध्याय - १६**
मत्ती - २७:५१, यूहन्ना - १९:३४; प्रेरित - २४ र २६
**अध्याय - १७**
विस्तृत जानकारीको लागि विश्वकोशको The Reformation @The Inquisition पढ्नुहोला।
**अध्याय - १८**
२ थिस्सलोनिको - २ अध्याय; दानियल ७ अध्याय

**अध्याय - १९**

उत्पत्ति ३ अध्याय; उपदेशक - ९:५; लूका - २१:३३ यूहन्ना - ३:१६; २ तिमोथी - ३:१६; प्रकाश - २०:१४ - १५;२१:१, २२:१२-१९

**अध्याय -२०**

लूका - २२:६१-६२; यूहन्ना - १८:१०; प्रेरित - ३ र ४ अध्याय विस्तृत जानकारीको लागि विश्वकोशको The Reformation पढ्नुहोला |

**अध्याय - २१**

यशैया - ३०:८-२१; याकूब - २:१९; प्रकाश - ३ अध्याय

**अध्याय - २२**

१ राजा - १९:१६-२१; दानियल - ७ - १२ अध्याय; प्राकश - १ अध्याय; १४:७, १९:८-१०, २२:६-१०

**अध्याय - २३**

दानियल - ८:१४; हबक्कूक - २:१-४; मलाकी - ३ र ४ अध्याय मत्ती - २४:३६; प्रकाश - १४:६-७

**अध्याय - २४**

मत्ती - २४:३६, २५:६; यूहन्ना - २०:१३; प्रकाश - १४:८

**अध्याय - २५**

दानियल - ८:१४; मत्ती - २१:४-१६, २५:६; मर्कूस - १६:६-७; लूका - १९:३५-४०; यूहन्ना - १४:१-३, २०:१३; २ कोरिन्थी - ६:१७; प्रकाश - १०:८-११, १४:७-८

**अध्याय - २६**

२ राजा - २:११-२५; दानियल - ८:१४; हबक्कूक - २:१-४ मत्ती - २५:६; प्रकाश - १४:८, १८:१-५

**अध्याय - २७**

प्रस्थान - २५-२८ अध्याय; लेवी - १६ अध्याय; २ राजा - २:११; दानियल - ८:१४; मत्ती - २७: ५०-५१; हिब्रू - ९ अध्याय र प्रकाश - २१ अध्याय

**अध्याय - २८**

प्रस्थान २०:१-१७, ३१:१८; १ थिस्सलोनिकी - ४:१६

प्रकाश - १४:९-१२

**अध्याय - २९**

मत्ती - ३ अध्याय; प्रेरित - २ अध्याय; २ थिस्सलोनिकी - २:९-१२; २ कोरिन्थी - ११:१४; प्रकाश - १४:६-१२

**अध्याय - ३०**

उपदेशक - ९:५; यूहन्ना - ११:१-४५; २ थिस्सलोनिकी - २:९-१२; प्रकाश - १३:३-१४

**अध्याय - ३१**

मर्कूस - १४:३-११; लूका - १२:१५-४०; कलस्सी - ३:५-१६; १ यूहन्ना - २:१५-१७

**अध्याय - ३२**

भजन - ८६ अध्याय; होशे - ६:३; हाग्गै - २:२१-२३; मत्ती - १०:३५-३९, २०:२३; एफिसी - ६:१०-१८; १ थिस्सलोनिकी - ४:१४-१८; प्रकाश - ३:१४-२२

**अध्याय - ३३**

आमोस - ५:२१; रोमी - १२:१९; प्रकाश - १४:९-१०, १८:६

**अध्याय - ३४**

उत्पत्ति - १९ अध्याय; प्रकाश - १४:१२, १८:२-५

**अध्याय - ३५**

इजकिएल - ९:२-११; दानियल - ७:२६; होशे - ६:३; आमोस -

८:११-१३; प्रकाश - १५ अध्याय, १७:१४

**अध्याय - ३६**

उत्पत्ति - ६ र ७ अध्याय, ३२:२४-२८;, भजन - ९१ अध्याय; मत्ती - २०:२३; प्रकाश -१३:११:१७

**अध्याय - ३७**

२ राजा - २:११; यशैया - २५:९; १ कोरिन्थी - १५:५१-५५; १ थिस्सलोनिकी - ४:१३-१७; प्रकाश - २:१३-१६, ६:१४-१७, १९:१६

**अध्याय -३८**

यशैया - ५३:११; प्रकाश - २१:४, २२:१-२

**अध्याय - ३९**

जकरिया - १४:४-१२; प्रकाश - २०:२-६, २०:१२, २१:१०-२७

**अध्याय - ४०**

मत्ती - २३:२९; प्रकाश - ६:१५-१६, २०:७-९ र २२:१२-१५

**अध्याय -४१**

यशैया - ६६:२४; दानियल ७:२६-२७, प्रकाश - २०:९-१५, २१:१ र २२:३

The Great Controversy अर्थात् "भीषण प्रतिद्वन्द्व" को मूल ग्रन्थमा प्रयूक्त शब्दहरूका अर्थ यस प्रकार छन्:
येशू ख्रीष्ट | तीन व्यक्ति, एक ईश्वर अर्थात् पिता, पूत्र र पवित्र आत्मामध्ये एक व्यक्ति अर्थात् पुत्र परमेश्वर | उहाँले जगत्मा सबथोक सृष्टि गर्नुभयो | आजभन्दा प्राय: दुई हजार वर्षअघि उहाँ मनुष्यको रूपमा जन्मी तेत्तीस वर्षको उमेरमा (क्रूसमा) मारिनुभयो र बौरी उठ्नुभयो र आज हाम्रै उद्धारको निम्ति स्वर्गमा काम

गर्दैहुनुहुन्छ | उहाँ चाँडै फेरि यस जगत्मा आउनुहुनेछ र जगत्का सारा अधिकार पाएर सदा सर्वदा राज्य गर्नुहुनेछ |

शैतान | ऊसबै प्रकारका खराबीको जन्मदाता हो | ऊपहिले सबभन्दा सुन्दर र सिद्ध रूपमा सृष्टि भएको थियो, तर पछि उसले विद्रोह गऱ्यो | अहिले संसारको मालिक उही भए तापनि अन्तमा परमेश्वरले उसलाई नाश गर्नुहुनेछ |

प्रभू अर्थात् येशू ख्रीष्ट |

लेखिका एलिन ह्वाइटले यो दर्शन देख्दाहुँदि एकजना स्वर्गदूतले तिनका साथमै रहेर तिनलाई ती सब कुराको दर्शन देखाउँदै र बताउँदै थिए, र तिनले आफ्नै आँखाले देखेका कुराहरू लेखे |

पिता, पुत्र (येशू ख्रीष्ट) र पवित्रात्मा | यी तीनै व्यक्ति एक ईश्वर हुनुहुन्छ | परमेश्वर |

परमेश्वरका पुत्र अर्थात् येशू ख्रीष्ट |

(क) परमेश्वरले भन्नुभएको वचन
(ख) बाइबल

शुरूमा मानिस (मनुष्य) परमेश्वरकै थियो, तर हाम्रा आदिमाता-पिताले पाप गरेकाले गर्दा हामी परमेश्वरका नभएर शैतानका हुनगयौं | त्यही शैतानको कब्जादेखि छुटाई फेरि परमेश्वरकै

बनाउनाका लागि नै ख्रीष्ट येशू मनुष्यको रूपमा यस पृथ्वीमा आउनुभयो अनि मरेर फेरि बौरी उठ्नुभयो र स्वर्गारोहण हुनुभयो। अब फेरि आउनुहुनेछ।

एलिन ह्वाइटलाई साथ दिँदै दर्शन देखाउन र बताउन पठाइएका स्वर्गदूत।

पृथ्वीमा ख्रीष्टको आगमन, जो पहिलोपटक प्रायः २,००० वर्षअघि भएको थियो र दोस्रोपटक पनि अब चाँड़ै हुनेवाला छ।

परमेश्वरका थुमा अर्थात् येशू ख्रीष्ट।

बप्तिस्मा दिने यूहन्ना, जो येशू ख्रीष्टकै नातेदार भविष्यवक्ता थिए, जसले (पापदेखि) पश्चाताप र बप्तिस्माको आह्वान सहित प्रचार गरे।

पानीभित्र चुर्लुम्मै डुब्ने काम। बप्तिस्मा।

एक भविष्यवक्ता, जो जिउँदै स्वर्गमा लगिएका थिए। एलिया।

(क) परमेश्वरका निम्ति चढ़ाइएको पशु-बलि,
(ख) त्यसको सट्टामा ख्रीष्ट आफै हुनुभएको बलिदान।

(क) पुरानो नियमको जमानामा इस्राएली र यहूदीहरू।
(ख) नयाँ नियमअनुसार प्रभु ख्रीष्टमा विश्वास गर्ने सबै।

(क) स्वर्गमा भएको ]जीवनको पुस्तक{, जसमा अनन्त जीवन पाउनेहरूका नाम लेखिएका हुन्छन्।
(ख) बाइबल।

प्रधान स्वर्गदूत, माइकल।

इजिप्ट, इरान आदि देशहुँदो पाइने एक किसिमको उद्भिद, जसको पातलाई औषधीको रूपमा प्रयोग गरिन्छ।

ख्रीष्टमा विश्वास गर्ने सबै दाज्यू-भाइ वा दिदी-बहिनीहरू अर्थात् सङ्गी-विश्वासीहरू।

(हिब्रू भाषामा) परमेश्वरको स्तुति होस्!

शुक्रबारको सूर्यास्तदेखि शनिवारको सूर्यास्तसम्म पालन गरिने विश्राम दिन (उत्पत्ति - २:२-३)।

परमेश्वरबाट आएको बचन वा सन्देश; परमेश्वरको वचन सुनाउने काम।

मरेर होइन, जिउँदै माथि स्वर्गतिर उठाइनु, अर्थात् स्वर्गारोहण।

प्रेरितहरू अर्थात् आफ्ना सम्पूर्ण जीवन परमेश्वरको सुसमाचार प्रचारमा अर्पण गरी व्यतीत गर्ने मानिसहरू।

येशू ख्रीष्ट, जसले आफूलाई यो परिचायक शब्द अर्थात् ]मानिसको पुत्र{ भनी सङ्केत गर्नुहुन्थ्यो ।

अन्यजातिहरू अर्थात् यहूदी जातिबाहेक अरु सबै जातिहरू ।
ख्रीष्टमा जीवन परिवर्तन हुनभन्दा अघि तिनको नाउँ शाउल थियो (प्रेरित - १३:९) ।

दानियलको किताब ८:१४ मा गरिएको भविष्यवाणी - निर्धारित समयावधि यही सालमा पूरा हुनासाथ ख्रीष्टको दोस्रो आगमन साथै संसारको पनि अन्त हुन्छ भन्ने विश्वास गरिएको थियो ।

(क) मण्डलीका जिम्मेदार अगुवाहरू; पाष्टर, पादरी आदि ।
गोठालो ।
(ख) प्रभु येशू ख्रीष्ट ।

उनीहरू, जसले परमेश्वरलाई सहृदय प्रेम गर्छन् र उहाँको वचनअनुसार चल्दछन् । सन्तहरू ।

पवित्र निवासस्थान अर्थात् त्यो स्वर्गीय स्थान भनूँ या मण्डप, जहाँ ख्रीष्ट येशूले हाम्रो उद्धारका निम्ति अद्यापि सेवाकार्य गर्दैहुनुहुन्छ । त्यही स्वर्गीय पवित्र निवासस्थानको नमुनाअनुसार मोशाले पनि पृथ्वीमा त्यो पवित्र निवासस्थान बनाएका थिए, जसलाई ]तम्बू{ वा ]मन्दिर{ पनि भनिन्थ्यो । उक्त पवित्र निवासस्थानमा त्यस्तै चोक, पहिलो कोठामा पवित्रस्थान र दोस्रो कोठामा परमपवित्रस्थान छन्,

जस्तो मोशाले बनाएको पार्थिव पवित्र निवासस्थानमा पनि थिए |

प्रायश्चित - बलिदान, जुनचाहिँ मानिसलाई परमेश्वरसित मिलाउनका निम्ति प्रभु येशूले आफ्नै रगतद्वारा गर्नुभएको थियो |

(क) अहिले स्वर्गमा भएको त्यो नगरको पर्यायवाची नाउँ; सियोन |
(ख) परमेश्वरका अनुयायीहरूको सामूहिक नाउँ |

अहिले स्वर्गमा भएको त्यो नगर, जुनचाहिँ परमेश्वर र उहाँका दूतगणको वासस्थान हो | त्यही नगर एक दिन यस पृथ्वीतलमा ओर्ल्हेर सधैंभरि यहीँ रहने छ | त्यसैलाई ]नयाँ यरूशलेम{ भनिन्छ |

विशिष्ट रूपमा तैनाथ भएका स्वर्गदूतगण |

पापी मनुष्य र परमेश्वरको बीचमा खड़ा भएर प्रभु येशूले गर्नुभएको मध्यस्थता | दुइजनाको झगड़ा मिलाउने काम गरेझैं प्रभु येशूले हाम्रो उद्धारको लागि काम गर्नुहुन्छ |

(क) (शब्दार्थ) पशु, जनावर |
(ख) (साङ्केतिक अर्थ) ख्रीष्ट-विरोधी शासक वा ख्रीष्ट-विरोधी तत्त्वहरूको समुदायवाचक नाम (प्रकाश - १३ अध्याय) |

हिब्रू भाषामा पिता परमेश्वरलाई सम्बोधन गरिने नाम-शब्द; यहोवा; यह्वे |

परमेश्वरले इस्राएलीहरूलाई प्रतिज्ञा गर्नुभएको देश, जसले स्वर्गको प्रतिनिधित्व वा सङ्केत गर्दछ (हेर्नोस्, उत्पत्ति - १२:२५) | कनान |

इस्राएलीहरूका निम्ति परमेश्वरले ठहराउनुभएको एउटा चाड, उत्सव (हेर्नोस्, लेवी २३:१५ र १६, प्रेरित-२ अध्याय) | पेन्टिकोसको दिन |

येशू ख्रीष्ट फेरि आउनुहुनेछ भनी विश्वास गर्नेहरू तथा त्यस्तो झुण्ड; ख्रीष्ट-आगमन-प्रेमी |

लाओडिसियाको मण्डली | प्रकाश २ र ३ अध्यायमा उल्लिखित सात मण्डलीहरूमध्ये सातौं अर्थात् अन्तिम मण्डली, जसले आफूलाई धनी र कुनै आत्मिक कुराको कमी नभएको ठान्दथ्यो, तर वास्तवमा उक्त मण्डली गरीब र दुःखी थियो |

ख्रीष्टको दोस्रो आगमन हुनअघि उहाँका लोकलाई तयार पार्न प्रशस्त मात्रामा पवित्र आत्मा खनिने काम | (पवित्र आत्माको) अन्तिम वर्षा (हेर्नोस्, योएल - २:२३ र प्रेरित - ३:९) |

स्वतन्त्रताको वर्ष | प्रत्येक पचासौं वर्षमा इस्राएलीहरूले जस-जसबाट जे-जे लिएका थिए, ती सबै फिर्ता गरिदिन्थे | त्यस साल कुनै खेतीपातीको काम हुँदैनथ्यो | (हेर्नोस् - लेवी - २५:१०)

फेरि अन्तमा एक दुई कुरा
व्यवस्था र साक्षी-वचनतर्फ जाऊ| यदि तिनीहरूले यी वचन-

मुताबिक बोल्दैनन् भने त्यो तिनीहरूमा ज्योति नभएको कारणले हो | यशैया - ८:२०

यो एक्काइसौं शताब्दीको शुरु-शुरुमै प्राय: सबै भविष्यवक्ताहरू भएजस्ता देखा पर्छन् | कम्प्यूटरमा पनि भविष्यवाणीका सङ्केत पाइँदैछन् | तर पनि उनीहरूमध्ये कतिले भनेका कुरा अनौठा देखा पर्छन् | जे होस्, उनीहरूले भनेका कुराहरू परमेश्वरकै वचनमुताबिक हुन् कि होइनन्, सो उनीहरूले व्यवस्था र साक्षी-वचनबारे भनेका वचनहरूलाई राम्ररी जाँचेर पत्ता लाउन सकिन्छ | जुन परमेश्वरले आफ्ना वचन मानिसहरूलाई दिनुभयो र लेखाउनुभयो, जुन वचन आज बाइबलका विभिन्न खण्ड-पुस्तकका रुपमा पाउँदछौं, के उहाँले आफ्ना वचन अदल-बदल गर्नुहुन्छ र? यसरी नै अन्तिम दिनमा भविष्यवाणी पनि कुन सत्य कुन असत्य खुट्ट्याउन गाह्रो पर्ने कुरानै सङ्केत गर्दै प्रभु येशूले यसो भनी भविष्यवाणी गर्नुभएको थियो, "... धेरै झूटा भविष्यवक्ताहरू उठ्नेछन् र धेरैलाई भ्रममा पार्नेछन्" (मत्ती - २४:११) | फेरि अझ जोर दिँदै प्रभुले यूहन्नालाई यस्तो वचन दिनुभयो, "प्रिय हो, हरेक आत्मालाई विश्वास नगर, तर ती आत्माहरू परमेश्वरबाटकै हुन् कि होइनन् जाँचेर हेर; किनकि संसारमा धेरै झूटा भविष्यवक्ताहरू निस्केका छन्" (१ यूहन्ना - ४:१) | तर एलिन ह्वाइटचाहिँ त्यस्ताहरूदेखि अलग्गै छिन् | प्रमाणको निम्ति यस पुस्तकलाई लिएर परमेश्वरको वचनसित मिलान गरिहेर्नुहोस् | स्वर्गमा हुनुहुने पितासित प्रार्थना गर्नुहोस् र उहाँले आफ्ना पवित्र आत्मा पठाईकन हामीलाई सत्यतामा डोऱ्याउनुहुनेछ |

शायद विश्वास गर्नुहुन्न होला, गत बीसौं शताब्दीका अन्तिम केही वर्षसम्म कसैले ]मैले यो दर्शन परमेश्वरबाट पाएको हुँ[ भन्यो भने

]ख्रीष्टियान हौं{ भन्नेहरूले नै विरोध गरेका थिए र आफ्नै कुरालाई सत्य ठहऱ्याउन यसो भनी प्रकाश - २२:१८-१९ लाई औंल्याउँथे "... यस पुस्तकको भविष्यवाणीका वचनहरू सुन्ने हरेक मानिसलाई म गवाही दिँदछु - यदि कुनै मानिसले यी कुराहरूमा थप्यो भने परमेश्वरले यस पुस्तकमा लेखिएका विपत्तिहरू त्यसमाथि थपिदिनुहुनेछ | अनि कुनै मानिसले यस भविष्यवाणीको पुस्तकका वचनहरूबाट निकालेर घटायो भने परमेश्वरले पनि त्यसको भाग जीवनको पुस्तकबाट, पवित्र शहरबाट र यस पुस्तकमा लेखिएका कुराहरूबाट घटाइदिनुहुनेछ |" के यो भन्नुको तात्पर्य यूहन्नापछि अरू कुनै भविष्यवक्ता निस्कनेछैन भन्ने पो हो कि? त्यसो भए ता किन ख्रीष्टले हामीलाई ]झूटा{ भविष्यवक्ताहरूदेखि होशियार रहनु भनी चेतावनी दिनुहुन्थ्यो होला? अनि किन पवित्र आत्माले यूहन्नाद्वारा भन्नुहुन्थ्यो, "आत्माहरूलाई जाँचेर हेर"? तर परमेश्वरको विचार त्यस्तो छैन | उहाँले आवश्यक परेको खण्डमा थप नयाँ-नयाँ सत्य कुराहरू दिनुहुन्छ र हृदयका सच्चा विश्वासीहरूले यो कुरा जाँचेर सत्य पाउनेछन् र आनन्दसाथ यसलाई ग्रहण गरेर यसमा लागिरहनेछन् | शैतानले पनि अवश्यै काम गर्न सक्नेछ | यदि परमेश्वरले उसलाई काम गर्नै नदिनुभएको भए उसले उहाँलाई अन्यायी भनेर आरोप लाउने थियो |

एलिन ह्वाइटलाई यो ]भीषण प्रतिद्वन्द्व{को दर्शन संयुक्त राष्ट्र अमेरीकाको ओहियो नामक प्रान्तको लोवेट्स् ग्रोव भन्ने ठाउँमा भएको थियो | यसमा उल्लिखित अधिकांश कुराहरू तिनले पहिल्यै दर्शनमा देखेकी भए तापनि एघार वर्षपछि मात्र शैतानका वाधा-विघ्नहरू सामना गर्दै भए पनि ती प्रकाशमा ल्याउन सफल भइन् | यसका कतिपय खण्ड विशेषत: तीसौं अध्याय सन् १८४७ मा, १८५१ मा ॅड्ढ्ड चूहि र १८५४ मा ग्र्ढ्ढ ड्ढ्र्ढहर्ज ष्क्ष फ्ठ्ठ र ध्ड्ढ्ड

नामक पुस्तिकाहरू प्रकाशित भएका थिए। त्यसपछि अरु-अरु भाग तिनले पवित्र आत्माद्वारा अभिप्रेरित भएर लेखेकी थिइन्, जो सन् १८५८ मा प्रकाशितरुपमा उदित भएका थिए। अनि फेरि त्यसपछि अरु फुटकर लेखहरू एउटै शीर्षक अन्तर्गत सन् १८८४, १८८८ र १९११ मा प्रकाशित भएका थिए।

आज संसारमा किन यति विघ्न लड़ाइँ, अवैध यौन-सम्पर्क र अनेक किसिमका अपराधहरू भइरहेछन्, यहाँसम्म कि धार्मिक आस्था राख्नेहरूका बीचमा पनि भइरहेछन् भनी मानिसहरू प्रश्न गर्छन्। यो संसारको उत्पत्तिदेखि नै हुँदै आइरहेको ख्रीष्ट र शैतानबीचको घोर प्रतिद्वन्द्व विषयमा बुझ्यौं भने त्यसैमा उपरोक्त प्रश्नहरूका उत्तर पाउँदछौं।

पाठकवृन्द, तपाईंहरूले पनि परमेश्वरको वचन बाइबलले भनेमुताबिक सबै कुराहरूलाई जाँचिहेर्नुभयो भने परमेश्वरले तपाईंहरूलाई आशिष् दिई उत्तम-उत्तम वरदानहरूले विभूषित पार्नुहुनेछ।

धन्यवाद!